# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

## विश्व साहित्यको सर्वेक्षण

## NEP (DE)-PG-C-402

# BLOCK–2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U.,Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: ( O ) +91 0353-2776331/2699008

Fax:( 0353 ) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# विश्व साहित्यको सर्वेक्षण

**BLOCK 1**


एकाइ 1 विश्व साहित्यका निर्माताहरूका साहित्यिक व्यक्तित्व र कृतित्वको परिचयात्मक अध्ययन

एकाइ - 2 व्यास, भास, कालिदास, भारवि, माघ, शूद्रक, वाणभट्ट, भवभूति, भर्तृहरि 25

एकाइ - 3 हिन्दी साहित्य, कवीरदास, सूरदास, तुलसीदास, भारतेन्दु हरीशचन्द्र, मैथिलीशरण गुप्त

एकाइ - 4 प्रेमचन्द, पन्त-प्रसाद-निराला, अज्ञेय,

एकाइ - 5 बङ्गला साहित्य, माइकल मधुसूदन दत्त, बङ्किमचन्द्र चट्टोपाध्याय 99

एकाइ - 6 शरच्चन्द्र चट्टोपाध्याय, रवीन्द्रनाथ ठाकुर, काजी नजरुल इस्लाम 122

एकाइ - 7 फारसी साहित्यकार अमिर खुसरो, उमर खैय्याम र ग्रिसेली साहित्य अनि होमर,


**BLOCK-2**


**एकाइ- 8** अङ्ग्रेजी साहित्य, सेक्सपियर, वर्ड्स्वर्थ ........................................ **6**

**एकाइ- 9** सेली, कलरिज, बर्नार्ड सा ........................................................ **32**

**एकाइ 10** फ्रान्सेली साहित्य, मोपासाँ, बाल्जाक, अमेरिकी साहित्यकार ह्विटम्यान ........................................................................................ **53**

**एकाइ- 11** रुसी साहित्य फ्योदोर दस्तोएभस्की, आन्तोन चेखव..................... **84**

**एकाइ- 12,** टल्स्टय, म्याक्सिम गोर्की, हेनरिक इब्सेन ................................ **110**

**एकाइ-13** लु स्युन, बासो, यासुनारी कावावाता........................................ **134**

**एकाइ-14** स्यामुएल बेकेट, बर्तोल्त ब्रेख्त, लुइगी पिरान्डेलो........................ **154**

# BLOCK-2 विश्व साहित्यको सर्वेक्षण-

यस विश्व साहित्यको सर्वेक्षण, विश्व साहित्यका निर्माताहरूका साहित्यिक व्यक्तित्व र कृतित्वको परिचयात्मक अध्ययन अन्तर्गत रहेको यस प्रभाग - 2 लाई हामी यसरी अध्ययन गर्न सक्छौँ–

**एकाइ – 8, अङ्ग्रेजी साहित्य, सेक्सपियर, वर्ड्स्वर्थ**

यस एकाइमा अङ्ग्रेजी साहित्यको इतिहासको सङ्क्षिप्त सर्वेक्षण साथै सेक्सपियर र वर्डस्वर्थका साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 9, सेली, कलरिज, बर्नार्ड सा**

यस एकाइमा सेली, कलरिज अनि बर्नार्ड सा-को साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 10, फ्रान्सेली साहित्य, मोपासाँ, बाल्जाक, अमेरिकी साहित्यकार ह्विटम्यान** यस एकाइमा प्रान्सेली साहित्यको साहित्येतिहासको परिचयात्मक अध्ययन अनि साहित्यकार मोपासाँ, बाल्जाक, व्हिटम्याको साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 11, रुसी साहित्य फ्योदोर दस्तोएभस्की, आन्तोन चेखव**

यस एकाइमा रुसी साहित्यको संक्षिप्त इतिहासको सर्वेक्षण गरिने छ। यसका साथै फ्योदोर दस्तोएभस्की अनि आन्तोन चेखवको साहित्यकारिता अध्ययन गरिने छ।

**एकाइ – 12, टल्स्टय, म्याक्सिम गोर्की, हेनरिक इब्सेन**

यस एकाइमा साहित्यकारहरू टल्सटय, म्याक्सिम गोर्की, हेनसिक इब्सेनको साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 13, लु स्युनकावा यासुनारी ,बासो ,बाता**

यस एकाइमा माथि उल्लेखित साहित्यकारहरू लु स्युन, बासो अनि यासुनारी कावाबाताको साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 14, स्यामुअल बेकेटपिरान्डेलो लुइगी ,ब्रेख्त बर्तोल्त ,**

यस एकाइमा माथि उल्लेखित साहित्यकारहरू स्यामुअल बेकेट ,ब्रेख्त बर्तोल्त , पिरान्डेलो लुइगीका साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

# एकाइ- 8 अङ्ग्रेजी साहित्य, सेक्सपियर, वर्ड्स्वर्थ

**संरचना**

8.0. उद्देश्य

8.1. अङ्ग्रेजी साहित्यको परिचय तथा सङ्क्षिप्त सर्वेक्षण

8.2. सेक्सपियर

8.3. वर्डस्ववर्थ

8.4. उपसंहार

8.5. सार

8.6. अनुशीलन

8.7. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भग्रन्थ

8.8. मूल्यवृद्धिका निम्ति उत्तर

## 8.0. उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- अङ्ग्रेजी साहित्यको परिचय र इतिहासको सर्वेक्षण
- सेक्सपियरको साहित्यिक परिचय
- वर्ड्स्वर्थको साहित्यिक परिचय

## 8.1. अङ्ग्रेजी साहित्यको परिचय

विश्वसाहित्यमा अङ्ग्रेजी साहित्यको स्थान निक्कै ठुलो रहेको छ साथै यस साहित्यले महत्त्वपूर्ण स्थाना पनि ओगटेको छ। विश्व साहित्यमा अङ्ग्रेजी साहित्य देन निक्कै ठुलो मानिन्छ। प्रभाव, सरलता र व्यापकताको कारण विश्व साहित्यमा देखा परेका ज्ञानानुशासनका कुराहरू अङ्ग्रेजी भाषामा चाँडो र धैरै फैलिएको पाइन्छ। यही कारणले पनि अङ्ग्रेजी साहित्य यस्ता कुराहरू अन्य साहित्यमा पुऱ्याउन अन्य भाषाको तुलनामा बढी रुचिकर देखिन्छ। अङ्ग्रेजी साहित्य

समयावधि निक्कै लामो रहेको छ। विभिन्न विद्वान्हरूले यसको काल विभाजनका सन्दर्भमा विभिन्न विक्षाजन र सन्दर्भहरू राखेका पाइन्छन् तै पनि एङ्ग्लो स्याक्सन समयदेखि नै अङ्ग्रेजी साहित्य आरम्भ भएको मानेर त्यहाँबाट सुरु गरी नौ खण्डमा विभाजित गरेर हेरिएको धेर पाइन्छ-

1. एङ्गलो स्याक्सन काल (ई. 100-1050)
2. एङ्गलो नर्मनकाल (1051-1400)
3. पुनर्जागरण काल (1401-1660)
4. व्यङ्ग्यको युग (1661-1740)
5. विवेकको युग (1741-1780)
6. रोमान्टिक युग (1781-1832)
7. भिक्टोरिया काल (1833-1890)
8. उत्तर भिक्टोरिया युग (1891-1918)
9. आधुनिक युग (1918 देखि वर्तमानसम्म)

जर्मन मूलका इङ्ग्लिस, स्याक्सन र जुट तीन जाति मिलेर ठुलो सङ्ख्यामा बेलायत आएर आक्रमण गरे र विजय पश्चात त्यही बसोबास गरेका थिए। यसै क्रममा 597 मा बेलायतमा सन्त अगस्टिनको पनि आगमन भयो। यी तीन जातिहरूको समयमा देखापरेको साहित्य नै एङ्गलो स्याक्सन युगको साहित्य भन्ने गरिन्छ। एरेल्सल्यान्डबाट ईसाको एघारौँ शताब्दीतिर इङ्गल्यान्ड भयो र उनीहरूले बोल्ने भाषालाई तथा बसोबास गर्ने जातिलाई इजालस भन्न थालिएको कुरा इतिहासमा उल्लेख छ। प्राचीन एङ्गल्स जातिको नामबाट बेलायतको नाम इङ्गल्यान्ड रहन गएको भन्ने उल्लेख पाइन्छ। यस समय सन्तमहन्तले साहित्यलाई धर्म प्रचारको आधार बनाएर धुप्रै यद्यात्मक शैलीका ग्रन्थहरूको रचना गरे। ईसाको सातौँ शताब्दीतिर अज्ञात लेखकको ‘विउल्फ’ महाकाव्य देखापर्छ र यसमा 3000 जति श्लोक रहेको उल्लेख पाइन्छ। यस महाकाव्यमा बेलायतको कुनै प्रकारको चित्र नउतारिएको हुनाले यसलाई बाहिरबाट ल्याइएको एक स्क्यान्डिनेवियन कथा हो भन्ने उल्लेख गरिएको छ। ई. 900 तिर ‘ब्याटेल अफ म्यान्डेन’, ‘ब्याटेल अफ बुनानवर्ग’ जस्ता वीर भावनाका कविताहरू पनि अनुन्दित भएका थिए। यस समयमा ल्याटिन भाषा र साहित्यकै प्रभुत्व थियो। मौलिक ग्रन्थहरू पनि पहिला ल्याटिन भाषामा लेखेर मात्रै त्यसपछि प्राचीन अङ्ग्रेजीमा अनुवाद गर्ने प्रचलन थियो। यस समयमा धर्म, संस्कृति र साहित्यको केन्द्र चर्च नै बनेको पाइन्छ। एङ्गलो स्याक्सन कालको साहित्यमा वीरधाराको

प्रवलता र धार्मिक प्रवृत्तिको बाहुल्यता रहेको पाइन्छ। लेखनका दृष्टिले पनि मौलिक रचनाभन्दा अनुवाद र परम्परित कथालाई श्लोकबद्ध गरेको देखिन्छ। ल्याटिन भाषाको मोहकता तथा ज्ञानका कारण ल्याटिन साहित्यका कृतिहरूको अनुवाद गर्ने प्राचीन अङ्ग्रेजी परम्परा रहेकोले यस काललाई अनुवादको युग पनि मानिएको छ। यो युग साहित्य धर्मप्रचारको माध्यम बनेको युगका मानिन्छ। यस काललाई प्राचीन अङ्ग्रेजी भाषा साहित्यको काल मात्र उपयुक्त देखिन्छ।

एकलो नर्मनकाल (1051-1400) -को समयमा पुरै युरोप मा क्रिस्तानहरूको ज्यादै चहल पहल थियो। धार्मिक अन्धताको व्यापकता फैलिएको हुनाले धार्मिक रहस्यात्मक खालका 'मिस्ट्री', 'मिराकल प्ले' जस्ता कृतिहरूको रचनामा निकै विकास भयो। बेलायतमा संसदीय व्यवस्थाको सुरुवात हुनु र विश्व विद्यालयको स्थापनाले गर्दा निकै सामाजिक परिवर्तनहरू पनि यस समयमा भएको पाइन्छ। यो युग साहित्यिक दृष्टिले अन्धकारकै युग रहेको समालोचकहरू मान्छन्। यसबाहेक यस समयमा बोली जातीय चेतनाको विकास हुनु महत्त्वपूर्ण उपलब्धिको रूपमा मानिन्छ। इटालेली साहित्यका दाँते र बाकासियोको अङ्ग्रेजी साहित्यमा ठुलो प्रभाव पर्‍यो। त्यसकै प्रभाव स्वरूप अङ्ग्रेजहरूले वीरगाथात्मक ब्यालेडहरूको सङ्कलन गर्ने काम गरे साथै ल्याटिन साहित्यको अनुवाद गर्ने चासो पनि देखाए।

वास्तविक अङ्ग्रेजी साहित्यको सूत्रपात गर्ने कार्य कवि चसर (1340-1400) बाट प्रारम्भ भयो। आधुनिक अङ्ग्रेजी काव्यको थालनी चसरदेखि सुरु भएको हो भन्ने धेरैको भनाइ रहेको छ। यो भनाइ अनुसार एङ्गलो नर्मन काल नै आधुनिक अङ्ग्रेजी काव्यको पहिलो समयावधि देखापर्छ।

पुनर्जागरण काल (1401-1660) पन्ध्रौँ शताब्दी देखि 17 औँ शताब्दीसम्म रह्यो। अङ्ग्रेजी साहित्यको चहल पहललाई पुनर्जागरण कालखण्डमा समेटिएको छ। चसरपछिको लगत्तै समयमा अङ्ग्रेजी साहित्यमा कुनै मौलिक प्रतिभा भएका कवि देखा परेनन् बरु चसरको अनुकरण गर्ने परम्परा बसेको पाइन्छ। 1476 मा विलियम क्याक्स्टनले बेलायतमा प्रेसको स्थापन गरेपछि अङ्ग्रेजी साहित्य जुर्मुराउन थाल्यो। क्याक्स्टन स्वयं आफू कुशल अनुवादक भएकोले उनले सरटमस मेलोरीको 'मोट डार्थर 'को अनुवाद गरेर आफ्नै प्रेसबाट छपाए। विविलयम टिन्डेल र कमरडेलले सोहौँ शताब्दीमा वाइबलको अझ परिष्कृत अङ्ग्रेजीमा अनुवाद गर्ने काम गरे। यसरी बौद्धिक प्रभावलाई आत्मसात गर्दै लेख्रे टमस् सूरले 'उटोपिया' (1516 ल्याटिन भाषमा र 1556 मा अङ्ग्रेजीमा अनुवाद

भएको) ग्रन्थको रचना गरे जसले खोजपूर्ण निबन्धको लेखाइलाई अगाडि बढाउने काम गर्यो। यस युगमा नयाँ चेतनाको लहर आएको र अनि अङ्ग्रेजी पद्य, गद्य र नाटक साहित्यको साथै अन्य विभिन्न विधाको समेत विकास भएको हुनाले यस समयलाई अङ्ग्रेजी साहित्यको स्वर्णकाल पनि भनिन्छ। यस समयमा अन्य क्षेत्रमा जस्तै साहित्य लेखनमा पनि नवीन चैतन्य देखापऱ्यो। अज्ञानबाट ज्ञानतिर जान थालेको हुनाले यो मध्यकालीन अन्धकारबाट प्रकाशतर्फ उन्मुख भएको युग हो भन्न सकिन्छ।

सेक्सपियर र मिल्टन जस्ता विश्व चर्चित साहित्यकारहरू जन्माउन सफल युग नै पुनजागरण काल हो भन्न सकिन्छ। सर फिलिप सिड्नीको ‘इन डिफेन्स अफ पोएट्री' भन्ने समालोचना ग्रन्थ देखापऱ्यो भने रोजर आस्कामको ‘टेक्सोफिलस’ (1545) राफेल हलिन्सेडले ‘कोनिकल्स' (1577) जस्तो अति प्रसिद्ध ऐतिहासिक ग्रन्थको रचना गरे। जोन लिलीको ‘युफ्स अर द एमाटोमी अफ विट’ (1578) गद्य साहित्यको इतिहासमा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ। वास्तवमा यस युगलाई नै गद्यको युग पनि भनिएको छ। यस युगमा प्युरिटनहरूले अङ्ग्रेजी नाटक र कवितामाथि निकै सशक्त हमला गरे। त्यो हमलालाई निकै लेखकहरूले काव्य सिद्धान्तको प्रतिपादन गरेर प्रतिकार समेत गर्नमा अग्रसरता देखाए। टमस् एलिअटले आफ्नो प्रसिद्ध ग्रन्थ ‘बुक अफ द गभर्नर’ ( 1530) का माध्यमद्वारा काव्यको नैतिकता र प्रभावकारिताको महत्त्व देखाए। तर रोजर आस्कामले पुन ‘स्कुल मास्टर’ (15701 मा काव्यको निन्दा नै गरी प्युरिटोनिक दृष्टिकोणलाई अझ उजागर गर्ने काम गरे। स्टेफन गोस्सन् भन्ने विद्वान्ले ‘स्कुल अफ एब्युज’ (1579) भन्ने पर्चा निकालेर कविहरूलाई ‘असत्य वस्तुका जन्मदाता’ भन्दै ठुलो आरोप गर्दै नाटकको रङ्गमञ्चमाथि पनि हमला गरे। प्युरिटनहरूको आरोपलाई खण्डन गर्दै फिलिप सिड्नीले डिफेन्स अफ पोष्टी’ र ‘एन एपोलोजी फर पोएट्री’ जस्ता ग्रन्थहरूको रचना गरेर कविता विधाको रक्षा गर्ने जमर्को गरे।

यस युगमा लेखिएका नाटकहरूले ‘मोरालिटी’ र ‘मिराकल’ परम्परामा हुर्केको अङ्ग्रेजी नाटकमा एकाएक विविधता र नवीनता ल्याइदिए। क्रिस्टाफोर मार्लोको नाटक ‘टयाम्बुलिन’ (1587) प्रदर्शन भएपछि त्यस नाटकले अङ्ग्रेजी दर्शक समुदायमा धेरै ठुलो प्रभाव पाऱ्यो। आकर्षक ढङ्गमा ‘ब्ल्याङ्क भर्स’को प्रयोग गरिएको यसैबेला देखियो। मालोले ‘द ज अफ माल्टा’ एडवर्ड सेकेन्ड’, ‘डाक्टर फस्टस’ जस्ता ट्रयाजेडीहरू (1587-1593) बीचका समयमा लेखिएका थिए। यी नाटकहरू मध्ये ‘डाकटर फस्टस’ निकै प्रसिद्ध भयो। जोन लिली र वेन

Notes

जोन्सनका नाटकहरूले यो काल उर्वर भइरहेको अवस्थामा सेक्सपियरका नाटकहरूको आगमनले चरमोत्कर्षता प्राप्त गऱ्यो। जोन्सनले ह्युमरका आधारमा राखेर व्यङग्यपूर्ण कमेडीहरू लेखे भने सेक्सपियरले महान् दुःखान्त नाटकहरू लेखेर अङ्ग्रेजी नाट्य साहित्यलाई सम्बृद्ध पार्ने काम गरे। सेक्सपियरका नाटकमा पात्रहरूको पतन आफ्नै चारित्रिक कमजोरी र भूलका कारण भएको हुँदा दर्शकहरूले ज्यादै मन पराए र पतन हुने नायकप्रति पनि पाठकहरूको तथा दर्शकहरूको सहानुभूति रहन गयो। ह्यामलेट, ओथेलो, किङ्ग लियर, म्याकवेथ जस्ता विश्वप्रसिद्ध नाटकको रचना भएकोले यो काल स्वर्णकाल हो भनिन्छ।

अङ्ग्रेजी साहित्यको व्यङ्ग्यको युग (1661-1740) मा साहित्य शैलीको विषयलाई लिएर ठुलो समस्या खडा भएको थियो भन्ने मानिन्छ। प्युरिटनको दृष्टिकोणको धेरै प्रभाव र त्यसको विरुद्ध उभिने लेखकहरू यसबेला उदाइसकेका थिए। साहित्यप्रति अभिरुचि निकै बढिरहेको, तर पुनर्जागरण युगको नाट्य विधाको शैली ग्राह्य हुन् कि शास्त्रीय परिपाटीहरू सही हुन् भन्ने दोधार भने रहिरहेको थियो। यस्तै उत्तेजनापूर्ण गद्य लेख्नुभन्दा तर्कपूर्ण र अनुसन्धानपूर्ण गद्य लेख्नेतर्फ लेखकहरूको ध्यान आकर्षित भइरहेकै बेला रोयल सोसाइटीको पनि स्थापना भएको थियो। फलतः यही रोयल सोसाइटीको तत्त्वावधानमा अङ्ग्रेजी साहित्यको तथा भाषाको उत्थानका लागि 1664 मा एक समिति गठन गरिएको थियो।

नाट्य कविताका निम्ति स्वतन्त्र शैली (Blank Verse) ठिक हो वा लयवद्ध शैली रचना उचित हो भन्ने तर्क र विर्तकहरू ज्यादै सशक्त रूपमा देखापरेको थियो। त्यसका साथै कमेडीमा कस्ता दृश्यहरू जोड्नुपर्छ ? भन्ने जस्ता प्रश्नहरूलाई स्याडवेल, फलेक्नो, हिवड र इन्टडेन जस्ता लेखकहरूले गम्भीरताका साथ चर्चा गरेका छन्। यसो हुँदा अङ्ग्रेजी साहित्यमा नाट्य समालोचनाको नयाँ अध्यायको प्रारम्भ भएको देखिन्छ। दर्शनको आधारमा साहित्यको मनोवैज्ञानिक व्याख्या गर्ने तर्फ जति ध्यान पुयाइयो त्यतिनै साहित्यमा हुने चतुयाई, निर्णयात्मकता र कल्पना जस्ता विषयमा चर्चा उठाइयो। पूर्ववती नाटककारका कृतिहरूको समीक्षा गर्ने काम पनि यसै युगमा भएको पाइन्छ। 'एस्से अपन एन्सेन्ट एन्ड मडर्न लर्निङ' (1690) र 'अफ पोएट्री' (1690) जस्ता महत्त्वपूर्ण लेखहरू टेम्पलद्वारा लेखिए र उनले विवादको निराकरण गर्ने जमर्को गरे। जोन ड्राइडनले 'द एस्से अन ड्रामेटिक पोइजी' (1668) लिएर देखा परे। 'प्रिफेस टु द फेवल्स' जस्ता

समालोचनात्मक गद्य लेखेर ड्राइडनले समीक्षाको फाँट विस्त बनाए। ड्राइडनलाई 'अङ्ग्रेजी समालोचनाका पिता' पनि भन्ने गरिएको पाइन्छ। ड्राइडनले तत्कालीन समालोचकमाथि तीब्र हमला गर्दै काव्यको प्रकार, शिल्प रूप र समीक्षाको उदार स्वरूपमाथि विस्तृत चर्चा गर्ने उनले 'हिरोइक पोएम'-लाई सबैभन्दा महत्त्वपूर्ण ठानेका छन्। 'एबसलम एन्ड एचिटोफल' जस्तो व्यङग्य विनोदी काव्य लेख्ने ड्राइडनले 'औरङ्गजेब' (1675), 'अल फर लभ' (1678) जस्ता प्रसिद्ध नाटकहरू लेखेका छन्। यस युगमा सुखान्त नाटकले एक औपचारिक स्वरूप ग्रहण गर्ने अवसर पायो अर्थात् 'कमेडी अफ मेनर्स' नाटकको विकास भयो। राजदरबारको प्रोत्साहनका कारण पनि हास्य नाटकहरूको विकास भयो र वेन जोन्सनका नाटकहरू खुबै लोकप्रिय भए। वन जोन्सन जरको 'द वे अफ द वल्ड' यसै समय आयो। यस कालमा व्यङग्य उपन्यास लिएर देखापर्ने जोनाथन स्विफ्टले आफ्ना रचनाद्वारा मानवजाति प्रतिनै निकै गम्भीर गुनासो प्रकट गरेका छन्। उनको गुलिभर्स ट्र्याभल्स (1726) ले जति व्यङग्य पस्केको छ, त्यतिकै उनका 'द बेटल अफ द बक्स' र 'टेल अफ ए टब (1695 किताबहरूले सिनो मानवजातिप्रति नै छेड हानेका

अङ्ग्रेजी साहित्यको विकासक्रममा बिबेकको युग 1740 देखि आरम्भ हुन्छ। लेखक रिचर्डसन भन्दा पहिला डेनियल डिफोको 'रविन्सन कुसो' (1719) र 'मोल भल्यान्डर्स' जस्ता उपन्यासलाई अङ्ग्रेजी साहित्यमा आरम्भिक उपन्यास भनेर उल्लेख गरेको पाइन्छ तापनि उनका अनुयायी नभएका हुनाले उनको यो औपन्यासिक धारा निश्चित परम्परा बनेर अगाडि बढ्न सकेन। तर रिचर्डसनको 'प्यामेला', 'क्यारिसा' जस्ता उपन्यास प्रकाशित भएपछि अठाह्रौँ शताब्दीको अङ्ग्रेजी साहित्य उपन्यासमय बन्न पुग्यो। मानव अस्तित्वदेखि ऐतिहासिक, मनोवैज्ञानिक र चेतनाको तहकाम आधारमा पात्रहरूको विश्लेषण गर्ने परिपापटीको यतिबेलादेखि निर्माण भयो। रिचर्डसनका उपन्यासहरू मानवीय संवेदना र आकर्षक कथानकले ओतप्रोत भएको हुँदा पाठकहरूबिच निकै लोकप्रिय बन्यो। अर्का उपन्यासकार स्टर्नले घुमन्ते पात्र पात्राहरूको कथा भएको रोचक उपन्यास 'ट्रिस्टम स्यान्डो' (1760) लेखे। यस कालखण्डमा उपन्यास लेखनमा प्रतियोगिताको झलक देखिएकै बेला हेनरी पिल्डिङले 'रम जोन्स' शीर्षक काव्यात्मक गुण भएको उपन्यास लेखेर रिचर्ड्सनलाई चुनौति दिए। उनले 'जोसफ एन्डयम' (17411 र अमोलिया' (1751) जस्ता उपन्यास लेखेर रिचर्डसनलाई हाँक दिइरहेका थिए। यस समयमा मिश्रवासीहरूद्वारा अङ्ग्रेजी

दर्शनको चर्चा गरिएको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाइएको 'रस्सेलस' (1759) नामको उपन्यास लेखेर जोन्सनले यस विधालाई अझ नवीनता दिने काम गरे। फेनी वर्नीको 'इमोलिना' (1778) भन्ने सुखान्त उपन्यास प्रकाशित भयो। यस काल खण्डका यी उपन्यासहरूले अङ्ग्रेजी समाजको सामाजिक दृष्टिकोण र समाज सुधारका पक्षमा वकालत गरेकेले यस कालखण्डलाई विवेकको युग मानिएको पाइन्छ।

अठारौँ शताब्दीको अन्त्यतिर रोमान्टिक युगको थालनी भयो। यो कालखण्डमा अङ्ग्रेजी साहित्यमा जुन नवीन दृष्टिकोणको विकास भयो त्यही दृष्टिकोण रोमान्टिकवादका रूपमा देखा पर्‍यो। सन् 1798 मा वर्डस्वर्थ र कलरिजको सामूहिक लेखनका प्रकाशित 'द लिरिकल ब्यालेड' रोमान्टिकवादको घोषणा पत्रका रूपमा देखापर्छ। यस युगका कवि लेखकहरूले सहज, स्वच्छन्द र स्वतः स्फूर्त अभिव्यक्तिमा विश्वास राखे। शास्त्रीयताका विरुद्ध देखापरेको यो साहित्यिक आन्दोलन हो। कविताका क्षेत्रमा यो धेरै उबर रह्यो भने गद्यका क्षेत्रमा पनि रोमान्टिक प्रवृत्तिको विकास भएको पाइन्छ। यस युगको नेतृत्व गर्ने र प्रारम्भ कर्ताका रूपमा वर्डस्वर्थ र कलरिज रहे। यी साहित्यकारहरूले क्लासिकल तथा शास्त्रीयतावादी युगका साहित्यिक प्रवृत्तिहरूको निकै चर्को रूपमा विरोध गर्दै स्वच्छन्दतावादी भावधाराको साहित्य रचना गरे। हरेक क्षेत्रमा स्वतन्त्रताको अनुभव गरेका कवि लेखकहरूले आफ्ना रचनामा प्रकृति र सौन्दर्यप्रतिको मोह, आत्मपरक भवना, उच्च कल्पना र स्वतन्त्र तथा उन्मुक्त शैलीको प्रयोग गर्न थाले। औपचारिक र परम्परित लेख शैलीलाई अन्त्य गर्दै नवीन शैलीको खोज हुन थाल्यो। परम्परा घृणा होइन मोह प्रकट गरेर पनि मध्ययुगीन कुरालाई पनि रोमान्टिक शैलीमा व्यक्ति गर्ने परम्पराको थालनी यसै युगमा भएको पाइन्छ।

चार्ल्स ल्याम्बको निबन्ध सङ्ग्रह 'एस्सेज अफ एलिया' निबन्धहरूमा रोमान्टिक प्रवृत्तिको पूर्ण प्रयोग भएको पाइन्छ। पद्य र नाटकमा मात्रै होइन गद्य विधाका निबन्धमा समेत रोमान्टिक प्रवृत्तिलाई अँगालिएको थियो भन्ने कुरा उनका निबन्धहरूले देखाएका छन्। यी निबन्धहरूमा निबन्धकारका आफ्ना उच्च कल्पनाका निजी अनुभवहरू धेरै कलात्मक र आकर्षक रूपमा व्यक्त भएका छन्। यसै गरी गद्यलाई रागात्मक पक्षले सजाउने अर्का लेखक डय क्कासे हन्। 'कन्फसन अफ एन ओपियन डटर' भन्ने गद्यमा परानो शृङ्गारपरक शैलीमा रोमान्टिक प्रवत्तिको प्रशस्त प्रयोग गरेका छन्। यस युगमा जेन अस्टिन र वाल्टर स्कट जस्ता उपन्यासकार देखिए। उपन्यासकार र उपन्यासहरू देखा परे पनि ती

उपन्यासले रोमान्टिक विचारधारालाई आत्मसात गरेनन् भन्ने विद्वान्हरूको मत पाइन्छ।

भिक्टोरिया युगमा बेलायतमा औद्योगिक क्रान्ति भएकोले पनि पुराना मूल्य र मान्यतामाथि आक्रमण भएको देखिन्छ। रोमान्टिक युगमा कल्पना र भावनामा डुबुल्की मार्न खोजेको मानिसहरू सामाजिक चेतना, यथार्थ र सत्यको खोजीमा लागे। साहित्यका क्षेत्रमा त्यो नवचेतनाले भने नवीन धारालाई जन्माउन सकेन। रोमान्टिक विचारधाराकै निरन्तरताले यस कालखण्डलाई डोहोऱ्यायो। कविताका क्षेत्रमा बाउनी र टेनिसन केन्द्रीय प्रतिभा रहे। कवि टेनिससका 'द टू भ्वाइस, द मिल्टर डरर, द गार्डनर डटर, द लेडी अफ सेलुट, द सिस्टर, ए ड्रिम अफ फेयर ओमेन, 'लक्सली हल' जस्ता कविताहरूले अङ्ग्रेजी साहित्यमा निकै प्रसिद्ध छन्। यस युगमा गद्य लेखनको आयाममा वृद्धि भएको कुरा चार्ल्स डार्विनको 'अरिजिन अफ स्पेसिस' र एभस हार्डीको 'डाइनास्ट' जस्ता फरक ढाँचाका र विषयवस्तुका गद्य लेखनले स्पष्ट देखाएको आलोचकहरूको ठहर छ। यस युगमा देखापर्ने 'हिस्ट्री' र 'एस्सेज' जस्ता मेकोलीका गद्य लेखहरू पनि निकै चर्चित र प्रसिद्ध छन्। यसै समयका चाल्स डिकेन्सका 'ओलिभर टिवस्ट' र 'डेविड कपरफिल्ड' धेरै महत्त्वपूर्ण उपन्यास हुन्। यस युगमा उपन्यासका क्षेत्रमा पुरुष मात्र होइन महिला उपन्यासकार पनि सक्रिय रहेको कुरा इमिलीले लेखेका प्रसिद्ध उपन्यास 'उदरिङ्ग हाइट्स' (1847) र 'जेन आयर' - जस्ता कृतिले पुष्टि गर्दछन्। भनिन्छ, सशक्त संरचनाको स-सङ्गठनद्वारा अङ्ग्रेजी उपन्यासको फितलो र कमजोर संरचनालाई तोड्ने काम समेत जर्ज एलिअटले गरेकी थिइन्। 'द मिल अन द फ्लस' लेखेर चर्चित बनेकी एलिअट 'मिडिल मार्च' लेखेर आफ्नो औपन्यासिक क्षमता प्रदर्शन गर्न सफल बनिन्। 'फारफ्रम द भ्याडिङ काउड' र 'देस अफ डमिअल' उपन्यास लेख्ने टमस हार्डी पनि यस युगका प्रसिद्ध उपन्यासकार हुन्। आर. एच. बदामको 'एलिएस एडभेन्चरस इन वन्डरल्यान्ड' र एडवर्ड लियरको 'बुक अफ नन्सेन्स' जस्ता लेखहरू हास्य रचनाका रूपमा देखापर्छन्। यी हास्य रचनाहरू अङ्ग्रेजी साहित्यमा निकै प्रसिद्ध रहेको हुनाले यस युगमा उपन्यास बाहेक हास्य साहित्यको पनि विकास भयो भन्ने मानिन्छ।

उत्तर भिक्टोरिया युगको सुरुमै सन् 1890 'डिकाडेन्ट' जमातले 'चल्लो भूभमेन्ट' चलाएको पाइन्छ। यस आन्दोलनले केही लेखकहरूलाई जन्म दियो। यो आन्दोलनले कला कलाको लागि भन्ने सिद्धान्तमा जोड दियो। यस जमातका प्रसिद्ध लेखक ओस्कर वाइल्डले 'द इम्पोटेन्स अफ विइढदा अर्नेस्ट' उपन्यास

Notes

लेखे भने वाल्टर प्याटरले कला कलाका लागि भन्ने सिद्धान्तमा जोड दिँदै समालोचनात्मक निबन्धहरू लेखे। उनका सौन्दर्यवादी आलोचनात्मक लेखहरू अङ्ग्रेजी समालोचनाको इतिहासमा निकै प्रख्यात हुन पुगेको पाइन्छन्। यसै युगमा स्यामुअल बटलरको 'द वे अफ अल प्लेस' (1903) उपन्यास प्रकाशित भयो। रुज्याई किपिलडका 'किम' (1901) र 'एक अफ पुकस हिल' जस्ता प्रसिद्ध उपन्यास प्रकाशित भए। यस उपन्यासकारले भारतीय र अङ्ग्रेजी समाजको चित्रण गरेर आयामलाई फाँटिलो बनाए। उपन्यासमा वीरगाथा प्रस्तुत गरी जोसेफ कोनरेडले आफूलाई आन्दोलनको प्रवाहबाट फरक राख्ने प्रयास गरे। 'लई जिम' र 'हार्ट अफ डार्कनेस' अनि 'अल्माएर्स फोली' (1895) उनका प्रसिद्ध उपन्यास हुन्। यस कालमा समसैट ममले उपन्यासमा बेलायती समाजको चित्रण उतारे। डी. एच, लरेन्सले उपन्यास लेख्ने परम्परागत मान्यतालाई तोड्दै उपन्यासको शैलीमा सरलता र विषयवस्तुमा पनि सरलतामा नै जोड दिए। उनका उपन्यासका पात्र-पात्राको मानसिक र शारीरिक वृद्धि तथा अवरोधलाई निम्त्याउने कारणका रूपमा 'यौन' नै मुख्य आधार मानिएको पाइन्छ। लरेन्सले यौनलाई मनोवैज्ञानिक अर्थमा लिएर बौद्धिकता र सभ्यताले थिचिएको आजका मान्छेको मन साच्ची नै प्रेम र सवगको नैसर्गिक अभिव्यक्तिमा पुनः पूर्ण रूपमा उठ्न सक्छ भन्ने विचार प्रस्तुत गरे।

यस युगमा अङ्ग्रेजी साहित्य परम्परामा नाटकलाई यथार्थवादतिर अग्रसर तुल्याउने कार्य नाटककार बर्नाड साले गरे। परम्परित नाट्य परम्पराभन्दा बेग्लै तवरले नर्वेका नाटककार हेनरिक इब्सेनको यथार्थवादी दष्टिकोणलाई आत्मसात गरी उनले अङ्ग्रेजी सामाजिक यथार्थतामा आधारित नाटक लेखे। उनले अनेकौँ उपन्यासहरू पनि लेखे तर उनी नाटककारका रूपमै चचित भए। वर्नाड साका 'विडोअट्स हाउसेस', 'आर्मस् एन्ड द मेन' जस्ता नाटकहरू प्रकासित छन्। 'मेन एन्ड सुपरमेन' लेखेका वर्नाड साले 1903-1907 सम्म लगातार नाटकका सिरियलहरू लेखे। उनका केही महत्त्वपूर्ण नाटकहरू 'द डक्टर्स डालिमा', 'गेटिङ मेरिड', 'द डार्क लेडिज अफ द सोनेट', 'फेनिज फस्ट प्ले', 'हर्टब्रेक हाउस' आदि हुन्।

अङ्ग्रेजी साहित्यमा सन् 1918 पछिको समय वा कालखण्डलाई आधुनिक युग मानिएको छ। विश्व युद्धहरू देखिसकेपछि विशेष गरी दोस्रो विश्वयुद्धपछि विदेशी नाटककार बर्टोल्ट ब्रेख्तको प्रभाव अङ्ग्रेजी रङ्गमञ्च र नाटक लेखनमा धेर पऱ्यो। यस कालखण्डमा देखापरेका नयाँ नाटककारहरूले कथा-सङ्गठन, पात्र-रचना, र

निर्देशन तथा प्रदर्शनका करामा परम्परागत नाट्य शैलीलाई अस्वीकार गर्दै तथा वहिष्कार गर्दै अङ्ग्रेजी नाटक र रङ्गमञ्चमा एउटा नयाँ मोड नै ल्याइदिएका थिए। यसरी तयाँ मोड ल्याउने नाटककारहरू र उनीहरूका नाटकहरू सेमुअल बेकेटको 'वेटिड फर गोडोट', जोन अजबर्नको 'लुक ब्याक इन यङ्गर' र 'द इन्टटेन्डनर', हेरोल्ड पिन्टरको 'द बर्थ डे पार्टी' र 'द केयर टेकर' आदि देखिन्छन्। अङ्ग्रेजी नाट्य साहित्यमा यो धाराको सूत्रपात हुनुभन्दा पहिला पद्य नाटकको नै प्रकाशन थियो। वास्तवमा तिनै पद्य नाटकको प्रकाशनले अङ्ग्रेजी नाटकको रङ्गमञ्चमा विविधता ल्याए बुझिन्छ। सन् 1930 को दशकमा उदाएका टी. एस. इलियटका पद्य नाटकले अङ्ग्रेजी रङ्गमञ्चमा विविधता ल्याएको पाइन्छ। पद्यात्मक नाटक लेख्ने इलियटले खुलस्त रूपमा मेरा नाटक प्रयोगात्मक तथा परीक्षणका रूपमा लेखिएका हुन्, भनेका थिए। पुरानो विषयवस्तुलाई नयाँ सन्दर्भमा प्रस्तुत गर्ने परिपाटी टि. एस. इलियटको थियो। उनका पद्य नाटकहरूमा प्रसिद्ध 'मर्डर इन द क्याथेडल'ले हेनरी द्वितीय (दोस्रो) र थमस वेकेटको ऐतिहासिक घटनालाई प्रस्तुत गरेको पाइन्छ। यसबाहेक इलियटको 'द फ्यामिली रियुनियन', 'द ककटेल पार्टी', 'द कन्फिडेन्टिएल क्लर्क', 'द इल्डर स्टेटमेन' देखिन्छ। यस समयमा क्रिस्टोफर फ्राइले पनि 'द डार्क इज लाइट इनफ', 'द लेडिज नट फर बर्निङ' नाटकहरू पद्य नाटकको रूपमा लेखे।

यस कालमा उपन्यासका क्षेत्रमा पनि विविधता देखा पऱ्यो। जोन गल्सवर्दीले 'द फोर्सिट सागा' र 'द म्यान अफ प्रोपर्टी' उपन्यास लेखे भने ई. एम, फोसर्टरले 'होवर्डस् एन्ड', र 'ए प्यासेज टु इन्डिया' लेखे। यसै समयमा मनोवैज्ञानिक उपन्यास लेख्ने परम्पराको थालनी भयो। फ्रान्सका मार्सल पुस्टको शैली र विलयम जेम्स नामक मनोवैज्ञानिकको प्रभावमा परेर अङ्ग्रेजी साहित्यमा औपन्यासिक शैलीमा ठुलो क्रान्ति ल्याउने कार्यमा जेम्स ज्वायसको अग्रणि भूमिका खेले। जेम्स ज्वायसको 'ए पोर्टेट अफ द आर्टिस्ट एज ए योङ मेन' भन्ने उपन्यास प्रकाशित प्रसिद्ध उपन्यास हो। उनको मनोवैज्ञानिक उपन्यासको प्रतिनिधिका रूपमा 'युलिसस' देखापर्छ। यसै समयका किङ्गस्ले एभिसको 'लकी जिम' र जोन बेनको 'हरी अन डाउन प्रकाशित पाइन्छ। एलान् सिलिटोइको 'सटरडे नाइट एन्ड सन्डे मर्निङ' र जोन बेनीको 'रुम एट द टप' जस्ता विद्रोहात्मक उपन्यासहरू पनि देखा परे। किङ्गस्ले एभिसले 'टेक ए गर्ल लाइक यू, 'द ऐन्टी डेथ लिग' र 'ग्रिन मेन' दिए भने जोन बेनले 'ए विन्टर इन द हिल्स' लेखे।

**Notes**

अङ्ग्रेजी गद्य लेखनका क्षेत्रमा साधारणीकरणलाई विशेष जोड दिइएको पाइन्छ र समालोचनाका क्षेत्रमा पनि नव-समालोचनाका महत्त्वपूर्ण सिद्धान्तहरू जन्मिएका छन्। समालोचनाका क्षेत्रमा रूपवादी दृष्टिकोण, यथार्थवादी मूल्याङ्कन र निर्वैयक्तिकताको धारणा काव्यमा हुनुपर्छ भन्ने आग्रह गर्न थालियो। आई. ए. रिचर्डस र टि. एस. इलियटका काव्य मान्यताको स्थापना गरेर समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याए।

यस कालमा सामाजिक यथार्थवादी तथा मार्क्सवादी दृष्टिले पनि साहित्यिक कृतिको मूल्याङ्कन गर्ने एकथरी लेखकहरू पनि देखापरे। यस बीसौं शताब्दीमा अङ्ग्रेजी साहित्यमा महिला उपन्यासकारहरू पनि निकै सक्रिय रूपमा देखापरे। रोज मेकलेले 'पोटरिजम', 'टोल्ड बाइ एन इन्डिएट', 'स्टेइङ विथ रिलेसन', 'दे वोएर डिफिटेड', 'द वर्ल्ड माइ विल्डरनेस', 'टाउस अफ ट्रिविजोन्ड' जस्ता उपन्यास लेखे। महिला उपन्यासकारहरूमा बनेट निकै चर्चित बनिन्। झन्डै दुई दर्जन जति उपन्यास लेख्ने बर्नेटले ग्रीक ट्रेजेडी जस्तै हत्या, हिंसा हुनाका कारणहरूको खोजी र रोकथामका विचारहरूलाई उपन्यासमा प्रवाहित गरेकी छन्। उनका चर्चित र प्रसिद्ध उपन्यासहरूमा 'पास्टर एन्ड मास्टर', 'ए फेमेली एन्ड ए फर्चुन', 'द माइटी एन्ड देयर फल', 'द लास्ट एन्ड द फस्ट, आदि उल्लेख्यनीय पाइन्छन्।

संसारमा लोग्ने मान्छे र स्वास्नी मान्छेका बिच देखिएको विभेद र दक्षिण अफ्रिकामा देखिएको रङ्गभेदका घटनाबाट छोइएर डोरिस लेसिङले रङ्गभेद र लिङ्गभेदको विरुद्ध उपन्यास लेखेर चर्को आवाज उठाएकी छन्। उनको विचारमा यो रङ्गभेद र लिङ्गभेदको चर्को समस्या कम्युनिस्ट राजनैतिक व्यवस्थाले मात्रै समाधान गर्न सक्छ। 'द ग्रास इज सिङ्गिङ' भन्ने उपन्यास लेख्ने जेरी लेसिङ्ले नैतिकताका प्रश्नहरूमा खडा गरेकी छन्। उनका चर्चित उपन्यासहरू 'मार्था क्विस्ट', 'ए प्रोपर मेरिज', 'ए रिपल् फ्रोम द स्ट्रोम', 'द गोल्डेन नोटबुक', 'लेन्डलक' आदि रहेका छन्। यसबाहेक यस कालमा अङ्ग्रेजी साहित्यमा आधुनिक कथा, उपन्यास, नाटक, कविता र निबन्धहरू लेखिइरहेका छन्। यस युगमा ऐतिहासिक लेखनको परम्परा पनि कायमै छ र अति वैज्ञानिक कथा तथा नाटकहरू पनि लेखिएका छन्। लेखनको क्रम निरन्तर अनि गतिशील रहेको छ। नयाँ विचारधारा, प्रयोग हुँदै नवीन कालखण्डतिर अङ्ग्रेजी साहित्य आरुढ देखिन्छ।

## ८.२. सेक्सपियर

विश्व साहित्यको नाटक विधामा सेक्सपियर आजसम्मकै अत्यन्त प्रतिभाशाली नाटककार मानिन्छ। उनलाई नाट्य सम्राटको रूपमा विश्व साहित्यले चिनेको छ। उनी आफू जन्मेको ठाउँ छोडेर झन्डै दस वर्ष जति लन्डनमा बसेको समय नाटकको रङ्गमञ्चमा अथात् नाट्य कम्पनीमा काम गरेको हुनाले रङ्गमञ्च सम्बन्धी ज्ञान हासिल गरेका थिए। त्यसै समयमा उनले नाटकमा अभिनय गर्ने र नाटक लेख्ने अवसर पाएका थिए भन्ने विद्वान्हरूको मत पाइन्छ। 1591 देखि 1611 सम्मको बीस वर्षको अवधिमा सेक्सपियरले झन्डै 37 वटा नाटक लेखेका थिए। उनको जीवनकालमा कनै नाटक छापिएनन् र उनको मृत्युभएको 7 वर्षपछि 1623 मा मात्र उनका नाटकहरू छापिएका थिए भन्ने कुरा विज्ञहरूले इतिहासमा उल्लेख गरेका छन्। सेक्सपियर नाटककार मात्र होइनन् उनी कवि पनि थिए। उनले झन्डै एकसय चौवन्न जति सनेट लेखेको पाइन्छ।

उनले नाटक लेखेको सन् 1588 देखि 1593 सम्मको काललाई समालोचकहरूले अभ्यासकालीन समय भनेको पाइन्छ। यस समय उनले आफू पूर्वका अङ्ग्रेजी नाटक (गद्यलेखहरू) र अङ्ग्रेजीमा अनुवाद गरिएका अन्य साहित्यका नाटकहरूको पनि अध्ययन गरेका थिए। रङ्गमञ्चमा काम गर्दा गर्दै दर्शकहरूले के कस्ता नाटक मन पराउँछन्। भन्ने अनुभव पनि उनले समेट्ने काम गरेका थिए। यस समयमा 'हेनरी सिक्स' (तीनवटा नाटक), रिचर्डस् सेकेन्ड, रिचर्डस थर्ड, किन जोन, लभ्स लेबर लस्ट, टु जेन्टलमेन अफ भेरोना, ए मिडसमर नाइट डिम जस्ता नाटकहरू लेखेको पाइन्छ। यसका साथै उनले रोमियो एन्ड जुलियट जस्तो दुःखान्त नाटक पनि लेखे। यी नाटकहरूलाई हेर्दा सेक्सपियरले पहिलो चरणमै विविध प्रकृतिका नाटकहरूको लेखनमा पूर्ण अभ्यास गरेको देखिन्छ। सुखान्त, दुःखान्त र ऐतिहासिक किसिमका नाटकहरूको लेखन गरी पाठक तथा दर्शकको रूचिको सर्वेक्षण गर्ने काम उनले गरे। दर्शकहरूको मागअनुसार उनी धमाधम नाटक लेखिदिन्थे। यतिबेलाका नाटकहरूमा उनको कलात्मकताले पनि प्रौढता हासिल गरेको देखिँदैन। नाटकमा देखिएको अनुप्रासीय कवितात्मक भाषा पनि प्रयोगकै अवस्थामा रहेको छ। पात्र, घटना, विचार, संवाद र नाटकीय द्वन्द्वको सशक्तताका दृष्टिले तुलनात्मक रूपमा नाटकहरू सतही नै रहेको देखिन्छ। यस समयका नेखनीबाट उनको लेखकीय क्षमता र प्रतिभा भने देखिएको पाइन्छ।

सन् 1594 पछि विकासको अवस्थामा नाटक देखा पर्छ। पहिलो चरणमा परेका नाटककार क्रिस्टोफर मालो लिलीको प्रभाव यस समयमा आएर विस्तारै मुक्त हुँदै गएको देखिन्छ। निजी विशेषताको सचेष्टता यतिबेला नाटककार सेक्सपियरमा देखिन्छ। यस कालमा पनि उनले सुखान्त, दुःखान्त र ऐतिहासिक नाटकहरूको लेखनमा अझै निरन्तरता दिएका छन्। हेनरी फोर्थ, हेनरी फाइभ जस्ता ऐतिहासिक नाटकले निरन्तरता पाइरहेका छन् भने 'द मर्चेन्ट अफ भेनिस', 'मच एडो एबाउट नोथिङ', 'एज यू लाइक इट', त्वेल्थ नाइट'। मिजर फर मिजर', टामिङ्ग अफ द सिउ', 'मेरी वाइफ अफ उइन्डसर', 'ट्रोल्वाइस एन्ड किसिदो' जस्ता सुखान्त नाटकको अत्यधिक रचना भएको छ। यी नाटकहरूलाई हेर्दा सेक्सपियरमा आफ्नै स्वतन्त्र लेखनको क्रमिक विकास भइरहेको पाइन्छ। नाटकहरू पनि पहिलेका भन्दा निकै गुणात्मक भइरहेका छन्। मान्छेका जीवनका भावना र लक्ष्यका बारेमा उनले धेरै ज्ञान प्राप्त गरिसकेको कुरा उनका नाटकहरूले देखाइरहेका छन्। पूर्ववर्ती र परम्परित नाट्य शैलीमा आमूल परिवर्तन ल्याउन संभावनाका साथ सेक्सपियरको मौलिक क्षमताको स्थापना हुँदै उनका नाटकले अझ उच्चता र प्रसिद्धि पाउने सङ्केत गरेको छ। महान् दुःखान्त नाटककारका निम्ति पृष्ठभूमिको काम गर्ने चरणका रूपमा पनि यो अवधि देखापर्छ। धेरै सुखान्त लेखेपछि दुःखान्तको यात्रा हुने संभावनालाई यस चरणले मार्गदर्शन गरिरहेको छ। नाटक लेखनमा पूर्ण सामर्थ्य आर्जन गर्न लागिपरेको चरणका रूपमा पनि यो समयका नाटकहरू देखापर्छन्।

नयाँ शताब्दीमा आइपुग्दा सन् 1600 तिर वा यसपछिको सेक्सपियरको नाटकयात्रामा चरमोत्कर्ष र दुःखान्तको बाहुल्यता देखिन्छ। उनलाई नाटककारदेखि नाट्यसम्राटका रूपमा प्रसिद्ध गराउनमा पनि यो समय महत्त्वपूर्ण रह्यो। उनको नाट्यकला क्षमताको चरमोत्कर्षका रूपमा पनि यो समयावधि देखापर्छ। विश्वप्रसिद्ध उनका दुःखान्त नाटकमा हयामलेट, मेकवेथ, ओथेलो, किङ्ग लियर –जस्ता कृति देखिन्छन्। जुलियर सिजर, रोमियो र जुलियट नाटक पनि निकै चर्चित नाटक हुन्। उनका यी दुःखान्त नाटकले दर्शक र पाठकका अत्यन्त प्रभावकारी ढङ्गले छोएको बुझिन्छ। सेक्सपियरले मानव जीवनलाई र उसका चाल चलन तथा व्यवहारलाई निकै गहिरो रूपमा बुझेको कुरा यी नाटकहरूले देखाएका छन्। संसारकै नैतिक बलमा खलल पुऱ्याउने तत्त्वको चित्रण धेरै कलात्मक रूपमा भएको छ। उनको उच्च कलात्मक क्षमताको पूर्ण विकसित रूप यी नाटकले प्राप्त गरेका छन्। यी नाटकहरूमा

मानवीय कमजोरी, दुर्गण, दुर्बलता, अहम्ता र अहङ्कारलाई विषयवस्तुका रूपमा लिइएको छ। मानिस कसरी दुःखान्तमा पुग्छ भन्ने कुरालाई नाटकमा मान्छेमा दुःखान्त निम्त्याउने तत्त्व बाह्य वातावरण नभएर आफ्नै आन्तरिक चारित्रिक त्रुटि हो भन्ने निष्कर्षमा नाटककार पुगेका देखिन्छन्। मानवीय दशालाई बुझ्ने उनले आफ्ना नाटकका पात्र -पात्राहरूको मनोविश्लेषणात्मक ढङ्गबाट चित्रण गरेका छन्। सन् 1611 मा सेक्सपियर लन्डन छोडेर शान्त र एकान्त जीवन बिताउन जन्मस्थान स्ट्राटफोर्ड अनुएभोन फर्किनका साथै नाटक लेखनंमा ह्रास देखा पर्छ। लेखिएका नाटकहरू पनि शिथिल र प्रवृत्तिमै पनि परिवर्तन आएको पाइन्छ। नाटकका चरित्रहरूमा विस्तारै दया, माया, ममता कामलता र नम्रता देखापर्न थाल्छ भने उनीहरूको मनोवैज्ञानिक विश्लेषण पनि गर्न छोडिन्छ। केही पात्रका माध्यमद्वारा दूष्टतामाथि सत्यताको विजय हुने कुरा अभिव्यक्ति दिँदै नाटक लेखनमा निरन्तरता दिइरहेका छन्। उनको नाटकीय कलापक्ष पनि कमजोर हुँदै गएको देखिन्छ। उनले धेरै नाटक लेख्न प्रारम्भ गरेको तर पूर्ण नगरेको पाइन्छ। उनका अपूर्ण नाटकलाई उनको मृत्युपछि अन्य लेखकले पूर्ण गरिदिएका थिए भन्ने चर्चा इतिहासमा उल्लेख पाइन्छ। यस समयमा ‘द टेम्पेस्ट’ र ‘विन्टर टेल’-जस्ता सुखान्त नाटक केही चर्चित रहे भने केही नाटकहरू अपूर्ण नै रहे। ‘पेरिसलेस’ ‘हेनरी आठौँ’ र ‘द टु नोवल किन्समेन’ जस्ता नाटकहरू उनको मृत्युपछि अरू लेखकहरूले पूर्ण गरिदिएका हुन् भन्ने कुरा उल्लेख पाइन्छ।

विविध विषयलाई टिपेर नाटक लेख्ने नाटककार सेक्सपियरका नाटकहरूको वर्गीकरण निम्न रहेका छन्-

**(1) सेक्सपियरका सुखान्त नाटकहरू**

a. Love's labour's Lost (1594)

b. The Comedy of Error (1590)

c. Two Gentlemen of Verona (1594)

d. The Merchant of Venice (1596)

e. A Mid Summer Night's Dream

f. The Taming of the Shrew

g. Merry Wives of Windsor

h. Much Ado about Nothing

i. Venues and ADonis (1593)

j. Rape of Lucrec (1594)

k. As you like it. (1599)

l. Twelfth Night (1600)

m. Troilus and Cressida (1602)

n. Alli's Well that Endswell (1602-04)

o. Measure for measure.

सेक्सपियरले लेखन विविधता अतुलनीय रहेको पाइन्छ। उनले सुखान्त नाटकहरूमा पनि कुनैलाई त्रासदी सुखान्त बनाए भने कुनै सामान्य सुखान्तका छन्। सुखान्त नाटकहरूमा 'द मर्चेन्ट अफ भेनिस' निकै स्तरीय र प्रसिद्ध कृति हो। उनका सुखान्त नाटकहरूमा कल्पनाको सुन्दर संसारमा पात्र -पात्राहरू खसीका साथ रमाउने गर्छन्। हाँसो, ठट्टा र कही सामान्य व्यङ्ग्य गर्दै आफ्नै संसारमा एक प्रकारले रम्ने रमाउने गरेको पाइन्छ र ती पात्र पात्राहरूले आफ्नो वास्तविक पहिचान लुकाउने र भेष बदल्ने समेत गरेर दर्शकहरूलाई मनोरञ्जन दिने गर्छन्। उनका सुखान्त नाटकहरूको मूल उद्देश्य दर्शकलाई हसाउँदै र ठट्टा गर्दै मनोरञ्जन प्रदान गर्नु रहेको पाइन्छ।

**(2) ऐतिहासिक नाटकहरू**

a. Henry VI (1, 2, 3) (1590-1592)

b. Richard III (1592-1593)

c. King John (1596-1597)

d. Richard II (1595-96)

e. Henry IV (1,2)(1597-98)

f. Henry V (1598-99)

g. Henry VIII

राष्ट्रको वीर पुरुष तथा असल राजाको गुणगान गरेका छन्। यी नाटकहरूले बेलायती जातिको ऐतिहासिक झलक प्रस्तुत गरेको पाइन्छ भने इतिहास प्रसिद्ध महान् पुरुषका पुरुषार्थका कामका बारेमा जानकारी दिन्छन्। यी ऐतिहासिक नाटकमा पनि वियोगान्तको स्थिति उत्पन्न गरी सम्पूर्ण बेलायतीहरूको सहानुभूति र माया प्राप्त गर्न सक्ने पात्रहरूको निर्माण भएको छ। यी नाटकहरूले देशभक्ति, राष्ट्रिय गौरव र जातीय स्वाभिमानलाई अझ चर्को रूपमा उचाल्ने र उमार्ने काम गरेका छन्।

(3) दुःखान्त नाटकहरू

a. Tituss Andronicus (1593)

b. Romeo and Juliet

c. Julius Caesar (1599-1600)

d. Hamlet (1600-1601)

e. Othello (1603-1604)

f. Timon of Athens

g. King lear (1605-06)

h. Antony and Cleopatra (1607)

i. Coriolonus

j. Macbeth (1606)

तुलनात्मक रूपमा हेर्दा सेक्सपियरको प्रसिद्धि दुःखान्त नाटकहरूबाट भएको मानिन्छ। उनले अन्य प्रवृत्तिका कृतिहरू निम्न तहका लेखे भन्ने पक्कै पनि होइन। तर दुखान्त नाटक लेखन सेक्सपियरको विश्व साहित्यमै बेजोर मानिन्छ। उनले नाटकमार्फत अङ्ग्रेजी समाजलाई एउटा नयाँ धारणा दिन सफल भए। त्यो नयाँ धारणा भनेको दुःखान्त नाटकका नायक तथा अन्य पात्रको पतन आफ्नै चारित्रिक त्रुटिका कारण हुने गर्दछ बाह्य वातावरणले पतनलाई निम्त्याउन केवल सहयोगीको भूमिका खेल्छ तर निर्णायक भूमिका रहँदैन भन्ने नै मुख्य देखिन्छ। नाटकमा मानव दशाको उचित चित्रण भएकोले उनका दुःखान्त नाटकहरू विश्व प्रसिद्ध हुन पुगे। नाटकलाई वियोगान्तमा पुयाउने तथा आफ्नो अनिष्ट निम्त्याउन स्वयं पात्रको स्वभाव, चरित्र, चाहना र बुद्धि नै महत्त्वपूर्ण कारकका रूपमा उभिएको हुनाले उनको दुःखान्त नाट्य शैली विश्वमै उत्कृष्ट मानिएको पाइन्छ। उनका यी दुःखान्त नाटकहरूमा असल र खराब पात्र बिचको द्वन्द्व अत्यन्त कलात्मक रूपमा विकसित भएको छ। कुनै अपराध नगरेका सज्जन पनि नाटकमा ठुल्ठुला सजाय र दण्ड पाएको स्थितिले दर्शक तथा पाठकलाई निकै ठुलो खुल्दुली तथा दयाभाव स्थितिमा पुऱ्याइदिने काम गरेको पाइन्छ। नाटकमा प्रयुक्त विविध प्रविधिले उनका नाटकहरू अत्यन्त उत्कृष्ट, प्रभावकारी र मर्माहतपूर्ण बनाएको पाइन्छ।

सेक्सपियरको नाट्य यात्राको अन्तिम चरणमा लेखिएका नाटकहरू दुःख-सुखान्त प्रकारको पाइन्छ। नाटकको प्रारम्भ र मध्य दुःखपूर्ण संसारले ढाकिएको भए पनि

अन्त्यमा सुखपूर्ण तथा मिलनका संसारमा प्रवेश गरेको दुःख सुखान्त नाटकहरू उनले लेखेका छन्।

a. Pericles

b. Cymbeline

c.Winter's Tale

d. Tempest

दुःखले पूर्ण रहेको तर अन्त्यमा गएर सुखान्त बनेको यस्ता नाटकहरू ट्रेजेडी पनि होइनन् र कमेडी पनि होइन भन्ने अवस्थामा रहेका पाइन्छन्।

## ८.3. विलियम वर्ड्स्वर्थ

सन् 1798 मा प्रकाशित 'लिरिकल ब्यालेड्स'-ले स्वच्छन्दतावादको प्रवाहलाई साहित्यमा भित्र्याउने काम गऱ्यो। कलरिज र वर्डस्वर्थको संयुक्त प्रयासमा यो पहिलेपल्ट प्रकासित भयो भने यसलाई रोमान्टिकवादको घोषणा पत्र भनियो। सहज, स्वच्छन्द र स्वतः स्फूर्त अभिव्यक्तिमा विश्वास राखेर साहित्य रचना गर्ने रोमान्टिक धाराका यहीँबाट सुरु भयो। यस धारा पछ्याउनेहरूले क्लासिकल तथा शास्त्रीयतावादी युगका साहित्यिक प्रवृत्तिहरूको निकै चर्को रूपमा विरोध गर्दै स्वच्छन्दतावादी भावधाराको साहित्य रचना गरे। हरेक क्षेत्रमा स्वतन्त्रताको अनुभव गरेका कवि लेखकहरूले आफ्ना रचनामा प्रकृति र सौन्दर्यप्रतिको मोह, आत्मपरक भवना, उच्च कल्पना र स्वतन्त्र तथा उन्मुक्त शैलीको प्रयोग गर्न थाले। औपचारिक र परम्परित लेख शैलीलाई अन्त्य गर्दै नवीन शैलीको खोज हुन थाल्यो। विलियम वर्डस्वर्थ अङ्ग्रेजी साहित्यको स्वच्छन्दतावादी धारालाई आमन्त्रण गर्ने पहिलो पङ्क्तिमा उभिएका कवि हुन्। कलरिज र वर्ड्स्वर्थकै संयुक्त प्रयासमा 1800 लिरिकल ब्यालेडको दोस्रो संस्करण प्रकाशित भयो। यसले स्वच्छन्दतावादका बारेमा धेरै चर्चा परिचर्चा गरेर कवि र कविताका सम्बन्धमा रोमान्टिकताका मूल्य र मान्यता स्थापना गर्ने काम गऱ्यो। यो लिरिकल ब्यालेड्सलाई स्वच्छन्दतावादी कविताको घोषणा पत्रका रूपमा लिने गरेको पाइन्छ। त्यसकारण अङ्ग्रेजी साहित्य लेखनमा एउटा नयाँ - अवधारणा र सोचलाई लिएर कविताको क्षेत्रमा देखापर्ने प्रतिभा नै विलियम वर्डस्वर्थ हुन्।

कविता के हो भन्दै उनले 'Poetry is the spontaneous overflow of powerful feelings: it takes origin from emotion recollected in tranquility.' यसरी

बताएका छन्। उनले विश्लेषण र व्याख्या गरेर कविता कस्तो हुनुपर्छ भन्ने दृष्टिकोण राख्दै परम्पराभन्दा बेग्लै ढाँचाका कविता लेखेर अङ्ग्रेजी साहित्यमा नयाँपन ल्याएको हुनाले वर्डस्वर्थ अङ्ग्रेजी साहित्यमा निकै सम्मानित कविका रूपमा देखापर्छन्। रोमान्टिकताको बिहानी आमन्त्रण गर्ने वर्डस्वर्थले कवितामा प्रकतिलाई दिव्यता र मानवता दिने काम गरेका छन्। वास्तवमा सत्यप्राप्तिका निम्ति विवेकको साटो कल्पनालाई आमन्त्रण गर्ने कार्य कवि वर्डस्वर्थबाट नै प्रारम्भ भएको मानिन्छ। परम्पराका बन्धन चुँडेर स्वच्छन्द रूपले स्वतन्त्र ढाँचामा प्रकृतिको विचरण गर्ने र प्रकृतिलाई नै मानव सम्यताको पाठशाला ठान्ने उनको नयाँ सोच आउनमा 1790 मा स्विजल्यान्ड र 1792 मा फ्रान्स भ्रमण गर्ने अवसर यसको पृष्ठभूमिमा रहेको देखिन्छ। फ्रान्सको राज्यक्रान्तिको प्रभाव कविलाई पर्नु स्वभाविकै थियो। सम्भवत यही प्रभाव र फ्रान्सिस कविको निकटताले कवि विलियम वर्ड्स्वर्थलाई स्वच्छन्दतावादी कवि बन्नमा प्रेरणा मिलेको मानिन्छ।

फ्रान्सिस दार्शनिक रुसोको विचारबाट उनी धेरै प्रभावित थिए। वर्डस्वर्थले आफ्नो जीवनका धेरै वर्षहरू बेलायती राज्यको उत्तरी भागको लेक साइडमा आफ्नी बहिनी डोरोथी वर्डस्वर्थका साथ बिताएको उल्लेख पाइन्छ। 'लिरिकल ब्यालेड्स' 1798 मा प्रकाशित हुँदा कलरिजका चारवटा र उन्जाईसवटा कविता वर्डस्थवर्थका रहेका थिए। 'लिरिकल ब्यालेड्स' को दोस्रो संस्करणमा (1800) ती कविताहरूलाई अझ परिष्कार र परिमार्जन गरी स्वच्छन्दतावादी अवधारणालाई खुलस्त पार्ने काम भएको थियो। उनका कवितामा प्रकृतिलाई विशिष्ट किसिमले प्रयोग गरेको पाइन्छ। प्रकृतिको बाह्य सौन्दर्यको मात्र वर्णन नभएर आन्तरिक सौन्दर्यको समेत उद्घाटन गरेको देखिन्छ। मानव र प्रकृतिको आन्तरिक संसारको चित्रण गर्ने कार्य उनका कवितामा भएको छ। कवि विलियम वर्डस्वर्थले मान्छेको बाह्य संसारका विषयवस्तभन्दा मानव हदयका सादिक खालहरूलाई आफ्ना कवितामा सजाउने काम गरे। यथार्थको धरातलभन्दा कल्पनाको वास्तविकतालाई नियाल्ने र कोट्याउने काम कविबाट भएका छन्।

प्रकृति नै मानवको प्रेरणास्रोत भएको ठहर गर्दै भाव, भाषा र शैली पनि प्राकृतिक हुनुपर्ने कुरालाई उनका कविताले निर्दिष्ट गरेको पाइन्छ। मानव जगत्कै शाश्वत पक्षलाई चित्राङ्कन गर्दै अङ्ग्रेजी साहित्यमा नयाँ डाँचाका कविता लेखेको हुनाले उनलाई 'पोएट लरेट' पदवीले समेत विभूषित गरिएको पाइन्छ।

सानैदेखि प्रकृतिप्रेमी, तीक्ष्ण बुद्धि भएका वर्डस्वर्थले स्थानीय पाठशालाबाट शिक्षा प्राप्त गर्दै क्यामब्रिज युनिभर्सिटीसम्मका उच्च शिक्षा हासिल गरेका थिए। यरोपीय

विभिन्न देशहरू फ्रान्स, रोम आदिको भ्रमण गरेका कवि वर्डस्वथ सांसारिक र बाह्य प्रपञ्चबाट आफूलाई निरपेक्ष राख्न खोज्दै प्रकृतिप्रेमी भएर फुटकर कविताहरूको रचना गर्न अग्रसर भएका थिए। आफ्ना समकालीन साथी कजरिज र कवितानुरागी आफ्नो बहिनी जोरथीको प्रकृतिमय सान्निध्य, असीम स्नेह र प्रेरणा प्राप्त गरेर कविताका क्षेत्रमा स्वच्छन्द भाव व्यक्त गर्न खोज्ने वर्डस्वर्थ व्यवहारिक जीवनमा शिक्षा र साहित्यकै निम्ति आफूलाई समर्पित गरेको थाहा पाइन्छ। तत्कालीन आलोचकले वर्डस्वर्थ, कलरिज र जोरथीको आत्मीय सम्बन्धलाई तीन शरीर एक आत्म भनेर चर्चा गरेको पाइन्छ। समकालीन अन्य कविहरू कलरिज, वाइरन, किट्स, शेली, प्रभृतिसँगै स्वच्छन्दमूलक भावनाका कविता रचना गर्ने वर्डस्वर्थ भन्ने गर्दथे- ‘मानिसको आफ्नो हृदयमा नै ईश्वरको प्रकृति छ, ईश्वर र प्रकृति एकै हुन् र प्रकृतिदेखि ईश्वर अलग छैन।’

### वर्डस्वर्थका उपलब्ध काव्य-कृतिहरू:

1. Descriptive Sketches (1793)
2. Evening Walk (1797-98)
3. Lyrical Ballads (1902-06)
4. Sonnets to Liberty (1802-06)
5. Odes (1803-06)
6. Peter Bell (1819)
7. Idiot Boy (1819)
8. The Borderers (1832), (drama)
9. The waggoner (1832-33)
10. The white Dove of Rylstone (1815)
11. Narrow Revisited & other poems (1833-36)
12. The Prelude (1850)

विलियम वर्डस्वर्थको कवित्व यात्रा सर्वप्रथ 1793 मा प्रकाशित 'इभिनि बाल्क' बाट प्रारम्भ भएको देखिन्छ। फ्रेन्च कवि रोसेट राउचर र डेलाइलीबाट प्रभावित भएर लेखिएको यो कवितामा खेतीपाती सम्बन्धीका दश्यहरूको वर्णन गरिएको छ। यो कविता अठारौँ शताब्दीको अङ्ग्रेजी साहित्यमा देखापरेको भौगोलिक चित्रणको प्रभावलाई। ग्रहण गर्न सफल भएको छ। यस कवितामा कविले आफ्नै मातृभूमि उत्तरी लेकको प्राकृतिक दृश्यहरूको संक्षिप्त  वर्णन गरेका छन्।

लिरिकल ब्यालेडमामा रहेका उनका कविताहरूमा ‘गुड्डी ब्लेक एन्ड हरी जिल', ‘द योन', ‘साइमोन ली’, ‘टिन्टर्न एबी’, ‘रिलेसनसिप एन्ड लभ', 'लाइक', 'ज्वाइ' जस्ता कविताहरू चर्चित छन्। यी कविताहरूले प्रकृति र मानव बिचको पारस्परिक सम्बन्धलाई धेरै सूक्ष्म रूपमा उठाएको पाइन्छ। कवि विलियम वर्डस्वर्थले लिरिकल ब्यालेडको दोस्रो संस्करण प्रकाशित गरेपछि पुनः उनका अरू नयाँ कविताहरू थपिएको ठुलो आकारको पुस्तक प्रकाशित भयो जसलाई लिरिकल ब्यालेड नै नामकरण गरिएको थियो। यस पुस्तकमा देखापरेका ‘माइकेल’, ‘द बोल्ड कम्बरलेन्ड विगर, ‘इडिअट ब्वाइ', ‘पिटर बेल’, ‘द सोलिटरी रिपट', 'इभोरटालिटी ओड', 'रिसोलुसन एन्ड इन्डिपिडेन्स' धेरै राम्रा कविता छन्। यी कविताले उनका स्वच्छन्दतावादी अवधारणा र सोचलाई प्रष्ट्याउने काम गरेका छन्। परम्परित कविता भन्दा बेग्लै ढाँचामा पनि आकर्षक र प्रभावकारी कविताको रचना भएको तथ्यलाई व्यक्त गर्न यी कविता सफल देखिन्छन्। ‘द वाइट डोइ अफ रिलस्टोन' जस्तो संचनात्मक कविताले धेरैलाई प्रभावित पारेको पाइन्छ। यी कविताका माध्यमद्वारा कविले आफ्नो कवितात्मक क्षमतालाई प्रस्तुत गर्न सफल भएका छन्। कविले कविताको विष्यवस्तु प्रकृति, ग्रामीण, जन जीवन, मगन्ते र केटाकेटी तथा मानवीय स्वभावलाई उच्च प्राथमिकताका साथ अँगालेका छन्। बालकहरूको बाल्यकालको स्वच्छता र निर्दोषपनको अर्थात् ईश्वरीय गुणको बखान गर्ने कविले बालकको ईश्वरीय गुणको अपहरण गन उसको उमेर अवस्था र सामाजिक परिवेश हो भन्ने ठानेका छन्। प्रकृतिबाट टाढिँदा र कतिमतालाई अँगाल्दा नै मान्छेले आफ्नो विवेक र मानवीयता गुमाएको ठान्ने कवि वर्डस्वर्थ प्रकृतिलाई सर्वस्व ठान्छन्। प्रकृति नै मानवको पाठशाला हो र मानवका सम्पूर्ण ताप हुने क्षमता पनि प्रकृतिसँग छ भन्दै मान्छे र प्रकृतिको तादात्म्य सम्बन्ध रहेको उनी ठान्दछन्। त्यसकारण विभिन्न विषयमा कविता लेख्ने कविका रचनामा प्रकृतिको विशिष्ट चित्रण भएको पाइन्छ। ग्रामीण सरल जीवनको चित्रण गर्ने कविले प्रकृतिको पनि वर्णन गरेका छन्। उनका माथि उल्लेख गरिएका कविता भावसौन्दर्यका दृष्टिले जति उच्च देखिन्छन् त्यतिकै संरचनाका दृष्टिले पनि सशक्त बन्न पुगेका छन्। कविले आफ्नो दृष्टिकोण र भावलाई कविताका माध्यमद्वारा पोखेर पनि उवदेशात्मक रूपमा देखा पर्नु उनको आफ्नै विशेषता हो। सामान्य वस्तुलाई आश्चर्यलाग्दो ढङ्गमा अभिव्यक्ति दिनु कविको आफ्नैपन थियो। उनका कविताहरूमा कल्पना र बौद्धिकताको अत्यन्त उच्च सन्तुलन र प्रस्तुतिमा गम्भीरता देखिन्छ। उनको कवित्व जति प्रौढ

हुन गयो त्यक्तिकै सुन्दर कविता सिर्जित हुन पुगे। आफ्ना कविताको र स्वरूपलाई विविधता दिँदै 'एक्लिसिएस्टीकल सोनेट्स' (1821) हरू पनि लेखे। यस प्रकारका सोनेट्सहरूमा 'म्युटाबिलिटी' अत्यन्त चर्चित छ। 'लुसी पोएम' (1799) मा देखिएको उनको प्रकृति यस चरणका कवितामा आइपुग्दा उत्पन्न उर्वर र विकसित भएको पाइन्छ। प्रकृतिले मान्छेलाई यसो गर र उसो गर भनेर सिकाउँदैन तर प्रकृतिको काखमा गएर पल्टँदा मान्छेले विवेक तथा ज्ञान मात्र प्राप्त गर्ने होइन बरु स्वस्थ, सुन्दर र आनन्द समेत प्राप्त गर्दछ भनी प्रकृतिलाई सर्वस्व स्वीकार गरेका छन्। प्रकृतिले नै मान्छेलाई शान्ति प्रदान गर्दछ र मान्छेको सांसारिक ज्वरो निको पार्दछ भन्ने भावधारा कवि वर्डस्वर्थका कवितामा रहेको पाइन्छ। प्रकृतिमा नै विचारका हजारौँ फुलहरू फुल्दछन् र प्रकृतिबाट टाढा रहँदा ती फुल ओइलाएर आँसुका दहमा डुबुल्की मार्छन् भन्ने कवि वर्डस्वर्थ अङ्ग्रेजी साहित्यको स्वच्छन्दतावादी धाराका श्रेष्ठ कवि प्रतिभा हुन्। 'लाइफस पिलग्रिम' सम्झने कविले 'आइ वान्डरेड लोन्ली एज ए क्लाउड' भन्दै आफ्नो जीवनका अनुभव र विगतको सम्झनालाई पुनःसंस्मरण गरेका थिए। यथार्थको अनुभूति गरेपछि उब्जिएका भावहरूको अभिव्यक्ति नै कविता हो र यस्ता कविताले मानव जीवनलाई शान्त र सौम्य तथा नैतिक र चरित्रवान् बनाउने निष्कर्षमा उनी पुगेका देखिन्छन्। कवि आफ्ना यिनै सोचहरूले त्यसबेलाका अन्य स्वच्छन्दतावादी कविभन्दा फरक थिए। धर्मको नैतिकता र आदर्शले महत्त्वपूर्ण भूमिका खेलिरहेको समयमा राजनीति र धर्मभन्दा प्रकृतिको शक्ति र सामर्थ्यको महिमा गाउँदै प्रकृतिमा नै सम्पूर्ण नै सम्पूर्णता रहेको अनुभव गर्नु नै उनको र उनका कविताको प्राप्ति हो।

यिनै विविध काव्य विशेषताका कारणले वर्डस्वर्थका कविताहरू गरिमामय पाइन्छ। स्वच्छन्दमूलक भावनाहरूको प्रवाह, प्रकृतिमा अनभूतिहरू साथै वर्णनात्मकताका कारणले वर्डस्वर्थका कविताहरू अझ अर्थपूर्ण र संवेद्य रहेका छन्। संक्षेपमा भन्नु पर्दा वर्डस्वर्थ प्रकृतिवादी, कल्पनावादी, मानवतावादी र निधि अनुभूतिहरूका स्वच्छन्दतावादी कवि हुन्। समकालीन कविहरू कलरिज, सेली, वाइरन, किट्स आदि जस्तै वर्डस्वर्थ पनि प्रकृतिमूलक भावना दर्शाउन समर्थ रहेका देखिन्छन्। प्रसिद्ध अङ्ग्रेजी आलोचक Herbert को शब्दमा 'The glow of colours again appeal to Coleridge: shelley: Wordsworth also same..........But his blind, loneliness or his silence.....' अर्थात् 'घामका स्वर्णिम किरणहरू कलरिज र सेलीले देखे भने त्यसको शून्यता र नीरवतालाई

वर्डस्वर्थले देखे।' अर्का आलोचक John Murray अनुसार, This observation in the thought of nature are harmorious, which in wonderfull and mighty.' य़सरी नै अर्का आलोचक Brook का भनाइमा 'This was his poetie philosophy with regard to nature. अर्थात् 'त्यस्तो हुन् तिनको प्रकृतिको पक्षमा काव्यात्मक दर्शन हो।' यसरी आफ्ना कविताहरूको अत्याधिक प्रशंसा र चर्चा भएपछि वर्डस्वर्थले कहीँ कतै भनेका छन्- 'Every great poet is a teacher. I wish to be considered as a teacher or to be nothing.' अधिकांश विद्वान आलोचकहरू वर्डस्वर्थको काव्य धारणा वा उपलब्धिहरूलाई सराहणा गर्दै उनलाई, 'मानिसहरूका कवि' Poet of the People पनि भनेका छन्।

## ८.4.उपसंहार

विश्वसाहित्यमा अङ्ग्रेजी साहित्यको स्थान निक्कै ठुलो रहेको छ साथै यस साहित्यले महत्त्वपूर्ण स्थाना पनि ओगटेको छ। विश्व साहित्यमा अङ्ग्रेजी साहित्य देन निक्कै ठुलो मानिन्छ। प्रभाव, सरलता र व्यापकताको कारण विश्व साहित्यमा देखा परेका ज्ञानानुशासनका कुराहरू अङ्ग्रेजी भाषामा चाँडो र धेरै फैलिएको पाइन्छ। यसका विभिन्न समय वा युगमा विभिन्न साहित्यकारहरूले प्रवर्तन गरेका विचारधारा तथा ती विचारहरूका वाहक पुस्तकहरू विश्वसाहित्यको अमूल्य निधि बनेर रहेको पाइन्छ।

सेक्सपियरले विश्व साहित्यलाई नै वेजोड दःखान्त नाटकको उपहार दिए। उनी आफ्नो युगका सबभन्दा ठूला र महान् नाटककार हन् जसको प्रभाव अहिलेसम्म यथावत रहेको छ। उनको नाट्य यात्रालाई हेर्दा उनको नाट्यकारिता क्रमिक रूपले प्रोढ र परिपक्कहँदै विकसित भएको पाइन्छ। पहिलो चरणमा नाट्य लेखनमा अनुप्रासको प्रयोग गर्दै शब्दक्रीडा गर्ने सेक्सपियर दोस्रो चरणदेखि अलि सरल ढंगमा प्रस्तुत भए। पहिलो। चरणमा भन्दा दोस्रो चरणमा उनका नाटकहरूले कलात्मकतालाई आत्मसात गरे साथ। मानवीय जीवनलाई नजिक बाट नियाल्ने चेष्टा गरे। तेस्रो चरणमा आइपुग्दा उनको। नाट्यकारिताले सफलताको चूली छोएको पाइन्छ। कथ्य र शिल्पको अद्भूत सन्तुलित र उच्च विचारको नाटकीय प्रस्तुतिले उनलाई विश्वचर्चित नाटककारका रूपमा स्थापित गयो। चौथा चरणमा आइपुग्दा नाट्यकलामा ह्रास आउनको साथै उनमा शान्त र दार्शनिक सोचको बहुलता रहन पुग्यो। व्यवसायिक रूपमा नाटक खेलाउने र

Notes

लखाउन। युगमा पनि उनले व्यवसायिकतालाई ख्याल गर्दै कलात्मकतामा जोड दिए। नाटक लेखेर उनले थुप्रै आर्थिक लाभ लिनुको साथ-साथै कलात्मकता र उत्कृष्ट प्रस्तुतिका कारण उनका नाटकहरू अजर अमर रहे। झन्डै पाँचसय वितिसब्दा पनि उनका नाटकहरूको महत्त्व र प्रभावमा ह्रास आएको पाइदैन। उनले आफ्ना नाटकमा मानव जातिकै सार्वभौमिक जीवन र चरित्रलाई चित्रणगर्न। सके। उनका नाटकका पात्र पात्राहरूमा सजीव र सार्वकालिक चरित्रको निर्माण गरिएको हुनाले उनका पात्रहरूले प्रत्येक दर्शक र पाठकलाई जीवनभर अविस्मरणीय प्रभाव पारिरहन्छन्। उनका कमेडी नाटकहरूले जीवनको शाश्वतता र विजयको उल्लासमा। चर्लम्म डुबेका बेलायतीहरूको मनोभावनालाई छर्लङ्ग उतारेका छन्। आफ्नो युग र देशका प्रचलित विषयहरूलाई नाटकको प्रमुख विषयवस्तु बनाउने सेक्सपियरका नाटकमा युगका आस्था र अनास्था पनि मुखरित भएको पाइन्छ। आफ्नो विस्तृत चित्र उतार्न सफल नाटककार सेक्सपियरले त्यस युगका केही खोक्रा प्रचलन र विश्वासहरूमाथि पनि रमरम व्यङ्ग्य प्रहार गरेका छन्। उनका कतिपय कमेडीहरूमा। शृङ्गार र अति उन्मादपूर्ण प्रेम पीडाका प्रसङ्गहरू दखापर्छन् भने (लभस लबर्स लस्ट। कतिपय नाटकमा मध्यमवर्गीय जीवनको चित्रण गरेको पाइन्छ। उनी लोग्ने मानिस र स्वास्नी मानिसको फेसनको वर्णन गरेर थाक्दैनन भने पात्रको मनोविश्लेषण गरेर पनि। अघाउँदैनन्। जेहोस् सेक्सपियरले एकातिर ऐतिहासिक नाटक लेखेर अङ्ग्रेज जातिमा आत्मसम्मानको भावना जगाए भने अर्कातिर संयोगान्त नाटक लेखेर बेलायती जनतालाई मनोरञ्जन र प्रसन्नता प्रदान गरे। संयोगान्त र ऐतिहासिक नाटक लेखेर बेलायती जनता खुशी पारेका सेक्सपियरले दुःखान्त नाटक लेखेर संसारकै मानव जातिको ध्यान आफूतिर खिच्ने काम गरे। मान्छेले आफ्नो भाग्य आफै निर्माण गर्न सक्छ भन्ने विचार संसारलाई प्रदान गर्नमा उनका वियोगान्त नाटक पूर्ण सफल भएका छन्।

यसरी नै काव्य विशेषताका कारणले वर्डस्वर्थका कविताहरू गरिमामय पाइन्छ। स्वच्छन्दमूलक भावनाहरूको प्रवाह, प्रकृतिमा अनभूतिहरू साथै वर्णनात्मकताका कारणले वर्डस्वर्थका कविताहरू अझ अर्थपूर्ण र संवेद्य रहेका छन्। संक्षेपमा भन्नु पर्दा वर्डस्वर्थ प्रकृतिवादी, कल्पनावादी, मानवतावादी र निधि अनुभूतिहरूका स्वच्छन्दतावादी कवि हुन्। समकालीन कविहरू कलरिज, सेली, वाइरन, किट्स आदि जस्तै वर्डस्वर्थ पनि प्रकृतिमूलक भावना दर्शाउन समर्थ रहेका देखिन्छन्।

## ८.5. सार

यस प्रखण्डमा अङ्ग्रेजी साहित्यको सङ्क्षिप्त सर्वेक्षण तथा सेक्सपियर र उनको नाट्यकारिता, साहित्यकार वर्डस्वर्थको साहित्यिक परिचय अध्ययन गरियो। प्रप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- विश्व साहित्यमा अङ्ग्रेजी साहित्य देन निक्कै ठुलो मानिन्छ।
- अङ्ग्रेजी साहित्यका विभिन्न समय वा युगमा विभिन्न साहित्यकारहरूले प्रवर्तन गरेका विचारधारा तथा ती विचारहरूका वाहक पुस्तकहरू विश्वसाहित्यको अमूल्य निधि बनेर रहेको पाइन्छ।
- विश्व साहित्यको नाटक विधामा सेक्सपियर आजसम्मकै अत्यन्त प्रतिभाशाली नाटककार भएकोले सेक्सपियर नाट्य सम्राटको रूपमा विश्व साहित्यमा चिनिएका छन्।
- सन् 1798 मा प्रकाशित 'लिरिकल ब्यालेड्स'- मार्फत कलरिज र वर्ड्स्वर्थले स्वच्छन्दतावादको प्रवाहलाई साहित्यमा भित्र्याउने काम गऱ्यो।
- मानव जगत्कै शाश्वत पक्षलाई चित्राङ्कन गर्दै अङ्ग्रेजी साहित्यमा नयाँ डाँचाका कविता लेखेको हुनाले वर्डस्वर्थलाई 'पोएट लरेट' पदवीले समेत विभूषित गरिएको पाइन्छ।

## ८.6. अनुशीलन

1. अङ्ग्रेजी साहित्यको अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. सेक्सपियरको नाट्यप्रतिभाको चर्चा गर्नुहोस्।
3. वर्डस्वर्थको साहित्यिक उपलब्धि र मूल्याङ्कन गर्नुहोस्।
4. लिरिकल ब्यालेडको साहित्यिक मूल्य प्रस्तुत गर्नुहोस्।
5. सेक्सपियरको दुखान्त नाटकमाथि चर्चा गर्नुहोस्।
6. सेक्सपियरको नाट्य-स्रोत र विशेषताहरूको विस्तारपूर्वक आलोचना गर्नुहोस्।।

## ८.7. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

Notes

| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| श्यामकृष्ण खुलीमुली | संसार हल्लाउने साहित्यकारहरू |

तथा, क. आलोच्य कवि र नाटककारका अतिरिक्त मिल्टन, डाइडेन, कलरिज, बाइरन, वाल्टर

स्कट, डिकेन्स, इलियट, पिट्स ओनल, एलेन यो रोबर्ट फस्ट, एजा पाउन्ड प्रभृतिका साहित्यिक योगदान बारे चर्चा आवश्यक।

ख. अङ्ग्रेजी साहित्यको धारावाहिक सर्वेक्षण अपेक्षित।

ग अङ्ग्रेजी साहित्यमा प्रचलित वाद, सिद्धान्त वा मान्यताहरूको अवलोकन आवश्यक।

घ. अङ्ग्रेजी साहित्यको विधागत सर्वेक्षण र उपलब्धिको अवलोकन।

इ. अङ्ग्रेजी साहित्यको विश्वसहित्यमा प्रभाव र महत्व।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## ८.8. मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. वर्डस्वर्थको कविता अवधारणमाथि चर्चा गर्नुहोस्।

..................................................................................................

..................................................................................................

..................................................................................................

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 8.3. खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. सेक्सपियरको सुखान्त नाटकमाथि टिप्पणी लेख्नुहोस्।

..................................................................................................

..................................................................................................

..................................................................................................

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 8.2. खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. सेक्सपियरमा देखिएको नाटक लेखनमा विविधता प्रस्तुत गर्नुहोस्।

..................................................................................................

..................................................................................................

...............................................................................................

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 8.2. को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. सेक्सपियरको ऐतिहासित नाटक लेखन विषय जानकारी गराउनुहोस्।

.............................................................................................

............................................................................................

...........................................................................................

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 8.2 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. कविताको विकासमा वर्डस्वर्थको योगदानको मूल्याङ्कन गर्नुहोस्।

.............................................................................................

............................................................................................

...........................................................................................

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 8.3. खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ- ९ सेली, कलरिज, बर्नार्ड सा

संरचना

9.0. उद्देश्य

9.1. पी. बी. सेलीको साहित्यिक परिचय

9.2. सेलीका कृतिहरू

9.3. सेमुअल टेलर कलरिजको साहित्यिक परिचय

9.4. जर्ज वर्नार्ड सा-को साहित्यिक परिचय

9.5. वर्नार्ड सा-का कृतिहरू

9.6. उपसंहार

9.7. सार

9.8. अनुशीलन

9.9. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भग्रन्थ

9.10. मूल्यवृद्धिका निम्ति उत्तर

## 9.0. उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पी. बी. सेलीको साहित्यिक परिचय र उनका कृतिहरू
- कलरिजको साहित्यिक परिचय तथा कवि तथा समालोचक व्यक्तित्व
- वर्नार्ड सा- को साहित्यिक परिचय र कृतिहरू

## 9.1. पर्सी विस्सी सेली (1792–1822)-को साहित्यिक परिचय

4 अगस्त 1792 मा इङ्ल्यान्डको सेक्स (sussex) महानगरी अन्तर्गत भिल्ल ल्यल भन्ने ठाउँमा सेलीको जन्म कुलीन परिवारमा भएको थियो। अङ्ग्रेजी भारादारभन्दा तल्लो पदवीका बाबुका छोराका रूपमा जन्मिएका सेलीले लन्डनको इटन कलेज र अक्सफोर्डमा अध्ययन गरेको उल्लेख छ। सानामा स्वभावले क्रान्तिकारी र वातावरणमा हर्के शेलीले वाखाका पाठा र स-साना जीव-

जन्तुसंग खेले रमाउँथे र आफलाई प्रकृतिका रमणीय काखमा विचरण गर्ने गर्थे। यथार्थ जगत्का सबै कुरा र प्रकृति नैसर्गिक कुराहरूलाई समाज रूपमा मन पराउने शेलीले छात्रावस्थामा धेरै पटक क्रान्तिकारी पदक्षेप लिएका थिए। अध्ययनका क्रममा क्रान्तिकारी, विद्रोही र आदर्शवादी तथा मानवीय स्वतन्त्रताका पक्षधर सेलीले विद्यार्थी कालमै 1811 मा एउटा लेख छपाएका थिए। 'द नेसेसिटी अफ एथिल्स' (The Necessity of Atheism) भन्ने लेख प्रकाशित भएपछि उनी कलेजबाट निष्कासित हुन पुगे। यसको केही समयभित्र आफ्नै कफी हाउसकी हरित वेस्टब्रोक केटी विवाह गरी इडेनवर्गमा बसोबास गर्न थाले। अङ्ग्रेजी कानुन अनुसार कुलीन परिवारले तल्लो वर्गकी केटीसँग विवाह गर्नु र कलेजबाट समेत निष्कासित भएकोमा एकातिर हेयको दृष्टिले हेऱ्यो भने अकातिर उनी आफ्नै परिवारबाट पनि वहिष्कृत र अपहेलित हुन पुगे। यी घटनाहरूका आधारमा उनी विद्रोही स्वाभावका थिए भन्ने स्पष्ट देखिन्छ। 1814 सम्म हरितलाई लिएर उनले सुधारको चेतना फैलाउँदै आयरल्यान्ड र बाल्सको भ्रमण गरे साथै 1813 मा आफूले उल्लेखनीय कार्य गरेको भन्दै आफ्नो साथीलाई 'क्वि म्याब' छपाएर वितरण गर्ने काम सेलीबाट भएको देखिन्छ। 1814 मा एउटी स्कुलकी शिक्षिका मेरी गोडविनलाई प्रेम गरी सेली हरितलाई छोडेर भागे। मेरी गोडविन एक अराजकतावादी दार्शनिकी छोरी थिइन्। सेली स्विट्जरलेन्ड गएर त्यही केटीसँग बस्न थाले। 1816 मा हरितले आत्महत्या गरिन् र सेलीले त्यही वर्ष मेरी गोडविनसँग विवाह गरी बेलायत फर्के।

सेलीले इङ्ग्ल्यान्ड छोडेर फ्रान्स, रोम, स्विजरल्यान्ड आदि सुन्दर ठाउँको भ्रमण गरेका थिए अनि ती ठाउँका भ्रमणमा हुँदा नै अधिकांश काव्य-कृतिको सिर्जना गरेका थिए। 8 जुलाई 1822 मा एउटा नाउँको यात्राको दुर्घटनामा परी सेलीको मृत्यु भएको थियो। उनको मृत शरीरलाई माछाले टाउको खाइदिएकाले आफ्ना पत्नि र साथीहरूको सहयोगले उनको वास्तविक चिनारी पत्तो लागेको थियो भन्ने पाइन्छ।

सन् 1816 मा उनको 'एलास्टोर' र 1817 मा 'द रिभोल्ट अफ इस्लाम' प्रकाशित भए। उनका पहिला जन्मिएका नानीहरू हरितका बाबुको संरक्षणमा भएकोले उनी निकै आलोचित हुन पुगे। त्यसकारण 1818 मा उनी फेरि इटलीमा गएर भेनिस, रोम, नेप्लेस र पिसा जस्ता ठाउँमा चार वर्ष बिताए र त्यहाँ वाइरन र सेली मिलेर निकै राम्रा काम गरेको पाइन्छ। इटालीमा निर्वासित भएको यस क्षणमा उनले निकै गीतिनाटक र कविताहरू लेखे।

## ९.२. सेलीका कृतिहरू-

1. Alaster (1816)
2. Revolt of Islam (1817)
3. Epipchiddian (1819)
4. Prometheous unbound (1820)
5. Queen mab (1821)
6. Pousthumous Poems (Ed. messy shelly 1824)
7. The cenci (1819)
8. The necessity of atheism (1811)

यी कृतिले कवि सेलीलाई प्रसिद्ध बनाउन काम गरे भने उनको विद्रोही भावका अनि दुःखदायी क्षणका अभिव्यक्तिलाई धेरै कलात्मक रूपमा प्रकट गरे। यी कथात्मक काव्य कृति तथा गीतिगाथा बाहेक प्रसेद्ध फुटकर कविताहरू पनि प्रशस्त छन्। 1820 देखि 1824 मा लेखिएका उनका कविताहरूमा पहिला लेखिका विद्रोही स्वभाव अलि मत्थर भई भावुक र कल्पनाशील बन्दै गम्भीर भएको पाइन्छ। उनले ती कविताहरूमा आफ्नो वैयक्तिक जीवनलाई व्यक्त्याउने प्रयास गरेका छन् अथात् आत्मानुभूतिका ज्वारहरू प्रकृतिका सहारा अर्थात् आत्मानुभूतिका ज्वारहरू प्रकृतिका सहारामा प्रकट हुन पुगेका छन्। प्रकृति र संसारलाई सम्बोधन गर्दै लेखिएका यी कविताहरूले कविको संयमित र व्यवस्थित बन्दै गएको लेखन क्षमतालाई पनि प्रष्ट पारेका छन्। चार पङ्क्तिको योजनामा लेखिएका उनका फुटकर कविताहरूमा उनको प्रौढोक्तिको झलक पाइन्छ र यी कविताहरू निकै हृदयस्पर्शी छन्।

कवितामा उनको परिष्कार र परिमार्जनको झलक 'ओड ट द वेस्ट विन्ड' 'ए स्काइ लार्क', 'द क्लाउड' (1820) 'ट नाइट' 'ए लभेन्ट', (यो वोर्ल्ड / ओ लाइफ/ओ टाइम), 'होएन द लेम्प इज सेटर्ड' (1824) -हरूमा भेटिन्छ। कवि सेलीको अन्तिम अधुरो र अपूर्ण लामो कवितामा 'द डिम्फ अफ लाइफ' देखिन्छ जसलाई डिम पोप भनिन्छ। यो कविता इटालियन कविहरूको 'टेजा टिमा' सँग मिल्दो जुल्दो रहेको बताइन्छ र त्यही शैलीमा लेखिएको पाइन्छ। जीवनको सफलता के हो र खुशीको क्षण कहाँ हुन्छ भन्ने करालाई व्यक्त गरेका कविले यहाँ साहित्य सिर्जना गरेर नयाँ संसारका फोहोर मिल्काउन सक्नु नै जीवनको सार्थकता र सफलता हो र त्यो नै सदैव रहिरहन्छ अन्यथा पूर्ववर्ती र मध्यकालीन

नाटकहरू जस्तै सबै बिलाएर र हराएर जान्छन् भन्ने भाव व्यक्त गरेका छन्। कल्पना र त्यसको प्राप्तिको सन्दर्भ उल्लेख गरिएको यस कृतिमा जीवनकै उपलब्धि र सफलतालाई कलात्मक रूपमा चित्रण गरिएको देखिन्छ। सेलीका लामा कविता र फुटकर कविताहरूभन्दा पनि गीतिकविता बढी चर्चित छन्। गीतिकवितामा उनको प्रतिभाको राम्रो अभिव्यक्ति भएको छ र लामा कवितामा पनि गेयात्मकताको अभाव भने छैन। उत्तरार्धका गीतिकवितामा निराशाको स्वर र जीवनको दुःखदायी पक्षको स्वर ज्यादा उरालिएको पाइन्छ। जीवनका सुख क्षणका गीतभन्दा दुःखद क्षणका गीतलाई नै उच्च किसिमले आफ्ना कवितामा भित्र्याउने काम सेलीले गरेका छन्। दुःखदायी क्षणका गीत नै मिठा र चिरस्थायी हुन्छन् भन्ने उनको दृष्टिकोण थियो। प्रेम र सुन्दरताको वर्णन गर्नमा उनी धेरै सिपालु थिए। आफ्ना। रचनामा दर्शन र विचारलाई कही रहस्यलाई अचम्म र आश्चर्यजनक ढङ्गले भित्र्याउन सक्ने क्षमता सेलीमा भएको देखिन्छ। उनका कतिपय कविताहरू यस्तै दर्शन र रहस्यको चासनीमा डुबेका छन्। उनको गेयात्मक कविता लेखनको प्रतिभालाई देखेर समालोचहरूले उच्च र सहज गीत गाउने कविका रूपमा मूल्याङ्कन गरेका छन्। उनको रहस्यवादिता र निराशावादी स्वरभित्र नै अति उच्चस्तरीय मिठा गीत गाइएको हुनाले उनलाई गाइने देवताका रूपमा हेर्ने समालोचहरू छन्। कहीँ कतै देखिएको अस्पष्टता, विरोधाभास, दुरुहता, कल्पनाको उच्च वेग र वैचारिक अस्थिरता, विद्रोह र निराशा-जस्ता वैविध्य विषयलाई लिएर हुनहुनाउने कवि सेलीलाई शून्यमा आफ्ना पखेटा फटफटाउने कवि समेत भनेको देखिन्छ। विभिन्न प्रतीक र बिम्बहरूले अलङ्कृत उनका कविताहरू कहीँकतै सम्प्रेषणको चपेटामा परेको पाइन्छ। प्रकृति चित्रणमा देखिएको अद्‌भुत विविधताले उनको प्रकृतिप्रतिको आदर्शीकरणभन्दा दार्शनिकीकरणको तीव्रता प्रष्ट देखिन्छ। सौन्दर्यको प्रेमपूर्वक वर्णनमा धेरै भावुक र उत्तेजित बन्ने कविले विवाहको औपचारिकता भन्दा वास्तविक प्रेमको मूल्यलाई महत्त्व दिएका छन्। यिनी पुराना परम्परित मूल्य र मान्यता भत्काउँदै आधुनिक मूल्य र मान्यता स्थापित गर्न चाहने आदर्शवादी क्रान्तिकारी कवि हुन्। कविता अनुकल जीवन र जीवन अनकल कविता बनाउन खोज्ने स्वच्छन्दतावादी धाराका दोस्रो पुस्ताका धेरै युवाकवि सेली प्रतिभाशाली प्रतिभा हुन्। जम्मा तीस वर्षको आयु बाँचेर कुलीन परिवारमा जन्मिएर पनि जीवनमा धेरै हन्डर र ठक्कर खाई आफैले दुःखलाई निम्त्याएर विद्रोही बनी समाजको परिवर्तन गर्न चाहने जोसिला कविका रूपमा सेली अङ्ग्रेजी साहित्यमा

मूल्याङ्कित छन्। सत्य र प्रेमको माध्यमद्वारा नै संसार बदल्न सकिन्छ भन्ने दर्शनद्वारा अभिप्रेरित सलीले आफ्ना कवितामा प्रेमको उच्च गीत गाएका छन्। कवि सेलीले ज्याद आलङ्कारिक र लाक्षणिक कविता लेख्थे भन्ने उदाहरणका रूपमा 'रोसालिन्ड एन्ड हलेन' र 'जुलियन एन्ड भेडालो'- लाई लिन सकिन्छ। पहिलो कवितामा विवाह भन्दा पहिला आमा बनेका नारीहरूको चित्रण छ भने दोस्रो कवितामा स्वयं सेली र वाइरनको 1818 मा भेनिसमा भेटहुँदाको क्षणका मर्मस्पर्सी अभिव्यक्ति लाक्षणिक रूपले प्रकट भएका छन्। जुलियन (सेली) र मेडालोका (वाइरन) बिच भएको, मानवीय शक्तिको बारे छलफल र मेनिका वाइरनको दुर्भाग्यपूर्ण प्रेमको कथालाई सेलीले धेरै सरल र। सहज बनमा प्रस्तुत गरेका छन। हेर्दा सरल, सहज र स्वभाविक तथा सामान्य कथाका शैलीमा दुवैले भोग्नुपरेको पीडादायी अभिव्यक्ति कवितामा लक्षित भएको छ। यसै गरी कवि सेलीले व्यङ्ग्य कविता पनि लेख्थे भन्ने कुरा 'द मास्क अफ एनार्की' पिटर बेल, 'स्विफ्ट फुट 6 टिरेन्ट' जस्ता शीर्षकका कविताले स्पष्ट पार्दछन्। यसरी स्वच्छन्दतावादी धारामा आफ्नो छुटै अस्तित्व र पहिचान राख्न सक्ने कवि सेली अङ्ग्रेजी साहित्यको यस धाराका अविस्मरणीय कवि प्रतिभा हुन्। कवि सेलीले कविता मात्र लेखेनन् बरु रोमान्टिक कविताको मूल्य र मान्यताको स्थापना गर्दै रोमान्टिक कविताको रक्षार्थ कलम चलाए। यो कृति उनले 1821 मा लेखेको भए पनि उनको मृत्युपछि 1840 मा मात्र प्रकाशित भएको थियो। यस ग्रन्थमा उनले कविता सम्बन्धी आफ्ना धारणा खुलस्त पार्दै अन्य क्षेत्रको कल्पनाभन्दा साहित्यका क्षेत्रको कल्पना प्रभावकारी र तथ्यपूर्ण हुने औल्याएका छन्। कलाको यो क्षेत्रमा भाषाको महत्त्वपूर्ण भूमिका रहने कुरालाई स्वीकार गर्दै कवि सेली 'But language is the most effective servant of the imagination because the imagination itself produces it for its own needs' कविताको पक्षमा वकालत गर्दै उनी भन्दछन् Poetry is the record of the best and happiest moment's of the happiest and best Mind.' 'Poets are the unacknowledged legislators of the world.' वास्तवमा सेलीले कविता मात्र लेखेनन् र रोमान्टिक कविताको पक्षमा आफ्नो महत्त्वपूर्ण अभिव्यक्ति समेत लेखे। कविता र कल्पनाको महत्त्वका आधारमा कविताको परिभाषा गर्ने कार्यमा समेत उनी अग्रसर थिए भन्ने कुरा स्पष्ट देखिन्छ। तर यो विशिष्ट प्रतिभा 1822 मा नै अङ्ग्रेजी साहित्यमा विलाएर गएकोले अङ्ग्रेजी साहित्यले ठुलो क्षति बेहोर्नु परेको देखिन्छ।

सेलीका कविताहरूमा एउटा क्रान्तिकारी हुरी, जीवनको तीव्र वेदना आदर्श समाजको परिकल्पना र मानव जगत् तथा परम् तत्त्वको सम्बन्धमा उदात्त चिन्तनहरू पाइन्छन्। तर उनको कवितामा कलाकारको शिल्प, धैर्य र सौन्दर्यपरायणता केही कम देखिन्छ, एउटा सशक्त तुफान र कलिलो आहत हृदयको प्रतिध्वनि उनको कवितामा पाइन्छ भनी वासुदेव त्रिपाठीले औल्याएका छन्। कवि सेलीले आफ्ना क्रान्तिकारी, व्यथित र आदर्शवादी भावनालाई प्रकृतिको माध्यमबाट प्रकाशन गरेको हुनाले उनको प्रकृति ज्ञात र संवेद्य भएको पाइदैन। उनका कविताको प्रकृतिले भावना, क्रिया र आदर्शलाई जनाउने हँदा प्रकति कतै प्रतीक र कतै पात्रका रूपमा उपस्थित भएको पाइन्छ।

एक थरिका समीक्षकहरूले कवि सेलीका कवि प्रतिभाको श्रेष्ठ उपज Promithass unbound लाई मानेका छन्। कुनै अङ्ग्रेजी अलोचकले PrएकाइHeous Cmonand को सन्दर्भमा भनेका छन्, 'The greatest musical attrusin Poetry अर्थात् काव्य जगत्मा एउटा गीतिमय महाविस्फोट नै हो। विश्वका विभिन्न भागमा Prometheus unbound को अनुवाद र रुपान्तरण भेटिन्छन्। नेपालीमा महाकवि देवकोटाले Prometheous unbound कै आधार गरेर प्रसिथियस काव्यका सिर्जना गरेका देखिन्छ। Queen Mab मा कवि सेलीले आफ्नै जीवनमा सामान्य असामान्य घटना र अनुभवहरू नै प्रतिबिम्बित पारेका छन्। 2014 वटा Blank Verse प्रयोग गरेका प्रस्तुत काव्य गीति कविताका रूपमा पनि देखिन्छन्। Queen Mab भन्ने एउटी युवतीले Inatha भन्ने व्यक्तिप्रति जीवनभर श्रद्धा गरेका भावनाहरूलाई कवि सेलीले पूराकथात्मक रूप दिने चेष्टा गरेका देखिन्छ। अधिकांश आलोचकहरूले समयको भूत, वर्तमान, र भविष्य समन्वित भएका छन् भनेका छन्। तत्कालीन समाजको धार्मिक कट्टरता, देशले भोग्न परेको युद्ध विभिषिका, जन-जीवनमा आइपरेको यन्त्रणा व्यवसायवाद तथा असन्तुष्टि, वैवाहिक जीवनमाथि प्रस्तुत काव्यले प्रकाश पारेको छ।

सेलीको जीवनभरिका कविताहरूको सङ्ग्रह Posthumous Poems लाई मानिन्छ। यस अन्तर्गत to the west wind, to a skylark, The cloud, Adonis, The triumph of life आदि कविताहरू उल्लेखनीय पाइन्छ। उक्त कविता मध्ये Adonis ग्रिसेली मिथकमा आधारित पाइन्छ। विद्वान्हरूले Adonis कवितालाई शैलीको परिपक्व मस्तिष्कको अनुपम कविता मानेका छन्। सन् 1821 मा कविको मृत्यको खबर पाएपछि कवि किट्सलाई आधार बनाएर लेखिएको प्रस्तुत कवितामा गहिरो सहानुभूति र वेदना छ। कवि किट्सले आफूलाई बेपरवाह

गरेको र मृत्यवरण गर्नु परेको तथ्यलाई वर्णन गर्न खोजिएको बताइन्छ। The Cloud कविता कवि सेलीको क्रान्तिकारी कविताका रूपमा देख्न पाइन्छ। To a skylark मा skylark चराको उन्मुक्त र स्वच्छन्द उडानलाई आधार गरे संसारमा मानिस पनि त्यही अनुरूप उन्मुक्त र स्वच्छन्द हुनुपर्ने हो भन्ने धारणा व्यक्त गरेका देखिन्छ।

The cenci नाटक लेखेर सेलीले आफूलाई नाटककारका रूपमा परिचित गराएका छन्। आफ्ना साथी र शुभचिन्तकहरूले अनुरोधपछि लेखेको प्रस्तुत नाटकमा तत्कालीन इङ्ल्यान्डको सामाजिक र आर्थिक व्यवस्था आदि घटनाक्रमको यथार्थ चित्रण देख्न पाइन्छ। प्रस्तुत नाटकबाट सेली एक श्रेष्ठ र सफल नाटककारका रूपमा प्रसिद्ध हुन पुगेको देखिन्छ।

वार्ता तथा गद्यकारका रूपमा सेलीका दुइ वटा प्रमुख कृतिहरू The neccessity of atheism, Plato's symposium उल्लेखनीय मानिन्छ। The necessity of Atheism मा काव्यमा सौन्दर्य हुन अनिवार्य छ साथै क्रान्तिकारी भावना पनि आवश्यक छ भन्ने धारणा देख्न पाइन्छ। यसरी नै Plato's symposium मा प्लेटोको काव्यबारेको धारणा विरोधाभास व्यक्त गरिएको पाइन्छ। कुनै पनि काव्य रचनामा व्यक्तिको आफ्ने काव्य प्रतिभा अति आवश्यक हुन्छ भन्ने धारणा व्यक्त गर्दै काव्य प्रतिभाले नै कविको वास्तविक परिचय र काव्यको मूल्य दर्शाउँछ भन्ने विचार दर्साउँदै शैलीले प्लेटोले दिएको काव्य अनेको विचारलाई विरोधाभास प्रकट गरेको देखिन्छ। प्रस्तत वार्ता भित्र अन्य वाताहरू सङ्कलित छन्।

पी. बी. सेलीको साहित्यिक योगदानको क्षेत्र व्यापक देख्न पाइन्छ। कवि, नाटककार र वार्ताकारको रूपमा रहेका सेलीको मूर्धन्य व्यक्तित्व भने कविकै रूपमा महिमामण्डित पाइन्छ। शैलीको Prametheus unbound, Queen mab, Posthumous Poems उत्कृष्ट काव्य मानिन्छ। अङ्ग्रेजी स्वच्छन्दतावादी धारामा सेली एक क्रान्तिकारी कविका रूपमा परिचित छन्। आफ्ना समकालीन कवि साथीहरू थोमस मिडियन र थोमस जेफरसनले सेलीको साहित्यिक जीवनको विस्तृत अवलोकन गरेर मूल्याङ्कन गरेको देख्न पाइनछ। परवर्ती कविहरूमा सी. हन्ट, थोमस लर्ड, थोमस पिकक प्रभृति कविहरूप्रति सेलीको काव्य रचनाको अत्यधिक प्रभाव रहेको देख्न पाइन्छ। यद्यपि प्राचीन र अर्वाचिन द्वै कालका विचारधारा, पुराकथा तथा आख्यानलाई कवितात्मक अभिव्यक्ति दिन कवि सेलीको कवित्वको नीजि वैशिष्ट्य हुन पुगेको देखिन्छ। स्वच्छन्दतावादी भएर प्रकृति, सौन्दर्य तथा क्रान्तिकारी भावनाको बीजारोपण गर्न र उत्खनन् गर्न कवि

सेलीको काव्य शक्ति प्रबल रहेको देख्न पाइन्छ। यस अतिरिक्त केही वार्ता र गद्यहरू प्रकाशित गरेर, सेलीले अङ्ग्रेजी गद्य साहित्यलाई अररू समृद्धिशाली तुल्याएको देखिन्छ। विश्व साहित्यका कवि साहित्यकारहरूलाई प्रभावित तुल्याए झैँ बङ्गलाका, रवीन्द्र, हिन्दीका महादेवी वर्मा, सुमित्रा नन्द पन्त, तथा नेपालीका देवकोटा, श्रेष्ठ र घिमिरेहरूमा कवि सेलीको प्रभाव अक्षुण्ण रहेको देखिन्छ। यिनै साहित्यिक योगदानको फलस्वरूप सेली विश्व साहित्यमा चिरस्मरणीय छन्।

## ९.3. सेमुअल टेलर कलरिज

कलरिजको जन्म डिभोन्सिर भन्ने ओटरी स्टेटको सानो सहरमा भएको थियो। उनको शिक्षादीक्षा लन्डनको क्रिस्ट हस्पिटल भन्ने स्कुलमा भएको पाइन्छ। उच्च शिक्षा भने क्याम्ब्रिजको जेसस कलेजमा भए पनि बिचैमा उनले पढ्न छोडेका थिए। युवावस्थामा अफिमको लतमा चुर्लुम्म डुबेका कलरिजले पुनः कलेजमा भर्ना भए पनि डिग्री पुरा नगरी बरालिएको देखिन्छ। साथीभाइको सहयोग र शुभचिन्तकको सहयोगले मात्रै जीवनको गुजारा गरेका कलरिजले वर्डस्वर्थसँग केही वर्ष बिताएका थिए। कलरिजले वर्डस्वर्थलाई केही दिए भने उनीबाट पनि थुप्रै कुरा सिके। 1797 मा यी दुवै कविका सल्लाह र योजनामा प्रकाशित लिरिकल ब्यालेड 1798 का कविताले नै कवि कलरिजलाई अङ्ग्रेजी स्वच्छन्दतावादी कविका सहप्रवर्तकका रूपमा स्थापित गऱ्यो। कलरिजले 1800-1803 सम्म जर्मनी र (1804-1806) माल्टा र इटलीमा भ्रमण तथा घुमफिर गरेको देखिन्छ। लगभग यही छ वर्षको अवधिमा उनले कविताको क्षेत्रमा उल्लेख्य योगदान गरे। उनका कविताहरू 'लिरिकल ब्यालेड' (1708) मा वर्डस्वर्थका कवितासँग सङ्गृहीत गरी प्रकाशित भएका छन्। उनका प्रसिद्ध कवितामा 'एन्सिएन्ट भेरिनियर', 'कुवला खाँ' र 'क्रिस्टाबेल' हुन्। यी कविताले उनलाई स्वच्छन्दतावादी कविका रूपमा चिनाउने काम गरे तापनि उनी समालोचनाको क्षेत्रमा कलरिजको कल्पना सिद्धान्तले प्रसिद्ध भएका छन्।

उनका अरू कविता लिरिकल व्यालेडमा सङ्गृहीत थिए भने कुब्ला खाँ 1816 मा प्रकाशित भएको उल्लेख पाइन्छ। यो कविता उनको अपूर्ण र नशामा लेखिएको कविताको दर्जामा पर्दछ त्यसैले यसलाई सपनाको कविता भनेर पनि चर्चा गरिएको छ। 'द एन्सिएन्ट मेरिनियर'-ले सामुद्रिक जहाज सञ्चालन गरेर प्रकृतिको विचरण गर्दै जीवन निर्वाह गर्ने जल्लाहरूको कवितात्मक वर्णन गरेको

छ। सामुद्रिक किनारमा पाइने सितलता, उनीहरूको बन्दव्यापार, जीवनको गति र परिकल्पना, जोखिमपूर्ण काम तर पुस्तौ पुस्तादेखि भोग्दै आएको पेशागत कार्यका माध्यमद्वारा तथा प्रसङ्गले। कविता अत्यन्त भावात्मक अनुभूतिले भरिपूर्ण भएको छ। कविता आनन्द र पवित्रताको अतुलनीय सङ्गमले उनको कल्पना पनि सिर्जनात्मक बन्न पुगेको पाइन्छ। औपदेशिक रूपमा नभएर सुझावका र घटना प्रस्तुतिका माध्यमद्वारा यथार्थिक र भौतिक आनन्दभन्दा काल्पनिक र आत्मिक आनन्द बलवान् र शान्तिप्रिय हुने कुरा यस कविताले देखारेको छ। 'कुब्ला खाँ' भन्ने कविताले कलरिजको विशुद्ध जादूमय स्वप्निक क्षमताको प्रस्तुति दिएको छ र नाटकीय सत्यको उद्‌घाटनद्वारा उनको रोमान्टिक चेतना प्रबल बनेको देखिन्छ। कवितामा परिस्थितिको यथार्थिक भावनाहरू अनुभूतिमय बन्दै प्रकट भएका छन्। कविका छरिएका र एक-आपसमा असम्बन्धित अभिव्यक्तिहरूको प्रस्तुति छ। छरिएका र विशृङ्खलित अभिव्यक्तिलाई केन्द्रिकृत गर्ने कार्य गरिएको छैन। जीवन जसरी छरपष्ट र विशृङखलित छ, त्यस्तै द्वन्द्वपूर्ण र असन्तुष्टिका भावहरू व्यक्त भएका छन्। धर्मका नाममा र लिङ्गका आधारमा हुने तथा अनुकरणको अनुकरणले कृत्रिमता ल्याउनेतर्फ उनी सचेत भएको उल्लेख पाइन्छ। सेमुवल टेलर कलरिजले आफ्ना कवितामा अतिप्राकृतिक घटनालाई पनि अति सामान्य किसिमले प्रस्तुत गरेको पाइन्छ। भूत-प्रेत जस्ता वस्तुको प्रस्तुति पनि अत्यन्त सहज र सरल तरिकाले सामान्य किसिमबाट गर्ने क्षमता कविमा छ। उनका कवितामा सङ्गीतात्मक चेत सक्रिय रूपमा देखापर्नु कविको आफ्नै विशेषता हो।

कवि कलरिज अङ्ग्रेजी कविताको क्षेत्रमा स्वच्छन्दतावादी कविको रूपमा जनप्रसिद्ध छन् त्यो भन्दा बढ्ता समालोचकका रूपमा चर्चित छन्। कलरिजभन्दा वर्डस्वर्थ कविको रूपमा ठुला मानिन्छन् भने समालोचकका रूपमा वर्डस्वर्थभन्दा कलरिज उत्कृष्ट र चर्चित मानिन्छन्। समालोचनाका क्षेत्रमा प्रसिद्ध र विश्वचर्चित बनाउने उनको ग्रन्थ 'वायोग्राफिया लिटरेरिया' हो। यस कृतिले उनलाई अङ्ग्रेजी साहित्यमा ठुला समालोचकका रूपमा स्थापित गऱ्यो। उनी प्रतिभाशाली र आदर्शवादी भएकोले उनको सम्पकमा राज्यकै ठुल्ठुला चिन्तक तथा विद्वानहरू आउने गर्थे भन्ने उल्लेख छ। उनको यो समालोचनात्मक ग्रन्थ विश्वकै एक उत्कष्ट समालोचनात्मक कृतिका रूपमा रहेका पाइन्छ। यस ग्रन्थले पहिलो पटक सेक्सपियरको बारेमा यथार्थ जानकारी र विस्तृत अध्ययन गरेको छ। कवि कलरिजले कविता सम्बन्धी आफ्नो स्पष्ट मत प्रकट गर्दै कविता उत्तम शब्दको उत्तम क्रम हो भनेका छन्। यसका साथै 'कल्पना' सिद्धान्तको विस्तृत व्याख्या र

विश्लेषण गरेर साहित्यमा कल्पनाको शक्ति र सामर्थ्य तथा आवश्यकताका बारेमा महत्त्वपूर्ण विचार व्यक्त गर्ने कलरिजका यी विचारहरू ‘कल्पना सिद्धान्त' -का रूपमा स्थापित छन्। आज विश्वभरि यस सिद्धान्तको प्रभाव छ। अझै स्पष्ट रूपमा भन्नुपर्दा कविभन्दा कलरिज समालोचनाका क्षेत्रमा प्रसिद्ध र महान् छन्।

कलरिजको ‘वायोग्राफिया लिटरेरिया’ (1817) दुई खण्डमा विभाजित भएको पाइन्छ। पूर्वार्धमा कलरिजको आफ्नो दर्शन र सौन्दर्य सम्बन्धी मान्यताको प्रस्तुति छ भने उत्तरार्धका भागमा ‘लेक्चर अन सेक्सपियर, एनिमा पोइटे, टेबल टक, ‘कन्फेसन अफ् अन इन्क्वायरिङ स्पिटिट’ जस्ता समालोचनाहरू समावेश गरिएका छन्।

कलरिजका समालोचनामा दार्शनिकता र रहस्यवादको अपूर्व सङ्गम भेटिन्छ। यस ग्रन्थमा दार्शनि कलरिजको रहस्यवादी व्यक्तित्व अत्यन्य सक्रिय रहेको भए पनि यसलाई सैद्धान्तिक समालोचनाको कृतिका रूपमा अङ्ग्रेजी साहित्यमा स्वीकृत गरिएको छ। रोमान्टिक साहित्यको दार्शनिक व्याख्या गर्ने काम कलरिजबाट भएको पाइन्छ। उनको समालोचकीय व्यक्तित्व र दार्शनिक दृष्टि कति प्रभावकारी थियो भन्ने कुरा र छ। भन्ने यथार्थ उत्तरवर्ती बीसौँ शताब्दीका आई. ए. रिचर्डस र टी. एस. इलियट उनीप्रति नतमस्तक हुनुले प्रष्टि गर्दछ। कल्पना, मनोविज्ञान र शब्दार्थ तत्त्वका सम्बन्धमा चर्चा गर्दै साहित्यलाई मनोवैज्ञानिक सन्दर्भमा नियाल्ने प्रवृत्ति उनको छ।

समालोचक कलरिजले आफ्ना लेखका माध्यमबाट गद्य र कविताको अन्तर तथा भिन्नता खोज्ने काम गरेको पाइन्छ। यसका साथै साहित्यमा कल्पनाको भूमिकाबारे पनि उनले प्रशस्त अभिव्यक्ति दिएका छन्। साहित्यका निम्ति कल्पना नै आत्मा हो भन्ने कलरिजले कल्पनाका पनि मूल र गौण गरी दुई भेद देखाएका छन्। ईश्वरीय वा परमात्मिक कल्पनालाई मूल कल्पना र मानवीय वा वैयक्तिक कल्पनालाई गौण कल्पना रूपमा प्रस्तुत गर्दै मूल कल्पनाको पुनः सिर्जना गर्ने काम गौण कल्पनाले गर्छ। जसलाई ईश्वरीय सृजना शक्तिको रूपमा हेरिएको छ। यसरी हेर्दा कवि लेखक पनि एक प्रकारले स-सानो ईश्वर नै हो भन्ने देखिन्छ। दर्शन जीवनको विज्ञान हो र कवितामै दर्शनको साँचो प्रक्रियाको शिक्षण दिन सकिन्छ भन्ने कलरिज कविताको प्राप्ति चाहिँ आनन्द दिनु हो र त्यसपछिको अन्तिम प्राप्ति सत्य वा दर्शन हो भनी उल्लेख गर्छन्। जेहोस् उनको कल्पना सिद्धान्तमा कान्ट र सेलिङ्ग जस्ता जर्मनी दार्शनिकहरूको प्रभाव भेटिन्छ। आत्मामा बाहिरबाट कुनै चिज थोपर्न सकिँदैन भन्ने कलरिज आत्माको पूर्ण अभिव्यक्ति नै कविता तथा

साहित्य हो, ठान्दछन्। यसरी कवि कलरिज दर्शन र समालोचनका माध्यमद्वारा अनि कविता रचनाका आधारमा अङ्ग्रेजी साहित्यका स्वच्छन्दतावादी कविका रूपमा देखिन्छन्।

## 9.4. जर्ज वर्नाड सा

जर्ज वर्नाड सा मध्यम वर्गीय गरिब परिवारमा जन्मिएका थिए। डब्लिनको त्यो पोरटेस्टिन परिवारको कुलीन तथा खानदानीहरूसँग पनि नजिकको सम्बन्ध थियो। उनले पाठशालामा सामान्य शिक्षा पाएका भए पनि उनको रुचि म्युजिकको तालिम गर्नमा थियो जसको इच्छा पुरा गर्न उनकी आमाले घरमै म्युजिक शिक्षकको व्यवस्था गरिदिएकी थिइन्। विश्व विद्यालयसम्मको उच्च शिक्षा हासिल गर्ने बर्नाड साले खेलकुद, व्यापार-वाणिज्य तथा राजनीतितिर स्वाभाविक उत्सुकता र तत्परता देखाएका थाहा पाइन्छन् बाल्यकालमा चन्चल स्वभाव भएका तर युवा कालमा सङ्गीत र साहित्यमा विशेष रुची राख्ने साले प्यानो बजाउने गर्थे। अङ्ग्रेजी, ग्रीक र फेन्च भाषाका साहित्यहरू पढ्ने गर्थे। आफ्ना साथीहरूसँग प्राकृतिक दृश्यका कुराहरू, बादलका टुक्राहरू तथा हावा चलेको रमाइलो कुरा गर्ने साले वर्डस्वर्थ र सेलीका कविताहरू कण्ठस्थ गरी सुनाउने गर्थे। सङ्गीततर्फको चाख र साहित्यप्रतिको समर्पण भएकोले उनले सुरुमा कच्चै उमेरमा झन्डै पाँचभन्दा बढी उपन्यासहरू लेखे तर एउटा पनि सफल भएनन्। ती उपन्यासहरू पुनः लेखन गरी प्रकाशित भएपछि मात्रै उनी प्रसिद्ध हुन पुगेका थिए भन्ने उल्लेख पाइन्छ।

## 9.5. बर्नार्ड साका कृतिहरू

### (1) नाटक

1.Candida-1894,

2.Man and superman-1903,

3.Major Barbara – 1905,

4. St. John-1922,

5. The applicant – 1929,

6.The village wooing-1933

## (2) वार्ता

1. The Dramatic Opinion,1888.
2. The Quintensences of Ibsenism
3. Our theatre in the Ninetees-1928
4. The aspects of modern drama -1933
5. Music in London-1934

## (3) उपन्यास

1. Imaturity-1881
2. To Irrational knot-1882
3. Love among the artists 1884
4. An unsocial socialist - 1888.

उपन्यासहरू 'इम्याचुरिटी', 'दइरेसनल नट', 'लभ एमोङ द आर्टिस्ट', 'क्यासनस वाइरन्स प्रोफेसन' र 'एन अनसोसियल सोसलिस्ट' थिए। कार्ल मार्क्सको 'दास क्यापिटल' र हेनरी जर्जको 'प्रोग्रेस एन्ड पोभर्टी'-को अध्ययनपछि समाजवादी राजनीतिमा लागेका जर्ज बर्नाड सा यस व्यवस्थाका ठुला समर्थकका रूपमा देखापरे। यस अतिरिक्त अन्य उपन्यास Irritational knot, True to be good. The millionaries. The Devil Disple उपन्यासहरूबाट पनि उनले इङ्ग्ल्यान्डका कतिपय ओझल परेका ठाउँ, फुटपाथ तथा मैला भएको ठाउँ, झोपडी र गल्लीमा बस्नेहरू साथै उपेक्षित समाजको सजीव चित्रण गर्न सफल भएका छन्। यसका माध्यम उपन्यासहरू कतिपय रजनैतिक, सामाजिक तथा दार्शनिक विचारमाथि पनि व्यङ्ग्यात्मक प्रहार गरेका छन्। अधिकांश उपन्यासमा इसाई धर्मको प्रभाव र तिनको व्यावहारिक पक्षलाई प्रहार गरेका छन्।

1888 देखि 1894 सम्म म्युजिकको समालोचना गरेर लेखहरू लेखिरहे भने 1895 देखि 1898 सम्म नाटक सम्बन्धी आफ्ना समालोचकीय दृष्टिको प्रस्तुति गरेर यस क्षेत्रमा ठुलो योगदान पुऱ्याए। नाटकको र सङ्गीतको समीक्षा गर्ने सन्दर्भमा उनले नाटकका विशेषताहरूलाई राम्रोसँग बुझ्ने अवसर पाए। त्यसकारण उनका नाटकहरू सफल हुन पुगे। उनले नाटकका माध्यमद्वारा

Notes

अवैधरूपमा सम्पत्ति आर्जन गर्नेहरूलाई निकै आलोचना गरे र त्यस्ता अभिनित नाटकहरू दर्शकले निकै मन पराए।

उनको एक अङ्के नाटक 'आर्मस् एन्ड द मेन' (1894) ले आर्मीको युद्ध सम्बन्धी र हातहतियारका बारेमा टीका-टिप्पणी गर्दै युद्धप्रति तीक्ष्ण व्यङ्ग्य गरेका छन्। उनको युद्ध विरोधी भावनाले यहाँ अभिव्यक्ति पाएको छ। 1898 मा 'प्लिजेन्ट' र 'अनप्लिजेन्ट गरी दुई भागमा नाटक प्रकाशित भए 'आर्मस् एन्ड द मेन', 'क्यानडिला', 'द मेन अफ डेस्टिनी' र 'यू नेभर म्यान रेल' प्लिजेन्ट नाटक थिए भने अनप्लिजेनट अन्तर्गत 'विडोस हाउसेज', 'द पिलेन्डरर' र 'मिस, वारेन्स प्रोफेसन' थिए। 1901 मा 'सिसर एन्ड क्लियोपेट्रा', 'द डेभिलस् डिस्सिप्ली' र 'क्यान्टेन ब्रसबाउन्ड कन्भरसेसन' जस्ता तीनवटा नाटक प्रकाशित भएको पाइन्छ। 1903 'मेन एन्ड सुपरमेन' नाटकलाई ए कमेडी एन्ड ए फिलोसोपी भन्ने उप-शीर्षक दिइएको छ। 1904 मा 'क्यानडिडा' नाटक न्युयोर्कमा प्रदर्शन गरियो र 1907 सम्म विभिन्न सिरिजहरू, लगातार रङ्गमञ्चमा थिएटरका रूपमा मञ्चन गरियो। यस कार्यले विश्वकै नाटक रङ्गमञ्चमा बर्नाड सा अत्यन्त ठुला र प्रतिभाशाली नाटककारका रूपमा प्रसिद्ध भए। 1907 मा 'जोन बल्स अदर इजलेन्ड' र 'मेजर बारबरा' नाटक देखापरे। यसरी लगातार नाटक लेखेका बर्नाड सा-ले यति बेलासम्ममा झन्डै पचास नाटक लेखिसकेका थिए। उनको नाट्य यात्राको यो उत्तरकालमा लेखिएका प्रमुख नाटकहरूमा निम्न कृतिको नाम उल्लेख गर्न सकिन्छ। 1911 मा 'द डक्टर डिलेम्मा', 'गेटिङ मेरिड' 'द सिओइस्ट अप अफ ब्लान्को पोस्नेट' जस्ता नाटकहरू एकै वर्षमा प्रकाशित भएको पाइन्छ। यसै गरी 'भिस्सालियन्स्', 'दडार्क लेडी अफ द सोनेट्स', 'फेन्जिज फस्ट प्ले' 1914 मा र 'एनडोकस एन्ड द लाइवोन', ओभर रुल्ड, पिग्मालियन 1916 मा देखापरेका थिए। हर्ट ब्रेक हाउस (1919), बेक दु मेथुसेला 19211, 'सेन्ट जोन' (1924), 'द एप्पल कार्ट' (1930), 'टू ट्यु टु वी गुड' 19341, 'अन द रकम एन्ड सिम्प्लीटन अफ द अनएक्सपेक्टेड इजलेस' (1935) जस्ता नाटकहरू अत्यन्त महत्त्वपूर्ण रहेका छन्। जर्ज बर्नाड साका माथि उल्लेख गरिएका नाट्य कृतिलाई सङ्ख्यात्मक र गुणात्मकताका दृष्टिले हेर्दा उनी बेलायतका सेक्सपियर पछिका ठुला तथा महान् नाटककार देखिन्छन्। सेक्सपियरका नाट्य परम्पराभन्दा इब्सेनको नाट्य परम्परालाई पछ्याउने बर्नाड साले सोद्देश्यमूलक नाटक लेखेका छन्। उनका नाटकहरूमा यथार्थवादी, बद्धिवादी र बैचारिकताका त्रिवणा पाइन्छ। यसो भन्दाभन्दै पनि उनको नाटय

यात्राका प्रथम चरणतिरका नाटकहरू बढा यथार्थवादी छन् भने उत्तरार्धतिरका नाटकहरूले बौद्धिकतालाई बढी आत्मसात् गरेका छन्। बर्नार्ड साका नाटकमा निर्दिष्ट उद्देश्यको स्पष्ट अभिव्यक्ति छ। उनका नाटकका पात्रहरू स्वतन्त्र रूपले आफ्नो चरित्र अनुकूलभन्दा पनि वैचारिकताका डोरीले बाँधिएका छन्। कला कलाका लागि नभएर कला जीवनका लागि भन्ने साहित्यिक मान्यताप्रति उनको पूर्ण समर्थन रहेको समाजवादी विचारधाराबाट अत्यन्त प्रभावित भएकोले आफ्ना विचारहरूको स्पष्ट अभिव्यक्ति हुने गरी उनले नाटकको रचना गरेको पाइन्छ। 1885 देखि 1888 सम्मको समयावधिमा नाट्य विधाको समीक्षा गर्ने क्रममा उनले आदर्शवादी र स्वच्छन्दतावादी नाटकको निकै आलोचना र विरोध गरे। सेक्सपियर र इब्सेनको नाटकीय व्यक्तित्व र नाटकको तुलना गरी इब्सेनका यथार्थवादी नाटकतिर आफ्नो झुकाव देखाउने नाटककार बर्नाड साले इब्सेनलाई पछ्याएको देखिन्छ। उनले विचारप्रधान नाटक लेखेर अङ्ग्रेजी नाट्य साहित्यलाई एउटा नयाँ आयामतिर डोऱ्याउने काम गरे। आफ्नो वैचारिकताको वाहकका रूपमा पात्रलाई उपस्थित गरेको हुनाले उनका नाटकका चरित्रहरू सेक्सपियर र सोफोक्लिजका जस्ता जीवन्त बन्न सकेका छैनन् भनी आलोचकहरूले औँल्याएका छन्। उनका नाटकमा बेलायती समाजको संस्कृति र सभ्यताको यथार्थ झलक उतारिएको पाइन्छ। पूँजीवादी सभ्यताको विकृतिमाथि आक्रमण गर्दै त्यसको अन्त्यको चाहना गर्नु उनको निजी विशेषता हो। उनका नाटकमा विवाह, युद्ध, धोका, वेश्यावृत्ति र गरिबको कारुणिक अवस्था र शोषणको प्रकिया जस्ता पाखण्डपूर्ण पूँवीवादी सभ्यताप्रति निकै व्यङ्ग्य प्रहार गरेको पाइन्छ। नाटकका माध्यमद्वारा युद्धको भर्त्सना र शान्तिको कामना गर्न नाटकीय विशेषता नै हुन्। आफ्नो विचारलाई सर्वसाधारण जनता समक्ष पुऱ्याउने माध्यमका रूपमा नाटकलाई प्रयोग गर्ने बर्नाड साले मानिसको वास्तविक अवस्थालाई धेरै सहज रूपमा उतारेका छन्। नैतिकताका नाममा र धर्मका आडमा हुने गरेका अनैतिक र छलकपटप्रति प्रहार गर्ने यी नाटककारले कल्पना र भावुकताको समेत घोर-विरोध गरेको पाइन्छ। उनको आक्रमणको शैली अत्यन्त तार्किक र चित्त बुझ्दो छ। सामाजिक परिवर्तन र वैचारिक आग्रहले निर्देशित भएकोले उनका नाटकहरू सुखान्त बन्न पुगेका छन्। नाटकको संवाद भने अत्यन्त बौद्धिक र विचारोत्तेजक बन्दै पवित्रता, कुलीनता, नैतिकता जस्ता कुरा केवल भावुकता मात्रै हुन् भन्ने निष्कर्षमा उनी पुग्दछन्। आफ्नै बौद्धिकता र विचारद्वारा मानव महामानव बन्न सक्छ भन्ने उनको धारणालाई नाटकले वहन गरेको पाइन्छन्।

Notes

यसरी अङ्ग्रेजी साहित्यको नाट्य क्षेत्रमा यथार्थवादी नाटकको रचना गरी सेक्सपियर भन्दा बेग्लै धारामा नाटक लेख्ने बर्नाड सालाई दुःखान्त नाटककार सेक्सपियर पछिका महान् नाटककारका रूपमा उनलाई उभ्याइएको पाइन्छ।

Candida आफ्नो पहिलो नाटक प्रकाशित गरेपछि साथै सो नाटकलाई मञ्चन गरेपछि बर्नार्ड साले एकाएक एकाएक ख्याति आर्जन गरे। प्रायः दशवर्षसम्म इङ्गल्यान्डका विभिन्न ठाउँ, फ्रान्स आदि देशमा अभिनित भएको सा-को यो सर्वाधिक लोकप्रिय नाटक मानिन्छ। सा-ले आधुनिक नाट्य रचना प्रणालीमा नयाँ कौशल यस नाटकबाट देखाए। रहस्यमय लाग्ने प्रस्तुत नाटकमा इङ्ल्यान्डको शहरीया जीवनको सजीव चित्रण, नारी समस्याको तीन आलोचना, ऐतिहासिक घटानाक्रमहरू अत्यन्त विस्तारपूर्वका देखाइएको पाइन्छ। यद्यपि नाटकको मूल जड प्रेम पाइन्छ। नाटकका शिल्पपक्षमा स्थान काल र कार्यको समान्वितिले प्रस्तुत नाटक शिल्पशोधित र सुसङ्गठित नाटक बवनाएको छ। संवादमा कवितात्मकता र बौद्धिकता रहेकोले नाटक विशेष बनेको छ।

यसरी नै Man and supermen मा उनले सुखदुखान्तको समन्वय गरी देखाएका छन्। यसमा यौनलाई केन्द्रमा राखी मानिस र अतिप्राकृतिक मानिस माझको सम्बन्ध र समस्या देखाउन खोजिएको छ। केही विद्वान्हरूले Natural biological दृष्टि राखेर यसलाई हेर्ने प्रयास गरिएको पाइन्छ। कति आलोचकहरूले प्रस्तुत नाटकलाई पाश्चात्य दर्शनिक सोपेनहावरको शून्य दर्शनमा आधारित रहेको मानेका छन्। यसै प्रकारले Major Barbara नाटकमा व्यक्तिगत र सामाजिक सङ्घर्षलाई प्रस्तुत गरिएको छ। मूल पात्र मेजर बारबारा भ्रष्टाचार विरुद्ध सङ्घर्ष गरी सामाजिक परिवर्तनको अपेक्षा राख्दछन्। एक आदर्शवादा पात्रको चरित्रलाई प्रस्तुत गरी सबै मानिसलाई पैसा चाहिन्छ। सबैलाई सम्पति बराबर वितरण होस्। भन्ने धारणा प्रस्तुत गरी समाजको विसङ्गति र अर्थनैतिक भ्रष्टाचारविरुद्ध आवाज उठाएका देखिन्छन्। त्यसरी नै अर्को नाटक St. John मा एकजना ख्रिस्तान धर्मका पादरीका चरित्रलाई 'स्वच्छ र शुद्ध आत्मका प्रतीक' हुन भन्ने देखाउँदै नाटककारले पारिधिक विशेषताहरूलाई प्रभावशाली रूपमा दर्शाउन खोजेका देखिन्छन्। त्यस्तै अर्को नाटक An applicant सामाजिक व्यवस्थाको सुधारको अपेक्षा राख्ने युवकको आदर्श चरित्रलाई उभ्याएर तत्कालीन समाजका सामाजिक यथार्थलाई प्रस्तुत गर्ने चेष्टा गरेका देखिन्छन्। यस अतिरिक्त अन्य नाटकहरूमा Village wooing Welting married, widows houses, तत्कालीन, समाजको विवाह पद्धति, अनैतिक व्यवहार, समाजमा नारी -पुरुषको समानाधिकार, प्रेम

सम्बन्ध आदि समस्याहरूलाई नाटकीय रूप दिइएको पाइन्छ। बर्नार्ड सा-ले नाटकको माध्यमबाट मनोविज्ञानिक दृष्टिबाट प्रहार गर्न खोजेका देखिन्छन्।

बर्नार्ड सा प्रभावशाली वार्ताकारका रूप पनि परिचित छन्। यस दिशामा उनमा The dramatic opinion, The quint, of lbsenise, Our theatre in the 19ties of moderner drama, Music in London उल्लेखनीय रहेका छन्। प्रस्तुत वार्ताहरूको सफलताको कारणले बर्नार्ड सा अङ्ग्रेजी र अमेरिकी विद्वान्हरू जस्तै हेनरी जर्ज, सिडनी वेभ, विलियम अर्थर, ग्राम भाइल वार्कर आदिले आफ्ना वार्ताहरूमा आदरपूर्वक चर्चा गरेका दखिन्छन्। आफ्ना अधिकाश वार्ता वा समीक्षामा उनले निम्न कुराहरूमाथि आफ्ना मौलिक मान्यताहरू प्रस्तुत गरेका देखिन्छन्-

क. साहित्यका विभिन्न विधाहरूमध्ये नाट्यरचना शैलीमा परिवर्तन ल्याउन र विश्व नाट्य रचनालाई नयाँ जोड दिनु।

ख. सामाजिक समस्या, प्रेम सम्बन्ध र नारी समस्यालाई लिएर तिनका स-अस्तित्वबारे पक्ष लिने।

ग. परम्परागत तथा आदर्शवादी मान्यताहरूको विरोध गर्दे नवीन यथार्थ भावनाहरूको पक्ष लिनु।

घ. तत्कालीन प्रभावशाली नाटककार इब्सेनको विचारधारालाई अन्य नाटककारहरूले पनि सर्वोपरि मान्य ठान्नु तथा पक्ष लिनु इत्यादि।

बर्नार्ड सा-ले एक सफल लेखकका हैसियतमा अमेरिका, दक्षिण अफ्रिका, स्विडेन, न्युजिल्यान्ड, फ्रान्स आदि ठाउँहरूको भ्रमणकर्ता रहेर आफ्ना साहित्यिक रचनाहरूमा पनि त्यहाँका प्रभाव अनि अनुभवलाई प्रशय दिएका देखिन्छन्। समकालीन लेखकहरूमा, Henry George, William Archer, Arther John, Pinerao, Oscar wilde Emile and Luois प्रभृतिबाट प्रेरित र चर्चित रहेका बर्नार्ड सा आफ्ना समयका एकाजना भाग्यशाली साहित्यकार मानिन्छन्। यद्यपि तिनका साहित्यिक कृतिहरूको विस्तृत समीक्षा र मूल्याङ्कन गर्ने एमिलि र लुईकै  नाउँ चर्चित पाइन्छ। मूलतः बर्नार्ड साले आफ्ना कृतिहरूमा स्वच्छन्दतावादी धारणाको विरोध र यथार्थवादी धारणाको प्रवर्तन गरेका छन्। यही नै तिनको मुख्य वैशिष्ट्य मानिन्छ। नाटककार, वार्ताकार, उपन्यासकारका रूपमा प्रतिष्ठित बनेका साका विभिन्न नाटक, वार्ता तथा उपन्यासहरू विभिन्न भाषामा अनुवाद भएको पाइन्छ। यस सन्दर्भमा उनका नाट्यकारिताको प्रभाव

Notes

आधुनिक नेपाली नाटकहरूमा पनि रहेको देख्न पाइन्छ। उनी अङ्ग्रेजी साहित्यमा मात्र होइन विश्व साहित्यमा नै आफना साहित्यिक योगदानका कारण चिरस्मरणीय बन्न पुगेका छन्।

## ९.6. उपसंहार

अङ्ग्रेजी साहित्य -परम्पराको सुदीर्घ इतिहास रहेको छ। धार्मिक काव्य-परम्नराबाट सुरू भएर यथार्थिक, मनोवैज्ञानक, प्रयोगवादी वा नवीन नवीन गान्यता र चिन्तन प्रवाहमा विकसित हुँदै यो साहित्यले विश्वव्यापी प्रचार प्रसार पाएको छ। अधुनिक विश्व साहित्यको यथातथ्य रूप नै अङ्ग्रेजी साहित्य हो भन्न सकिन्छ। विश्वका तमाम भाषाका साहित्यहरूलाई समाहिता गरी आफ्नै पनि मौलिकता र प्रयोग ल्याउन अङ्ग्रेजी साहित्य समर्थ रहेको छ। माथि आलोच्य रहेको अङ्ग्रेजी साहित्यमा सेक्सपियर, वर्ड्सवर्थ, सेली, किट्स, बर्नार्ड सा विशेषको नाटक र कविताका क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ। विश्व नाट्य साहित्यमा र बर्नाड साको भूमिका सर्वोपरि रहेको पाइन्छ। ग्रिसेली नाट्य लेखनमा यथार्थ र मनोविज्ञानको प्रयोग गर्दै सामाजिक यथार्थवादको चित्रण बर्नार्ड साले गरेका छन्। त्यसरी नै वर्डस्वर्थ, किट्स र सेली अङ्ग्रेजी स्वच्छन्दतावादी काव्यधाराका सशक्त कविहरू हुन्। भाव र शिल्प दुवैमा समान आग्रह राखेर कविताको रचना गरिनुपर्ने कुराप्रति ध्यानाकार्षण गराउँदै कविता माध्यम 'सत्यं शिवं सुन्दरं' मात्र होइन मानवीय जीवनशैलीमा समेत क्रान्तिकारिता ल्याउनु यी कविको कामना देखिन्छन्। प्रकृति र मानवको अन्योन्याश्रित सम्बन्धलाई कल्पना, भावना र विचारहरूले अङ्कन गर्न खोज्नु यी स्वच्छन्दतावादी कविहरूको ध्येय दखिन्छ। वर्डस्वर्थ र किट्स कवि मात्र हुन् भने सेली कविको आरिक्त नाटककार र गद्य रचनाकार पनि हुन्। पहिलेका दुई कवितहरूमा कविताका स्वच्छन्द अनुभूतिहरू प्रस्फुटित हुन्छन् भने पछिल्लो कविले क्रान्तिचेतलाई आफ्नो कविताका अभीष्ट बनाएका छन्। आफ्ना गद्य रचनाहरूबाट सेलीले प्रयोजन र त्यसको मूल्यमाथि चिन्तन गरेको भेटिन्छ। अङ्ग्रेजी साहित्य विश्वसाहित्यकै धनी साहित्य हो। अहिलेसम्मको विश्वसाहित्यको परिचय पनि अङ्ग्रेजी भाषाले नै दिने गरेकोले यस भाषामा प्राप्यः साहित्यको तुलना विश्वका अन्य भाषाका साहित्यसँग सम्भव छैन भन्न सकिन्छ।

सेलीले कवितामा विद्रोही भावका अनि दुःखदायी क्षणका अभिव्यक्तिलाई धेरै कलात्मक रूपमा प्रकट गरे। उनका कथात्मक काव्य कृति तथा गीतिगाथाहरू प्रशस्त लेखे। कविताहरूमा आफ्नो वैयक्तिक जीवनलाई व्यक्त्याउने प्रयास उनले गरेका छन् अर्थात् आत्मानुभूतिका ज्वारहरू प्रकृतिका सहारा अर्थात् आत्मानुभूतिका ज्वारहरू प्रकृतिका सहारामा प्रकट हुन पुगेका छन्। प्रकृति र संसारलाई सम्बोधन गर्दै लेखिएका यी कविताहरूले कविको संयमित र व्यवस्थित बन्दै गएको लेखन क्षमतालाई पनि प्रष्ट पारेका छन्। उनको गेयात्मक कविता लेखनको प्रतिभालाई देखेर समालोचहरूले उच्च र सहज गीत गाउने कविका रूपमा मूल्याङ्कन गरेका छन्। उनको रहस्यवादिता र निराशावादी स्वरभित्र नै अति उच्चस्तरीय मिठा गीत गाइएको हुनाले उनलाई गाइने देवताका रूपमा हेर्ने समालोचहरू पनि छन्। पी. बी. सेलीको साहित्यिक योगदानको क्षेत्र व्यापक देख्न पाइन्छ। कवि, नाटककार र वार्ताकारको रूपमा रहेका सेलीको मूर्धन्य व्यक्तित्व भने कविकै रूपमा महिमामण्डित पाइन्छ।

यसरी नै कलरिजको योगदान पनि अमूल्य रहेको छ। वर्डस्वर्थका साथ मिलि लिरिकल ब्यालेड प्रकाशनमा ल्याई विश्व साहित्यमा स्वच्छन्दतावाद प्रविष्ट गराउन उनको योगदान रहेको पाइन्छ। उनका कविता आनन्द र पवित्रताको अतुलनीय सङ्गमले उनको कल्पना पनि सिर्जनात्मक बन्न पुगेको पाइन्छ। कवि कलरिज अङ्ग्रेजी कविताको क्षेत्रमा स्वच्छन्दतावादी कविको रूपमा जनप्रसिद्ध छन् त्यो भन्दा बढ्ता समालोचकका रूपमा चर्चित छन्। समालोचक कलरिजले आफ्ना लेखका माध्यमबाट गद्य र कविताको अन्तर तथा भिन्नता खोज्ने काम गरेको पाइन्छ। यसका साथै साहित्यमा कल्पनाको भूमिकाबारे पनि उनले प्रशस्त अभिव्यक्ति दिएका छन्। साहित्यका निम्ति कल्पना नै आत्मा हो भनी कलरिजले भनेका छन्।

वर्नार्ड सा विश्वसाहित्यका एक महान् साहित्यकार हुन्। उनले नाटक उपन्यास , लोखेर आदिसाहित्यका विभिन्न विधाहरूमध्ये नाट्यरचना शैलीमा परिवर्तन ल्याउन र विश्व नाट्य रचनालाई नयाँ जोड दिन प्रयास गरे। सामाजिक समस्या, प्रेम सम्बन्ध र नारी समस्यालाई लिएर तिनका स-अस्तित्वबारे पक्ष लिने प्रयास गरे। परम्परागत तथा आदर्शवादी मान्यताहरूको विरोध गर्दै नवीन यथार्थ भावनाहरूको पक्ष लिए। तत्कालीन प्रभावशाली नाटककार इब्सेनको विचारधारालाई अन्य नाटककारहरूले पनि सर्वोपरि मान्नुपर्ने बताए। बर्नार्ड सा-ले एक सफल लेखकका हैसियतमा अमेरिका, दक्षिण अफ्रिका, स्विडेन,

न्युजिल्यान्ड, फ्रान्स आदि ठाउँहरूको भ्रमणकर्ता रहेर आफ्ना साहित्यिक रचनाहरूमा पनि त्यहाँका प्रभाव अनि अनुभवलाई प्रशय दिए।

## ९.७. सार

यस प्रखण्डमा अङ्ग्रेजी साहित्यका विशिष्ट साहित्यकार सेली, कलरिज अनि वर्नार्ड सा-का साहित्यिक परिचय अध्ययन गरियो। प्रप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- अङ्ग्रेजी साहित्यको अध्ययनबाट विश्वसाहिताकै विविध अनुभव, चिन्तन र मान्यताहरूको जानकारी सम्भव हुन्छ। पाठय सामग्रीबाट सक्षिप्त रूपमा भए पनि अङ्ग्रेजी साहित्यबारे प्रकाश प्राप्त गर्न सकिन्छ। सेक्सपियर, वर्डस्वर्थ, किट्स, सेली, बर्नार्ड सा सबै आफ्ना समयका युग निर्माता साहित्यकारहरू नै हुन्। नाटकर कविता क्षेत्रमा उनीहरूका कृतिहरूले दिएका योगदान महत्वपूर्ण छन्। अङ्ग्रेजी मात्र होइन विश्वसाहित्यकै निर्माणमा यी साहित्यकारहरूका भूमिका उल्लेखयोग्य रहेका छन्।
- सेलीले कवितामा विद्रोही भावका अनि दुःखदायी क्षणका अभिव्यक्तिलाई धेरै कलात्मक रूपमा प्रकट गरे।
- आत्मानुभूतिका ज्वारहरू प्रकृतिका सहारा अर्थात् आत्मानुभूतिका ज्वारहरू प्रकृतिका सहारामा प्रकट हुन पुगेका छन्।
- उनको रहस्यवादिता र निराशावादी स्वरभित्र नै अति उच्चस्तरीय मिठा गीत गाइएको हुनाले उनलाई गाइने देवताका रूपमा हेर्ने समालोचहरू पनि छन्।
- कवि, नाटककार र वार्ताकारको रूपमा रहेका सेलीको मूर्धन्य व्यक्तित्व भने कविकै रूपमा महिमामण्डित पाइन्छ।
- वर्डस्वर्थका साथ मिलि लिरिकल ब्यालेड प्रकाशनमा ल्याई विश्व साहित्यमा स्वच्छन्दतावाद प्रविष्ट गराउन कलरिजको योगदान रहेको पाइन्छ।
- कवि कलरिज अङ्ग्रेजी कविताको क्षेत्रमा स्वच्छन्दतावादी कविको रूपमा जनप्रसिद्ध छन् त्यो भन्दा बढ्ता समालोचकका रूपमा चर्चित छन्।
- समालोचक कलरिजले आफ्ना लेखका माध्यमबाट गद्य र कविताको अन्तर तथा भिन्नता खोज्ने काम गरेको पाइन्छ।
- साहित्यका निम्ति कल्पना नै आत्मा हो भनी कलरिजले भनेका छन्।

- वर्नार्ड सा विश्वसाहित्यका एक महान् साहित्यकार हुन्। उनले नाटक , लोखेर आदि उपन्याससाहित्यका विभिन्न विधाहरूमध्ये नाट्यरचना शैलीमा परिवर्तन ल्याउन र विश्व नाट्य रचनालाई नयाँ जोड दिने प्रयास गरे।

## 9.8. अनुशीलन

1. अङ्ग्रेजी स्वच्छन्दतावादी कवि सेलीको काव्यगत विशेषताहरूको अवलोकन गर्नुहोस्।
2. वर्नार्ड सा-को नाट्यप्रतिभाको चर्चा गर्नुहोस्।
3. कलरिजको काव्यकारिता प्रसस्तुत गर्नुहोस्।
4. लिरिकल ब्यालेडको साहित्यिक मूल्य प्रस्तुत गर्नुहोस्।
5. कलरिजको समालोचनाको साहित्यिक उपलब्धि प्रस्तुत गर्दै यसको मूल्याङ्कन गर्नुहोस्।

## 9.9. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ


| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| श्यामकृष्ण खुलीमुली | संसार हल्लाउने साहित्यकारहरू |


तथा, क. आलोच्य कवि र नाटककारका अतिरिक्त मिल्टन, डाइडेन, कलरिज, बाइरन, वाल्टर

स्कट, डिकेन्स, इलियट, पिट्स ओनल, एलेन यो रोबर्ट फस्ट, एजा पाउन्ड प्रभृतिका साहित्यिक योगदान बारे चर्चा आवश्यक।

ख. अङ्ग्रेजी साहित्यको धारावाहिक सर्वेक्षण अपेक्षित।

ग अङ्ग्रेजी साहित्यमा प्रचलित वाद, सिद्धान्त वा मान्यताहरूको अवलोकन आवश्यक।

घ. अङ्ग्रेजी साहित्यको विधागत सर्वेक्षण र उपलब्धिको अवलोकन।

इ. अङ्ग्रेजी साहित्यको विश्वसहित्यमा प्रभाव र महत्व।

Notes

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 9.10. मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. कलरिजको कविता अवधारणमाथि चर्चा गर्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 9.3. खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. वर्नार्ड सा-को नाटकमाथि टिप्पणी लेख्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 9.4. खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. सेलीको कविता प्रवृत्ति प्रस्तुत गर्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 9.1. को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. कल्पना साहित्यको प्राण हो? कसले किन भनेका हुन्?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 9.3. अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. अङ्ग्रेजी कविताको विकासमा सेलीको योगदानको मूल्याङ्कन गर्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 9.1. खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ 10 फ्रान्सेली साहित्य, मोपासाँ, बाल्जाक, अमेरिकी साहित्यकार ह्विटम्यान

**संरचना**

10.0. उद्देश्य

10.1. फ्रान्सेली साहित्यको सङ्क्षिप्त परिचय

क. प्राचीन फ्रान्सेली साहित्य

ख. मध्यकालीन फ्रान्सेली साहित्य

ग. पुनर्जागरणकालीन फ्रान्सेली साहित्य

घ. सत्रौँ शताब्दीको फ्रान्सेली साहित्य

ङ. अठाह्रौँ शताब्दीको फ्रान्सेली साहित्य

च. उन्नाईसौँ शताब्दीको फ्रान्सेली साहित्य

छ. बीसौँ शताब्दीको फ्रान्सेली साहित्य

ज. समकालीन फ्रान्सेली साहित्य

10.2. आख्यानकार बाल्जाक (1799-1890)

10.3. कथाकार मोपाँसा (1850 1893)

10.4. मोपाँसा साहित्यिक कृति

10.5. वाल्ट व्हिट्म्यान (1819-1892) -को साहित्यिक परिचय

10.6. वाल्ट व्हिट्म्यानको कृति

10.7. उपसंहार

10.8. सार

10.9. अनुशीलन (Questions for Review)

10. 10. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

10.11. मूल्यवृद्धिका निम्ति उत्तर (Answers to check your progress)

## 10.0. उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- फ्रान्सेली साहित्य सङ्क्षिप्त परिचय
- फ्रान्सेली साहत्यको परिचयात्मक इतिहास र त्यसका प्राप्तिहरू

- फ्रान्सेली साहित्यकार बाल्जाकको साहित्यिक परिचय र कृतित्व
- फ्रान्सेली साहित्यकार मोपाँसाको साहित्यिक परिचय र कृतित्व

## 10.1. फ्रान्सेली साहित्यको सङ्क्षिप्त परिचय

विश्व साहित्यमा फ्रान्सेली साहित्यको स्थान विशिष्ट रहेको देखिन्छ। यसका विभिन्न कालखण्डका विभिन्न कृति, विभिन्न साहित्यकार तथा उपलब्धिहरूले विश्व साहित्यमा उच्च स्थान दिलाउन सकेको देखिन्छ। ग्रीक-ल्याटिन भाषालाई फ्रान्सेली भाषाको अग्रजको रूपा हेरिएको पाइन्छ। फ्रान्सेली साहित्यलाई विद्वान्हरूले विभिन्न चरणगत विभाजन गरेको पाइन्छ। जो निम्न छन्-

1. प्राचीन फ्रान्सेली साहित्य (सन् 1000 देखि सन् 1300)
2. मध्यकालीन फ्रान्सेली साहित्य (सन् 5300 देखि सन् 1500)
3. पुनर्जागरण कालीन फ्रान्सेली साहित्य (सन् 1500 देखि सन् 1600)
4. सत्रौँ शताब्दीको फ्रान्सेली साहित्य (सन् 1600 देखि 1700)
5. अठाह्रौँ शताब्दीको फ्रान्सेली साहित्य (सन् 1700 देखि सन् 1800)
6. उन्नाईसौँ शताब्दीको फ्रान्सेली साहित्य (सन् 1880 देखि सन् 1900)
7. बीसौँ शताब्दीको फ्रान्सेली साहित्य (सन् 1200 देखि वर्तमानसम्म)

## क. प्राचीन फ्रान्सेली साहित्य

रोमका पादरीहरू फ्रान्समा आएर बसोवास गर्न थालेको इतिहासमा सन् 1000 तिरबाट पाइन्छ। आफ्नो धर्मअनुसार यिनीहरूले चर्चको निर्माण गरेका थिए। यिनीहरूले नै चर्च र सार्वजनिक स्थलहरूमा गाउनका निम्ति केही गीत तथा कविताको रचना गरे। चर्चका सहायकहरूले सन्तका जीवनलाई मुख्य विषयवस्तु बनाएर काव्यहरूको रचना गर्न थाले। यी काव्यहरू पादरी सन्तका जीवनमा आधारित हुन्थे। एउटा उद्देश्य परिपूर्तिका निम्ति रचना गरिएका यिनै काव्य-कृतिहरू फ्रान्सेली साहित्यको प्रारम्भिक विन्दु बन्न पुगे। सन् 1030 तिर (अनुमान) रचिएको भनिएको अज्ञात लेखकको 'सन्त ऐलेक्सिमको जीवनी' नै फ्रान्सेली साहित्यको पहिलो काव्यका रूपमा देखापर्दछ। प्राचीन फ्रान्सेली साहित्यको इतिहासमा देखापर्ने यस कृतिले फ्रान्सेली साहित्यको प्रारम्भ जीवनपरक काव्यबाट भएको स्पष्ट पार्दछ। धेरैजसो प्राथमिक फ्रान्सेली साहित्यिक कृतिहरू पद्य रूपमा नै थिए।

नेपाल तथा दार्जिलिङ भेकमा गाइनेहरू द्वारा गाउँदै हिँड्ने चलन जस्तै त्यसबेला फ्रान्समा गाएर हिँड्ने गीतहरूको सामूहिक नामकरण 'सन्सो' भएको देखिन्छ। यिनै गीतहरूको विकसित रूपमा रचित महाकाव्य 'सन्सो द रोला' (रोलाको गीत) फ्रान्सेली साहित्यको चर्चित काव्यकृति हो। 'सान्सो द रोला' (1100 तिर) बाह्रौँ शताब्दीको अन्त्यतिर लेखिएको सशक्त र चर्चित महाकाव्य हो। यस महाकाव्यमा शार्लमान (Charlemagne) को भतिजो रोलाले साराशेनहरूसँगको युद्धमा वीरगति प्राप्त गरेको गाथा वर्णन गरिएको छ। जनभाषा प्रयोग गरेर लेखिएको प्रस्तत महाकाव्यको कथा पनि सरल रूपमा प्रस्तुत गरिएको छ। फ्रान्सको पहिलो र ठुलो (झन्डै चार हजार श्लोक) यो महाकाव्य फ्रान्सेली साहित्यको वीरधाराको कृति हो। यस कृतिमा राजा चार्ल्सले स्पेनमा गएर सरासेनहरूका विरुद्ध युद्ध गरेको विषयलाई मुख्य कथावस्तु बनाइएको छ। यस कालको प्रारम्भिक फ्रान्सेली कथात्मक पद्य विकासको दोस्रो चरण अर्का एकथरी गीतकथाहरू पनि देखापर्छन् जसलाई 'ब्रेटन रोमान्स' भन्न सकिन्छ र यही नामले प्रख्यात भएका छन्। आर्थर राजा र गोलमेजका 'नाइट' (Knight) -हरूका रोमाञ्चक कृतित्वहरूको वरिपरि बुनिएका यी रोमान्सहरू बढी जनप्रिय र प्रभावकारी रहेको छ। उनमा त्याग र भक्तिले ओतप्रोत भएका दुखान्तपूर्ण प्रणय-गाथाको अभिव्यक्ति पाइन्छ। पद्य रूपको यस विकासको अर्को महाकाव्यको नमुना 'हुँऔँ द बोढो' मानिन्छ जसको प्रभाव सेक्सपियरको 'मिड्समर नाइट्स ड्रिम' -मा समेत परेको छ। यस कालका अन्य उल्लेख्य कृतिहरूमा 'सैसो द जेस्त' (विलामे) 'गोरमन्त एस इसमेन' 'पेलेरिङ्गे द सार्लेमान्जे' आदि हुन्।

यसै गरी प्राचीन कालमा जौँग्लुर (पेशेवर गाइने) हरूले हाट-बजार, उत्सव-मेला तथा महलहरूमा गाउने गीतहरूको रचना भएको देखिन्छ। यसरी रचना गरिएका गीतहरूमा 'सन्सो द जेस्त' चर्चित गीति नाटक हो। यस्ता नाटकहरूका ऐतिहासिक सत्य र काल्पनिक दन्त्यकथाहरूको मनोरम सम्मिश्रण हुने हुँदा धेरै चर्चित हुने गर्दथे। यस्ता गीतका गाथाहरू पनि वीरधाराकै उपज मान्न सकिन्छ। यस कालमा लेखिएका नाटकहरूमा हिलारिउसद्वारा लेखिएको 'डेनियल अ लजाउस' र 'सन्त मिकोलस' धेरै चर्चित छन्। यस्ता नाटकहरू रोमेली चर्चहरूबाट धेरै प्रभावित छन्। नाटकहरूमा फ्रान्सेली जनभाषाको प्रयोग गरिएको पाइन्छ। यो नाटकहरूको मुख्य उद्देश्य धार्मिक पर्वहरूमा प्रदर्शन गर्ने र माध्यमिक कालको क्रिस्तान तत्वलाई प्रचार -प्रसार गर्नु देखिन्छ।

फ्रान्सेली साहित्यको इतिहासमा गीती कविताको पनि परम्परा रहेको पाइन्छ। यस कालका गीति कविहरूमा आउबेस, रेवर्डिस, मालमेसिज, 'समन्टोइस', आदि प्रमुख छन्। यिनीहरूले गीतिकविता लेखेर फ्रान्सेली साहित्यलाई ठुलो गुण लगाएको पाइन्छ। गीति छन्दमा लेखिएको 'रोमाँ दे ला रोजे' नामक लामो कविता यस युगको उत्कृष्ट प्राप्तिका रूपमा देखापर्छ। अज्ञात लेखकद्वारा लेखिएको यस गीति काव्यको प्रभाव फ्रान्सेली साहित्यमा मात्रै होइन जर्मनेली र अङग्रेजी साहित्यमा समेत परेको देखिन्छ। प्राचीन कालको फ्रान्सेली साहित्यमा देखापरेका हाँसो र रोमान्स दुवैमा धार्मिक भावनाको प्रवलता रहेको देखिन्छ। यस समयमा देखिने महाकाव्य र नाटक नायक- नायिकाको चरित्र चित्रणमा आ-आफ्नै विशेषता थिए। नायकहरू आफ्नी प्रेयसी तथा सुन्दरीको रक्षार्थ सत्रुदमन र धार्मिक आचरणमा केन्द्रित रहन्थे। कुनै कुनै कथावस्तुमा देखिने प्रेम वासना प्रधान पनि हुने गर्थे। यी विविध कृतिहरूले फ्रान्सेली साहित्यको माध्यामिक काल आमन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेलेको दोखिन्छ। फ्रान्सेली लोकजीवनको हर्ष -अमर्ष, वीरताका कार्यहरू, धार्मिक भावना, त्यागका भावना तथा गाइने गीत आदि यस समयका साहित्यमा प्रदर्शित पाइन्छन। सिलारिस, आउबेस, रेवडिस, मालमेसिज, समन्टोइस प्रभृति यस युगका कवि तथा साहित्यकारहरू हुन्।

## ख. मध्यकालीन फ्रान्सेली साहित्य

साहित्यका विभिन्न विधाहरूको रचना भएकोले पनि फ्रान्सेली साहित्यको मध्यकाल सिर्जनाका दृष्टिले अत्यन्त महत्त्वपूर्ण देखिन्छ। यस कालमा महाकाव्य, गीत, सुखान्त -दुखान्त नाटकहरूको रचना भएको पाइन्छ। सन् 1330 मा सिसेरियाली सन्त विलाने दे दिगुल्लीमिल्लेले ‘गेमा देला रोजे’ को अनुकरण गरी महाकाव्यको दोसो भागका केही सन्दर्भ दातेको ‘डिभाइन कमेडी’ र अङग्रेजी कवि जोन बुन्यानको ‘विलग्रिम्स प्रोग्रेस’ सँग केही मिल्दाजुल्दा छन्। यस युगमा गीतिकविता पनि सशक्त विधाका रूपमा देखापरे र गीतिकविता लेख्ने कविहरू ‘गुलिआउने दे मासाउ’ ‘उस्ताचे खेस्चाम्पस’ चार्ल दोली, आलिन चर्टिएर आदि चर्चित छन्। यी कविहरूका गीतिकवितामा तत्कालीन फ्रान्सेली समाजको सजीव चित्रण पाइन्छ। लाक्षणिकता र व्यङ्ग्यलाई यस कालका काव्यकृतिले केही आत्मसात गर्न थालेको देखिन्छ। यसै गरी यस कालका कविहरूमा रुतबेफ (Rutebeuf) र क्रिस्तिन दी पिजन (Christine de Pisan) पनि उद्यल्लेख्य कवि

हुन्। उनीहरूमध्ये पनि चार्ल्स दोलियो र फ्रैँस्वा मिलो जस्ता कविहरू काव्यको क्षेत्रमा आएपछि फ्रान्सेली साहित्य-क्षेत्रमा फ्रान्सले खास प्रसिद्ध कमायो भनेर उल्लेख गरेको पाइन्छ। चौधौँ शताब्दीमा नाटक विधाको पनि निकै विकास भएको चर्चा पाइन्छ। यस समयताका फ्रान्समा निकै नाटकका रङगमञ्चहरूको निर्माण गरिएको थियो। यस्तो रङ्गमञ्चहरूको निर्माणका क्रममा सुखान्त रङगमञ्चको निर्माण बढी सजीव ढङ्गबाट गरिएको दखिन्छ। यस प्रकारका रङगमञ्चमा विशेष गरी क्रिस्तान धर्म सम्बन्धी लामा लामा नाटकहरूको मञ्चन गरिन्थ्यो भन्ने पाइन्छ। तेह्रौँ शताब्दीको अन्त्यतिर नै 'आदम दे ला हाल्लेले विविध कल्पनामा आधारित मनोरञ्जनात्मक नाटकहरू 'ले जिउ दे ला फयली' र 'ले जिउ दे रोविन एट मारिन' लेखेका थिए। यी नाटकलाई प्रथम सुखान्तक गीतिनाटकका रूपमा लिइन्छ। यस कालको अन्त्यतिर वीरगाथामूलक महाकाव्यमा आधारित धार्मिक नाटक लेख्ने परम्परा पनि विकसित भएको देखिन्छ। यसको साथै यस युगमा यथार्थ जीवनमा आधारित कथा लेख्ने परम्पराको पनि थालनी भएको थियो। यसरी कथा लेख्ने कथाकारमा, 'एन्तोनी दे ला साल' बढी चर्चित रहेका छन् वास्तवमा उनका कथाहरूलाई आधुनिक कथा विधाका पर्व रूपका रचनाका रूपमा पनि फ्रान्सेली साहित्यले स्वीकार गरेको छ।

युगको यथार्थ चित्रण वीरगाथा धार्मिक प्रदत्त तथा कल्पना र मनोरन्जनका विषयवस्तु यी रचनाहरूमा पाइन्छन्। यस युगका अन्य कविहरूमा रुतबेफ, क्रिस्तिन दी पीजन, स्वा भिलो, चार्ल्स दोलियो विशेष रूपमा चर्चित रहेका छन्, यद्यपि दाँते आफ्नो महाकाव्य डिभाइन कमेडीका कारण विश्व चर्चित बन्न पुगेका देखिन्छन्।

## ग. पुनर्जागरणकालीन फ्रान्सेली साहित्य

इटालीमा आएको पुनर्जागरणको लहर फ्रान्समा भित्रिएपछि फ्रान्समा पनि यसको ठुलो प्रभाव पर्‍यो। चाल्स आठौँले सन् 1494 मा इटालीमाथि आक्रमण गर्दा इटालीमा देखापरेको आमूल परिवर्तनको प्रभावले फ्रान्सलाई पनि अत्यन्त प्रभावित तुल्यायो। यसै समयमा फ्रान्सिस प्रथमले इटालीबाट लियोनार्दो भिन्ची, आन्द्रेदेल सातौँ-जस्ता कलाकार र वैज्ञानिकहरूलाई फ्रान्समा ल्याएर पुस्तकालय र कलेजहरू स्थापना गरी शिक्षाको क्षेत्रमा नयाँ लहर ल्याए। शिक्षाको क्षेत्रमा आएको नयाँ लहरले फ्रान्सेली साहित्यलाई पनि प्रभावित तुल्यायो। इटालीको

Notes

प्रभाव स्वरूप व्यक्ति चैतन्यमा जोड दिँदै मानवतावादप्रति आस्था प्रकट गरेर साहित्य रचना गर्ने परिपाटी प्रारम्भ भयो। यो प्रवृत्ति जोडतोडले विकसित हुँदै जाँदा अचानक रूपमा फ्रान्सेली साहित्यमा आधुनिक कालले प्रवेश गऱ्यो। पुनर्जागरण कालको यो सय वर्षको अवधि पनि अघिल्लो 50 वर्षमा बौद्धिक मानवतावादको बोलावाला रह्यो भने पछिल्लो 50 वर्षको अवधिमा सौन्दर्य शास्त्रीय मानवतावादको आधिक्य रहेको पाइन्छ। पुनर्जागरण कालमा गद्य र पद्य दुवै विधाको विकास भएको पाइन्छ। यस युगको प्रथम महिला कवि मागरेट दागोलेने हुन्। उनले 'प्लेटोनिजममा आधारित भएर कविताहरू लेखेकी छन्। मागरिटले कविता मात्रै होइन गद्य विधामा पनि हात चलाएकी छन्। उनका 72 वटा कथाहरूको सङ्ग्रह ‘हेप्टोमोरोन’ प्रकाशित भएको छ। यी कथाहरूमा ल्याटिन साहित्यका बोकासियोको प्रभावलाई कथाकारले ग्रहण गरेको पाइन्छ। यी कथाहरूले फ्रान्सेली शाही न्यायप्रणालीलाई बढो सुन्दर ढङ्गले भन्डाफोर गरेका छन्। भाषा र भनाइमा जति सरलता र सशक्तता देखिन्छ त्यतिकै शैलीको माधुर्यले सजिएका यी कथाहरूले फ्रान्सेली गद्यको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन्। यस समयमा फ्रान्सेली साहित्यमा दुई किसिमका प्रतिद्वन्द्वी कवि समूहको उदय भएको पाइन्छ। यी दुई किसिममा एक थरी आफ्ने भाषा र साहित्यको उत्थानमा विकास गर्न चाहने र बाह्य प्रभावलाई बहिष्कार गर्ने प्रवृत्तिका कविहरू थिए। यस्ता समूहका कविहरूलाई 'प्लिएद' भनिन्थ्यो। यी प्लिएद कविहरूको नेतृत्व पियरे द रोसार्दले गरेको थिए। उनको 'लोलिभ' काव्यकृति पेट्रार्कबाट प्रभावित हुदै लेखिएको पाइन्छ। यिनीहरूले इटाली साहित्यलाई भने आदर्श साहित्यका रूपमा स्वीकार गरेको पाइन्छ। अर्काथरी कवि-समूहमा देखापर्ने कविहरूको नेतत्व मरिस स्केभले गरेका थिए। यिनीहरू इटालीय साहित्य र कला-परम्पराप्रति पूर्णतः आदर्श राख्दथे। यो समूहलाई ‘लियोन’ (Lyon) भन्ने गरिन्थ्यो। लियोन समूहका कविहरूका केन्द्रीय प्रतिभा मरिस स्केभ प्रणय सनेट लेखेर निकै चर्चित भएका थिए। यसरी यस युगको साहित्यमा 'प्लिएद' र 'लियोन' समूहमा विभाजित साहित्यकारहरू देखा परे।

प्राचीन ग्रिसेली र ल्याटिन आदर्शहरूप्रति अभिमुख हुने लियोनधारालाई। 'प्लिएद' धाराले उछिन्ने क्रममा सिद्धान्त नै घोषाण गऱ्यो। प्लिएद धाराको घोषणाअनुसार फ्रान्सेली साहित्य सृजनाको प्रेरणा स्रोत 'इटाली'बाहेक अर्को हुन सक्दैन भन्ने अडान थियो। यो अडानले फ्रान्सेली साहित्यमा एउटा मोड ल्याउन सफल रह्यो र यसको प्रभाव उन्नाइसौँ शताब्दीसम्म एकरूपले परिरहेको पाइन्छ। 'प्लिएद'-

हरूको सिद्धान्त घोषणा सन्को 1549 'दिफेस एतिलुस्वेसियौँ द ला लग फ्रसे' भन्ने घोषणा पत्रमा उल्लेख छ। यसरी दुई धारा देखिए पनि प्लिएद काव्यधारा र उनीहरूका रचयिता नै चर्चित रहन गए। पियरे द रोसाद (प्लिएदवादी) ले लेखेको 'ओड्ज' (odds) चार भागमा प्रकाशित काव्य हो। यस काव्यमा पनि पिन्डार र होरेसका गीति कविताको प्रत्यक्ष प्रभाव भेटिन्छ। 'फ्रान्सियर' यिनैको सर्वोकृष्ट महाकाव्य हो जसमा फ्रान्सेली समाजको सामाजिक प्रतिबिम्बहरूलाई धेरै सुन्दर ढङ्गले प्रस्तुत गरेका छन्। यसबाहेक उनका उत्कृष्ट काव्यहरूमा बोकाज, मेर्जेंज, इटिमनेस र हायमेसलाई लिन सकिन्छ। 'प्लिएद' धाराले धेरै कवि र काव्य जन्माउन सक्यो तर 'लियोन' धाराले आफूलाई सशक्त रूपमा अगाडि बढाउन सकेन।

यस कालमा यी दुई थरीबाहेक अर्को थरी समूहको पनि उदय भएको देखिन्छ। यस धाराका कविहरूले प्राचीनताप्रतिको मोहभङ्ग भएको उल्लेख गरेका छन्। विशेष गरी फ्रान्समा चेका धर्मयुद्धहरूले साहित्यमा यो नयाँ मोड ल्याएको हो। युद्धहरूले मानव आस्थाहरूलाई र परमपरागत आदर्शहरूमा नै शङ्का सृजना गरेपछि अनास्थावादी कविहरूको समूह देखापऱ्यो। यी कविका कविताहरूलाई बारोक कविता भनिन्थ्यो। यस्ता बारोक कविता लेख्ने कवि समूहमा सातजना कवि भएकोले यिनीहरूलाई Group of Seven stars भनिन्थ्यो। यी सातजना कविहरू मध्ये सुरुका तीनजना कवि सोहौँ शताब्दीका र पछाडिका 4 जना सत्रौँ शताब्दिमा देखा पर्छन्। यस कालमा यस धाराका प्रतिनिधि कविहरू ज्यँ द स्पर्दे, ज्यँ द ला कप्पेदे तथा थ्योडर अग्रिपा मानिन्छन्। यी सबै कविहरू अनास्थाजनित विचारधाराका प्रतिनिधिमूलक 'बारोक' कविताका रचनाकार हुन्। यस समूहको मुख्य उद्देश्य मध्यकालीन कविताको शैली र संरचनामा परिवर्तन गरी मानवतालाई शाश्वत सत्यतिर सही निर्देश गर्न अरू कविहरूले नसकेको विषयलाई प्रमुखता दिई परम्पराप्रति अनास्था प्रकट गर्दै नयाँ कविताधाराको सृजना गर्नु थियो। यस कालका अन्तिम र विशिष्ट केन्द्रीय प्रतिभाका रूपमा निबन्धकार मोन्तेँ हुन्। आत्मपरक निबन्धलाई जनमानसमा पुऱ्याएर उनी विश्वप्रसिद्ध छन्। पुनः जागरणकालीन फ्रान्सेली साहित्यामा मार्गरिट दाङ्गोलेने, पियरे द रोसार्द, मरिस स्केभ, ज्या द स्पर्दे, ज्याँ द ला कप्पदे, फस्बा मेनर्ड, मोन्तेँ प्रसिद्ध छन्। तीमध्ये मोन्तेँ यस कालका केन्द्रीय प्रतिभा र निबन्धका प्रवर्तनकर्ताका रूपमा धेरै चर्चित छन्। यस कालमा फ्रान्सेली प्रशासकीय

व्यवस्था, जातीय जागरण मानवतावाद जस्ता विचारमा विभिन्न साहित्य सृजना भएका पाइन्छन्।

## घ. सत्रौँ शताब्दीको फ्रान्सेली साहित्य

फ्रान्सेली साहित्यका निम्ति सत्रौँ शताब्दी महान् शताब्दी देखिन्छ। यस समयमा स्थापित फ्रान्सेली अकादमीले साहित्य विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ। सन् 1623 मा स्थापित अकादमीले संस्थानको प्राथमिक सूचीमा 'साहित्यिक कृतिहरूको आलोचना' -लाई निकै प्रधान्य दिइएको पाइन्छ। यसै समयमा गीतिकाव्य ह्रास भएर ग्रामीण परम्पराबाट शास्त्रीय परम्परातर्फको यात्रा प्रारम्भ भएको पाइन्छ। साहित्यमा नम्रता, शिष्टता, बौद्धिकता, तार्किकता, शास्त्रीयता र परिष्कार जस्ता पक्षहरू प्रशस्तै रूपमा भित्रिन थाले। दर्शनका क्षेत्रमा र ज्ञान विज्ञानको क्षेत्रमा आइरहेको विकासले फ्रान्सेली समाजलाई परिष्कार गर्न थाल्यो। समाजमा आइरहेको बौद्धिक र वैज्ञानिक परिर्वनले साहित्यमा पनि नयाँ युगको प्रवर्तन गर्नमा ठुलो सघाउ पुऱ्यायो।

यस समय फ्रान्सेली साहित्यले दार्शनिक डेकार्थ र पास्कल पाए। उनीहरूको गद्य लेखहरूले फ्रान्सेली साहित्यलाई प्रभावित तुल्यायो। मलार्वेले फ्रान्सेली भाषालाई परिष्कृत र स्तरीय बनाउने कार्य गर्दै आएका थिए। मलार्वे आधुनिक फ्रान्सेली भाषाका निर्माता नै मानिन्छन्। यसै गरी दार्शनिक डेकार्थले फ्रान्सेली समाजको विभारधारा र बोद्धिक क्षेत्रमा ठुलो परिवर्तन ल्याउन योगदान पुऱ्याइरहेका थिए। साहित्यका विभिन्न विधाको विकास हेर्दा यस युगमा मूलतः दुःखान्त- सुखान्त नाटक र कथा विधाको धेरै विकास भएको पाइन्छ। यस समयमा ग्राम्य आख्यानको विकास भए पनि गीतिकाव्य लेखनमा ह्रास हुन गएको देखिन्छ। तर समसामयिक गीत (ode)- हरू तथा धार्मिक कृतिहरूको श्लोकमय व्याख्याहरूको विकास भने उल्लेख्य रूपमा भएको पाइन्छ। प्रणय -कविताहरू नामेट नभए पनि सिमाना भने अवस्यै कोरिएको पाइन्छ। आख्यानात्मक कृति रचनाको परम्पराले पूर्वकालिक फ्रान्सेली उपन्यासको स्वरूप देखाएको पाइन्छ। यस कालमा नाटक विधालाई अगाडि बढाउने केन्द्रीय प्रतिभाका रूपमा चाहिँ कोर्नेइ, रेसिन र मोलायर देखिन्छन् भने कथा विधाका एक मात्र सशक्त कथाकार, फ्रान्सेली कथा विधाका निर्माता जिउँदेला फुते देखिन्छन्। जिउँदेला फुँतेका फेवल्सका (fables) विभिन्न बाह्र भागहरू प्रकाशित भएका पाइन्छन् र उनमा

लामा - छोटा गरी झन्डै एक सय चालीस कथाहरू सङ्ग्रहीत छन् भन्ने पाइन्छ। कथाकार 'फुँते'ले आफ्ना यी कथाहरूमा मानिस र जनावरलाई चरित्रका रूपमा प्रस्तुत गरेका छन्। यी कथाले मानिसको मूर्खता र शक्तिप्रतिको मोहमाथि व्याङ्ग्य गर्दै मानवीय चरित्रको चित्रण गरेका पाइन्छन्।

साहित्य संयम्को परिधित्र रहेपछि गीति कवितामा मनोहरिता र वाकपटुताको प्राचुर्य रहेको पाइन्छ। निकोलस ब्वालु देस्प्रेओजले मल्हर्बका विचारहरूलाई आफ्नो 'आर्ट पोएटिक' (Art Poetic) कृतिमा आधिकारिका रूपमा पेश गरेको पाइन्छ।

## ङ. अठाह्रौँ शताब्दीको फ्रान्सेली साहित्य

अठाह्रौँ शताब्दी फ्रान्सेली इतिहासमा क्रान्तिको काल रह्यो। फ्रान्सेली साहित्यमा दार्शनिक रुसो र भोल्टेयर जस्ता प्रतिभाहरू देख्न पायो। यी दार्शनिकहरूले दर्शनका क्षेत्रमा उथलपुथल मच्चाएका थिए। यस्तो परिस्थिति र परिवेशमा अठाह्रौँ शताब्दीको फ्रान्सेली साहित्यले आफ्नो यात्रामा निरन्तरता थपिरहेको थियो। अठाह्रौँ शताब्दीमा पद्य र गद्यलेखकहरूको कमी नभए पनि कविताको प्रगतिमा। केही ह्रास देखा पऱ्यो। साहित्य रचनाको दृष्टिले यो युग त्यति कमजोर नभए पनि सत्रौँ शताब्दीको साहित्यिक विकास र प्राप्तिलाई यस युगले उच्छिन्न सकेन। तर गद्य लेखनको दृष्टिले भने यो युग उन्नतशील नै रहेको समालोचकहरूको मत पाइन्छ। भोल्टेयर र आन्द्रेइ थिएले लयात्मक, दार्शनिक, राजनैतिक र व्यङ्ग्यात्मक कविता लेखे। भोल्टेयरको महाकाव्य ‘ला हेनियाद’, ज्याक्ये दलिलको 'बगैचा' र सतँ-लयाम्बर्त को 'ऋतु' जस्ता काव्यकृतिहरू प्रकाशित भए। 'बगैचा' र 'ऋतु'मा प्राकृतिक सौन्दर्य र काव्यात्मक वैभवको बदली प्रकृतिका गुणहरूको तर्कपूर्ण विवेचना रहेको पाइन्छ। शताब्दीको अन्त्यतिर आँन्द्रे र सेनियरका काव्य-रचनाहरू प्रकाशित पाइन्छन्।

यस युगका निबन्ध विधाका एक मात्र केन्द्रीय व्यक्तित्व मोन्तेँ देखिन्छन्। उनका विभिन्न निबन्धहरू परम्परागत समाज, सरकार र मनुष्यमाथि निकै समकालीन व्यङ्ग्य हानिएको पाइन्छ। यस कालमा दुःखान्त नाटकको रचना भए पनि तिनले सत्रौँ शताब्दीको उचाइ र गहिराइ पाउन सकेनन्। यस चरणमा लेखिएका दुःखान्त नाटकहरूले केवल मानवीय, पारिवारिक कारुणिक दुःखन्तलाई मात्रै हलुका रूपले चित्रण गरेको ठहर समालोचकहरूको छ। सुखान्त नाटकको

अवस्था त अझ  कमजोर रहेको बताइन्छ। फ्रान्सिस जोलिट द क्रेबिलले सुखान्त नाटकहरू लेखेका भए पनि ती नाटकहरू कमजोर देखिन्छन्। उनले 9 वटा जति गीतिनाटक लेखेको उल्लेख पाइए तापनि ती नाटकहरू केवल त्रासका कारण चर्चित भएका थिए, भनिन्छ। अठाह्रौँ शताब्दीका प्रथम उपन्यासकार अल रनल साज हुन्। उनको 'गिल ब्लास' चर्चित उपन्यास रहेको पाइन्छ। यस उपन्यासमा भ्रमणशील नायकको वर्णन पाइन्छ। भ्रमणशील नायकको यात्रा वर्णनलाई निकै रोजचकतापूर्वक प्रस्तुति गरिएकोले यो उपन्यास चर्चित हुन पुगेको देखिन्छ। नारी भवक्जले ‘द लाइफ अफ मारियाँ’ र ‘द अफ स्टार्ट विजन’ उपन्यास लेखेर चरित्रहरूको मनोविश्लेषणद्वारा औपन्यासिक विधामा थप योगदान पुऱ्याए। यसै समय लाब्बे प्रिभोस्तले विशाल आकारका उपन्यासहरू लेखेर अर्को एउटा उदाहरण प्रस्तत गरे। उनले ‘द हिस्टी अफ द चेमाली देस ग्रिअक्स एन्ड अफ म्यानना लेस्क्यू’ जस्तो विशाल काव्य उपन्यासमा डर लाग्लो वर्णन र आवेगमय प्रस्तुति छ। वास्तवमा यही डरलाग्दो चित्रण र आवेगमय धाराप्रवाहको प्रस्तुति शैलीका कारण यो। उपन्यास संसरकै उत्कृष्ट मानिएको पनि छ। यस युगमा जनप्रियता पाउने अनि सनसनी मच्चाउने उपन्यास  ‘मनो लेस्काउत’ देखिन्छ। यसका लेखक अबे अँत्वा फँस्वा थिए र यो उपन्यास रतिरागमा आधारित थियो। यस उपन्यासको लोकप्रियता देखेपछि यसलाई पनि उछिन्ने गरी चोदलले रतिरागकै विषयवस्तुलाई अँगालेर ‘खतरनाक सम्बन्ध’ उपन्यास लेखे।

फ्रान्समा अठाह्रौँ शताब्दीको युग 'विचार-प्रधान युग' भएकोले यस युगमा विचार प्रधान उपन्यासहरूको रचना हुनु पनि स्वभाविकै भयो। यसरी विचार प्रधान उपन्यासहरू लेख्ने उपन्यासकारहरूमा सन् 1757 मा प्रकाशित क्यान्डिड (Candid) -का लेखक भोल्तेयर पनि चर्चित छन्। यस उपन्यासले जर्मन दार्शनिक लिवनिजमाथि तिखो आक्रमण गरेको हुनाले वैचारिक-प्रधान उपन्यासमा यसको विशेष महत्त्व छ भन्ने समालोचकहरूको मत पाइन्छ। यसपछि, डेनिस दिदेरोका फ्याटलिस्ट जाक्रे तथा जोगिनी (nun) दुई स-साना उपन्यास यस्तै विचारप्रधान उपन्यासको शृङ्खलामा पर्दछन्। जिन जेक्युस रुसोको सन् 1761 मा प्रकाशित ‘हेल्वाइज उपन्यास’ (nouvelle Heloise) पनि एक सशक्त विचार प्रधान उपन्यासका रूपमा फ्रान्सेली साहित्यमा देखा पर्दछ। यस उपन्यासमा एक साधारण परिवारबाट आएका नायक पात्रले धनी समाजमा गरेको उन्नतिको भव्य चित्रण गरिएको छ। यस उपन्यासले चरित्र सृजना र विकासमा एउटा अपूर्व र महत्त्वपूर्ण विशिष्टता हासिल गरेको देखिन्छ। यसरी अठाह्रौँ शताब्दीको फ्रान्सेली

साहित्यमा उपन्यास विधा नयाँ प्रस्तुतिका साथ फैलिन सक्यो र केही खास उपलब्धि पनि प्राप्ति गऱ्यो भन्ने विद्वान्हरूको विचार पाइन्छ। यसका साथै यी उपन्यासहरूले उन्नाईसौँ शताब्दीका साहित्य-साधकहरू धेरैलाई प्रेरणा प्रदान गर्न सफल भूमिका निर्वाह गरेको पनि बताइन्छ। यसो भएको कारण अन्य विधाले निरन्तरता मात्रै पाएको समयमा उपन्यास विधाले एउटा नवीन पाटोलाई उघार्न, समाजलाई देखाउन सफल रहेको बुझिन्छ।

## च. उन्नाईसौँ शताब्दीको फ्रान्सेली साहित्य

उन्नाईसौँ शताब्दीमा फ्रान्सेली साहित्यको व्यापक विस्तार भयो। साहित्यले विभिन्न विधा र विभिन्न प्रवृत्तिहरू अँगाल्न पुग्यो। साहित्यको प्रवृत्ति र विशेषताका आधारमा हेर्दा यस कालको प्रारम्भका पाँच दसक स्वच्छन्दतावादी युगको बाहुल्यता रह्यो भने त्यपछिका पाँच दसकको समयमा यथार्थवाद र प्रतीकवादको बाहुल्यता रहन पुग्यो।

शताब्दीको पूर्वार्धको समयावधि फ्रान्सेली साहित्यमा देखापरेको स्वच्छन्दतावादी युग मानिएको छ। फ्रान्सेली स्वच्छन्दतावाद पनि अङ्ग्रेजी स्वच्छन्दतावादमैँ नवीन मूल्य र मान्यताका साथ देखा परेको देखिन्छ। रुसोको वैचारिक चिन्तन र जर्मनेली तथा अङ्ग्रेजी स्वच्छनदतावादी आन्दोलनले पनि फ्रान्सेली स्वच्छन्तावादलाई प्रभावित पारेको विद्वान्हरूको मत पाइन्छन्। वास्तवमा मल्हर्वको समयदेखि काव्य सृजनाका क्षेत्रमा बन्धन र छेकावारहरूलाई यस कालका कविहरूले भत्काइदिएका पाइन्छन्।

शास्त्रीयताको बन्दैजबाट मुक्त हुँदै नवीन लयहरू, नौला अनुप्रासहरू तथा नयाँ प्रयोगहरू लिएर कविहरू देखा पर्न थाले। शास्त्रीय साहित्यका नियम र बन्धनको थुप्रो थियो भने तियसको विरोध तथा स्वतन्त्रताको खोजी, मान्छेमा विश्वास, वैयक्तिक स्वतन्त्रताको चाहना, प्रकृतिप्रतिको प्रेम, प्राचीनताप्रतिको मोह तथा आस्था, रहस्यात्मकता, कल्पनाशीलता, विशादपूर्ण जीवनको चित्रण, विश्वबन्धुत्व, आवेगहरूको प्रस्फुटन, नयाँ भाषाको खोजी र निर्माण, मानवतावाद, पलायनवाद, विद्रोह र विरोधको स्वर, जस्ता प्रवृत्तिहरूलाई अएबका कविहरूले आत्मसात गर्दै फ्रान्सेली स्वच्छन्दतावादी साहित्य निर्माण गऱ्यो। भिक्टर ह्युगो, अल्फोस द लामार्टिन, अल्फेड द भिग्नी, मुसे जस्ता साहित्यकारले परस्परित शास्त्रीय छेकाबारबाट पूर्ण रूपमा मुक्त हुन कम्मर कसे। लामाटनको

'भेदितेसियो' र भिग्नीको 'भाग्यहरू' -ले वास्तवमा नयाँ जीवन-दर्शन प्रस्तुत गरेर स्वच्छन्दतावादी धाराको प्रवर्द्धन गर्ने काम गरेका थिए। ह्युगोका 'ओड र ब्यालेडहरू' र 'शरदका पातहरू' जस्ता काव्य-कृति (नाटक तथा उपन्यास) -ले यस युगको साहित्य निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

स्वच्छन्दतावादी युगमा उपन्यास, कविता, नाटक र कथा विधाको प्रशस्त रचना भएको पाइन्छ। यस युगको थालनीमा देखिएका फुँस्या रनेको आत्मकथामा आधारित 'अतला' र 'रने' यस युगका भावुकतापूर्ण उपन्यासहरू हुन्। यसै गरी मदाम द स्तेयलका नारीवादी उपन्यास 'डेल्फिन' र 'कोरिन' उपन्यासलाई फ्रान्सेली स्वच्छन्दतावादी साहित्यका (धाराका) पहिलो उपन्यास मानिन्छ। औपन्यासिक कौशल र भावुकतापूर्ण अभिव्यक्तिका कारण यी उपन्यासहरू फ्रान्सेली साहित्यमा लोकप्रिय बनेका छन्। नारीवादी चेतनाका दृष्टिले यी उपन्यासहरूमा सचेत नारीवादी नायिकाहरूको उपस्थिति पाइन्छ। यस कालका अन्य उपन्यासकारहरूमा जर्ज स्यान्ड र अलेकजेन्दर दुमा पेयर प्रमुख छन्। यस युगको धारामा कविता सृजनामा भिग्नी, भिक्टर ह्युगो र मुसे विशेष उल्लेख्य छन्। सहजता, तरलता प्रवाहशीलता र विस्तारशीलता जस्ता विशेषताहरूले यी कविका कविता ओतप्रोत भएका छन्। अङ्ग्रेजी र जर्मनेली स्वच्छन्दतावादी कविताका प्रवृत्तिलाई ग्रहण गर्दै यस कालको पद्य साहित्य अगाडि बढिरहेको पाइन्छ।

यस युगमा नाटककारहरू ह्युगो, भिग्नी, मुसे र अलेक्जेन्डर ए एल्डर प्रमुख देखिन्छन्। भिग्नी दुःखान्तकार हुन् भने एल्डरले कल्पना मिश्रित ऐतिहासिक नाटकहरू लेखेका पाइन्छन्। मुसे पाठ्य नाटकका दृष्टिले धेरै उल्लेख्य बन्न पुगेका नाटककार हुन्। नाटककार ह्युगो 'प्रेफस द क्रमबेल' र 'हनानी' जस्ता नाटकमा करूण रस र हास्य रसको समिश्रण गरेको रमाइलो शैलीमा लेखिएका उनका नाटकहरूका बारे शास्त्रयितावादीहरूले निकै आलोचना गरे। आलोचकहरूको चर्को आरोप खप्नु परे पनि ह्युगोका 'राइ ब्लास' (1838), मरियो दलोर्म (1832) जस्ता नाटकले आधुनिकतावादीहरूको पक्षलाई विजय गराएरै छाडे भन्ने समालोचकहरूको मत पाइन्छ। शास्त्रीयतावादीहरूले यथार्थता र मानवीय अन्तर्दृष्टिको कमी, सङ्गठनको दुर्बलता भएको भनी कडा आलोचना गरेका थिए। अलेक्जेन्डर दुआ पेयर 'आँतोनी', (1831) र नेसलको धरहरा, मुसेका 'प्रेमसँग ठट्टा हुन्न गर्नु' (Theatred art) (1834) पनि यस कालका उल्लेख्य स्वच्छन्दतावादी नाट्य कृति हुन्।

उन्नाईसौँ शताब्दीको उत्तरार्द्धमा सन् 1850 पछि यथार्थवादी साहित्यकारको लाम लाग्न थालेको पाइन्छ। स्वच्छन्दतावादलाई छाडेर यथार्थवादलाई अनुसरण गर्ने स्रष्टाहरूले पनि बेग्ला-बेग्लै प्रवृत्तिहरू अँगाले। जसमा यथार्थवादीहरू पनि दुई धारामा देखिएका थिए। एकथरी कलात्मक आग्रहका साथ यथार्थवादी आन्दोलनमा लागेका थिए भने अर्काथरी प्रकृतवादी यथार्थवादी आन्दोलनमा सक्रिय थिए। यथार्थवादी सम्प्रदायका मुख्य सदस्य गाउलिए थिए भने फलवर्ट यही विचारका नजिक रहेका थिए। यथार्थवाद- प्रकृतवादी सम्प्रदायको नेतृत्व गर्ने केन्द्रीय प्रतिभा एमिल जोला देखा पर्छन्। यथार्थवादको सूत्रपात बाल्जाक (1799-1850) ले बीसौँ वर्ष लगाएर रचना गरिएको 'मानवीय सुख -संयोग' (कमेडी) बाट नै प्रारम्भ भएको हो। यसले नै स्वच्छन्दतावादी परम्परामा नयाँ प्रवाहको सूत्रपात गऱ्यो। यस नयाँ प्रवाहलाई यथार्थवादको बल प्रदान गर्दै यथार्थवादको विकास र संवर्द्धन गर्ने कार्यमा गुस्ताभ फ्लबेयर (1821-1880) को योगदान पनि महत्त्वपूर्ण रहेको छ। गुस्ताभको ‘मदाम बोभरी (1857) र 'सलाम्बो' (1862) जस्ता उपन्यासहरूले यथार्थवादलाई निकै अगाडि बढाए। ‘मदाम बोभरी समकालीन समाजको पृष्टभूमिमा लेखिएको थियो भने 'सलाम्बो' ऐतिहासिक पृष्टभूमिमा लेखिएको उपन्यास हो। एमिल जोला (1840-1903) प्रकृतिवादका अधिष्ठाताका रूपमा चर्चित छन्। उनले ‘रुगो मकाँत’ आख्यानात्मक कृतिका माध्यमद्वारा एक वैज्ञानिक आयाम थपे। प्रकृतिवादी साहित्यको पक्षमा अल्फँस ददे देखा पर्छन् भने चर्चित कथाकार मोपासाँ (1850-1893) पनि यसै धाराका समर्थक देखा पर्छन्। प्रकृतिवादी परम्पराको प्रभुत्वकालमा अन्य उल्लेख्य धारामा मनोवैज्ञानिकवाद र नव-शास्त्रीयतावाद पनि देखा पर्दछन्। यस चरणमा स्वच्छन्दतावादी युगका कविहरूले पनि आफ्नो विषयवस्तु र शैलीमा सुधार गर्दै यथार्थवादी धारामा कविता लेखेको पाइन्छ। कविता लेखनका दृष्टिले ‘पर्नेसियन’-हरू र प्रतीकवादीहरूले पनि यस युगको कविता धारालाई अगाडि बढाएका छन्। 'कला कलाका लागि' भन्ने नारालाई कविताको आधार बनाउने कवि समूहलाई नै 'पर्नेसिएन' भन्ने गरिन्थ्यो। निर्वैयक्तिक र सत्यप्रति निष्ठावान् हुनुपर्छ भन्न 'पर्नेसिएन' को मूल-मन्त्र थियो। यस प्रकारका कविहरूमध्ये लिसले, हेदिदा, सुली प्रदो र तथा चार्ल्स वोदलेयर चर्चित छन्। प्रतीकवादी परम्पराको थालनी जे. के. हाइसम (1848- 1941) को 'निमकको विरुद्ध' उपन्यासबाट भएको मानिन्छ र यसलाई अगाडि बढाउने साहित्यकारहरूमा हेनरो अलै फनिये (1886-1914) र ज्यँ गिरोदो (1882-1944) जस्ता उपन्यासकार चर्चित छन्। प्रतीकवादी कविका

रूपमा भने पाउल मलाइन, आर्थर रिम्बाई, स्टेफेन मलार्मे आदि कवि र उनका कृतिहरू देखापर्छन्। वास्तवमा फ्रान्सेली प्रतीकवादी आन्दोलन फ्लुवर्ट र मोपासाँको नरम, निराशाजन्य र सामान्य यथार्थको प्रतिक्रिया स्वरूप जन्मेको हो भन्ने मानिन्छ। यी प्रतिकवादी कविहरूले आफ्ना कवितामा रहस्य, मृदुता, सङ्गीतात्मकता, आवेगमयता, हार्दिकता र उदासिनता जस्ता पक्षलाई कविताको विषयवस्तु र अभिव्यक्तिको माध्यम बनाएको देखिन्छ। यी विषयवस्तुको प्रस्तुति हुनु नै प्रतीकवादी कविका विशेषता हुन्। यसरी उनाईसौँ शताब्दीको फ्रान्सेली साहित्यमा विभिन्न वादहरूको जन्म र विकास भएको पाइन्छ। पूर्वपरम्परित मूल्य र मान्यता तथा शास्त्रीयताका बन्धनहरू भत्काउँदै नवीन धाराको प्रवाह ल्याउन सक्नु यस युगको महत्त्वपूर्ण उपलब्धि हो।

स्वच्छन्दतावाद, यथार्थवाद, प्रतीकवाद, मानवतावाद, पलायनवाद जस्ता विविध प्रवृत्तिहरूका भावनामूलक निबन्धका प्रवर्तकका रूपमा परिचित मोन्तेँलाई र Essaies पुस्तकको आधारमा विश्वमा नै कीर्तिमान प्राप्त भएको पाइन्छ। आफ्ना गद्य रचनाहरूमा देख्न पाइने मोन्तेँको अर्को विशेष वैशिष्ट्य हो- संस्मरणमूलक शैलीको प्रयोग। संस्मरणात्मक र आत्मपरक शैलीकै कारण तिनका गद्य रचनाहरू प्रभावकारी र पठनीय बन्न पुगेका देखिन्छन्। विश्व साहित्यकै प्रायः जसो आधुनिक गद्यकारहरूलाई मोन्तेको निबन्धकारिताको प्रभाव सततः परेको तथ्यलाई अधिकांश विद्वान्हरूले स्विकार्दछन्। नेपाली साहित्यका सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, हृदयचन्द्रसिंह, कृष्णचन्द्रसिंह प्धान प्रभृति निबन्धकारितामा मोन्तेँको निबन्धकारिताको अप्रत्यक्ष रूपमा प्रेरणा र प्रभाव भएर रहेको सम्भावनालाई स्वीकार्न सकिन्छ। अतः गद्य लेखन तथा निबन्धका क्षेत्रमा आफ्नो विशेष योगदानको फलस्वरूप मोन्तेँ चिरस्मरणीय बन्न पुगेका छन्।

## छ. बीसौँ शताब्दीको फ्रान्सेली साहित्य

व्यापकता र नवीनताको स्वाद फ्रान्सेली साहित्यले उनाईसौँ शताब्दी मै चाखिसकेको थियो भने बीसौ शताब्दीमा अझ नौला नौला परिपाटीहरू र विचारधाराहरूको प्रभाव कथा, उपन्यास, नाटक र कविताहरूमा देख्न पायो। काव्य तथा गद्य साहित्यलाई व्यापक रूपमा यसले छोएको देखिन्छ।

प्रथम विश्व युद्ध र द्वितीय विश्व-युद्धको समय रहेको यो युगमा विश्व साहित्यकै एकआपसमा आदान-प्रदान हुनु स्वभाविक थियो। विशेष गरी राजनैतिक द्वन्द्व र पूँजीवादी विकास, जर्मन सैन्यवाद, भाववादी दर्शन, फ्रायडेली मनोविज्ञान, मार्क्सको समाजवादी दर्शन र रुसको अक्टोबर क्रान्ति र समाजवादी व्यवस्थाको स्थापना जस्ता घटनाहरूको प्रभाव फ्रान्सेली साहित्यमा पर्नु स्वभाविकै थियो। प्रकृतवादी र प्रतीकवादी आन्दोलनको घट्दो प्रभावसँगै फ्रान्समा नव-स्वच्छन्तावाद र भविष्यवाद जस्ता नवीन आन्दोलन सुरु भयो। यी आन्दोलनहरूले साहित्यको क्षेत्रमा केही प्रभाव परेकै पाइन्छ। प्रथम तथा दोस्रो विश्वयुद्धका नरसंहारकारी घटनाले गर्दा राष्ट्रियता देशभक्ति, आशावादी जस्ता प्रवृत्ति पनि यस कालमा देखा परे। कृतिपय फ्रान्सेली साहित्यकारहरूले अध्यात्मवाद र रहस्यवादलाई पनि साहित्यको विषयवस्तु बनाउन थाले। युद्ध र युद्धबाट सिर्जित नरसंहारका कारण सामाजिक, राजनैतिक उदासिनताले पनि फ्रान्सेली बुद्धिजीवीहरू प्रभावित भए जसले गर्दा फ्रान्समा विसङ्गतिवादी अस्तित्ववादी आन्दोलन प्रभावकारी रूपमा देखापऱ्यो। बीसौँ शताब्दीका प्रारम्भका छ दशकमा उपन्यास, नाटक र कविता विधामा सर्जकहरू बढी सक्रिय रहेका थिए। यस कालमा मनोवैज्ञानिक व्यङग्यात्मक, बौद्धिक, सामाजिक-राजनैतिक र अस्तित्ववादी उपन्यासहरूको रचना भएको पाइन्छ। 'हराएका युगहरूको खोज' उपन्यासले प्रथम विश्वयुद्ध अघिको फ्रान्सेली समसायिक, सामाजिक इतिहासलाई छर्लङ पारेको छ। मार्सल प्राउस्टको भावना प्रवलता, कथा -शिल्पकारिता र मौलिकताको चमत्कारी सम्मिश्रणले यो 'हराएका युगहरूको खोज' उपन्यास अत्यन्त चर्चित रह्यो। सिपाही, राजनीतिज्ञ तथा इतिहासकार आन्द्रे माल्रो पनि क्रान्ति तथा युद्ध सम्बन्धी बीसौँ शताब्दीका अनुभवहरू लिएर आफ्नो उपन्यासमा देखा पर्छन्। उनको 'मानिसको अवस्था' (1933) र 'मानव-अकाङ्क्षा' (1937) दुई उपन्यासले मानव मनका अन्तर-कुन्तरलाई चित्रण गरेका छन्। पियरे लोलीले मनोरञ्जनात्मक उपन्यास लेखे भने आनातले फ्रान्सले व्यङ्ग्यात्मक उपन्यासहरू लेखेको पाइन्छ। रोमा रोलाँ बौद्धिक उपन्यासकारको रूपमा देखापरे भने अल्वेयर कामु (1913-1960)- ले जर्मनीद्वारा जकडिएको फ्रान्सको पीडित आत्माको अभिव्यक्ति दिए। कामुका 'पराई' (1942), 'महामारी' (1947) 'पतन' (1957) जस्ता उपन्यासहरूले आधुनिकताका विविध पक्षहरूलाई विविध कोणबाट उपस्थित गरेका छन्। यसरी उपन्यासका क्षेत्रमा पुरानो परिपाटी रहे पनि नयाँ  नयाँ प्रयोगहरू भइरहे। उद्देश्यहीनताले ग्रसित मानव जीवनको

Notes

विश्लेषण र व्याख्या गरेर कामुले उपन्यासमा नयाँ उचाइँ थपे भने कृतिपयले उपन्यासको सङ्गठन र भाषामा पनि नयाँ प्रयोग थप्न सहयोग पुऱ्याए। यस कालका चर्चित नाटककार क्लाउडे हुन्। उनले सामाजिक र राजनैतिक नाटकहरू लेखेका छन्। सन् 1913 मा प्राचीन खोपीको रङ्गमञ्च स्थापना गर्ने ज्याक कोप्युले उद्वेगरहित र सरल अभिनयका तरिकाहरूको प्रयोगशालाका रूपमा रङ्गमञ्चलाई प्रयोग गर्ने परिपाटी बसाए। उनैका सहयोगी लुइ जमे र चार्ल्स दलाँले आफ्नै थिएटरको स्थापना गरी आधुनिक नाटकहरूलाई वैयक्तिक र कलात्मक रूपमा प्रस्तुत गर्न थाले। आधुनिक नाटकलाई मात्र होइन प्राचीन नाटकहरूलाई पनि नयाँ तरिकाले प्रस्तुत गर्न थालेपछि यस समयमा एउटा हलचल नै आएको पाइन्छ। मनोवैज्ञानिक विश्लेषण नाटक 'दक्षिण' र 'सत्र' (1953 र 1954) प्रकाशित गरेर नाटककार जुलिये ग्रीले यस युगलाई अझ अगाडि बढाए।

दोस्रो विश्वयुद्धपछि विश्वभरि मान्छेले मान्छे हुनुको अस्तित्व खोज्न थाल्यो। कुकुर – बिरालोसरह युद्धमा मान्छे मारिएको, मान्छेलाई मान्छेले न गनेको देखेर अस्तित्ववादी विचारले जन्म लियो। युद्धको विभीषिका र जीवनको विसङ्गत पक्षको चित्रण अस्तित्वादी साहित्यको मूल प्रवृत्ति हो। यसले साहित्यलाई पनि अछुतो राख्न सकेन। फ्रान्सेली साहित्यमा पनि अस्तित्ववादी आन्दोलन प्रारम्भ भयो। सार्त्र र कामु यस आन्दोलनका अगुवा चिन्तक र स्रष्टा भए। सिमोन द बुवाको 'The second sex' -ले नारी अस्तित्वका सशक्तता प्रस्तुत गऱ्यो। 'अल्सेद एन्ड डोन' -ले लेखककै आत्मजीवनीलाई प्रस्तुत गऱ्यो। अस्तित्ववादी सार्त्र (1905) र अल्वेयर कामु (1913-60) ले 'एब्सट रङगमञ्च' नाटक नाट्य आन्दोलनको नेतृत्व नै गरेको पाइन्छ। यस आन्दोलनका केन्द्रीय नाटककार स्यामुयल बेकेट देखिन्छन्। उनले लेखेको 'गोदोको प्रतीक्षा' यस परम्पराको चर्चित नाटक हो। यस कालका सबैभन्दा चर्चित कवि पलभालेरी देखिन्छन्। उनले आफ्ना कवितामा बीसौँ शताब्दिका अनुभूतिहरूलाई चित्रण गरेका छन्। अर्का कवि आन्द्रे बैँतोले अतियथार्थवादी काव्यधाराको आमन्त्रण गर्दै यसको नेतृत्व समेत दिए यो धारालाई सहयोग पुराउने अर्का कवि बैँतोकै सहयोगी एल्वर्ड थिए जसले अतियथार्थवादी काव्यकारालाई अघि बढाउने काम गरे। यसरी बीसौँ शताब्दीको फ्रान्सेली साहित्य विविध विधामा बेग्ला -बेग्लै नयाँ नयाँ प्रयोगात्मक र स्थापित प्रवृतिहरू लिएर विकसित भएको पाइन्छ।

## ज. समकालीन फ्रान्सेली साहित्य

सन् 1960 देखि यताका समयमा पूर्ववर्ती साहित्यकारका कृतिहरू देखा परिरहन्छन् भने नयाँ नयाँ साहित्यकार पनि जन्मिरहेका छन्। यस समयको फ्रान्सेली साहित्यमा काम, आन्द्रे बेतो, सार्त्र, सिमोन दि बुवा जस्ता अस्तित्ववादीहरूको प्रभाव पनि 1960 को दशकसम्म रहिरहेको पाइन्छ। यसको साथै फलवर्ट र बोदलेयरसम्मको आंशिक प्रभाव कायमै देखिन्छ। यस समयको फ्रान्सेली साहित्यको निर्माणमा संरचनावाद र उत्तरसंरचनावादको विशेष प्रभाव पाइन्छ। यसका साथै यस युगमा विशेष ध्यान आकर्षण गर्न सक्षम आन्दोलन वा दिशा-निर्देशहरूमा 'एन्टी-थिएटर' र 'एन्टी नोभेल' जस्ता प्रवृत्तिहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। नाटकहरूको रङ्गमञ्चमा Mythlike र रहस्यात्मक गुणहरूको प्रक्षेपण गर्ने परिपाटीको विकास भइरहेको पाइन्छ। अँतोनी आर्टन्ड (Antonin Artand) को 'निष्ठतावादी थिएटर' निक्कै प्रसिद्ध हुँदै फ्रान्सेली साहित्य अघि बढिरहेको देखिन्छ। समकालीन फ्रान्सेली साहित्यमा रोलाँ बार्थ, ज्याँ बुलिआर्ट, हेलेन सिक्सस, ज्याक डेरिडा, माइकल फुको, ज्याक लकान र फन्सिस ल्योतार्क जस्ता चिन्तकहरूका विशेष प्रभाव भेटिन्छन्।

विधाका दृष्टिले उपन्यास विधा धेरै मौलाएको फ्रान्सेली साहित्यको यस कालमा परम्परागत औपन्यासिक शैलीलाई तोड्दै उपन्यासहरू देखा परे। वास्तवमा यो विधा उत्तर आधुनिक युगको नवीन प्राप्ति देखिन्छ। रिकार्डो, ग्रिनेर, ओलिभर जस्ता उपन्यासकारहरू नयाँ आख्यानत्मक शैलीका निर्माता देखिन्छन् जसले नवीन प्राप्तिलाई सशक्त रूपमा प्रविष्ट गरेका छन्। यस समयमा नाटक, उपन्यास जस्तै कविता पनि लेखिएका छन्। विश्वका अन्य साहित्यले हिँडिरहेको बाटोहरू अप्राउनेदेखि विश्व साहित्यलाई नै नयाँ बाटो दिने काम फ्रान्सेली साहित्यबाट भएको छ। यसर्थ विश्व साहित्यमा फ्रान्सेली साहित्य महत्त्वपूर्ण अङ्ग बन्न सकेको छ।

## 10.2. आख्यानकार बाल्जाक (1799–1890)

बाल्जाकलाई फ्रान्सेली याथार्थवादका पिता मानिन्छ। उनी एक सशक्त यथार्थवादी आख्यानकार हन्। उनले झन्डै 13 वर्षसम्म विभिन्न छद्म नामबाट अनेकौँ बजारमुखी उपन्यासहरू लेखे जसले साहित्यिक तथा औपन्यासिक सहत्व

राख्दैनन् भन्ने उल्लेख पाइन्छ। तर बाल्जाकले 'लेसुआँ' उपन्यास सन् 1829 मा प्रकाशमा आएपछि उनी उपन्यासकारको रूपमा स्थापित बने। यस कृतिलाई नै उनको पहिलो उत्कृष्ट उपन्यास मानिएको छ। फ्रान्सेली क्रान्तिपूर्वको समाजमा प्रेम, पैसा र शक्तिको प्रभाव कस्तो थियो भन्ने विषय यस उपन्यासमा खुलस्त र व्यापक वर्णन गरिएको पाइन्छ। उनले यस उपन्यासमा समसामयिक फ्रान्सको वास्तविक यथार्थलाई जस्ताको तस्तै रूपमा उतारेका छन्। उपन्यासकार बाल्जाकका धेरै आख्यानात्मक कृति मध्ये 'ह्युमन कमेडी' सर्वाधिक चर्चित र लोकप्रिय उपन्यास हो। यस उपन्यासले उनलाई फ्रान्समा मात्रै लोकप्रिय बनाएन। यसले विश्वकै चर्चित उपन्यासकारका रूपमा उनलाई परिचित बनाएको छ। फ्रान्सेली समाजको सूक्ष्म अध्ययन र विश्लेषण गरेर लेखिएको यस उपन्यासमा जीवनका लगभग एक दशक खर्चेका छन्। यस उपन्यासमा बाल्जाकले फ्रान्सेली संस्कृति, परम्परा र दर्शनको धेरै राम्रो तरिकाले वर्णन गरेका छन्। लगभग चार लाख शब्द, दुई हजार चरित्र र पन्चानब्बे शीर्षक भएको विशालकाय यस उपन्यासले फ्रान्सेली सामन्ती समाजको सजीव चित्राङ्कन प्रस्तुत गर्न सफल भएको छ। फ्रान्सेली सामान्ती समाजको सजीव चित्रण गर्दै बाल्जाकले त्यस समाजको पतनको सम्भावनालाई कलात्मक रूपमा सङ्केत गरेका छन्। यस उपन्यासमा उनले प्रेम, राजनीति र सङ्घर्ष आदिको विस्तृत र सूक्ष्म वर्णन गर्दै फ्रान्सेली समाजको ऐना देखाएका छन्।

उन्नाईसौँ शताब्दीको फ्रान्सेली समाजको यथार्थ बाल्जाकका उपन्यासको यथार्थ बनेको देखिन्छ। सत्यको अभिव्यक्ति, विभिन्न प्रकारका भौतिक पक्षको प्रस्तुति, वैज्ञानिक दृष्टिविन्दु, यथार्थको सचेत आयातन, फ्रान्सेली समाजको विश्वकोशीय गहिराइ, प्रजातान्त्रिक चाहना र सामाजिक पक्षको रुचिपूर्ण चित्रणका कारण बाल्जाक उन्नाईसौँ शताब्दीकै उत्कृष्ट यथार्थवादी उपन्यासकार मानिन्छन् भनी उल्लेख गरिएको पाइन्छ। उपन्यास लेखनको शैलीका कोणबाट हेर्दा उनी वर्णनात्मक शैलीका रचनाकार देखिन्छन्। उनले चयन गरेको विषयवस्तु र त्यसको मर्मलाई हेर्दा शैली वर्णनात्मक हुनु पनि स्वाभाविकै देखिन्छ। तर यही वर्णनात्माकतका कारण उनी समालोचकको झम्टाइमा पनि परे। त्यसैले बाल्जाक राम्रो लेख्दैनन् वा उनको शैली राम्रो छैन भन्ने धारणा पनि सुन्न पाइन्छ। यति चर्चा र विरोध तथा आलोचना हुँदाहुँदै पनि बाल्जाक फ्रान्सेली समाजका सजीव र सशक्त चित्राङ्कनकर्ता हुन् भन्ने कुरामा सबैको सहमति भएको पाइन्छ। कमजोडीका रूपमा उपन्यासको कथानकमा एक प्रकारको जटिलता देखिन्छ

भने अतिशय वर्णनले अर्को जटिलता थपेको पाइन्छ। उपन्यासको भद्दापन र ठाउँ-ठाउँमा देखिने अश्लीलता र अशिष्टताले बाल्जाकको व्यक्तित्वमै धक्का पुऱ्याएको छ। उपन्यास देखिने एक रसता र अनावश्यक गनथन अनि उतार - चढावले पनि पाठकलाई मर्माहत पारिरहेको अवस्थामा अन्धविश्वास र पात्रीय बहुलताले विशाल बोझको अनुभव गराइरहेको देखिन्छ। यस प्रकारका कमजोरी उनका उपन्यासमा देखिए पनि यथार्थको विराट अभिव्यक्तिका कारण उपन्यास उत्कृष्ट मानिन्छन्।

केही कमजोरी पक्षहरू देखापरे पनि उपन्यासमा देखिएका घटनाहरू अत्यन्त रोचक र आकर्षक छन्। घटनाहरू जति रोचक छन् त्यति नै वर्णन पनि आकर्षक रहेको पाइन्छ। उनले आफ्ना उपन्यासमा जीवनका निराशा र व सौन्दर्यहीनताको वर्णन अत्यन्त सशक्त रूपमा गरेका छन्। समाजका सबै वर्गका चरित्रलाई उनले उपन्यासमा उपस्थित गराएको पाइन्छ। डाक्टर, वकिल, पुजारी, कलाकार, पत्रकार, व्यापारी, उद्योगपति, कर्मचारी, मालिक, नोकर, किसान, मजदुर, राजनितिज्ञ र श्रमजीवी आदि चरित्रको उपस्थितिको संयोजन गरी उनीहरूका विचार, व्यवहार, नीति र दृष्टिकोणको आधारमा सबै वर्गको आपसी सम्बन्धलाई पनि उपन्यासमा वर्णन गरेको देखिन्छ। यसरी उपन्यासमा समाजका सम्पूर्ण वर्ग र तहका आनीबानी तथा स्वभाव र व्यवहारलाई विस्तृत रूपमा उतार्न धैर्य राख्ने उपन्यासकार बाल्जाक उन्नाईसौँ शताब्दीको उत्तरार्धको केन्द्रीय आख्यानकार हुन्। सामाजिक जीवनको सूक्ष्म विश्लेषण र अभिजात वर्गीय जीवनको चित्रण गर्ने बाल्जाकले उपन्यासका माध्यमहरूको आकर्षक प्रस्तुति, कथानको विस्तृतता, हेराइमा सुक्ष्मता जस्ता कुराले बाल्जाकको आख्यानकारिता जीवनको बास्तविकतालाई हेर्ने महत्त्वपूर्ण कलात्मक अभिव्यक्ति बन्न पुगेको देखिन्छ। यसरी अभिजात वर्गको वर्गीय मनोविश्लेषण गर्ने उपन्यासकार बाल्जाकले उनीहरूको मजोविज्ञानको चित्रण मात्र गरेका छैनन् बरु उनीहरूको पतनको पनि कलात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन्। कुनै पनि वस्तु वा स्थानको वर्णनभन्दा पात्र चरित्रको उद्‌घाटनमा धेरै जोड दिने। उपन्यासकारले आफ्नो सबै उपन्यासमा प्रथम दृष्टिविन्दुको प्रयोग गरेको पाइन्छ। प्रथम पुरुषको प्रयोगले कथानकलाई अझ यथार्थिक रूप दिन सहयोग पऱ्याएको छ। बाल्जाक उनै सफलतालाई अँगाल्दै फ्रान्सेली साहित्यको उन्नाईसौँ शताब्दीका यथार्थवादी आख्यानकारका पिता बनेका देखिन्छन्।

## 10.3.कथाकार मोपाँसा (1850 1893)

हेनरी रेगे अल्बर्ट गाय दि मोपाँसा पुरा नाम भए पनि साहित्य क्षेत्रमा 'मोपाँसा' नाउले सर्वाधिक चर्चित रहेका पाइन्छन्। सानै उमेरमा माता-पिताको स्नेहबाट बञ्चित रहेका मोपाँसाका बाल्यकाल र युवावस्था घनिष्ठ आफन्त र बाजेबोजूका रेखदेखमा बितेको थाहा पाइन्छ। चञ्चल स्वभाव भएका मोपाँसाले सानैदेखि आफ्नो देश फ्रान्स र विदेशका विभिन्न ठाउँहरूको भ्रमण गरेका थिए। साहित्यमा विशेष अध्ययनशील मोपाँसा उपन्यास र कथा पढ्न रुचाउँथे। आफ्ना अग्रज साहित्यकारहरूका मोपाँसाले रचनाहरूबाट प्रेरित विशेष उपन्यास र कथामा प्रसिद्धि पाएका देखिन्छन्।

## 10.4.मोपाँसा साहित्यिक कृति

**उपन्यास**

1. A women's life (1880)
2. Bel- ami (883)
3. Pierre un Jean (1884)

**कथा**

1. Selected short stories (1880-84)

'A women's life' उपन्यास लेखी विश्व चर्चित भएका मोपाँसाले सो उपन्यासमा नारी मनोविज्ञानलाई प्रशस्त रूपमा र सहज रूपमा चित्रण गरेका देखिन्छन्। जेना नाम गरेकी एउटी नारीको दुःखपूर्ण जीवनको मार्मिक कथा यसमा पाइन्छ। जेनीको आफ्नो जीवन किशोरी अवस्थादेखि दुर्भाग्य हुन पुगेको, युवती हुँदा माता पिताको असामायिक मृत्यु भएर कठोरबन घात सहन परेको जस्ता घटनाहरू उपन्यासकारले अत्यन्त सहज उनमा प्रस्तुत गरेका देखिन्छन्। यसबाहेक मोपाँसाले आफ्नो विभिन्न ठाउँको यात्रा अनुभव, नदी किनारमा बस्ने मानिसहरूको एक प्रकारको जनजीवनको सजीव झाँकी पनि प्रस्तुत गरेको देख्न पाइन्छ। अनको उपन्यास 'Bel-Ami' मा सामाजिक र मनोवैज्ञानिक विचारधारालाई औपन्यासिक महत्त्व दिएको थाहा पाइन्छ। उपन्यास 'Pierre and Jean' मा दुई युगलको प्रेम सम्बन्ध साथै घरेलु विवाह आदिको वर्णन चित्रण गरेको पाइन्छ। 'A Women' उपन्यासलाई मोपाँसाको उपन्यासकारिताको परिचायक

मानिन्छ। मोपाँसाले 'Selected short stories' भित्र थुप्रै लघुकथाको समावेश गरेका छन्, जस अन्तर्गत विश्व चर्चित कथाहरू परेका छन्। मोपाँसाले उपन्यास लेखेर साहित्य क्षेत्रमा पदार्पण गरेको पाइन्छ। उक्त कृतिहरूको आधारमा मोपाँसाका साहित्यिक व्यक्तित्व उपन्यासकार र कथाकार नै हो भन्ने देखिन्छ। कथाकार मोपाँसालाई आधुनिक कथाका निर्माता मानिन्छ। उन्नाईसौँ शताब्दीको फ्रान्सेली यथार्थवादी कथाधाराका अगुवा कथाकार मोपाँसाले उपन्यासहरू पनि लेखेका छन्। यसरी कथा र उपन्यास जस्ता आध्यानात्मक विधामा कलम चलाउने मोपाँसाका कृतिहरूलाई विषयवस्तुका आधारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ।

### क. नोरमान्डी सम्बन्धी आख्यानहरू

नोरमान्डीका किसान र तल्लो वर्गका जनताका विषयमा लेखिएका आख्यानात्मक कृतिहरूलाई यस अन्तर्गतका आख्यानमा राखिएको छ। यो कृतिहरूमा नोरमान्डी किसान तथा निम्न वर्गका अर्थहीनता, अज्ञेयता, पाश्विकता, विवेकशीलता र सङ्कीर्णता जस्ता विषयवस्तुको धेरै राम्रोसँग चित्रण गरिएको पाइन्छ। यस अन्तर्गत 'द लिटिल केग' कथासङग्रह र 'वन लाइफ'- जस्ता उपन्यास पर्दछन्।

### ख. फ्रान्स र पर्सियाली युद्धसम्बन्धी आख्यानहरू

यस अन्तर्गत उनका 'टेलोबल', 'द प्रिजनर्स' 'ट फ्रेन्ड्स' जस्ता कथासङग्रह देखा पर्छन्। यी कथाहरूमा मोपाँसाले फ्रान्स र पर्सिया बिच युद्ध हुँदाका समयमा घटित घटनाहरूलाई कथाको विषयवस्तु बनाएका छन्। फ्रान्सको सेना र जनतामा देखिएको देशभक्ति तथा राष्ट्रिय भावनालाई उनले आफ्ना कथामा चित्रण गरेका छन्। युद्धका राप र तापले समाजमा पारेको प्रभावको सकारात्मक र नकारात्मक दुवै पक्षलाई विश्लेषण र चित्रण गर्ने काम यी कथाहरूले गरेका छन्।

### ग. पेरिसका उच्चवर्गीय जीवन सम्बन्धी आख्यानहरू

यस अन्तर्गत उनका थुप्रै कथाहरू पर्ने भए पनि सबैभन्दा चर्चित कथा 'द नेकलेस' हो। यस कथामा मनुष्यको भाग्यमाथि व्यङ्ग्य गर्दै पेरिसवासीको

जीवनगाथाको झलक दिइएको छ। यस अन्तर्गतका कथाहरूमा पेरिसका उच्चवर्गहरूको जीवन शैली र दिनचर्याका अवस्थाको झलक पाइन्छ।

पेरिसका उच्च वर्गीय समुदाय वा समाजका आख्यानहरू पेरिसका उच्चवर्गीय महिलाहरूसँग सम्बन्धित छन्। अर्थात् जुन कथाले पेरिसका महिलाहरूको जीवन स्थितिको चित्रण र विश्लेषण गरेका छन्। ती कथाहरू यस समूह अन्तर्गत पर्दछन्। फ्रान्सेली उच्च वर्गको सामाजिक अवस्था र उनीहरूको छलकपट तथा प्रपञ्चको यथार्थिक र घतलाग्दो वर्णन यी आख्यानहरूमा पाइन्छ। यस प्रकारको उत्कृष्ट कथामा उनको 'प्राइन फ्रेन्ड' -लाई लिन सकिन्छ।

## घ. यात्रा सम्बन्धी आख्यानहरू

स्वयं आख्यानकारले इटाली र अफ्रिकाको भ्रमण गर्ने क्रममा आफूले देखेका र भोगेका सुख-दुःखका अविस्मरणीय घटनालाई आख्यानको विषयवस्तु बनाइएको छ। यात्रा सम्बन्धी यस्ता आख्यानहरूमा इटाली र अफ्रिकाका कृतिपय वास्तविकतालाई पनि चित्रण गरिएको पाइन्छ।

## ङ. अलौकिक कथा र पागलपन भएका आख्यानहरू

मोपाँसाका यस्ता आख्यानहरू आफ्नै पागलपन र डरमा तथा त्रासमा आधारित छन्। यस प्रकारका आख्यानहरूमा चर्चित र उत्कृष्ट रचनाका रूपमा 'डर' 'पागल मान्छे' 'द फोर्पस' 'द होर्ला' आदि लिन सकिन्छ। यस प्रकारका आख्यानहरूमा स्वयं रचनाकारले आफैलाई उभ्याए झैँ देखिन्छ। तै पनि यस्ता कथाहरूमा पागलपन र उसका क्रियाकलापको यथार्थिक वर्णन पाइन्छ। यस प्रकारका कथामा मोपाँसालाई फल्बर्टको यथार्थवादी शैलीको गहिरो प्रभाव परेको देखिएको समालोचकहरूको भनाइ पाइन्छ। मोपाँसाले फ्रान्सेली कथाको यथार्थवादी धारालाई अगाडि बढाउने र विकास गर्ने कार्यमा महत्त्वपूर्ण योगदान गरे यथार्थवादलाई कुशलता पूर्वक कथामा प्रयोग गर्ने अत्यन्त सचेत र स्पष्ट कथाकारका मोपाँसालाई चिनिएको छ। उनको शैली पूर्ण वस्तुपरक र नाटकीय भएकोले आख्यानलाई एक प्रकारको नवीनता प्राप्त भएको छ। आख्यानको भाषालाई हेर्दा भने उनको आफ्नै निजी विशेषता रहेको पाइन्छ। कथामा अत्यन्त सजीव, सटीक, स्वाभाविक, पात्रानुकूल, शिष्ट र कहिलेकाहीँ कुनै कुनै कथामा कटु भाषाको प्रयोग गर्नु उनका आख्यानको भाषिक विशेषता देखिन्छ। थोरै विषयवस्तुको उपस्थितिमा सरल भाषाका माध्यमद्वारा कथानकको विकास गरी

आकर्षक अभिव्यक्ति दिनु उनको आफ्नै विशेषता हो। अत्यावश्यक परिवेश र चरित्रको उपस्थिति गराएर कथाको विकास गर्नु उनको कथाको संरचनागत वैशिष्ट्य देखिन्छ।

मोपासाँका विषय-वस्तु र शिल्पशैली दुवैमा समान र उत्कृष्ट मानिन्छ। विश्वका विभिन्न भाषामा मोपाँसाको कथाहरू अनुदित, रूपान्तरित र अनुकूलित भएको देखिन्छ। विश्वका कथा साहित्यमा मोपाँसाका कथाहरूको प्रभाव अक्षुण्ण रहेन। भारतीय भाषाका हिन्दी, बङ्गला र नेपाली भाषामा पनि ती कथाहरू अनूदित पाइन्छ। तीन सयभन्दा अधिक कथाहरू लेखेर मोपाँसाले विश्व कथा साहित्यका क्षेत्रमा नयाँ कीर्तिमान नै कायम गरेका छन्। नेपाली साहित्यमा शिवकुमार राई, विश्वेश्वरप्रसाद कोइराला, इन्द्र सुन्दास, नन्द हाङखिम आदि कथाकारहरू मोपाँसाका कथकारिताबाट प्रभावित रहेका पाइन्छन्। उनका कृतिपय कथाहरू लैनसिंह बाङ्देल, टेकबहादुर खत्री, गुप्त प्रधान, इद्र सुन्दास आदिले विभिन्न ठाउँमा अनुवाद र रूपान्तर गरी चर्चामा ल्याएका दखिन्छन्। मोपाँसाका अधिकांश कथाले विश्वसाहित्यमा लघुकथा लेखन र क्षेत्रमा प्रभाव पारेको देख्न पाइन्छ। फ्रान्सेली साहित्यमा मात्र नभएर विश्व साहित्यमा नै सफल उपन्यासकार र विशिष्ट कथाकारको रूपमा मोपाँसाका साहित्यिक योगदान अविस्मरणीय रहेको छ।

## 10.5.वाल्ट व्हिट्म्यान (1819–1892) –को साहित्यिक परिचय

अमेरिकामा जन्मिएका वाल्ट व्हिट्म्यान अमेरिकी साहित्यका चर्चित र विशिष्ट कवि हुन्। निम्न मध्यम वर्गीय परिवारका आमा लुसा र बाबु वाल्टर व्हिट्म्यानका छोराका रूपमा जन्मिएका व्हिट्म्यानको बाल्यकाल दुःखमय रहेको पाइन्छ। उनका बाबुको पेशा किसान र सिकर्मी थियो। 11 वर्षको उमेरदेखि विद्यालयको पढाई छोडी आफ्ना बाबुको काममा सहयोग पुयाउँदै आएका वाल्ट व्हिट्म्यानले बीस वर्षको उमेरदेखि छत्तीस वर्षसम्मको उमेर झन्डै सोह्र वर्षसम्म मुद्रणको काम गरेका थिए। पत्र-पत्रिकामा छपाइको काम गरेका वाल्टले स्कुलमा पढाउने र पत्रिकाको सम्पादन गर्दागर्दै र उनका सम्पादकीय लेखहरूले उनको साहित्यिक लेखनको ढोका खोलिदियो भन्ने समालोचकहरूको भनाइ पाइन्छ।

उनले "इगल" नामको पत्रिकाको सम्पादन गर्दा निकै कटाक्षपूर्ण र प्रजातान्त्रिक पक्षधर सम्पादकीय लेखेका हुनाले त्यहाँबाट हात धुनुपरेको सुनिन्छ। यिनी प्रजातन्त्रका ठुला समर्थक थिए र पत्रिका पनि प्रजातन्त्रवादीहरूको प्रतिनिधि पत्रिका थियो। तैपनि उनले आफ्नो जागिर जोगाउन सकेनन्। उनी केही वर्ष "न्युयोर्क टाइम्स"-का संवाददाता रहे तर त्यहाँ पनि टिक्न नसकेको कुरा थाहा हुन्छ। सानैदेखि उनको स्वभाव डुलन्ते थियो तैपनि जीवनका विविध घटनाले उनलाई कवि बनाइदियो।

उनको कवि व्यक्तित्व अत्यन्त उच्च र चर्चिच रहेको पाइन्छ। सुरुका कविता अश्लील भनेर कुनै पत्र-पत्रिकाले नछापेपछि उनले आफूलाई अलि परिष्कृत र परिमाजित गरे साथै आफ्नै लगानीमा प्रकाशित गर्ने आँट पनि देखाए। उनले अत्यन्त मार्मिक समसामयिक सन्दर्भमा राष्ट्रको भूमिकाबारे केन्द्रित भएर आफ्नो प्रतिभाको सदुपयोग गर्दै 12 वटा कविताहरूको सङ्कलन भएको कविता सङ्ग्रह "लिभ्स अफ ग्रास" 1855 मा प्रकाशित गरे। तर यो कविता सङ्ग्रह प्रकाशित भएपछि उनी धेरै नै चर्चित बने। भनिन्छ, उनलाई भेट्न युरोपका चर्चित साहित्यकारहरू अमेरिकामा नै पुगेका थिए। उनको कला चेतनाको परिवर्तित रूपलाई हेर्दा उन्नाईसौँ शताब्दीको उत्तरार्द्धका क्रान्तिकारी महान् कविका रूपमा व्हिट्म्यान नै देखिन्छन्। उनको यस कविता सङ्ग्रहले शैली र भाषामा मात्र होइन कविताको विषय-वस्तुमा पनि अतुलनीय स्वतन्त्रता अपनाएको पाइन्छ। यी कवितामा जीवनसँगको गहिरो रागात्मक सम्बन्धको गीत गाइएको छ। यो कविता सङ्ग्रह लामो कविताको रूपमा देखिन्छ। यस कवितामा पूर्वीय वेदान्त दर्शनको जस्तो अन्तर्दर्शन भएको यो कवितापछि अमेरिकी कविता-साहित्य युगसँगसँगै विकसित हुन पूर्ण स्वतन्त्र र सक्षम भएको कुरा समीक्षकहरूले उल्लेख गरेको पाइन्छ।

सन् 1855 मा प्रकाशित हुँदा जम्मा बाह्र कविता छापिएकोमा 1856 मा नै साहित्यकारहरूले पठाएका बधाइ-पत्र सहित केही कविता थपेर दोस्रो संस्करण प्रकाशित भयो। यस पछि थुप्रै कविता थपिँदै विभिन्न संस्करणहरू प्रकाशित हुँदै गए। 1892 मा अन्तिम संस्करण प्रकाशित हुँदा यस सङ्ग्रहमा प्रकाशित भएका सम्पूर्ण कविताहरूलाई संयोजन गरेर हेर्दा एउटै काव्य-कृति जस्तो देखिने झलक पनि पाइन्छ। बेग्ला-बेग्लै अध्ययन गर्दा आ-आफूमै पूर्ण पनि छन्। सामान्यतया तवरले हेर्दा कविताहरू तीन खण्डमा देखा पर्छन्। सङ्ग्रहका अरूतिरका कविता काव्यको प्रस्तावनाका रूपमा देखिन्छन् भने बिचका कविताहरू मुख्य

विषयमा उभिएको पाइन्छ र अन्त्यतिरका कविता निष्कर्ष जस्ता देखिन्छन्। यस कृतिलाई धेरैले आत्मकथात्मक कृति मानेका छन् भने "सङ्ग अफ माइसेल्फ" -लाई कृतिकै सारभूत रचना भनेका पनि छन्। संरचनाको ढाँचा र कवितामा देखिएको शृङ्खलित छटाले कसैले महाकाव्य पनि भन्ने गरेको पाइन्छ। यी गद्य कविताले अमेरिकी जनताहरूको मनलाई धेरै नै नजिकबाट छाम्ने काम गरेका छन्। यस कृतिले मान्छेको बहुपक्षीय अध्ययन गरेको छ। अर्थात् एउटै मान्छेलाई विविध कोणबाट विश्लेषण र चित्रण गर्ने काम गरेको छ। मान्छेको जीव-वैज्ञानिक, धार्मिक, आर्थिक, राजनैतिक, दार्शनिक तथा मनोवैज्ञानिक र वनस्पतिका रूपमा समेत अध्ययन गर्ने काम यी कवितामा भएको छ। वैयक्तिक स्वतन्त्रता र प्रजातन्त्रलाई धेरै नै प्राथमिकता दिने यो कृतिका केही कविता आत्मकथात्मक रूपमा पनि देखा परेका छन्। प्रकृतिमा पाइने विविध प्रकारका घाँसहरूको वर्णन र चित्रणबाट प्रकृतिको वरदानको महिमा गाइएको छ र सुन्दरताको पारख गरिएको छ। यी कविताहरूमा अमेरिकी व्यक्ति र समाज, प्रकृति, पशुपक्षी, भौगोलिक स्वरूप र धरातलीय वर्णन र स्वरूपलाई कलात्मक रूपमा समेटिएको छ। अमेरिकी साहित्यमा मुक्त छन्दको (प्रारम्भिक बिन्दु) आह्वान गर्दै र पथ निर्माण गर्ने यस कृतिलाई कसैले प्रजातान्त्रिक महाकाव्य भनेर प्रशंसा गरेको पाइन्छ। यस कृतिमा घाँसलाई विविध रूपमा प्रस्तुत गरिएको छ र घाँसबाट नै मानव जीवनको अध्ययन गरिएको छ। जीवनको अध्ययन गर्न अग्रसर उनका यी कविताहरूले समसामयिक अमेरिकी समाजको सजीव चित्र उतारेका छन्। यस कृतिका माध्यमद्वारा कविले अमेरिकी जीवनको आशावादी गतिशीलताको गीत गाएको पाइन्छ। यी कविताले अमेरिकी जीवनमा देखापरेको सकारात्मक पक्षको प्रभावकारी समर्थन गरेका छन्। शैली, भाषा र विषयवस्तुमा समेत नवीनता ल्याउने यो कृति कवि ह्विट्म्यानको मात्र होइन अमेरिकी साहित्यकै काव्यात्मक कृति-स्तम्भ बन्न पुग्यो। साथै रोमान्टिक युगको चरम उत्कर्षको रूपमा यो कृति देखापऱ्यो भने कवि वाल्ट ह्विट्म्यानसँगै रोमान्टिक युगको पनि अन्त्य भएको समालोचकहरूको भनाइ पाइन्छ। आफ्नो कवित्व क्षमता र कविताले प्राप्त गरेको काव्यात्मकता अनि ग्रहण गरेको विषयवस्तुको व्यापकताले गर्दा कवि वाल्ट ह्विट्म्यान विश्वका महान् कविहरूमध्ये एक कविको रूपमा प्रसिद्ध छन्। अमेरिकी साहित्यमा त्यस युगका सर्वश्रेष्ठ र क्रान्तिकारी तथा प्रजातन्त्रवादी कविका रूपमा उनी मूल्याङ्कित भई सम्मानित छन्।

## 10.6. वाल्ट ह्विट्म्यानको कृति

प्रसिद्ध अमेरिकी लेखकद्वय डब्लू. एच. बोल्डगेट र ब्राडले द्वारा सम्पादित वाल्ट ह्विट्म्यानको उपलब्ध साहित्यिक कृतिहरूको सूची यस प्रकार छन्-

काव्य/कविता- 1. Leaves of Grass (1855, 1867, 1871. 1887)- मा विभिन्न खण्डहरूमा प्रकाशित। उपन्यास - 1. Franklin Ivans (सन् 1842) कथा - 1. Hybrid and other stories (1847) निबन्ध / गद्य 1. Democratic Vitas (1870-71) 2. An American first book (1884) 3. Memory of war (1875-76) चिठ्ठी एवम् पत्रकारिता:- 1. Calamus (1837) 2. Long Island (9535) 3. Evening walker (1842) 4. Brookline Daily (1846-48) 5. New York (1844-50) 6. Freeman (1848-49)

अमेरिकी साहित्यमा वाल्ट ह्विट्म्यान एक दायित्वशील साहित्यकारका रूपमा परिचित छन्। उपन्यासकार, कथाकार, निबन्धकार, पत्रकार आदि क्षेत्रको व्यक्तित्वलाई छोडेर कवि व्यक्तित्वका रूपमा वाल्ट ह्विट्म्यान मूर्धन्य छन्। Leaves of Grass को प्रकाशनले उनलाई विश्वचर्चित बनाएको छ। यस पुस्तकमा सङ्कलित सैयौँ कविताहरूबाट तिनको काव्य प्रतिभाको परिचय पाउन सकिन्छ।

प्रवृत्तिगत आधारमा वाल्ट ह्विट्म्यानका कविताहरू अत्यन्त सशक्त र उल्लेखनीय पाइन्छन्। प्रायः कविताहरूमा अभिव्यक्त धारणाहरू प्रगतिवादी, स्वच्छन्दतावादी, प्रजातन्त्रवादी, मानवतावादी आदि प्रवृत्तिहरूमा देख्न पाइन्छन्। यद्यपि अधिकांश कविताहरूमा मानवीय भावनाहरूकै उद्गार र अनुभूतिहरू व्यक्त भएका देखिन्छन्। केही उल्लेखनीय कविताहरूमा song of myself कविता सयौँ पक्तिमा लेखिएको खण्डकाव्याकार लामो कविता देखिन्छ। जसलाई अमेरिकी कविता क्षेत्रको सर्वश्रेष्ठ गीतिमय रचना र अभूतपूर्व भावप्रधान छायाँवादी कविताका रूपमा लिइन्छ। प्रकृति, शरीर र चेतन-आत्माको अपूर्व अभिव्यञ्जना भएको प्रस्तुत कवितालाई आलोचकहरूले 'अपेरा' धुनको प्रभावमा लेखिएको मानेका छन्। यस कविताको खास विशेषता के छ भने कवि वाल्ट ह्विट्म्यानले 'I' अथवा 'म' शब्दलाई पाँच विभिन्न सङ्केतहरूमा प्रतीकात्मक रूपले प्रस्तुत गरेका छन्। पहिलो : स्थानमा 'म' को तात्पर्य आफ्नो ठाउँ, दोस्रो, स्थानमा कवि स्वयम्, तेस्रो: अमेरिकीवासी अथवा तिनका पूर्वजहरू, चौँथो, अमेरिकाका प्रत्येक मानिस नै, साथै पाँचौँ, मानिसको जीव वैज्ञानिक अवस्थालाई इङ्गित गरेका छन्।

प्रजातन्त्रका जनक मान्दै अब्राहम लिङ्कनलाई Oh! Captain my Captain कविता कवि वाल्ट ह्विट्म्यानको अर्को प्रजातान्त्रिक भावनाको उत्कृष्ट कविता मानिन्छ। अब्राहम लिङ्कनलाई ह्विट्म्यान आफ्ना देशका मात्र नभएर सारा विश्वकै प्रजातन्त्रका जनक मान्दथे तथा अमेरिकाको सर्वोच्च नेताका रूपमा लिङ्कन आदर्शका प्रतीक थिए। लिङ्कनको मृत्यु भएपछि तिनका श्रद्धामा विश्वका अनेकौँ प्रजातन्त्रका पक्षधरहरू तिनलाई सम्मान जनाउन उपस्थित थिए। कवि स्वयम् त्यस मुहूर्त लिङ्कनका समाधिअघि थिए। अतः भाव-विह्वल र तिनले प्रस्तुत कविता रचना गरेका देख्न पाइन्छ। कवि भन्दछन्-

"Oh! Captain, My Captain !
Rise up and hear the bells !
My captain does not answer,
his lips are pale and still,
My father does not feel my arms,
he has no pulse nor will"

अर्थात्, “ओ क्याप्टन मेरो क्याप्टन उठ अनि सुनिदेऊ घन्टीहरू मेरो क्याप्टन निरुत्तर छन्, उसका ओठहरू पहेँला (कठोर) भइसकेका छन्, मेरा पिता मेरा अँगालोको स्पर्शसम्म थाहा गर्दैन न उसको स्पन्दन छ न त इच्छा नै"।

आफ्ना समाज र वंशमा रहेको परम्परागत रूढि र कुसंस्कारहरूलाई निर्मूल पार्न ह्विट्म्यानले आफ्नै प्रकारको मनोवैज्ञानिक कल्पनालाई यथार्थरूप दिने परिकल्पना गरेका छन्। अत: यौन भावनामूलक कविताहरू लेखेर मानव समाजमा नयाँ संस्कार थप्ने उनको अभिप्राय: गतिशील देखा पर्दछ। यौनमूलक भावनाका थुप्रै कविताहरू लेख्ने हुँदा तिनलाई यौनवादीको संज्ञा पनि दिइएको पाइन्छ।

## 10.7.उपसंहार

विश्व साहित्यमा फ्रान्सेली साहित्यको योगदान महत्त्वपूर्ण रहेको छ। विभिन्न भाषाका साहित्यकारहरूलाई फ्रान्सेली साहित्यले प्रभाव पार्न पुगेको छ। सार्त्र, कामु, वार्थ, डेरिडा जस्ता दार्शनिक, चिन्तक साहित्यकारहरूले स्थापित गरेको दर्शनले विश्वसाहित्यलाई नै नयाँ विचार र बाटो दिन सकेको पाइन्छ।

आफ्ना कृतिमा सत्यको अभिव्यक्ति, विभिन्न प्रकारका भौतिक पक्षको प्रस्तुति, वैज्ञानिक दृष्टिविन्दु, यथार्थको सचेत आयातन, फ्रान्सेली समाजको विश्वकोशीय

गहिराइ, प्रजातान्त्रिक चाहना र सामाजिक पक्षको रुचिपूर्ण चित्रणका कारण बाल्जाक उन्नाईसौँ शताब्दीकै उत्कृष्ट यथार्थवादी उपन्यासकार मानिन्छन्। सामाजिक जीवनको सूक्ष्म विश्लेषण र अभिजात वर्गीय जीवनको चित्रण बाल्जाकको विशेषता देखिन्छ। उपन्यासका माध्यमहरूको आकर्षक प्रस्तुति, कथानको विस्तृतता, हेराइमा सुक्ष्मता जस्ता कुराले बाल्जाकको आख्यानकारिता जीवनको वास्तविकतालाई हेर्ने महत्त्वपूर्ण कलात्मक अभिव्यक्ति बन्न पुगेको पाइन्छ। यी यस्ता विषयकै कारण बाल्जाक फ्रान्सेली याथार्थवादका पिता बन्न पुगे। उनको 'ह्युमन कमेडी' सर्वाधिक चर्चित छ।

मोपाँसाले कुनै नयाँ कलात्मक सिद्धान्तको विकास नगरे पनि उनको आख्यानकारिता अत्यन्त कलात्मक छ। उनी सरल शैलीमा जीवनको यथार्थलाई प्रस्तुत गर्ने सफल कथाकार हुन्। यिनी स्वस्फूर्ततामा भन्दा सचेत आयोजनाम बढी विश्वास गर्ने हुँदा बाल्जाकका कृतिपय कमजोरीबाट मोपाँसाका कथा उपन्यास केही मात्रामा बचेका देखिन्छन्। उनको लेखन फ्रान्सेली आधुनिक जीवनको यथार्थिक सुन्दर प्रस्तुति हो। फ्रान्सेली साहित्यका कुनै वाद र सिद्धान्तको तथा अवधारणाको सूत्रपात गर्ने अगुवा नभए पनि आधुनिक कथा विधाको निर्माण गर्ने कार्यमा उनको महत्त्वपूर्ण योगदान रहेको छ। त्यसकारण उनका कथाले देखाएको गोरेटो र दिएको सन्देश फान्सेली साहित्यको आख्यान विधामा महत्त्वपूर्ण प्राप्ति हुन् र उनी पनि यस क्षेत्रका केन्द्रीय प्रतिभा हुन्।

अमेरिकामा जन्मिएका वाल्ट ह्विट्म्यान अमेरिकी साहित्यका चर्चित र विशिष्ट कवि हुन्। अमेरिकी साहित्यमा वाल्ट ह्विट्म्यान एक दायित्वशील साहित्यकारका रूपमा परिचित छन्। उपन्यासकार, कथाकार, निबन्धकार, पत्रकार आदि क्षेत्रको व्यक्तित्वलाई छोडेर कवि व्यक्तित्वका रूपमा वाल्ट ह्विट्म्यान मूर्धन्य छन्। Leaves of Grass को प्रकाशनले उनलाई विश्वचर्चित बनाएको छ। कला चेतनाको परिवर्तित रूपलाई हेर्दा उन्नाईसौँ शताब्दीको उत्तरार्द्धका क्रान्तिकारी महान् कविका रूपमा ह्विट्म्यान नै देखिन्छन्।उनका अधिकांश कविताहरूमा मानवीय भावनाहरूकै उद्गार र अनुभूतिहरू व्यक्त भएका देखिन्छन्। प्रवृत्तिगत आधारमा वाल्ट ह्विट्म्यानका कविताहरू अत्यन्त सशक्त र उल्लेखनीय पाइन्छन्। प्रायः कविताहरूमा अभिव्यक्त धारणाहरू प्रगतिवादी, स्वच्छन्दतावादी, प्रजातन्त्रवादी, मानवतावादी आदि प्रवृत्तिहरूमा देख्न पाइन्छन्।

## 10.8. सार

यस प्रखण्डमा रुसी साहित्यका विशिष्ट साहित्यकारहरू दस्तोएभस्की, चेखव अनि टल्स्टयको साहित्यिक परिचय अध्ययन गरियो। प्राप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- फ्रान्सेली साहित्यको अध्ययनबाट विश्व साहित्यकै विविध अनुभव, चिन्तन र मान्यताहरूको जानकारी सम्भव हुन्छ। पाठ्य सामग्रीबाट सङ्क्षिप्त रूपमा भए पनि फ्रान्सेली साहित्यबारे जानकारी प्राप्त गर्न सकिन्छ। विभिन्न समयका विभिन्न साहित्यकार तथा उनीहरूका कृतिहरूले दिएका योगदान महत्वपूर्ण छन्। फ्रान्सेली साहित्य मात्र होइन विश्वसाहित्यकै निर्माणमा यी साहित्यकारहरूका भूमिका उल्लेखयोग्य रहेका छन्।
- सार्त्र, कामु, वार्थ, डेरिडा जस्ता दार्शनिक, चिन्तक साहित्यकारहरूले स्थापित गरेको दर्शनले विश्वसाहित्यलाई नै नयाँ विचार र बाटो दिन सकेको पाइन्छ।
- बाल्जाकले फ्रान्सेली यथार्थवादका पिता कहलाउने योग्यता प्राप्त गरेको छ।
- उनले आफ्नो उपन्यासहरूमा फ्रान्सेली समाजका सामाजिक जीवनको सूक्ष्म विश्लेषण र अभिजात वर्गीय जीवनको चित्रण गरेका छन्।
- मोपाँसाको आख्यानकारिता अत्यन्त कलात्मक छ। जसले विश्व साहित्यमा उनको नाम दह्रो गरी स्थापित गरेको छ।
- अमेरिकन रोमान्टिक कवि वाइट व्हिटम्यान विश्व साहित्यका प्रतिभाशाली साहित्यकार हुन्।
- कला चेतनाको परिवर्तित रूपलाई हेर्दा उन्नाईसौँ शताब्दीको उत्तरार्द्धका क्रान्तिकारी महान् कविका रूपमा व्हिट्म्यान देखिन्छन्।

## 10.9. अनुशीलन

1. फ्रान्सेली साहित्यमा मोपाँसा र बाल्जाकले दिएका योगदानको सविस्तार समीक्षा गर्नुहोस्।

2. बाल्जाकको औपन्यासिक विशेषताहरूको निरूपण गर्नुहोस्।

3. मोपाँसाको साहित्यिक यात्राको सर्वेक्षण गर्दै तिनका विशिष्ट उपलब्धिहरूको रेखाङ्कन गर्नुहोस्।

4. मोपाँसाका आख्यानात्मक विशेषतहरूको समीक्षा गर्दै तिनको साहित्यिक प्रसिद्धिको पनि मूल्याङ्कन गर्नुहोस्।

5. फ्रान्सेली साहित्यमा उन्नाईसौँ शताब्दि कस्तो रह्यो सविस्तार चर्चा गर्नुहोस्।

6. मोपाँसाको कथा र उपन्यासमा पाइने मूलभूत विशेषताहरूको अवलोकन प्रस्तुत गर्नुहोस्।

## 10.10. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

| | |
|---|---|
| शारदाप्रसाद घिमिरे | विश्वका कविको जीवनी |
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| श्यामकृष्ण खुलीमुली | संसार हल्लाउने साहित्यकारहरू |

तथा, फ्रान्सेली साहित्यको सर्वेक्षणात्मक अध्ययन आवश्यक। फ्रान्सेली उपन्यास विधाको परम्परा र प्रवृत्तिहरूको अवलोकन आवश्यक। फ्रान्सेली कथा-विधाको परम्परा र प्रवृत्तिहरूको अवलोकन आवश्यक। फ्रान्सेली नाटय परम्परा प्रवत्तिहरूको सविस्तार समीक्षा र मूल्याङ्कन अपेक्षित। विश्वसाहित्यको स्वरूप निर्धारणमा फ्रान्सेली साहित्यको भूमिका र महत्व।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 10.11. मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. ह्युमन कमेडी कसको कृति हो? यस कृतिको विषयमा चर्चा गर्नुहोस्।

.........................................................................................................

.........................................................................................................

.......................................................................................................

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 10.9. खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. मोपाँसाको कथागतप्रवृत्ति लेख्नुहोस्।

.....................................................................................................

.........................................................................................................

.........................................................................................................

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 10.4. खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. विश्व साहित्यमा बाल्जाकको योगदान लेख्नुहोस्।

.........................................................................................................

......................................................................................................

......................................................................................................

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 10.7. खण्ड अध्ययन गरी उत्तर खोज्न सक्नेछन्)

4. फ्रान्सेली साहित्यमा अस्तित्ववाद दर्शन विस्तारित गर्ने साहित्यकारहरूबारे चर्चा गर्नुहोस्?

....................................................................................................

...................................................................................................

..................................................................................................

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 10.1. अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. फ्रान्समा साहित्य लेखन कसरी सुरु भयो? चर्चा गर्नुहोस्।

....................................................................................................

...................................................................................................

..................................................................................................

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 10.6. खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ- 11 रुसी साहित्य फ्योदोर दस्तोएभस्की, आन्तोन चेखव

**संरचना**


11.0. उद्देश्य

11.1. रुसी साहित्यको संक्षिप्त परिचय

11.2. फ्योदोर दस्तोएभस्कीको साहित्यिक परिचय

11.3. दस्तोएभस्कीका कृति

11.4. एन्टोन पाब्लोभिच चेखवको साहित्यिक परिचय

11.5. चेखवका कृति

11.6. कथाकार चेखव र उनका प्रवृत्ति

11.7. नाटककारका रूपमा चेखव

11.8. उपसंहार

11.9. सार

11. 10. अनुशीलन (Questions for Review)

11. 11. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

11.12. मूल्यवृद्धिका निम्ति उत्तर (Answers to check your progress)


## 11.0. उद्देश्य

- रुसी साहित्यको परिचय तथा संक्षिप्त इतिहास
- फ्योदोर दस्तोएभस्कीको साहित्यिक परिचय तथा रुसी साहित्यमा उनको योगदान कस्तो रहेको छ,
- आन्तोन चेखवको साहित्यिक परिचय तथा उनका कथा अनि नाटक कृतिहरू मार्फत रुसी तथा विश्व साहित्यमा योगदान
- लियो टल्सटयको साहित्यिक परिचय तथा उपन्यासकारिता र विश्व साहित्य निर्माणमा उनको योगदान

## 11.1. रुसी साहित्यको संक्षिप्त परिचय

ई. नवौँ शताब्दीमा पूर्वी स्लाभान जनजातिहर एत्रित भई रुस भने राज्यको गठन गरेका थिए। भारोपेली परिवार अन्तर्गत नै स्लाभान शखा पर्दछ, त्यसैभित्र रुसी भाषा पर्दछ। स्लाभानाभित्र पर्ने अन्य भाषाहरूमा उक्राइनी र बेलारस हुन्। प्राचीन रुसी भाषाका साहित्य एघारौँ शताब्दीदेखि प्रारम्भमा भएको थाहा पाइन्छ। यसअघि रूसी साहित्य लिखित र मौलिक रूपमा लोकसाहित्यको रूपमा विद्यमान थियो। 'अस्त्रीमिरको इसमलाह-उपदेश' रुसी साहित्यमा प्राचीनतम ग्रन्थ हो। इसाई धर्मको प्रचार -प्रसारसँग रुसी सहित्यका आफ्नो यात्रा आरम्भ गरेको तथ्यहरू थाहा पाइन्छ।

रूसी साहित्यको ऐतिहासिक विकासक्रम यसप्रकार हेरिएको पाइछ-

1. प्राचीन रुसी साहित्य (ई.11 शताब्दीदेखि 17 औँ शताब्दी)

क. पहिलो चरण, (एघाह्रौँ-बाह्रौँ शताब्दी)

ख. दोस्रो चरा (तेह्रौँ – पन्ध्रौँ शताब्दी)

ग. तेस्रो चरण (सोह्रौँ- सत्रौँ शताब्दी)

2. अठारौँ शताब्दी (आधुनिककाल)

3. उन्नाइसौँ शताब्दी (सङ्क्रमणकाल)

4. बीसौँ शताब्दी (समाजवादी-यथार्थवादीकाल)

**प्राचीन रूसी साहित्यको प्रथम काल** (एघाह्रौँ-बाह्रौँ शताब्दी) मा क्रिएभ केन्द्र भएको समय हो। यस कालको साहित्य रचनामा किएभ सहरको महत्त्वपूर्ण भूमिका रहेको मानिन्छ। वास्तवमा किएभ सहरको नेतृत्वमा पुर्बेली स्लाभ्यानहरूको राज्यको एकीकरण र सुदृढीकरण भइरहेको थियो। यस कारण पनि प्राचीन रुसी साहित्यले विभिन्न सामरिक विषयमा वीररस प्रधान्य साहित्यिक वस्तुहरू आत्मसात गरेको पाइन्छ। यस समयमा विभिन्न छोटा-मोटा राज्य रजौटा बिच आपसी लडाइँ र झै-झगडा भइरहेको हुनाले त्यो आपसी मत भिन्नता र युद्धलाई रोकेर किएभ रुसको शक्ति र क्षमतालाई सुदृढ तुल्याउनु पर्ने आवश्यकतामा जोड दिँदै धेरै साहित्यकारहरूले देशवासीप्रति आह्वान गरेको पाइन्छ। अर्थात् यस बेलाको रुसी साहित्यले किएभ रुसको पक्षमा जनमत तयार पार्ने काम गऱ्यो। क्रिएभ राज्यको एकीकरण र विस्तार भइरहेको हुनाले यस कालको साहित्य पनि वीरकालीन साहित्य बन्न पुग्यो। एघारौँ शताब्दीको रुसी साहित्यले राष्ट्रिय व्यक्तित्वको यशगान गरेको छ। रुसको भविष्यको बारेमा चिन्ता प्रकट गर्दै देशभक्तिको चर्को आवाजलाई अझ बुलन्द गर्ने काम भएको पाइन्छ। यस समयमा वीरगाथाहरू देखा पर्दछन्। यी मध्ये भ्लिदिमिर प्रथम र योरोस्लाम

मुद्रीजस्ता राजाहरूको देनबारे गरिएको वर्णनको वीरगाथा निकै चर्चित रहेको पाइन्छ। 'भ्लादिमिर प्रथमले रुसी सीमा बढाउने काम गरेका थिए भने भ्लादिमिरको मृत्यु (1015 ई.) पछि यारोस्लाम मुद्रीले अझ सुदृढ र बलियो क्रिएभ रुसको निर्माण गरेका थिए। वास्तवमा रुसी राजाका यिनै ऐतिहासिक देनहरूलाई उजागर गर्दै रुसी साहित्यले देशभक्ति भावनालाई धेरै सशक्त रूपमा उठाइरहेको थियो। त्यसकारण रुसी भूमिप्रति भक्तिभाव प्रकट गर्दै क्रिएम रुसको शक्ति र सामर्थ्य बढाउने भावनाको द्योतकका रूपमा यस कालको साहित्य देखा पर्छ। क्रिएभ रुसले परम्परित धर्मलाई छोड्दै इसाई धर्म अवलम्बन गरेपछि रुसी साहित्यले पुनः विश्व साहित्यको संसारलाई पनि चियाउन पुग्दछ। यस समयका महत्त्वपूर्ण, कृतिहरूका रचनाकारको नाम अज्ञात नै भए पनि कृतिहरूको नाम यहाँ उल्लेख गरिएको छ। 1. दार्शनिकको वाणी 2. रुसमा इसाई धर्मको प्रचार सम्बन्धी कुरा 3. प्राचीनतम् रुसी वृत्तान्त 4. अलेग स्यातोस्लाभिचलाई भ्लिदिमिर मोनोमाखको चिट्ठी 5. सामयिक वर्षहरूका कथा 6. भ्लादिमिर मोनोमाखको उपदेश 7. इगरको सैनिक जत्था-सम्बन्धी कथा। यी माथिका कृतिहरू त्यस समयका विशेष उल्लेखनीय कृति हुन्। यी कृतिहरूले रुसी समाजमा निकै राम्रो प्रभाव पारेका थिए र साहित्यले पनि देश निर्माणको कार्यमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने कुरा स्पष्ट पारेको देखिन्छ। प्राचीन रुसी साहित्यको यो प्रथम काललाई वीरकालीन साहित्यभन्दा पनि फरक पर्दैन। अझ स्पष्टसँग भन्नु पर्दा रुसी, उक्रइनी र बेलोरुसी जनताहरूको साझा प्राचीन साहित्यका रूपमा यस कालको रुसी साहित्यलाई लिन सकिन्छ। एघाह्रौँ शताब्दीको रुसी साहित्यले भन्दा बाह्रौँ शताब्दीको रुसी साहित्यले रुसको भविष्यप्रति गहन चिन्ता प्रकट गरेको पाइन्छ। माथि उल्लेख गरिएका कृतिहरूमा पनि 'इगरको सैनिक जत्था सम्बन्धी कथा' काव्य प्राचीन रुसी साहित्यको निकै चर्चित काव्य-कृति मानिन्छ। (अनुमानित ई. 1185-1188 तिर सम्भवत रचना गरिएको) यस कृतिमा रुसी राजा इगरको असफल लडाइँको (1185 ई.) चित्रण गर्दै देशको एकतामा जोड दिइएको पाइन्छ। रुसभित्रैका विभिन्न राजाहरूको एकता हुनुपर्ने कुरामा जोड दिँदै आपसी झै-झगडाको आलोचना र निन्दा गरिएको छ। यस कृतिमा कविले रुसी श्रमिक जनताहरूको शान्ति कामना गरिएको गीत गाएका छन्। एक -आपसमा मनमुटाव र झै -झगडा गरी विवादमा अल्झिएर मातृभूमि रुसको सुरक्षा र संवर्द्धनमा बाधा पुऱ्याउने राजाहरूको घोर भर्त्सना गर्दै रुसीहरूको एकता देख्न चाहने कविले देशभक्तिपूर्ण भावना व्यक्त गरेका छन्।

त्यसकारण यस कृतिले प्राचीन रुसी साहित्यको उत्कृष्टतम् कृतिको सम्मान पाएको छ। यस कृतिमा रुसी सैनिकको वीरता र साहासको उच्च मूल्याङ्कन गर्दै जिउँदो तस्वीर उतारिएको छ। इगरकी पत्नीको प्रेमप्रतिको आशक्ति र विलापका माध्यमद्वारा रुसी महिलाहरूको विलक्षण चरित्र र रुसी भूमिप्रतिको अगाध स्नेह र मायाको झलक देखाइएको छ। इगर दुस्मनको पन्जाबाट फुत्किन सफल भएपछि दुखान्तमा टुङ्गिएको यो कृति रुसी जनतामा देशप्रेमको भावना उत्पन्न गराउनमा सफल छ र यसले वीर रसलाई मूल रसका रूपमा प्रतिपादन गरेको देखिन्छ। वास्तवमा यस कृतिले प्राचीन रुसी साहित्यको प्रथमकालको पूर्ण रूपमा प्रतिनिधित्व गर्न सक्छ।

**प्राचीन रुसी साहित्यको द्वितीय काल** (तेह्रौँ - पन्ध्रौँ शताब्दी) सामन्ती पृथकीकरणको काल हो। यस समयमा क्रिएभ राज्यको पतनपछिको रुसको सामन्ती पृथकीकरण र एकीकरणको प्रक्रिया विद्यमान रहेको देखिन्छ। यस कालको साहित्यमा मङ्गोलियाली आक्रमण र विध्वंशको भर्त्सना गरिएको पाइन्छ। यसको साथै रुसमाथि आक्रमण गर्ने मङ्गोलिया विरुद्ध रुसी जनमत तयार गर्ने र उसका विरुद्ध रुसी जनतालाई सङ्घर्षमा उत्रन पनि साहित्यले आह्वान गरेको छ। यसको मूल धारा पनि वीरधारा नै रहेको पाइन्छ। विदेशी आधिपत्यबाट देशलाई जोगाउन, देशसेवा र देशभक्तिको भावना सम्पूर्ण रुसी जनतामा सम्प्रेषित गर्न यस कालका साहित्यिक विषयवस्तु बनेका थिए। यस कालको साहित्यले देशभक्त रुसी वीरहरू र रुसी सैनिकहरूको बहादुरीपूर्ण गाथालाई अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरेको पाइन्छ। तेह्रौँदेखि पन्ध्रौँ शताब्दीका बिचमा लेखिएका वृत्तान्त एवं काव्यहरूले रुसी जनताको देशभक्तिपूर्ण योगदान र उनीहरूको वीरतापूर्ण साहसलाई व्यक्त गरेका छन्। राष्ट्रियताको गान गरेर लेखिएका त्यस बेलाका कृतिहरूले रुसी जनताको मानसिकता र राष्ट्रिय भावनालाई कलात्मक रूपमा व्यक्त गरेको पाइन्छ। चौधौँ शताब्दीदेखि रुसले जसरी मस्कोको वरिपरि रुसी भूमिको एकीकरण अभियान प्रारम्भ गरेको थियो त्यसै गरी साहित्यले पनि त्यो विषयलाई निकै प्रमुखताका साथ उठाइरहेको थियो। विशेष गरी यस कालको साहित्यले मूल रूपमा सम्पूर्ण राज्यहरूको एकीकृत शक्तिको माध्यमले बाह्य आक्रमणलाई रुसीहरूले परास्त गर्नुपर्छ भन्ने मूल सन्देश दिएको थियो। फलतः 1380 ई. -को कुलिकोभ लडाइँमा रुसले मङ्गोलियालाई परास्त गराएपछि विजयको खुसियाली सम्बन्धी रचनाहरू लेखिन थाले। मङ्गोलियाको आक्रमणले एकातिर रुसीहरूको विकासपथमा भाँजो पुऱ्यायो भने अर्कातिर विजयको कारण

**Notes**

साहित्यमा नवीन प्रवत्तिको प्रारम्भ भयो। यसो हुँदा यस कालका रचनाहरूमा रुसीहरूको साहसी भावना, राष्ट्रवादी चेतना, एकीकरणमा तीव्रता र सारा रुसीहरूमा उमङ्ग र उत्साहको भावना तरङ्गित हुन पुगेको वर्णन पाइन्छ। मङ्गोलियासँगको यदको व्यथा र विजयको कथा पनि यस कालको साहित्यमा देखिन्छ। रुसीहरूको विश्व दृष्टिकोण र जातिगत अहम्का कथा र व्यथाको वास्तविक मर्मलाई तत्कालीन रचनाहरूले स्पष्ट र खुलस्त प्रस्तुत गर्न सफल भएका छन्। यस समयका धेरै उल्लेखनीय र चर्चित साहित्यिक कृतिहरूमा 'रुसी धरतीको पतन' (तेह्रौँ शताब्दी), 'कुलिकोभ' (1380ई.) विजय सम्बन्धी काव्य 'जादोनस्चिना'' (चौधौँ), 'कन्स्तान्तिनोपोलको पतन' (पन्ध्रौँ शताब्दी) र 'तीन समुद्रपार यात्रा' जस्ता कृतिहरू पर्दछन्। यी कृतिहरूमध्ये 'कन्स्तान्तिनोपोलको पतन' कृतिका रचनाकार नेस्तेर इस्कान्देर हुन् भने 'तीन समुद्र पार यात्रा' का लेखक आफानासी निकितिन हुन् भन्ने उल्लेख पाइन्छ। यस समयका यी कृतिहरूमा भाषिक चेत र राष्ट्रवादी चेत अत्यन्त सशक्त रहेको देखिन्छ साथै प्रथम कालका रचनाहरूभन्दा यस कालका रचनाहरू बढी कलात्मक रहेका छन्। यी रचनाहरूले रुसी राज्य र रुसी जनताको भावनालाई आत्मसात् गर्दै विशाल र शक्तिशाली रुसी राज्यको परिकल्पना समेत गरेको पाइन्छ।

**प्राचीन रुसी साहित्यको तृतीय काल** ( सोह्रौँ – सत्रौँ शताब्दी), रुसी केन्द्रित राज्यको समयमा लेखिएको र देखिएको साहित्यलाई प्राचीन रुसी साहित्यको तृतीय कालको साहित्यका रूपमा लिइएको पाइन्छ। सोह्रौँदेखि सत्रौँ शताब्दीको रुसी साहित्य रुसी राज्यको केन्द्रिकरण र राज्यको सुदृढीकरणसँग सम्बन्धित छ। रुसको एकीकरण र अन्तर्राष्ट्रिय स्थिति र सम्बन्धको सुदृढीकरण विषयलाई यस कालको साहित्यले मूल मुद्धाका रूपमा उठाएको पाइन्छ। यस समयको साहित्यमा रुसको सामाजिक अन्तरविरोधका घटनाहरू पनि राम्रोसँग प्रतिबिम्बित भएको देखिन्छ। यस कालमा लेखिएका लेख, निबन्ध र काव्यहरूमा देशभक्ति, अन्तर्राष्ट्रिय विजय र मातृभूमिको रक्षाका निम्ति रुसी जनता र सैनिकहरूले गरेको बलिदानपूर्ण घटनाहरूलाई साहित्यको विषयवस्तु बनाइएको छ। सत्रौँ शताब्दीमा भएको किसान युद्ध र विदेशी राज्यसँगको झै-झगडामा रुसी समाजको देखाएका विरोध र समर्थनका स्वरहरू पनि साहित्यमा प्रतिध्वति हुन पुगेको पाइन्छ। यस समयका विशेष उल्लेखनीय कृतिहरू निम्न छन्- 1. इमान पेरेस्भेतभका निबन्धहरू, 2. राजा इभान ग्रोज्नी (भयङ्कर) का –सन्देशहरू, 3.

1606 ई. को कथा, 4. स्कोपिन - सुइस्की राजाबारे कथा, 5. रसियाली अधिराज्यबारे नयाँ कथा, 6. कुखुरा र फ्याउरोबारे कथा।

अठाह्रौँ शताब्दीमा रूसी साहित्यको विकास अझ फस्टाउँछ। अठारौँ शताब्दीमा मस्को राजधानी भएर रुसको एकीकरण भएपछि रुसी संस्कृतिको विकासमा महत्त्वपूर्ण कार्यहरू भएका थिए। 16 औँ शताब्दीमा नै रुसमा छापाखाना स्थापित भइसकेको (इभान फ्योदरम प्रथम रुसी मुद्रक) र उक्राइन जस्तो शक्तिशाली राष्ट्र रुससँग मिलेर एकीकृत भएकोले 17 औँ शताब्दीमा रुस बलियो राज्यका रूपमा स्थापित हुन पुग्यो। यस समयमा जारको जहानिया शासनले रुसमा बलियो पकड जमाइसकेको थियो अर्थात् रुसमा जहानिया हुकुमी शासनको वर्चस्व कायम भइसकेको थियो। यस बेलाको रुसी शाषकहरूले अन्तर्राष्ट्रिय बजारमा अन्य राष्ट्रहरूसँग आफ्नो सम्बन्ध फैलाउन चाहिरहेको पाइन्छ। विशेष गरेर बाल्टिक सागर र वृष्ण सागरमा प्रवेशका लागि स्विडेन र टर्कीसँग रुसले ठुल्ठुला लडाँइहरू लड्यो। कारखाना, बाटो-घाटो आदिको निर्माणले रुस जति अगाडि बड्यो त्यतिकै शिक्षाको प्रसार र सामरिक प्रवृद्धिमा पनि निकै प्रगति गऱ्यो। अठारौँ शताब्दीको रुस जसरी विकास र प्रगतिको पथमा अगाडि पाइन्छ, त्यसै गरी रुसी भाषा र साहित्यमा पनि उल्लेखनीय सुधारहरू भएको देखियो। रुसी जनतामा रुसी साहित्यले राम्रो र सकारात्मक प्रभाव पार्नुको साथै रुसी महिला यूरोपेली साहित्यको निकट सम्पर्कित समेत हुन पुगेको पाइन्छ। यस समयमा कृतिहरूले शास्त्रीय पद्धतिको अनुसरण गरेको पाइन्छ भने पछिल्लो समयमा साहित्यिक कृतिहरूमा स्वच्छन्दतावाद र भावुकतावादले बढी प्रभाव पारेको देखिन्छ। साहित्यका विधाहरूको व्यापक प्रयोग र फैलावट हुन त छदैछ त्यो भन्दा अझ अगाडि बढेर यस कालमा पत्रकारिताले समेत उल्लेखनीय रूपमा पाइला अगाडि सारेको पाइन्छ।

अठारौँ शताब्दी भन्दा अगाडिको रुसी साहित्यमा राजा-महाराजाका गाथा वर्णन, अर्ति उपदेश र सन्देशहरू, यात्रावर्णन, वृत्तान्तहरू, युगको कथा र व्यथा, घटनाप्रधान काव्यहरू, केही व्यङग्य कथा र कविता देखापर्थे भने 18 औँ शताब्दीको प्रारम्भसँगै रुसी साहित्यमा साहित्यिक व्यङग्य, देशभक्तिपूर्ण कविता, सम्पन्न र सशक्त रुसी राज्यको निर्माण सम्बन्धी कथा, नाटक, विचारप्रधान प्रबन्ध र भावकतावादी कथाको समेत रचना हुन थालेको पाइन्छ। माथि उल्लेख गरिएका विभिन्न घटना र सन्दर्भका आधारमा अठारौँ शताब्दी रुसी साहित्यको आधुनिक कालको समय हो भन्न सकिन्छ। यसै समयमा रुसमा छापाखानाको स्थापना,

साहित्यिक लेखनमा निरन्तरता, भाषा शैलीमा परिष्कार। परिमार्जन, जनबोलीको व्यापक प्रयोग, आर्थिक र सामाजिक क्षेत्रमा व्यापक विकास भएकोले अठारौँ शताब्दीको रुसी साहित्य तुलनात्मक रूपमा आधुनिक बन्दै विकसित भएको पाइन्छ। रुसी राज्यको केन्द्र मस्को भएपछि रुसी साहित्यले युरोपीय साहित्यको सामिप्यता समेत प्राप्त गरेकोले रुसी साहित्य झन् विस्तारित हुन पुग्यो। अठारौँ शताब्दीको रुसी साहित्यको पूर्वार्द्धकालमा देखापर्ने चर्चित साहित्यकारहरू कान्तभिर बेदियाकोम्स्की, लमानोसभ र सुमारोकभ हुन् भने उत्तरार्द्धका उल्लेखनीय र चर्चित साहित्यकारमा नोभिकोभ, फोन्भिजिन, देझाभिन, रादिस्चेम, क्रिलोभ र करामजिन हुन् भन्ने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ। पूर्वाद्ध कालका साहित्यकारले शास्त्रीय पद्धतिलाई छोड्दै स्वच्छन्दतावाद र भावुकतावादलाई अँगालेका थिए। शास्त्रीयतावादसँगै स्वच्छन्दतावाद र भावुकतावाद साहित्यमा देखा पर्छ। तथापि, रुसी राज्यको निर्माण सम्बन्धी कथा, नाटक देशभक्तिपरक कविता, साहित्यिक व्यङ्ग्य आदिबाट अठाह्रौँ शताब्दी आधुनिककालका रूपमा चिह्नित छ। नोभिकोभ, फोन्भिजिन, दोर्झाभिन, क्रिलोभ, करामजिन आदि साहित्यकारहरू उल्लेखनीय भेटिन्छन्।

उन्नाईसौँ शताब्दीको रूसी साहित्य सङ्क्रमणकालमा गुज्रेको पाइन्छ। उन्नाइसौँ शताब्दीको रुसी साहित्य सन् 1802 मा रादिश्चेभ जस्ता कान्तिकारी रुसी लेखकले आत्महत्या गरेको शृङखलासँगै 19 औँ शताब्दीको रुसी साहित्य देखा पर्छ। रुसी जनताले यस समयमा जे जस्ता युद्ध र क्रान्ति गरे त्यस्तै साहित्यले पनि जोखिमपूर्ण घटनाहरूको सामना गर्नु पऱ्यो। स्वतन्त्र अभिव्यक्तिको कठोर रूपले दमन गरिएको यस क्षणमा अधिकांश लेखकहरूलाई निर्मम यातना दिइएको थियो। कतिपय लेखकहरूलाई साइबेरियामा निर्वासित गराइएको थियो भने कतिपयलाई कारागारमा कठोर यातना दिइएको थियो। निर्वासित र जेलबन्द मात्र होइन कतिपय कवि लेखकको ज्यानै लिइएको पाइन्छ। रिलेएम जस्ता लेखकलाई रुसमै झुण्ड्याइएको थियो भने बेस्तुझम अदएम्स्कीलाई साइबेरियामा निर्वासित गरिएको थियो। पुस्किन जस्ता विश्व प्रसिद्ध साहित्यकारले युवा अवस्था निर्वासनमा बिताएका थिए र पछि उनको षड्यन्त्रपूर्ण तर रहस्यमय ढङ्गबाट हत्या समेत गरिएको थियो भन्ने उल्लेख पाइन्छ। यसरी 19 औँ शताब्दीमा साहित्यकारको हत्या र दमनको क्रमिकता व्यापक भइरहेको समयमा पनि अलेक्सेन्दर हेरन 'सामाजिक स्वतन्त्रताबाट वञ्चित जनताका लागि साहित्य एक मात्र मन्त्र हो' भन्दै साहित्य लेखनमा ओर्लिएका थिए। माथिको परिस्थिति र

अवस्थालाई हेरेर भन्नु पर्दा 19 औँ शताब्दीको रुसी साहित्य कठोर सङ्घर्षको वातावरणबाट जक्रिँदै अगाडि बढेको पाइन्छ। यी कठोर यातना र उत्पीडनको ज्वारभाटालाई सामना गर्दै प्रजातन्त्रवादी क्रान्तिकारी रुसी लेखकहरूले साहित्यको सेवा गरिरहेका थिए। यस्तो कठोर अवस्थामा रचिएको र लेखिएको रुसी साहित्यले नै वास्तबमा विश्व साहित्यलाई अमूल्य योगदान दिन सकेको छ। यो शताब्दी रूसी साहित्यको समृद्धताको शताब्दी हो भन्न सकिन्छ। यस युगले नै विश्वलाई महान् कृतिहरू र विश्व-विभूतिहरू दिएको हुनाले जे जस्ता अप्ठ्यारा परिस्थिति पार गर्नुपरे पनि प्रगति उन्मुख लेखक कविहरूले रुसी साहित्यलाई समृद्ध बनाइ छोडे। यस युगको रुसी साहित्यले रुसमा मात्र होइन। विश्वमै जनचेतनाको वृद्धि र प्रगतिशील विचारधाराको प्रसारमा महत्त्वपूर्ण र अविस्मरणीय योगदान गरेको कुरा स्वीकार्नु पर्छ। 19 औँ शताब्दीको रुसी साहित्यमा युरोपेली राजनैतिक र साहित्यिक घटनाहरूको प्रभाव परेको पाइन्छ। यूरोपेली साहित्यका अग्रणी साहित्यकारका साहित्यिक उपलब्धिहरूको समेत उपोग गर्दै रुसी साहित्यलाई अगाडि बढाउने काम भएको छ। विशेष गरी पश्चिमी यरोपको साहित्यसँग बढी नै नजिकको सम्पर्क रहन गएकोले सुरुका दशकहरूमा रुसी साहित्यले पश्चिमी साहित्यिक धारामा प्रसिद्ध र प्रचलित साहित्य पद्धतिलाई जोडदार रूपले आत्मसात गरेको थियो। यसकै फलस्वरूप रुसी साहित्यमा स्वच्छन्दतावादी पद्धति साहित्यिक धाराका रूपमा विकसित भयो। एकातिर स्वतन्त्रताप्रेमी र परिवर्तनपक्षीय साहित्यकारहरू क्रान्तिको आवश्यकता महसुस गर्दै थिए भने अर्कातिर बिस्तारै भइरहेका सुधारहरूलाई स्वीकार गर्दै सन्तुष्ट बनेका थिए। वास्तवमा दुई गुटमा विभाजित रुसी साहित्यमा जनताका सपूत विचारकहरू र क्रान्तिकारी लेखकहरूले शोषण र उत्पीडनबाट मुक्तिको बाटो खोजी गर्ने क्रममा रुसी साहित्यमा सर्वहारापक्षीय (जनवादी साहित्य) साहित्यको जन्म हुन गयो। त्यसकारण 19 औँ शताब्दी राजनैतिक रूपले नयाँ सामाजिक बाटोको खोज भइरहेको समय हो भने साहित्यिक रूपले सर्वहारावादी साहित्यको जन्म भएको शताब्दी हो। 'बिसेदा' गुटमा प्रतिक्रियावादी एवं यथास्थितिवादी साहित्यकारहरू सामेल भएका थिए भने 'अर्जाभास' गुटमा प्रगतिशील साहित्यकारहरू सामेल भएका थिए। 'बिसेदा' गुटको नेतृत्व सिसकोभले गरेका थिए भने 'अर्जामास' गुटको नेतृत्व 'भुकोम्स्की' ले लिएका थिए। युरोपेली राजनैतिक र साहित्यिक घटनाहरूको प्रभावले स्वतन्त्रताप्रेमी र परिवर्तनपक्षी साहित्यिकहरू सर्वहारावर्गको पक्ष लिँदै रचनाहरू लेख्छन्। शोषण

र उन्मुक्ति क्रान्ति र प्रगतिका विचारहरूलाई यसबेलाका लेखकहरूले आफ्नो अभीष्ट बनाउँछन्। साहित्यमा राजनैतिक भावना र विचारहरूको समावेश गर्दै जनसमुदायका समस्याहरूप्रति लेखकहरू चिन्तित हुन्छन्। सिसकोभको नेतृत्वमा 'बिसेदा' गुटका प्रतिक्रियावादीहरू र झुकोम्स्कीको नेतृत्वमा 'अर्जामास' गुटका प्रगतिशील साहित्यकारहरू सक्रिय बन्छन्। झुकोम्स्कीको 'युरोपको सन्देशबाहक', 'ग्रामीन मशान', 'साँझ', 'रहस्यपूर्ण आगन्तुक' जस्ता कृतिहरू उल्लेखनीय छन्। क्रिलोभको लोककथा, डिसेम्बरवादी लेखकहरूमा रिलेभको 'नागरिक', 'दुइदिने हुकुमवाज', अलेकजान्दरको 'बुद्धिबाट विपद', पुस्किनको राष्ट्रवादी काव्य 'चादाएमलाई', 'हाम्रो समयको नायक' आदि, गोगलको 'मिरगोरद' 'ओभरकोट' 'गाडी', बहुलाका टिपोटहरू, निरीक्षक आदि; बेलेन्स्कीको 'साहित्यका लागि साहित्य', 'प्राकृतधारा' आदि तुर्गनेभको 'पूर्वबेला' 'धुवाँ', 'बाबु र छोरोहरू', आदि; दस्तोएभस्कीको 'अपराध र दण्ड', 'मृतघरको टिपोटहरू', 'भूमिगत टिपोटहरू' आदि, टल्सटयको 'युद्ध र शान्ति', 'अन्ना केरिन्ना', 'पुर्नजन्म' आदि, चेखवको 'बान्का', गाउँलेहरू, कारिन्दाको मुत्य आदि लघुकथाहरू र 'समुद्री चरा' र 'फलैफलको बगैँचा' (नाटक) आदि उत्कृष्ट विभिन्न विधाका साहित्यिक कृतिहरूको प्रकाशनबाट यस अवधिको साहित्यिक उपलब्धि गौरवमय बन्छ। पुँजीवादको विरोध, सामन्ती-व्यवस्थाको निर्मूलन, वर्गसङ्घर्ष चेतनाको आरोप तथा समाजवादी व्यवस्थाको आग्रह यसबेलाका साहित्यिक रचनाहरूले दर्शाउन सकेको महत्वपूर्ण पक्षहरू हुन्। साहित्य र साहित्यकार जनमुखी विचारधारामा प्रवाहित देख्न पाइनु यस अवधिको थप विशेषता हो।

बीसौँ शताब्दी रुसी साहित्यको विकासको अर्को चरम अवस्था मानिन्छ। यस अवधिमा अक्टोबर क्रान्तिको प्रभाव प्रशस्त भेटिन्छ। समाजवादी यथार्थवाद, प्रकृतिवाद, प्रतीकवाद जस्ता साहित्यिक प्रवृत्तिहरू पर्याप्त प्रकट हुन्छ। अलेक्जान्दर ब्लकको 'सौन्दर्यवती महिला', 'सभा', 'उनको आगमण', आदि काव्यहरू, भालेरीको 'साथी बुद्धिजीवीहरूलाई', 'लेनिन' आदि लेखहरू, मेक्सिम गोर्कीका 'आमा', 'गहिरो खाडल' आदि उपन्यास र नाटकहरू टल्सटय (असेक्सेइ)-को 'रोटी', हन्डरको बाटो हुँदै आदि उपन्यासहरू, सोलोखोभको 'दोनको कथाहरू', 'मानिसको भाग्य' आदि उपन्यासहरू; बोरिस पोस्तनाकको 'डाक्टर झिवागो', आदि उपन्यास, इल्या ऐरेन्वर्गको 'जुलियो, 'दोस्रो दिन' आदि उपन्यासहरू, सोल्झोनित्सिनको 'क्यान्सर वार्ड', 'प्रथम चक्र', 'रातो पाङग्रा' आदि उपन्यासहरू यस अवधिका उत्कृष्ट र चर्चित साहित्यिक उपलब्धि हुन्।

समाजवादी व्यवस्थाको विरोध, कम्युनिस्ट सिद्धान्तको विरोध गर्दै यथार्थवादी जीवन शैलीको प्रगति चाहँदै यसबेलाका साहित्य रचना लेखिएका पाइन्छन्। कविता, काव्य, नाटक, उपन्यास, तथा लेख आदि विधामा असङ्ख्य कृतिहरू, प्रकाशमा आएका भेटिन्छन्। यद्यपि नाटक र उपन्यासको प्राप्ति सर्वाधिक महत्वपूर्ण रहेको पाइन्छ। यसरी रुसी साहित्य उत्तरोत्तर प्रगतिपथमा देख्न पाइन्छ। एकातिर साहित्यिक सौन्दर्य र कलात्मकता, अकोतिर शान्ति र सद्भावनाको चाहन राखिँदै रुसी साहित्य समृद्ध बन्न पुगेको देखिन्छ। विश्वसाहित्यको निर्माणमा रूसी साहित्यको महत्व त्यत्तिकै ऐतिहासिक रहेको पनि भेटिन्छ। अक्टोबर क्रान्तिले प्रेरित गरेको बीसौँ शताब्दीको रुसी साहित्यले विश्वसाहित्यमा नै नयाँ दिशा र मोड इङ्गित गर्न सकेको थाहा हुन्छ। समग्रमा, रुसी साहित्यमा प्राप्य उत्कृष्ट रचनाहरू विश्व साहित्यकै निधि बन्न पुगेको छ।

**सोभियत रुसी साहित्य** (U.S.S.R.) सं. 1917 मा भएको अक्टोवर समाजवादी क्रान्तिको विजयपछिको समय र सोभियत सत्ताको स्थापना पश्चातको समयमा देखापरेको रुसी साहित्यको इतिहासलाई सोभियत रुसी साहित्यको नामकरण गरिएको छ। यस साहित्यले वर्तमान रुसी साहित्यलाई समेत प्रतिनिधित्व गर्दछ। 1917 रुसी घटनासँगै जन्मिन र हुर्किन पुगेका साहित्यलाई सोभियत रुसी साहित्य भनेर चिन्ने गरिन्छ। बीसौँ शताब्दीको सर्वहारा आन्दोलनको शिखर विन्द (1917) अक्टबर क्रान्ति हो भने अठारौँ र 19 औँ शताब्दीका प्रगतिशील साहित्यको जगमा निर्मित नयाँ साहित्य नै सोभियत रुसी साहित्य हो। त्यसकारण सोभियत रुसी साहित्य भनेको मार्क्सवाद लेनिनवादको राजनैतिक निदेशनद्वारा निर्देशित र प्रेरित समाजवादी यथार्थवादी पद्धत्तिको साहित्य ने बासा र एकाइसौँ शताब्दीको सोभियत रुसी साहित्य बन्न पुग्दछ। यस साहित्यले घोषित रूपमा मजदुर र किसान, दलित र पीडित, उपेक्षित र अपहेलित जाति विशेषको चित्रण र सम्मान गर्ने गर्दछ। अभिजात वर्गलाई घृणा र दोष प्रकट गर्दै सर्वसाधरणको मानसम्मानमा विशेष जोड दिने कार्य सोभियत रुसी साहित्यले गरेको पाइन्छ। सोभियत रुस बन्नका निम्ति रुसको समाजले जे जस्ता घुम्ती र खुड्किलाहरू घुम्दै र चढ्दै आयो, आक्रमण र प्रत्याक्रमणका जे जस्ता युद्धहरू झेल्दै आयो ठिक त्यसै गरी सोभियत युगको रुसी साहित्यले पनि रुसी समाजसरह नै विभिन्न ऐतिहासिक साहित्यिक खुड्किलाहरू चढ्दै आएको पाइन्छ।

अक्टोबर क्रान्तिपछि रुसले धेरै विदेशी आक्रमणको सामना गर्नु पर्‍यो। कहिले गृहयुद्धमा, कहिले बाह्य आक्रमणमा अल्झिनु परे पनि रुसले सोभियत रुस

पुनर्निर्माण र औद्योगिकरणको अभियानमा आफूलाई सक्रिय तुल्याइ रह्यो। हिटलरवादीहरूका विरुद्ध देशभक्ति यद्ध समेत रुसले सञ्चालन गऱ्यो। (ई. 1941-1945) द्वितीय विश्वयुद्धमा सोभियत रुसले आफ्नो सम्पूर्ण शक्तिलाई हिटलरवादीका विरुद्ध प्रयोग गर्न पऱ्यो जसले गर्दा विकासका कार्यमा शिथिलता देखा पऱ्यो। तर युद्धमा जापानी सैनिकवादको पराजय भएपछि विश्वले नै एकफेर शान्तिको श्वास फेऱ्यो। यसरी सोभियत सङ्घ युद्धपछि फेरि शान्तिपूर्ण तवरले देश निर्माण कार्यमा जुट्न थाल्यो र समाजवादको निर्माणसँगै साम्यवादी आर्थिक तथा भौतिक जगको निर्माण कार्यमा आफूलाई संलग्न गरायो। सोभियत रुसी साहित्यको विकास र रचनामा रुसको उपरोक्त सामाजिक स्थितिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

सोभियत रुसले राजनैतिक र सामाजिक रूपले जे जस्ता घटना र प्रतिघटनाको सामना गर्नु पऱ्यो सोही अनुरूप रुसी साहित्यको रचना पद्धत्तिमा र प्रवृत्तिमा समेत फेरवदल भइरह्यो। यसरी हेर्दा सोभियत रुसी साहित्यको मोटै खाका देखापर्छ।

## 11.2. फ्योदोर दस्तोएभस्कीको साहित्यिक परिचय

दस्तोएभस्कीको शिक्षा-दीक्षा सामरिक प्राविधिक विद्यालयमा भएको थियो। यिनी सानै उमेरदेखि संवेदनशील स्वभावका र पढ्नमा धेरै रुचि भएका मेधावी व्यक्ति थिए भन्ने उल्लेख पाइन्छ। सामरिक प्राविधिक शिक्षामा दक्ष भएका दस्तोएभस्की सैनिक इन्जिनियरको पदमा जागिरे थिए भन्ने पाइन्छ। जागिर खाँदै साहित्यिक फाँटमा सक्रिय हुन गाह्रो देखेर उनले सन् 1844 मा जागिर छोडेर साहित्यिक व्यवसाय अपनाएका थिए भन्ने चर्चा पाइन्छ। साहित्यलाई मूल पेशा र व्यवसायका रूपमा स्वीकार गर्ने दस्तोएभस्कीले पुस्किन र गोगलका रचनाहरूलाई धेरै मन पराउँथे। उनलाई मन पर्ने लेखकहरू पुस्किन र गोगल थिए। विदेशी साहित्यकारहरूमा सेक्सपियर, मोलियर, डिकन्स, सिलर र बाल्जाकबाट उनी धेरै प्रभावित र उत्प्रेरित थिए। सन् 1844 मा बाल्जाकको उपन्यास 'एमोनी ग्रान्देको' अनुवाद गरेर आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका दस्तोएभस्कीको साहित्यिक यात्रा निक्कै लामो र प्रसिद्ध देखिन्छ।

## 11.3. दस्तोएभस्कीका कृति

**क. उपन्यास :**

1. Poor folk (1946),
2. The double (1846),
3. The little hero (1856),
4. Notes from the house of Dead (1860),
5. The Insulted and the Injured (1862),
6. Winter Notes on Summer impression (1863),
7. Notes from the underground (1864),
8. Crime and punishment (1865-66),
9. The Gambler (1866),
10. The Idiot (1868),
11. The Devils (1871),
12. The Raw youth (1875),
13. The Brothers Karamazov (1879-80)

**ख. निबन्धकारिता / पत्रकारिताः**

1. Vramya (1861),
2. Epokha (1874),
3. Graghadanin (1878),
4. Winters Dairy (1879),
5. Pushkin speech (1880)

यिनै कृतिहरूको आधारमा दोस्तोभस्की उपन्यासकार निबन्धकार तथा पत्रकारका रूपमा परिचित पाइन्छन्। उपन्यासकारका रूपमा- रुसी साहित्यमा 1900 शताब्दीका प्रथम दशकमा प्रतिष्ठित हुन साहित्यकारहरू गोगल, तुर्गनिभ भ्लादिमिर कोरालेनको, इभान, क्रिलोभ सँगसँगै दस्तोएभस्कीको नाम पनि चर्चित पाइन्छ।

साहित्यकार दस्तोएभस्कीको साहित्य यात्राको प्रारम्भिक अवस्थामा अनुवाद क्षमताको प्रदर्शन सँगसँगै सिर्जनात्मक क्षमताको परिचय पाइन्छ। उनको पहिलो

**Notes**

उपन्यास 'गरिब मानिस' (1845) मा नै उनले आफ्नो मानवतावादी धारणाको प्रस्तुति दिएको पाइन्छ। आफू बेतवुगेमा बस्दा सँगालेका अनुभवहरूको चित्रण यस उपन्यासमा प्रस्तुत गरेका छन्। यस समयमा उनी पूर्ववर्ती लेखक गोगलबाट धेरै प्रभावित भएकोले उनले आफ्नो कृति 'गरिब मानिस' -लाई गोगलको 'ओभरकोट' -जस्तै रूपमा प्रस्तुत गरे। यस उपन्यासमा गरिब, दरिद्र, दुःखी, असहाय, साना-तिना कर्मचारीहरूको दयनीय जीवनका मार्मिक अभिव्यक्ति छ। यो पहिलो उपन्यासले नै उनलाई साहित्यकारको रूपमा स्थापित गऱ्यो र उनी चर्चित समेत हुन पुगे। त्यस समयको रुसको स्थिति र रुसी जनताको मानसिक अवस्थाको चिरफार भएकोले पनि उनी मनोविश्लेषणवादी लेखकका रूपमा देखापरे। यस समयमा देखिएका उनका आख्यानात्मक कृतिहरू हुन्। 'गरिब मानिस' (1845), 'जुम्ल्याहा' (1846) 'दरिद्र जनता' (1847), 'प्रोखाचिन' (1847), 'जमिन्दारकी पत्नी' (1848), 'नेतोच्का नेज्मानोमा' (1849)। यी कृतिहरूलाई लघु उपन्यासका रूपमा चर्चा गरिएको छ। यी आख्यानात्मक कृतिहरूलाई हेर्दा दस्तोएभस्कीमा गोगलको प्रशस्त प्रभाव परेको देखिन्छ। यसबेला उनका यी कथाहरूलाई हेर्दा प्रकृतवाद र मानवतावादलाई आत्मसात गर्दै आफ्ना अनुभूतिलाई व्यक्त गरेको पाइन्छ। अर्थात् यस चरणका कृतिहरूमा मानवतावाद र प्रकृतवाद व्यक्त भएको छ। आफ्ना अभिव्यक्तिलाई, रचनालाई प्रभावकारी बनाउन उनले कतै हाँस्य र व्यङग्यको पनि प्रयोग गरेका छन्। 'जम्ल्याहा' कथामा तल्लोतहका न्यून वैज्ञानिक दुई जुम्ल्याहा कर्मचारीको चित्रण गरिएको छ भने 'दरिद्र जनता' -मा पनि दरिद्र र धनाढ्य बिचका चर्को फरक र जीवन शैलीको चित्रण गरिएको पाइन्छ। 'गरिब मानिस' गोगलको ओभर कोटको भाइको रूपमा देखिएको थियो भने यी कथाहरूमा पनि 'ओभर कोट' -को प्रशस्त प्रभाव परेको देखिन्छ। 'प्रोरवार्चिन' मा एउटा धेरै कन्जुस मानिसको जीवन स्थितिको चित्रण गर्दै उसको मानसिक मनोदशाको समेत उद्घाटन गरिएको छ। जमिन्दारकी पत्नी र नेतोच्का नेज्मानोमा जस्ता आख्यानात्मक कृतिमा रुसी जनताको जीवनस्थिति उतार्नुका साथै तत्कालीन रुसी महिलाहरूको वास्तविक अवस्थाको चित्रण भएको छ। यस समय उनको प्राम्भिक समय भएकोले साहित्यिक र वैचारिक परिपक्वता देखा नपर्नु स्वभाविकै हो।

सन् 1884 तिरको समयमा दस्तोएभस्की रुसी प्रगतिपक्षीय साहित्यकारको सम्पर्कमा आएका थिए। यसको साथै उनी युरोपेली समाजवादबाट पनि प्रभावित

भएको पाइन्छ। यसै समयमा केही बुद्धिजीवीहरूको गुट तथा समूहमा सामेल भई दर्शन सम्बन्धी छलफल कार्यक्रममा भाग लिने गरेका थिए। यसै गुटमा सामेल भई 'गोगलाई बेलिन्स्कीको चिट्ठी' कृति पढेवापत सन् 1849 मा दस्तोएभस्की पक्राउ परे र उनलाई मत्युदण्डको फैसला समेत सुनाइयो। पक्राउ परेका लेखक दस्तोएभस्की कारावासमा हुँदा नै मृत्यदण्डको फैसला सुनाइएको भए पनि पछि मृत्युदण्डको साटो साइबेरिया निर्वासन पठाउने निधो अनुरूप उनी निर्वासित हुन पुगे। यो निर्वासन कालमा प्रकाशित कृतिहरू नदेखिएको हुनाले यो साहित्यिक यात्राको अवरुद्ध काल हो। यस समयमा उनले रचनाहरू लेख्न त लेखे होलान् तर प्रकाशनको स्थिति नभएकोले जीवनको निर्वासन काल र लेखनमा विश्राम भएको समय देखा पर्छन्। यसपछि झन्डै दस वर्षको साइबेरियामा निर्वासित जीवन बिताएर सन् सन् 1859 मा पेतेवुर्ग फर्किने अनुमति पाएर स्वदेश फर्केका लेखक दस्तोएभस्कीको 'काकाको सपना' (1859) र 'स्तेपानचिक गाउँ तथा यसका निवासीहरू' लघु उपन्यासबाट उनको तेस्रो चरण प्रारम्भ हुन्छ। यी कृतिले उनको अवरुद्ध चरणलाई खुला गरे भने साहित्यिक लेखनमा निरन्तरता निम्त्याउनुका साथै लेखकलाई अझ परिष्कृत परिमार्जित सर्जकका रूपमा प्रस्तुत गरे। सन् 1861 मा ठुलो आयामको 'होच्याइएका र हेपिएकाहरू' नामको कृति प्रकाशित भयो। यी उपन्यासहरूलाई हेर्दा यस तेस्रो चरणमा साहित्यिक र वैचारिक परिपक्कताको झलक देखिन्छ। हुन पनि उमेर अवस्था र जीवन घटनाले पनि उनलाई गम्भीर र सतर्क बन्न सिकायो। यस चरणमा उनी क्रान्तिकारी प्रजातन्त्रवादीहरूबाट अलि टाढा रही प्रजातन्त्रवादी विचारमा घोरिएका छन्। विभिन्न बुद्धिजीवीको सम्पर्कको कारण उनले समाजवादी विचारधारा बुझे र साहित्यमा पनि त्यही बाटो अनुसरण गर्न थाले। यसबेलामा दस्तोएभस्की गोगलको प्रभावबाट मुक्त भएका छन्, तापनि दयनीय सामाजिक स्थितिप्रति असन्तोषको भावना व्यक्त गर्ने प्रवृत्तिमा भने कुनै कमी आएको छैन। यस समयका उपन्यासहरूलाई हेर्दा लेखकको मनोविश्लेषण क्षमता एकदमै तिखारिएर आएको देखन्छि। यी कृतिहरूमा पदलोलुप, पुँजीजीवी, पाखण्डी, बेइमान र धोकेबाज व्यक्तिको बिम्ब उतारिएको छ। उपन्यासमा अवैध छोरीको माध्यमद्वारा हेपिएको संसार र तल्लो तहका व्यक्तिहरूको दरिद्रता र बाध्यात्मक स्थितिको जीवनलाई यथार्थ ढङ्गले चित्रण गरिएको छ। उपन्यासका रोगी र दरिद्र इभान टुहुरी नेल्ली, थिचिएकी र हेपिएकी नतासा -जस्ता औपन्यासिक पात्रहरू बेतेबुनकै उपज हुन् भन्ने लेखकले रुसी समाजको यथार्थ चित्र उतारेको देखिन्छ।

रुसी समाज कस्ता समस्याबाट ग्रसित छ भन्ने कुरा यी उपन्यासले प्रष्ट पारेका छन्। मानिसको पीडा र जलनलाई तीक्ष्ण रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा प्रेम कथा केन्द्रीय विन्दु रहे पनि कृति मनोविश्लेषणात्मक सामाजिक उपन्यास बन्न पुगेको छ। यसरी यी उपन्यासमा मनोविश्लेषण र सामाजिक यथार्थलाई अत्यन्त मार्मिक तर कलात्मक रूपमा प्रस्तुत गरिएको छ। यस चरणमा देखिने अर्को महत्त्वपूर्ण कृति 'मृतघरका टिपोटहरू' (1862-63) देखा पर्छ। यस कृतिमा राम्रा राम्रा व्यक्ति जो बिनाकारण जेलको कालकोठरीमा थुनिन बाध्य हुन्थे त्यस्ता कैयौँ व्यक्तिहरूको ज्युँदो चित्रण उतारिएको पाइन्छ। यस कृतिका माध्यमद्वारा लेखकले, रुसी राज्य व्यवस्थाले प्रजातन्त्रमाथि गरेको दमनको वर्णन गर्दै मानवीय आस्था प्रकट गरेका छन्। कैदीको वर्णन गर्ने क्रममा उनले कैदी बनाइएका मानिसको आन्तरिक र बाह्य दुवै पीडाको मार्मिक वर्णन गरेका छन्। असल, निदोष, प्रजातन्त्रवादी र अग्रगामी विचारका व्यक्तिहरू तानाशाहा शासकहरूद्वारा कसरी जेलमा सडाइन्छन् भन्ने सन्देश दिनुका साथै तात्कालीन रुसी राज्य व्यवस्थाका काला सत्यलाई यस समयमा लेखिएका कृतिहरूमा लेखकले सशक्त रूपमा उठाएका पाइन्छन्।

सन् 1864 मा प्रकाशित 'भूमिगत टिपोटहरू' कृति प्रकाशित भएपछि दोस्तोएभस्कीको साहित्यिक यात्रामा नयाँ समय देखा पर्दछ। अघिल्लो समयसम्म दस्तोएभस्की प्रजातन्त्रवादीसँग नजिक थिए भने यस समयमा उनी टाढा हुँदै गएको पाइन्छ। यसका साथै 'भूमिगत टिपोटहरू' -मा क्रान्तिकारी प्रजातान्त्रवादी चर्निसेभ्स्कीका केही विचार धाराको विरोध जनाउँदै यसबाट आफूलाई धेरै टाढा पुऱ्याएका छन्। त्यस कारण यो समय पहिलेको भन्दा बेग्लै पाराको भए पनि जीवनको यथार्थतालाई र रसियाको पीडाजन्य स्थितिलाई चित्रण गर्न भने छोडेका छैनन्। यो उनको साहित्यिक लेखनको उर्वर काल हो। यस समयका प्रमुख आख्यानात्मक कृतिहरू हुन्, भूमिगत टिपोटहरू (1864), अपराध र दण्ड (1866), मुर्ख (1869) जुवाडे (1866), पिशाच (1877), अपरिपक्क युवक (1875), कारामजोभ भाइहरू (1880) आदि।

यस समयका उनका कृतिहरूमा मनोविश्लेषणात्मकता र अस्तित्ववादले धेरै प्राथमिकता पाएको छ। अस्तित्वादसँग मनोविश्लेषणको घाँटी जोडिनु यस समयको मुख्य विशेषता हो। भूमिगत टिपोटहरूमा लेखकले आफ्नो जेल जीवन र निर्वासित जीवनका अनुभवहरूलाई औपन्यासिक साँचोमा ढालेर प्रस्तुत गरेका छन्। 'जुवाडे' -मा आफू पश्चिम युरोपको भ्रमणमा जाँदा जवामा भोग्नु परेका

दुःखदायी पीडालाई प्रस्तुत गरेका छन्। स्वयं आफैले देखेका र त्यहाँका जनताले भोग्नु परेका जुवाडेका उद्दण्ड क्रियाकलाप र पीडाप्रति लेखकले निकै राम्रोसँग आक्रमण गरेको पाइन्छ। विश्व साहित्यको एक उच्चतम कृतिको रूपमा सर्वमान्य र चर्चित उपन्यास 'अपराध र दण्ड' अस्तित्ववादी रचना हो। यसमा गरिबी, पीडा, हत्या र प्रायश्चितका विभिन्न प्रसङ्गहरूको उल्लेख पाइन्छ। यस उपन्यासमा मानिसले बाँच्नका निम्ति के कस्ता अपराध गर्न अग्रसर हुन्छ र अपराधको प्रायश्चित गर्न कसरी प्रेरित हुन्छ भन्ने कुरालाई विभिन्न पात्रका माध्यमद्वारा प्रस्तुत गरिएको छ। अस्तित्व रक्षाका निम्ति मान्छे के के -सम्म गर्न तयार हुन्छन् भन्ने कुरा यहाँ छर्लङ्ग पारिएको छ। प्रस्तुत उपन्यासका माध्यमद्वारा तत्कालीन रुसी समाजको अमानवीय व्यवहार देखाएका छन् र त्यसप्रति (मानवीय पीडाप्रति) सहानुभूति प्रकट गरेका छन्। वास्तवमा यो उपन्यास सामाजिक एवं दार्शनिक कृतिका रूपमा देखापरेको छ। सन् 1861 को भू-दासत्व प्रथा उन्मूलनको सुधारपछिको रसियाली जीवनको वास्तविकता के थियो भन्ने तथ्यलाई उपन्यासले व्यापक रूपमा चित्रण गरेको छ। क्षण क्षणमा मानिसले अपराधको सामना गर्नुपरेको तथ्य उद्घाटन गर्दै लेखकले मानिस कि अपराधी बनेको छ, कि अपराधको सिकार बन्नु परेको छ भन्दै उपन्यासमा अपराधका किसिम र प्रवृतिका बारे विशद् चर्चा गरिएको छ। पुँजीवादमा प्रवेश गरिरहेको ठुलो सहरको जीवनले मानिसलाई कसरी थिचिदिन्छ, बिगारिदिन्छ, पथभ्रष्ट पारिदिन्छ र अपराध गर्न अग्रसर तुल्याइदिन्छ भन्ने कुरा विविध घटनाबाट छर्लङ्ग पारिएको छ। अर्थात् अपराधको बीज के हो भन्ने प्रश्नको स्पष्ट र खुला जवाफ यहाँ प्रष्ट देखाइएको छ। तर त्यसको मुक्तिका निम्ति सङ्घर्ष र विरोधमा नउत्रिएको हुनाले यो उपन्यास प्रगतिपक्षीय शिविरदेखि धेरै टाढा टाढिएको छ। पात्रहरूको मनोविश्लेषण र ऐतिहासिक सत्यताको चित्रण गरिएकोले उपन्यास यथार्थवादी भने बन्न पुगेको पाइन्छ।

मानवतावाद, मनोविश्लेषणात्मकता, चरित्रको विविधता, सामाजिकता दार्शनिकता उनका औपन्यासिक विशेषता रहेका छन्। रुसी गद्य भाषाका सरल प्रयोक्ता हुनाको साथै मिठासपूर्ण काव्यात्मक भाषाको प्रयोग पनि उनको प्रवृत्ति बनेको छ। उन्नाईसौँ शताब्दीको रुसी साहित्यका यथार्थवादी उपन्यासकार दस्तोएभस्की ठुला मनोविज्ञ, महान् विचारक, दार्शनिक र विवादास्पद लेखकका रूपमा देखा पर्छन्। उनकै शब्दमा भन्ने हो भने उनी सर्वोत्तम यथार्थवादी मात्र हुन्। मानवीय क्रियाकलाप र आन्तरिक चित्रणमा नयाँ क्षितिजको आविष्कार गरेर

आफ्नो साहित्य सिर्जनालाई उच्च शिखरमा पुऱ्याएका यी लेखकले विश्व साहित्यका कृतिपय लेखकहरूलाई आकर्षित गरेको पाइन्छ।

## 11.4. एन्टोन पाब्लोभिच चेखवको साहित्यिक परिचय

रसिया महादेशको बाक्सिङ भन्ने ठाउँमा 16 जनवरी 1860 को दिन चेखवको जन्म भएको थियो। आन्तोन पाब्लोभिच चेखव रुसी साहित्यिका एक महान प्रतिभा हुन्। सानै उमेरमा टुहुरो बन्न पुगेका चेखवले आफ्नो बाजेको देखरेखमा त्यहाँको प्राथमिक पाठशाला र त्यसपछि मस्को विश्वविद्यालयमा उच्च शिक्षा हासिल गरेका थिए। उनले ग्रीक अनि अङ्ग्रेजी भाषामा आफ्ना ससाना कथाहरू प्रकाशित गर्न थालेपछि साहित्य क्षेत्रमा परिचत हुन पुगेका थिए। आफ्ना स-साना कथा पढेर साथीहरूले मुख खुम्चाउने र ईर्ष्या गर्ने हुँदा उनी अझ उत्सास्ति भई विभिन्न साहित्यिक रचना गर्न अग्रसर भएको पाइन्छ। साहित्यबाहेक वन्यप्राणी तथा वनस्पतिबारे पनि विशेष ज्ञान आर्जन गरेर चेखवले औषधि विधामा डक्टरेट डिग्री समेत प्राप्त गरेका थिए।

## 11.5. चेखवका कृति

रुसी साहित्यमा मात्र नभएर विश्व साहित्यना नै कीर्तिमान कायम गर्ने चेखवका उपलब्ध साहित्यिक कृतिहरू निम्न छन् -

**क. कथा**

1. Acallected short stories (1880)

**ख. नाटकहरू**

1. Fatherless (1880),
2. Marriage (1881),
3. The High Road (1894),
4. Ivanov (1894-95),
5. The Seagull (1901),
6. The Three Sisters (1901),
7. Uncle Vanya (1902),

8. The Cherry Orchird (1904),

**ग. यात्रा विवरण**

1. The Island of Saghalin (1825),
2. Peasants (1898),
3. Life in a provinces (1898),
4. The Children (1899).

आन्तोन चेखव विश्वप्रसिद्ध कथाकार र नाटककार हुन्। रुसी साहित्यका सशक्त कथाकार चेखव लघुकथाका शिल्पपक्षका निर्माताका रूपमा देखापर्दछन्। पेशाले डाक्टरी व्यवसाय अपनाएका चेखवका कथामा सामाजिक यथार्थ र आलोचनात्मक यथार्थको प्रस्तुति पाइन्छ। रुसी मजदुर आन्दोलनको समयतिर विनोदात्मक र व्यङगयात्मक रचनाहरूद्वारा यथार्थवादी साहित्यलाई अगाडि बढाउनमा उनको ठुलो योगदान रहेको छ। चेखवको साहित्यिक व्यक्तित्व कथाकार र नाटककारको रूपमा विकसित भएको पाइन्छ।

## 11.6. कथाकार चेखव र उनका प्रवृत्ति

आन्तोन चेखवले झन्डै छसय भन्दा बढी कथा लेखेका थिए भन्ने उल्लेख पाइन्छ। यिनी आफ्ना प्रारम्भिक रचनाहरूमा नै हास्य विनोदी र व्यङग्य विनोदी लेखकका रूपमा देखापरेका थिए। सन् 1880 देखि कथा लेखनमा प्रवृत्त रही सन् 1903 सम्म कथा लेख्ने चेखवका चर्चित र उल्लेख्य केही कथाहरू निम्न छन्। सन् 1880 ‘स्याउँहरू, डोन भूमिपतिले लेखेको चिट्ठी’ सन् 1883 ‘चुलबुले मान्छे’, ‘मोटो र सिकुटे’, ‘कारिन्दाको मृत्यु’ सन् 1884 ‘छेपारो’, सन् 1885 ‘व्यथा’ र ‘घोडे नाउ’, ‘अफिसर प्रिसिबेएभ’, ‘विपद’ सन् 1886 ‘भान्का’, ‘हुँडलो’, ‘एउटा ठट्टा’, ‘सपनाहरू’, ‘अन्युता’, ‘हुक्क्याट’ सन् 1889 ‘कस्ताङ्का’, ‘सत्रुहरू’, ‘भ्वाइँ’, ‘भेरोच्का’, सुख, दिक्क लाग्दो कथा आदि। सन् 1891 ‘द्वन्द युद्ध’, सन् 1892 पुतली, सन् 1896 थप बुइगल भएको घर, मेरो जीवन, वार्ड नम्बर 6 ‘मिस्युस’, सन् 1897 ‘गाउँलेहरू’ सन् 1898 करौंदा, इयोनिय, सन् 1898 ‘खोलभित्रको मान्छे’, ‘गुजबेरी’ सन् 1899 एक प्रेमको कथा, सन् 1903 ‘दुलही’ कथाहरूको अध्ययन गर्दा उनका कथागत प्रवृत्ति पनि स्पष्ट देखा पर्छन्।

अधिकांश यी कथाहरूमा र विशेष गरी सुरुका कथामा व्यङ्ग्यात्मकता मूल प्रवृत्तिका रूपमा देखिएको छ। त्यसकारण उनको मूल प्रवृत्ति हास्य र व्यङ्ग्यात्मकता देखिन्छ। कारिन्दाको मृत्यु, मोटो र दुब्लो, छेपारो, अफिसर प्रिसिबेएम जस्ता कथाहरूमा उनले रुसी समाजमा व्याप्त चाकरी-चाप्लुसी, भ्रष्टाचार, अन्याय र अत्याचार, शोषण र दमनका घिनलाग्दा र अमानवीय कुसंस्कारप्रति तीव्र व्यङ्ग्य गर्दै हाँसो उडाएका छन्। चेखवको दोस्रो प्रवृत्तिका रूपमा देखापर्ने विशेषता प्रजातन्त्रवादी र मानवतावादी चेतना हो। विपद, भान्का, हुक्क्याट जस्ता कथामा यस्तो प्रवृत्ति टड्कारो रूपमा पाइन्छ। सामाजिक रूपमा उपयोगी नहने जीवनप्रति कथाकारको विरोध रहिआएको छ। जीवनलाई सार्थक र पूर्ण बनाउँदा नै प्रजातन्त्र पनि उपयोगी हुन्छ भन्ने धारणा उनका कथाहरूमा पाइन्छ। अर्थहीन जिन्दगीलाई रित्तो जिन्दगी देख्ने चेखवले समकालीन रुसी निरङ्कुश समाजप्रति तीखो व्यङ्ग्य गर्दै जारशाहीको विरोध गरेका छन्। उदारवादी श्रमको आलोचना गर्दै नयाँ मान्यताहरूको खोजमा रुसी बुद्धिजीवीको प्रयास रहेको कुराले पनि उनका कथामा मान्यता पाएका छन्।

चेखवका कथामा देखिने चरित्रहरूको उपस्थितिले गर्दा पात्रको विशिष्टता नै चेखवको तेस्रो विशेषता भएर देखा पर्छ। उनले निश्चित र खास परिवेशबाट चरित्रको चयन गरी त्यसको विशिष्ट स्थितिको चित्रण गर्ने प्रवृत्ति देखाएका छन्। विषयवस्तुका दृष्टिले चेखवका कथामा सामाजिक विषयलाई नै अधिकांश कथाले आफ्नो विषयवस्तु बनाएका छन्। असामाजिक विषयलाई उनले आफ्ना कथामा स्थान दिएको पाइँदैन। सामान्य विषयवस्तुलाई टिपेर समाजका सामाजिक, आर्थिक, प्रशासनिक र राजनैतिक पक्षमाथि द्वेषपूर्ण उपहासबाट व्यङ्ग्य गर्न चेखवका कथाको विशेषता नै हो।

संरचनाका दृष्टिले चेखवका कथाहरू जति छोटा देखिन्छन् त्यति नै कथानक पनि संक्षिप्त र सटिक भेटिन्छन्। संक्षिप्त र अव्याख्येय भए पनि उनका कथाका पात्र चरित्रका माध्यमले व्यक्त हुने सन्देश भने अत्यन्त व्यापक र गम्भीर भएको पाइन्छ। भाषाका दृष्टिले चेखव रुसी गद्य भाषाका एक सफल प्रयोक्ता हुन्। उनको गद्य भाषामा पनि एक प्रकारको काव्यात्मकता पाइन्छ। काव्यात्मक भाषामा रुसी समाजका प्रतिक्रियावादी पुँजीवादी, बुद्धिजीवी, किसान, मजदुर तथा सहरीया अनि ग्रामीण जीवनको यथार्थिक चित्रण गर्न चेखवको विशेषता हो। यी विशेषतालाई पूर्ण सार्थकता दिने क्रममा 'मेरो जीवन', 'खोरभित्रको मानिस' 'किसानहरू' 'नयाँ घर' जस्ता कथाहरू अग्रपङ्क्तिमा देखा पर्छन्। चेखवले

पाठकलाई आफै जस्तो प्रतिभाशाली सम्झन्थे र पाठकले सबै कुरा आफै बुझ्छन् भनेर आफ्ना पाठकमाथि कहिल्यै आवश्यकताभन्दा बढी अभिभावुकता देखाएनन् भन्ने समालोचकहरूको भनाइ पाइन्छ।

## 11.7.नाटककारका रूपमा चेखव

आन्तोन चेखव कथाकार मात्र नभएर नाटककार पनि हुन्। उनले आफ्ना धेरैजसो कृतिहरू उननाईसौँ शताब्दिको अन्तिम दशकतिर नै लेखेका देखिन्छन्। उनले नाटकमा पनि एकाङ्की र पूर्णाङ्की गरी दुव प्रकारका नाट्यकृतिहरू रचना गरेका छन्। 'राजमार्गमा' (1884), राजहाँसको गीत (1886), जङ्गली दैत्य (1888), विवाह प्रस्ताव (1889), तात्याना रिपिन (1889), विवाह (1890), समुद्री चरा (1896), तीन बहिनीहरू (1900) आदि पूर्णाङ्की नाटकहरू चर्चित छन् भने एकाङ्कीमा इभानेभ निक्कै चर्चित छ।

चेखवले सुखान्त र दुःखान्त गरी दुवै प्रकारका नाटकहरू लेखेका छन्। उनका दुःखान्त नाटकहरूमा फलफुलको बगैचा', 'तीन बहिनीहरू' र 'इभानोभ' बढी चर्चित र उल्लेख्य रहेका छन्। यसरी सुखान्त र दुःखान्तका दुवै प्रकारका नाट्यकृति लेखेर नाटककारका रूपमा स्थापित भएका चेखवका नाट्यगत आफ्नै प्रवृत्ति र विशेषता देखा पर्छन्। रुसी यथार्थवादी साहित्यलाई विलक्षण समृद्धशाली तुल्याउने लेखक आन्तोन चेखव रुसी यथार्थवादी धाराका सशक्त नाटककार हन्। उनका नाटकमा सामन्त वर्गको पतन, उनका समस्याहरू, युवा वर्गका पीडा, निराशा, वैवाहिक समस्या र युवा जोसका विरोध र विद्रोहको चित्रण धेरै सजीव रूपमा व्यक्त भएको छ। उनका नाटकमा सामन्तवादी रुस पुँजीवादी रुसमा प्रवेश गर्दाका संक्रमणकालीन रुसको तत्कालीन चित्रण पाइन्छ। समकालीन राष्ट्रिय जीवनका आर्थिक बौद्धिक र सामाजिक समस्यालाई नै आन्तोन चेखवले आफ्नो नाटकका विषयवस्तु बनाएका छन्। नाटकमा उनले प्रयोग गरेका पात्रहरू चारित्रिक दृष्टिले धेरै यथार्थिक र वास्तविक खालका देखिन्छन्। उनका नाटकका चरित्रहरू रुसी समाजका विविध क्षेत्रमा संलग्न सजीव प्रकृतिका छन्। उनका नाटकमा बौद्धिक वर्गका प्राध्यापक, शिक्षक, वकिल, लेखकलगायत विद्यार्थी, कलाकार, सामन्त वर्गका भू-मालिक तथा सैनिक अधिकृतहरू देखिन्छन्। यसका साथै निम्न वर्ग र तहका चरित्रहरूमा किसान, मजदुर न्यूनवेतनी कर्मचारी साना व्यापारीहरूलाई पनि उनले आफ्ना नाटकमा उत्तिकै

प्रेमपूर्वक स्थान दिएका छन्। उन्नाईसौँ शताब्दीको रुसी समाजका बुद्धिजीवी, अड्डा अदालतकाको न्याय प्राणाली र घुसखोरी जस्ता विषयमाथि व्यङ्ग्यको झटारो हिर्काउने उनका नाटकमा धर्मका ठेकादारहरूको ठगी र जारको खोक्रो जीवनको चित्रण पनि छ। मानिसहरूको निचता र भ्रष्टताको चित्रणमा बढी नै चासो राख्ने चेखवले आफ्ना नाटकमा विविध प्रकारका प्रतिनिधिमूलक र व्यक्तिवादी चरित्रको उपस्थिति गरेर सिङ्गो रुसी समाजलाई चित्रण गरेका छन्। उनका नाटकहरूमा भ्रष्ट मानिसहरू मात्र होइन असल पात्रहरू पनि प्रस्तुत गर्दै शोषित पीडितप्रति लेखकले गहिरो सहानुभूति प्रकट गरेका छन्। चरित्रहरूको विविधता पाइनु चेखवको आफ्नै नाटकीय विशेषता हो। नाट्य लेखनका दृष्टिले आन्तोन चेखोभ गीतिनाटककार पनि हुन्। उनका नाटकमा पाइने गेयात्मकता र सङ्गीतात्मकताले उनलाई गीतिनाटककार भनेर चिनाएका छन्। गीतिनाटकका माध्यमद्वारा पात्रहरूले भोगेको व्यथित र उराठलाग्दो, निराशाजनक र झर्को लाग्दो जीवनको मानसिकतालाई चित्रण गरिएको छ। जीवन चलिरहेको छ तर खासै परिवर्तित किसिमले केही फेरिएको छैन, मानिस बाँचेकै छ तर कुण्ठा र पीडा, अभाव र दुःखले जेलिएकै छ भन्ने कुरा उनका नाटकहरूले खुलस्त पारेका छन्। यसरी वास्तविक जीवन जस्तो छ, त्यस्तै यथार्थ चित्रण उनका नाटकको वैशिष्ट्य हो। धनीहरूको अल्छी प्रवृत्ति र गरिबहरूका पीडाको अभिव्यक्ति उनका नाटकमा सशक्त रूपले प्रस्तुत गरिएको छ।

आन्तोन चेखव रुसी साहित्यका महान् कथाकार र नाटककार हुन्। उनले आफ्ना कथा र नाटकका माध्यमद्वारा रुसी समाजको सिङ्गो तस्वीर उतारेका छन्। समाजमा रहेका खराब र असल चरित्रको चित्रण गर्दै खराबप्रति निन्दा र असलप्रति श्रद्धा गरेका छन्। उच्च वर्गका समस्या र चारित्रिक प्रवृत्तिदेखि निम्न वर्गका दुःख र अभावलाई समेट्ने लेखक चेखव हास्यविनोदी र व्यङ्ग्यविनोदी साहित्यकार हुन्। पात्रानुकूल वातावरणको रचना र समय परिस्थिति अनुकूल चरित्र निर्माणमा धेरै सिपालु आन्तोन चेखव पात्रानुकूलको भाषा प्रयोगमा पोख्त देखिन्छन्। अश्लीलतालाई सदैव सत्रुका रूपमा देख्ने आन्तोन चेखवले हाँसो लाग्दा कथनहरू र घटनाहरूको पछाडि निर्दयी घृणित कुराहरू हुन्छन् भन्ने ठानेका छन्। किशोर अवस्थामा अश्लीलता मनोरञ्जक अथवा तुच्छ लाग्न सक्छ तर यसले विस्तारै-विस्तारै मान्छेलाई खिया लागेको पुरानो साइनबोर्ड जस्तो बनाइदिन्छ भन्दै अश्लीलता चाहे जहाँसुकै लुकेर बसेको होओस् त्यसको पूर्ण भण्डाफोर गर्ने चेखवले आफ्ना नाटक र कथामा कतै पनि अश्लीलतालाई। स्थान

दिएका छैनन् बरु घृणा नै व्यक्त गरेका छन्। स्वयं लेखक व्यक्तिगत रूपमा पनि साधु महात्म्य जस्तै सुशील थिए भन्ने उल्लेख पाइन्छ। यसरी आफ्ना कथा र नाटकलाई सामाजिक रूपमा प्रस्तुत गर्ने यथार्थवादी लेखक आन्तो चेखव आलोचना सहित आफ्ना रचनामा आशावादी भविष्यको सङ्केत गर्दछन्। जीवन जस्तो छ त्यस्तै रूपमा चित्रण गर्ने चेखवले सानातिना कुरामा पनि गहन सामाजिक एवं ऐतिहासिक तथ्य फेला पार्न कथाकार एवं नाटककार चेखवको आफ्नै विशष्टिता थियो। त्यसैले उनका रचनाहरूले रुसी साहित्यको साथ-साथै विश्व साहित्यको इतिहासमा पनि ठुलो प्रभाव पारेको छ भनी स्वीकार गरिन्छ। आन्तोन चेखव कस्ता लेखक हुन् भन्ने कुरामा म्यक्सिम गोर्कीको टिप्पणीले छर्लङ्ग पार्ने हुँदा यहाँ गोकीका भनाइसँगै अन्त्य गरिन्छ- ‘आन्तोन चेखवले जति स्पष्ट र सूक्ष्म तरिकाले जीवनका तुच्छ कुराहरूको दुःखमय चरित्र अरू कसैले बुझेको छैन, उहाँ भन्दा अगाडि अरू कसैले त्यति निर्मम सच्चाइ साथ मानिसहरूको अगाडि अस्तव्यस्त, एकनासे, कूपमण्डुक जीवनको लज्जास्पद र उराठिलो चित्र प्रस्तुत गर्न सकेको थिएन। ........ अश्लीलता नै उहाँको सत्रु थियो।

## 11.8. उपसंहार

दस्तोएभस्की रुसी साहित्यका मात्र नभएर विश्वकै एक बहुचिर्चित साहित्यकार हुन्। उपन्यास र पत्रकारिताका क्षेत्रमा विशेष सक्रिय रहने दोस्तोएभस्की उपन्यासकारका रूपमा अत्यधिक सफल देखिन्छन्। त्यसपछि पत्रकारिताका क्षेत्रमा पुस्किन स्पिच वार्तापरक लेखका लागि प्रशंसनीय छन्। समकालीन उपन्यासकारहरूमा अत्यन्त प्रभावशाली र बेजोड प्रतिभाका धनी मानिने दस्तोएभस्कीले आफ्ना उपन्यासहरूका माध्यम सामाजिक र मनोवैज्ञानिक यथार्थवादलाई पराकाष्ठामा पुऱ्याउने श्रेय पाएका छन्। प्रायः उपन्यासहरूमा रुसी समाजका सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, धार्मिक, राजनैतिक इत्यादि गतिविधिलाई प्रतिबिम्बित पार्न सक्ने दोस्ताएभस्कीलाई आलोचकहरूले विशिष्ट मनोवैज्ञानिक लेखक हुन् भन्ने संज्ञा दिएका छन्। तर त्यस चर्चाका विपरीत दस्तोएभस्कीले त कतै आफ्ना स्वीकृति यसरी दिएका छन्। 'मलाई मनोविज्ञ भन्दछन्, त्यो साँचो होइन। म स्वतन्त्र रूपमा यथार्थवादी हुँ अर्थात् मानवीय आत्माको सम्पूर्ण गहनता चित्रण गर्दछु।' Crime and Punishment, The Brothers Karmazov, Notes form the House of the Dead, The Insulted and

the Injured आदि दोस्तोएभस्कीकी उत्कृष्ट उपन्यास कृतिहरू हुन्। समकालीन रुसी उपन्यासकारहरू टल्सटय, तुर्गनेभ, कोरालेन्पो आदि जस्तै दोस्तोएभस्की पनि आफ्ना कृतिहरूको सफलताबाट विश्वचर्चित बन्न पुगेका छन्। विश्व साहित्यका बीसौँ शताब्दीका यथार्थवादी तथा आदर्शवादी साहित्यकारहरू दस्तोएभस्कीबाट प्रभावित थिए भन्ने थाहा पाइन्छ।

आन्तोन चेखव रुसी साहित्यका महान् कथाकार र नाटककार हुन्। उनले आफ्ना कथा र नाटकका माध्यमद्वारा रुसी समाजको सिङ्गो तस्वीर उतारेका छन्। समाजमा रहेका खराब र असल चरित्रको चित्रण गर्दै खराबप्रति निन्दा र असलप्रति श्रद्धा गरेका छन्। उच्च वर्गका समस्या र चारित्रिक प्रवृत्तिदेखि निम्न वर्गका दुःख र अभावलाई समेट्ने लेखक चेखव हास्यविनोदी र व्यङ्ग्यविनोदी साहित्यकार हुन्। पात्रानुकूल वातावरणको रचना र समय परिस्थिति अनुकूल चरित्र निर्माणमा धेरै सिपालु आन्तोन चेखव पात्रानुकूलको भाषा प्रयोगमा पोख्त देखिन्छन्। अश्लीलतालाई सदैव सत्रुका रूपमा देख्ने आन्तोन चेखवले हाँसो लाग्दा कथनहरू र घटनाहरूको पछाडि निर्दयी घृणित कुराहरू हुन्छन् भन्ने ठानेका छन्।

आलोच्य रसियाली साहित्यकार र तिनका साहित्यिक उपलब्धिहरू विश्वसाहित्यको अध्ययनका महत्त्वपूर्ण पक्षहरू हुन्। टल्स्टय, चेखव, दस्तोभस्की र गोर्कीले रसियाली साहित्यका उन्नाइसौँ र वीसौँ शताब्दीको दुई शताब्दीभरि आफ्नो पक्षबाट जुन योगदान पुऱ्याएका छन् ती उल्लेखनीय र विशिष्ट छन्।

## 11.9. सार

यस प्रखण्डमा रुसी साहित्यका विशिष्ट साहित्यकारहरू दस्तोएभस्की, चेखव अनि टल्स्टयको साहित्यिक परिचय अध्ययन गरियो। प्राप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- रुसी साहित्यको अध्ययनबाट विश्वसाहित्यकै विविध अनुभव, चिन्तन र मान्यताहरूको जानकारी सम्भव हुन्छ। पाठ्य सामग्रीबाट सक्षिप्त रूपमा भए पनि रुसी साहित्यबारे प्रकाश प्राप्त गर्न सकिन्छ। गोर्की, दस्तोएभस्की, चेखव, टल्सटय सबै आफ्ना समयका युग निर्माता साहित्यकारहरू हुन्। उनीहरूका कृतिहरूले दिएका योगदान महत्वपूर्ण छन्। रुसी साहित्य मात्र

होइन विश्वसाहित्यकै निर्माणमा यी साहित्यकारहरूका भूमिका उल्लेखयोग्य रहेका छन्।

- उपन्यास र पत्रकारिताका क्षेत्रमा विशेष सक्रिय रहने दोस्तोएभस्की उपन्यासकारका रूपमा अत्यधिक सफल देखिन्छन्।
- दस्तोएभस्कीले आफ्ना उपन्यासहरूका माध्यम सामाजिक र मनोवैज्ञानिक यथार्थवादलाई पराकाष्ठामा पुऱ्याउने श्रेय पाएका छन्।
- उनले प्रायः उपन्यासहरूमा रुसी समाजका सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, धार्मिक, राजनैतिक इत्यादि गतिविधिलाई प्रतिबिम्बित पार्न सक्ने दोस्ताएभस्कीलाई आलोचकहरूले विशिष्ट मनोवैज्ञानिक लेखक हुन् भन्ने संज्ञा दिएका छन्।
- आन्तोन चेखव रुसी साहित्यका महान् कथाकार र नाटककार हुन्। उनले आफ्ना कथा र नाटकका माध्यमद्वारा रुसी समाजको सिङ्गो तस्वीर उतारेका छन्। समाजमा रहेका खराब र असल चरित्रको चित्रण गर्दै खराबप्रति निन्दा र असलप्रति श्रद्धा गरेका छन्।

## 11.10. अनुशीलन

1. रसियाली उपन्यास साहित्यमा दस्तोएभस्की र चेखवले दिएका योगदानको सविस्तार समीक्षा गर्नुहोस्।
2. 'युद्ध र शान्ति' उपन्यासको औपन्यासिक विशेषताहरूको निरूपण गर्नुहोस्।
3. रुसी साहित्यिकको सङ्क्षिप्त सर्वेक्षण गर्दै यसका विशिष्ट उपलब्धिहरूको रेखाङ्कन गर्नुहोस्।
4. चेखवका कथा र नाटयगत विशेषतहरूको समीक्षा गर्दै तिनको साहित्यिक प्रसिद्धिको पनि मूल्याङ्कन गर्नुहोस्।
5. दस्तोएभस्कीको औपन्यासक विशेषता र प्राप्तिहरूको मूल्याङ्कन गर्नुहोस्।

## 11.11. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |

Notes

राजनारायण प्रधान विश्वका महान् साहित्यकारहरू

श्यामकृष्ण खुलीमुली संसार हल्लाउने साहित्यकारहरू

तथा, रसियाली साहित्यको सर्वेक्षणात्मक अध्ययन आवश्यक। रसियाली उपन्यास विधाको परम्परा र प्रवृत्तिहरूको अवलोकन आवश्यक। रसियाली कथा-विधाको परम्परा र प्रवृत्तिहरूको अवलोकन आवश्यक रसियाली नाटय परम्परा प्रवत्तिहरूको सविस्तार समीक्षा र मूल्याङ्कन अपेक्षित। विश्वसाहित्यको स्वरूप निर्धारणमा रसियाली साहित्यको भूमिका र महत्व।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 11.12. मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. युद्ध अनि शान्ति उपन्यासको पृष्ठभूमि।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 11.9. खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. चेखवको कथागतप्रवृत्ति लेख्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 11.5. खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. विश्व साहित्यमा रुसी साहित्यको योगदानबारे लेख लेख्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 11.7. खण्ड अध्ययन गरी उत्तर खोज्न सक्नेछन्)

4. दस्तोएभस्कीको साहित्यिक परिचय लेख्नुहोस्?

..........................................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 11.1. अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. चेखवको नाट्यकारिता लेख्नुहोस्।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 11.6. खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ- 12, टल्स्टय, म्याक्सिम गोर्की, हेनरिक इब्सेन

**संरचना**

12.0.उद्देश्य

12.1. टल्स्टयको साहित्यिक परिचय

12.2. टल्सटयको कृति

12.3. म्याक्सिम गोर्कीको साहित्यिक परिचय

12.4. गोर्कीका कृतिहरू

12.5. इब्सेनको साहित्यिक परिचय

12.6. उपसंहार

12.7. सार

12.8. अनुशीलन

12.9. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भग्रन्थ

12.10. मूल्यवृद्धिका निम्ति उत्तर

## 12.0. उद्देश्य

यस एकाइको अध्ययनपछि तपाइँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- म्याक्सिम गोर्कीको साहित्यिक परिचय तथा कथाकार अनि उपन्यासकारका रूपमा परिचय
- उनका कृतिहरू मार्फत साहित्यमा समाजवादी यथार्थवाद प्रवृत्तिको प्रविष्टि

## 12.1. टल्स्टयको साहित्यिक परिचय

रासिया महादेश अर्न्तगत दुला भन्ने नगरना 28 अगस्टका दिन काउन्ट लेग निकोलाभिच टल्स्टयको जन्म भएको थियो। सम्भ्रान्त एवं सामन्ती परिवारमा जन्मेका टल्स्टय सानै उमेरमा टुहुरो भएपछि केही फ्रान्सेली शिक्षकहरूले प्रारम्भिक र उच्च शिक्षा व्यवस्थामा रेखदेख गरेको थाहा पाइन्छन्। आफन्त स्वरूप रहेका कृतिपय ठुलाठालु र शिक्षकहरूको छत्रछायामा टल्स्टयले कगन

(Kagun) विश्वविद्यालय सन्त पिटरसवर्ग विश्वविद्यालय आदि ठाउँमा उच्च शिक्षा हासिल गर्न पाएका थिए। उनले विभिन्न देशका भाषा तथा कानुनी शिक्षाहरूको पनि अध्ययन गरेका थिए। टल्स्टायले 23 वर्षखे उमेरमा साहित्य क्षेत्रमा पर्दापण गरेर विभिन्न प्रकारका विचारपरक रचनाहरू लेख्न थालेका थिए। विद्यार्थी अवस्थामै 'A history all Yesterday' लेखेर आफूलाई साहित्यिक क्षेत्रमा अग्रसर पार्ने टल्स्टयले कहिले सेनामा गएर देशसेवा गरेका छन्, कहिले गाउँमा शिक्षण पेशा अपनाएर शिक्षा सेवा गरेका देखिन्छन्।

## 12.2. टल्स्टायका कृतिहरू

**क. आत्मकथात्मक रचना**

1.Childhood 1852,

2. Boyhood 1854,

3.Youth - 1857

4. Espovade 1884

**ख. नाटक**

1. The power of darkness – 1886,

2. The fruits of enlightenment – 1888,

3. The live corpse 1900,

**ग. लेख चित्रण, कथा आदि**

1. The Raid -1853,

2. The wood felling 1855,

3 The Memories of Billiard maker- 1855,

4. Sevastopol in December, Sevastopol in May - 1855,

5. Three death 1859,

6. A history of a house 1861,

7. Primer 1872,

8. A Prison in the Caeasus 1872.

9. On public Education. 1974,

10. The Decemberists 1884,

11. The kingdom of God is within you 1893,

Notes

12. Christianity and patriotism 1894,

13. Hadzi Murat 1903,

14. What is art ? 1904,

15. Death and Disease 1905.

**घ. उपन्यास**

**1**. Family happiness 1859,

2. The Cossacks 1869,

3. War and peace 1865-1869,

4. Anna Kareninna 1878,

5. The death of Ivan Iliach 1886,

6. Master and man 1895,

7. Resurection 1899 इत्यादि।

उपलब्ध कृतिहरूका आधारमा टल्स्टयको साहित्यिक व्यक्तित्व बहुमुखी प्रतिभा सम्पन्न पाउन सकिन्छ तथापि उपन्यासकारको प्रसिद्ध व्यक्तित्व तिनको साहित्यिक प्रसिद्ध व्यक्तित्व सिद्ध छ। प्रायः एकदर्जन उपन्यास लेखेर टल्स्टयले रुसी उपन्यास साहित्यलाई गरिमामय पारेका छन् अनि तिनै उपन्यासको प्राप्तिले विश्व उपन्यास साहित्य समेतलाई दुरगामी प्रभाव पार्न सकेका छन्। यथार्थ विषयवस्तुलाई नै आफ्नो उपन्यासको धरातल मानेर तिनना राजनैतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक शैक्षिक, धार्मिक आदि तथ्यहरूलाई सजीव रूपना उतार्न टल्स्टय आफ्नो उपन्यासहरूमा समर्थ भएका छन्। यद्यपि वैचारिक क्रान्ति पुनर्जागरणका अपेक्षा र वर्गसङ्घर्षको सार्थक परिणाम खोज्न टल्स्टयको उपन्यासको मूल उद्देश्य र विशेषता रहेको देख्न पाइन्छ।

उल्लेखनीय केही उपन्यासहरूमा 'Family Happiness' टल्सयको 30 वर्षको आफ्नो उमेरको व्यक्तिगत अनुभवहरूलाई विषयवस्तु बनाइएको छ। मनिसले बिहे गर्दा के हुन्छ अनि के हुँदैग जस्ता स्थितिको चित्रण गर्न अग्रसर हुदै आफूले बिहे गरेपछिको अनुभवहरूलाई यस उपन्यासमा वर्णन गरेका छन्। बिहे गर्नुको औचित्य र अगौचित्यमाधि आफ्नो व्यतिगत छलफल तथा नैतिक आदर्श पालन गरेको तथ्य यस उपन्यासमा देखिन्छ। उपन्यास लेख्ने आफ्नो पहिलो प्रयास भए पनि यस उपन्यासबाट टल्स्टयले उपन्यास लेखनमा सफलता पाएका हुन् भन्ने विद्वानहरूको मत रहेको छ।

'The Cossacks', उपन्यासमा केही रुसी जमिन्दार, कृषकहरू, सिपाहीहरूको व्यावहारिक र मनोवैज्ञानिक चित्रण प्रस्तुत गरीएको छ। यसै उपन्याराबाट टल्सटय यथार्थवादी प्रवृत्तिका उपन्यास लेख्न सफल रहेको हो भन्ने विद्वानहरूको मत रहेको छ।

अर्को उपन्यास 'War and peace' बाह्रवटा विभिन्न खण्डहरूमा प्रकाशित उपन्यासहरू विश्वसाहित्य साहित्यकै बृहत् आकारको उपन्यास मानिन्छ। उपन्यासको पृष्ठभूमि तत्कालीन रुसी महादेशको ऐतिहासिक सङ्कटलाई बनाइएको। नेपोलियन फौजका विरुद्ध त्यहाँका जगता-जनार्दनले गरेको विद्रोहको वर्णन पनि प्रस्तुत उपन्यासमा वर्णिति छ। रासियाली सत्तासीन अभिजात वर्गका दुई परिवार लगायत असङ्ख्यौँ अन्य परिवारहरूका कथाहरू पनि प्रस्तुत उपन्यासमा चित्रित पाइन्छ।

लियो टोल्स्टोयका प्रारम्भिक चरणका कृतिहरूमा आत्मकथात्म शैलीको प्रयोग गरिएको छ। यसरी आत्म कथात्मक ढाँचामा लेखिएका कृतिहरूमा उनका पहिला कृति 'बाल्यावस्था' (1851) हो। यी कृतिहरूमा मानिसको उमेर अवस्थाको बानी बेहोरा र सोचको प्रस्तुति पाइन्छ भने उनले आफ्नै उमेरको आत्मसंस्मरणलाई समेत भित्र्याएका छन्। यी कृतिमा रुसी समाजको समकालीन चित्रण गर्दै अभिजात वर्ग (कुलीनवर्ग) र किसान वर्गका जीवनको चर्को विरोधाभासलाई समेत देखाइएको छ। सन् 1855-1863 सम्मको समयावधिमा टाल्स्टयले क्रिमिया युद्धको अनुभवसहित प्रतिरक्षात्मक विषयलाई लिएर थुप्रै युद्धकथा लेखेका टोल्स्टयको 1863 मा 'काजकहरू' नामक लघु उपन्यास प्रकाशित भएको देखिन्छ। यहाँ थुप्रै कथाहरू सङ्गठित छन्। यी कथाहरूका आधारमा हेर्दा उनी यथार्थवादी पद्धतिका कथाकार देखिन्छन्। रुसी राज्यका ठुलावडा, जमिन्दार, किसान र सिपाही जीवनका आरोह-अवरोह साथै अन्तर्मनका दुःख वेदना र छटपटीलाई अत्यन्त सतर्कतापूर्वक खोदलखादल पार्ने काम यी कृतिहरूमा भएको छ। यी कृतिको रचना गरेर लेखकले आफूलाई मनोभावनाका ज्ञाता र धेरै सिपालु मनोविश्लेषकको रूपमा स्थापित गरे। साहित्यिक विधागत रचनाका दृष्टिले यो उनको पहिलो चरण कथाहरू र संस्मरण लेखनको कालका रूपमा रहेको छ। यस चरणले उनलाई आत्मकथात्मक शैलीका प्रयोक्ता र मनोविश्लेषक यथार्थवादी कथाकारका रूपमा स्थापित गर्‍यो। यस चरणमा देखिएका प्रमुख कथाहरूमा आक्रमण (1853), तीन मृत्यु (1859), एउटा घरको कथा (1863) आदि उल्लेख्य छन्।

Notes

टोल्स्टयको साहित्यिक यात्रामा नयाँ फड्को ल्याउने काम औपन्यासिक कृतिहरूले गरेका छन्। यस चरणका उपन्यासहरूमा निम्न कृतिको नाम उल्लेख गर्न सकिन्छ। 'युद्ध र शान्ति', (1863-1869) 'आन्ना कारेनिना', (1873-1877 सन्) 'इभान इल्यिचको मृत्यु' (1886), मालिक र नोकर (1886) इन्सेरोमा सोनात (1889) र पुनर्जन्म (1889-1899) आदि। यस चरणको समयावधि उपन्यास लेखनका क्रममा केही नाटक लेखिएको देखिए पनि उपन्यासकै वर्चस्व रहेको पाइन्छ। विश्व चर्चित उपन्यास र अन्य विविध आख्यानात्मक कृति लेखेर भए पनि यो चरण उपन्यासको उर्वर काल रहेको छ। अघिल्लो समयमा कथा लेखन र यस समयमा उपन्यास लेखनको आधिक्य रहेकोले उनको साहित्यिक यात्राको यो चरण आफ्नै विशेषतामा महत्त्वपूर्ण छ। सन् 1863 देखि सुरु गरेर 1869 मा प्रकाशित 'युद्ध र शान्ति' उपन्यासले लेखकको पहिलो चरणलाई विदाइ गर्दै दोस्रो चरणको आमन्त्रण गरेको छ। सन् 1812 मा फ्रान्सको आक्रमण विरुद्धको युद्धमा रुसले देखाएको देश भक्तिपूर्ण बहादुरीको ऐतिहासिक विषयवस्तुमा आधारित यस उपन्यासमा रुसी समाजका सम्पूर्ण आवस्थालाई चित्रण गरिएको छ। यस उपन्यासमा अभिजात वर्गका दुई परस्पर विरोधी धाराहरूलाई प्रतिनिधि पात्रका माध्यमद्वारा चित्रण गरिएको छ। रुसको शासन सत्तामा रहने एकथरी अभिजात वर्गको स्वार्थान्धिता, पदलोलुपता, पाखण्डीपन, मिथ्याडम्बरको बिम्ब खिचिएको छ भने आमजनतामाथि विपद पर्दा उनीहरूलाई सहयोग गर्ने प्रवृत्तिका अभिजात वर्गको पनि यहाँ दुरुस्त चित्रण गरिएको छ। सन् 1818 को नेपोलियन विरुद्धको युद्धमा सम्पूर्ण जनताले भाग लिएको संस्मरण गर्दै त्यस युद्धलाई देशभक्तिपूर्ण युद्धको रूपमा चर्चा गरिएको छ। नेपोलियनसँगको युद्धमा विजय हासिल गर्नाको कारण खोल्दै उपन्यासले 'युद्ध र शान्ति' का निम्ति अन्तिम निर्णायक शक्ति जनता हुन् भन्दै जनशक्तिको महत्त्व देखाएको छ। यस उपन्यासमा रुसी प्रवृत्ति, चालचलन, रीतिथिति, रुसी जीवन, सामन्ती, किसान, राजतन्त्र, सिपाही, भारदार, सत्तासनि अभिजात वर्ग, स्वतन्त्रता, निरंकुशता, किसानको मानसिकता, युद्धको त्रासदी र देशभक्तिको भावना जस्ता सम्पूर्ण कुराहरूको व्यापक र विस्तृत चित्रण भएकोले टाल्स्टय आफ्नै जीवनकालमा विश्वविख्यात उपन्यासकार बने। उनका उपन्यासका पात्रहरूको चरित्र र स्वभाव पढ्दै जाँदा साँच्चै ज्युदा व्यक्तिसँग कुरा गरिरहेको जस्तो अनुभूति हुनु टाल्स्टयको चरित्र- चित्रण गर्ने अद्‌भूत प्रतिभाको क्षमता र यथार्थवादी दृष्टिकोणको परिचायक हो। उपन्यासकार टाल्स्टोयको यस दोस्रो चरणमा

देखापरेको अर्को चर्चित र महत्त्वपूर्ण उपन्यास 'आन्ना कारेनिना' हो। यो कृति 1873-1877 को समयावधिमा लेखिएको थियो। यस कृतिमा भू-दासत्व उन्मूलनपछिको रुसी समाजको चित्रण छ। सामन्तवादी व्यवस्थाको विघटन र पुँजीवादी व्यवस्थाको उदय हुँदाको सङ्क्रमणकालीन रुसी समाजका विरोधाभासहरू उपन्यासका विषयवस्तु बनेर आएका छन्। यस कालमा धर्म. परिवार विवाह र प्रेमजस्ता विषयमा देखापरेका परिवर्तिन धारणाहरूको सन्दर्भलाई निकै राम्रोसँग केलाइएको यस उपन्यासमा नायिका आन्ना र नायक भ्रोन्स्कीको प्रेममा बाधा पुप्याउने र प्रेमको विरोधी बनेको रुसी समाजको चित्रण छ। समाजसँग एक्लै सङ्घर्ष गर्ने अन्ना आत्महत्या गर्न विवश भएपछि उपन्यास कारुणिक बन्न पुग्दछ। अन्नालाई प्रेम गरेर पनि उसलाई प्रेमको भन्दा अभिजातीय वर्गको चासो राख्ने भ्रोन्स्की, पत्नी (लेभिनकी) र आमा भएर पनि परपुरुषसँग प्रेम गर्ने अन्ना जस्ता पात्रहरूको उपस्थितिद्वारा पारिवारिक समस्या पनि एक प्रमुख समस्या हो भन्ने दृष्टिकोण उपन्यासकारको रहेको छ। पत्नी अन्ना र पति लेभिनको बिच देखापरेको द्वन्द्वमा लेभिनका माध्यमद्वारा सिर्जनात्मक जीवनका लागि नैतिकता अनिवार्य सर्त हो भन्ने देखाइएको पाइन्छ। आन्नाको प्रेम र विपदापर्ण स्थिति अनि लेभिनका आन्तरिक सोचाइका माध्यमद्वारा तत्कालीन समाजको आलोचनाको धारा अगाडि बढाउने काम उपन्यासमा भएको छ। यसका साथै जमिदार र किसानहरूको आपसी सम्बन्ध र समस्यालाई पनि उपन्यासले रामैसँग नियालेको पाइन्छ। अन्नाको भ्रोन्स्कीसँग प्रेम देखाएर त्यसको प्राप्ति नहुँदा अन्नाले आत्महत्या गरेको घटनाबाट उपन्यासकारले मानवीय मुटुको सच्चा प्रेमले उत्सर्ग गर्न चाह्यो भने थोत्रा मान्यताले जस्तोसुकै विपदको अचानोमा च्यापे पनि अग्रसर हुने र सफल नभएमा बरु आत्महत्या गरेर पनि सच्चा प्रेमको पवित्रता प्रदर्शन गर्छन् भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ। यस कथाको तारतम्यद्वारा उपन्यासका पात्रहरू परिवारका समस्यासँग जीवनका सुखदुःख जोड्न पुग्छन् भन्ने देखाइएको छ। मानवीय र अमानवीय प्रवृत्तिका बिचको द्वन्दको चित्रण। गरिएको यस उपन्यासमा रुसी जीवनको वास्तविक छाया छ। यसै चरणमा देखापरेको 'पुनर्जीवन' उपन्यासले तत्कालीन रुसी समाजको नैतिक जगलाई राम्रसँग खैलाबैला पारिदिएको छ। पूँजीजीवी एवं जमिनदारी पद्धतिको कटु आलोचना गरिएको यस उपन्यासमा क्रान्ति (1905) भन्दा पूर्वको रुसी अवस्था छर्लङ्ग ऐना हेरे झैँ देखिन्छ। क्रान्ति पूर्वको रुसमा दुई परस्पर विरोधी सामाजिक शक्तिहरू रहेको कुरालाई उपन्यासका प्रमुख पात्रद्वारा राजासाहेब नेख्ल्युदभ र बन्दी

आइमाई मास्लभा चित्रित गर्दै तल्लो वर्ग र उपल्लो वर्गको अवस्था देखाइएको छ। उपन्यासको नायक नेल्युदभले मास्लभाको इज्जत लुटेर हुर्मत लिँदा पनि मास्लभाले पुनर्जीवन प्राप्त गरेको ठान्दै जुन दासत्वबाट मुक्तिको बाटो ठानिएको छ त्यो वास्तवमा घतलाग्दो र प्रभावकारी बन्न सकेको छैन। उपन्यासले पतित नायक रहेको नैतिक सुधार हुनुपर्ने आशा राखेको छ। रुसी समाजको यथार्थ चित्रण भएकोले यो महान् सामाजिक उपन्यास हो।

टाल्स्टयले नाटक पनि लेखेका छन्। सन् 1886 मा 'अन्धकारको साम्राज्य' र 'शिक्षाको फल (1886- 1809) नाटक लेख्ने टाल्स्टयले सन् 1900 मा 'जिउँदो लास' नाटक लेखेको देखिन्छ। यसै समयमा सेर्गी, खाजी मुरात, अल्पोसा गसोक जस्ता कथाहरू 1901-1910 भित्र लेखेको देखिन्छ। उनको वृद्धवस्थामा लेखिएका यी कथात्मक कृतिहरू उनका पछिल्ला रचना हुन्। यस चरणमा उनी नाटक विधा र कथा विधामा प्रवृत्त रहे पनि यो चरणले उनलाई ख्याति बढाउने काम गर्न सकेन। लेखनमा निरन्तरता दियो तर अघिल्लो समयको उचाईलाई फेरि उचाल्न सकेको पाइँदैन।

उपसंहारमा भन्नुपर्दा टल्स्टय विश्वसाहित्यकै महान् साहित्यकार हुन्। रुसी साहित्यमा टल्स्टयको योगदान र प्रतिष्ठा जति छ त्यति नै विश्व साहित्यमा कायम छ। आफ्ना साहित्य साधनामा टाल्स्टयले थुप्रै आत्मकथात्मक रचनाहरू, नाटकहरू लेखेर विभिन्न विषयका साहित्यका समृद्ध परम्परा बसाइदिएका छन्। विश्वसाहित्यमा नै बृहत्कार्य बहमुखी विषयवस्तुका गुम्फन रहेको श्रेष्ठ उपन्यास 'युद्ध र शान्ति' लाई मानिन्छ। कृतिपय विद्वान्हरूले टल्स्टय नाउँको प्रसिद्धि 'युद्ध र शान्ति' को पर्याय बनेको ठान्छन्। ऐतिहासिक राजनैतिक, सामाजिक, आर्थिक, दार्शनिक, विविध पक्षलाई प्रकाश पार्ने टल्स्टयका रचनाहरूमा कला, दर्शन, धर्म, देशप्रेम, मानवप्रेम, सर्वत्र नै व्यापक रूपमा प्रस्फुटिल भएका देखिन्छन्। कृतिपय विद्वान्हरू अनुसार टल्स्टयको साहित्यिक योगदान रुसी जनमानसका लागि प्रगति गर्ने आधार बन्यो। कतिपय विद्वान्हरूका मतमा प्रगतिवादी सबै लेखकले टस्टयलाई पढ्नु अनिवार्य छ। विश्वकै विभिन्न भाषाहरूमा टल्स्टयका अनेकौँ कृतिहरू अनुदित र रूपान्तरित पाइन्छन्। नेपाली साहित्यका सन्दर्भमा पनि इन्द्र सुन्दास, बाङ्देल, महानन्द पौड्याल, गुप्त प्रधान, बी. योञ्जन प्रभृतिले टल्स्टयको रचनाहरूको रूपान्तरित लेख तथा कथाहरू प्रकाशित गरेका देखिन्छन्। नेपाली विद्वान श्री हरिप्रसाद शर्माद्वारा 'युद्ध र शान्ति' उपन्यास नेपाली भाषामा अनुवाद भइसकेको भेटिन्छ।

## 12.3. म्याक्सिम गोर्की (1868-1936)

म्याक्सिम गोर्की सोभियतकालका सशक्त समाजवादी यथार्थवादी लेखक हुन् तापनि उनले विद्यालयबाट औपचारिक शिक्षा प्राप्त गर्ने अवसर पाएका थिएनन्। उनलाई विश्वविख्यात सर्वहारावादी लेखक भनिन्छ। सानै उमेरमा बाबु (म्याक्सिम पेस्कोभ) -को मृत्यु भएको र मामाको घरमा बस्न बाध्य भएका गोर्कीले मावलीको घरमा धेरै दुःख कष्ट भोग्नु परेको थियो। सानैदेखि हन्डर र गोता खाएका गोर्कीले अर्काका भाँडा माझ्ने काम गरेर आफ्नो जीवन गुजारा गरेको र स्वाध्ययनले शैक्षिक ज्ञान बढाएको उल्लेख पाइन्छ। आफ्नी बोजूबाट सुनेका कथा र गीतले उनीभित्रको साहित्यकारलाई जगाइदिएको भन्ने चर्चा पाइन्छ। ई. 1884 मा कामको खोजीमा भौतारिँदै आएका गोर्कीले स्थानीय प्रगतिशील बुद्धिजीवीहरूसँगको सम्पर्कले काजान सहरमा बस्दा मार्क्सको 'पुँजी' र रुसी एवं विदेशी साहित्यका प्रशस्त पुस्तकहरूको अध्ययनबाट आफ्नो ज्ञानलाई अगाडि बढाए तर गोर्की ई. 1889 मा पक्राउ परे भन्ने बुझिन्छ। यही घटनादेखि गोर्की साहित्य लेखनमा प्रवेश गरी विभिन्न ठाउँको भ्रमण गर्दै आफूलाई अत्यन्त क्रियाशील बनाए। उनले साहित्यमा पदार्पण गरेको समय रुसमा सर्वहारा वर्गीय आन्दोलनले जन्म लिइरहेको र क्रान्तिकारीको स्थितिको विकास भइरहेको अवस्था थियो। ई. सन् 1891 देखि रुसका विभिन्न भागमा घुम्दै लेखेका रचनाहरूमा उनको पहिलो कृति 'माकार चद्रा' (1892) देखापर्दछ र उनको औपचारिक साहित्यिक यात्रा यहीबाट प्रारम्भ भएको पाइन्छ।

## 12.4. गोर्कीका कृतिहरू

1. The songs of an old tree (बुढो रुखको गीत कथासङ्ग्रह 1921)
2. Life and literature (जीवन अनि साहित्य, अन्वेषणमूलक ग्रन्थ, 1923)
3. Mother (आमा, उपन्यास 1906)
4. Philistine (फिलिस्टाइन, नाटक, 1924)
5. Enemies (सत्रुहरू, नाटक, 1931)

उनको साहित्य यात्राको प्रारम्भमा कथा लेखन देखिन्छ। सन् 1892 मा लेखिएको 'माकार चद्रा ' कथा नै उनको पहिलो रचना मानिन्छ। यस कथामा उनले पाएका हन्डर र गोताको अभिव्यक्ति छ। आफूले प्राप्त गरेका अनुभव र विपदको आफ्नो

Notes

बाल्यकालको समेत चित्रण भएको यस कथाले कठोर मानिसको कठोर हृदयलाई पनि पगाल्ने क्षमता राख्दछ। यस चरणमा लेखिएका उनका रचनाहरूको सङ्कलन 1898 मा प्रकाशित भएपछि उनी देशभरि नै चर्चाका पात्र बन्दछन्। यस कालमा जीविकोपार्जन गर्नका निम्ति उनले 'सभारा सहरको अखबारमा' काम गरेका थिए भन्ने चर्चा पाइन्छ। उनका यस चरणका कथाकृतिहरूमा क्रान्तिकारी स्वच्छन्दतावाद र युवा जोराको निकै राम्रो प्रस्तुति भएको देखिन्छ। उनको पहिलो कथा 'माकार चुद्रा' -ले पुस्किन र गोगलको प्रगतिशील स्वच्छन्दतावादी प्रवृत्तिलाई नै पछ्याउने जमर्को गरेको छ। जसमा स्वतन्त्रताका भावाभिव्यक्तिले पनि प्रशस्त ठाउँ पाएका छन्। ई. 1898 मा प्रकाशित उनका सङ्कलित कृतिहरूमा 'बाजको गीत', 'इजेर्गिल बढी' 'खान र उसको छोरा' 'केटी र मृत्यु' -जस्ता कथाहरूमा दन्त्यकथा र गीतको प्रयोग गर्दै समाजवादी यथार्थवादीलाई चियाउने काम गरेका छन् जसलाई उनको प्रवृत्तिका रूपमा लिन सकिन्छ। यसै गरी गोर्कीले आलोचनात्मक यथार्थवादलाई अगाडि बढाउँदै पूर्ण रूपले वास्तविक रूपमा यथार्थवादी रचना भन्न सकिने कृतिहरूको पनि लेखन गरेका छन्। 'आर्खिब बाजे र ल्योन्का' 'अर्लोभ दम्पत्तिहरू' भूतपूर्व र मानिसहरू -जस्ता कथाले उनको साहित्यिक यात्राको अर्को चरणलाई र विशेष गरी समाजवादी यथार्थवादी प्रवृतिलाई पक्रन खोजेको देखिन्छ। यस समयमा देखिएका कथाहरूमा तल्लो तहको व्यक्तिको उत्पीडन र उनले भोग्न परेका मार्मिक मानवीय जलन र व्यथाको प्रस्तुति पाइन्छ। जे होस् यस चरणलाई उनको (प्राथमिक कालीन) प्रारम्भिक समयका रूपमा स्विकार्दै भविष्यका सर्वहारा लेखक भनेर प्रसिद्ध हुने गोर्कीको साङ्केतिक झलक पाइने कालखण्डका रूपमा लिन सकिन्छ। यस समयमा उनले जे जस्ता सम्भावना र झलक देखाए पनि उनी मूलतः आलोचनात्मक यथार्थवादकै सेरोफेरोमा फन्का मार्दै साहित्य सिर्जनामा क्रियाशील भइरहेका पाइन्छन्। रुसमा देखिन थालेको क्रान्तिकारी मजदुर आन्दोलनसँगै सामिप्यता राख्दै साहित्य यात्रा अगाडि बढाउने प्रसायरत चरणका रूपमा यो समयावधि देखा पर्छ।

मेक्सिम गोर्कीको साहित्यिक यात्राको अर्को चरण उपन्यास विधा लिएर देखापर्दछ। प्रारम्भमा उनले कथाहरू मात्रै लेखेको देखिन्छ भने यस समयमा उपन्यास र नाटकहरूको रचना गरेको भेटिन्छ। विधागत परिवर्तन र प्रवृत्तिगत भिन्नताले पनि उनको साहित्यिक यात्रालाई बलियो बनाएको देखिन्छ। रुसको क्रान्तिकारी आन्दोलनको प्रारम्भदेखि अक्टोबर क्रान्तिसम्मका विविध

घटनाहरूसँगै गोर्कीको लेखनीले मितेरी लगाएको छ। क्रान्तिकारी मजदुर आन्दोलनको गतिसँगै गोर्की पनि 1899 देखि नयाँ समयमा प्रवेश गर्दछन् र यसको आरम्भ 'फोमा गोर्दएम' (1899) उपन्यासको प्रकाशनसँगै प्रारम्भ हुन्छ। यस चरणमा यो उपन्याससँगै ई. 1901-1905 भित्र गोर्कीका 'तल्लो तहमा', 'दुई मन', 'भार्मारा' जस्ता नाटकहरू प्रकाशित भए भने 'हरीचराको गीत' र 'मानिस' जस्ता काव्यहरू पनि लेखेका थिए। यस अवधिमा उनले थुप्रै नाटकहरू र उपन्यासको रचना गरे। यस समयमा लेखिएका सर्वाधिक चर्चित र विश्वप्रसिद्ध प्रसिद्ध उपन्यासमा 'आमा' (1906) रहेको छ भने उनका प्रमुख नाटकहरूमा 'गहिरो खाडल' (1902) 'दुस्मन' (1906) न्यायाधीश (1912) चर्चित छन्।

गोर्कीको सर्वोच्च औपन्यासिक प्राप्ति को रूपमा उपन्यास 'आमा' देखा पर्छ। यो समाजवादी यथार्थवाद विचारधारालाई ग्रहण गरेर रचिएको छ। यो उनको धेरै सफल र लोकप्रिय रचना देखिन्छ। यस उपन्यासमा गोर्कीले क्रान्तिकारी नायकका सन्दर्भबाट पुँजीवादको पतन र सर्वहाराको विजयको सम्भावनालाई प्रस्तुत गरेका छन्। पुँजीवाद र सर्वहारावादको द्वन्द्वका स्थितिबाट गुज्रिएको यो उपन्यासले पुँजीपतिको पराजय र सर्वहाराको विजय हुने कुरामा सुनिश्चितता गरेको हुनाले यहाँ उनको आशावाद रहेको स्पष्ट देखिन्छ। यस कृतिमा क्रान्तिकारी विकास क्रमको चित्रण गर्दै नायकलाई समाजवादी आदर्शका लागि सङ्घर्षशील मजदुर नायकत्व प्रदान गरिएको छ। मजदुर वर्गको मुक्तिका निम्ति जस्तोसुकै कठिन युद्ध र सङ्घर्ष गर्न तत्पर नायक समाजवादी विचारधारप्रति पूर्ण निष्ठावान् रहेकोले यस उपन्यासलाई समाजवादी यथार्थवादको पहिलो उपन्यास मानिएको छ। यो जनवादी उपन्यासका रूपमा स्थापित भएको छ। 'पाभेल' यस उपन्यासको केन्द्रीय चरित्र हो र उसको चरित्रमा बीसौँ शताब्दीका रुसी मजदुरहरूको चरित्र प्रतिबिम्बित छ। यसका साथै क्रान्तिकारीको चरित्र र दृढता कस्तो हुनुपर्छ भन्ने कुरा पनि 'पाभेल' को चरित्र, निष्ठा, उत्साह र अग्रसरताका आधारमा प्रष्ट पारिएको छ। 'पाभेल' र उसका साथीहरूको सम्पर्क र व्यवहारले पाभेलकी आमा पनि क्रान्तिकारी आमाका रूपमा देखाएर गोर्कीले सबै जनतालाई आमालाई झैँ क्रान्तिकारी पङ्क्तिमा सामोल गराउन सक्नु पर्छ। यसले क्रान्तिकारीहरूको विजयलाई सुनिश्चित गर्दछ भन्ने मूल सन्देश उपन्यासमा व्यक्त गरेका छन्। हुकुमतन्त्र शासनका क्रियाकलाप र व्यवहारले मजदुर तथा सर्वहाराहरूको क्रान्तिकारी चरित्र कसरी विकसित हुन्छ भन्ने कुरा उपन्यासमा धेरै विस्तृत रूपले देखाइएको छ। यस उपन्यासमा त्यस युगका जल्दाबल्दा

Notes

प्रश्नहरू मात्र उठाइएको छैन कि विभिन्न वर्गहरूका बिचको शक्ति सन्तुलनको स्थिति पनि देखाइएको छ। अन्त्यमा भन्नु पर्दा पुँजीवादी संसारको कडा विरोध र निन्दा गर्दै त्यसका विरुद्ध सङ्घर्षको स्पष्ट बाटो कोरिएको यो उपन्यास आमामा क्रान्तिकारी भावनाको विकास गराएको प्रसङ्गसँगै क्रान्तिलाई उन्नत गर्दै निर्णायक तहमा पुऱ्याउने इच्छा सहितको क्रान्तिकारी कथा रहेको मान्न सकिन्छ।

सन् 1905 को रुसी कान्ति असफल भयो। यसपछि प्रतिक्रियावादीको पुनः चहलपहल हुन थाल्दा गोर्की प्रतिक्रियावादी साहित्यको विरुद्ध उभिएर उनी सशक्त रूपले समाजवादी यथार्थवादी साहित्यका पक्षमा उभिरहेकै हुनाले 'आमा' जस्तो उपन्यास सिर्जना गरेका थिए। यस समयमा उनले लेनिनद्वारा नेतृत्व गरिएको वोल्सेभिक पार्टीका पत्र-पत्रिकालाई समेत सहयोग गरेका गोर्कीले ग्रीष्म, 'ओकोभ सहर', 'मातभेर कोझेम्याकिनको जीवन', 'इटालीका कथाहरू' जस्ता लघु उपन्यास लेखेर साहित्यको उत्तरोत्तर विकासमा सहयोग पुऱ्याए। यस समयमा लेखिएको 'गहिरो खाल्डो' नाटक निकै सशक्त छ र यसमा रुसमा फैलिएको विकृति, भ्रष्टाचार, दुराचारका साथै तल्लो वर्गका मानिसहरूले उपल्लो वर्गका प्रताडनाहरू सहनुपरेको स्थितिको यथार्थअङ्कन गरिएको छ। यस नाटकको घटनाको तारतम्य र पात्रको चरित्र माध्यमले पुँजीवादी समाजप्रति गहिरो व्यङग्य गरिएको छ। गरिबहरूको विविध रूपले चित्र गरिए पनि नाटकमा नायकको उपस्थिति नगरिएकोले नायकको खोजी गर्नु पर्ने आवश्यकतालाई झल्काइएको छ। यस्तै नायकको खोजी स्वरूप उनले 'आमा' को पाभेललाई फेलापारेको हुन सक्छ भन्ने समालोचकहरूको मत पाइन्छ।

उपन्यासका माध्यम रुसी जनसाधारणका दयनीय सामाजिक अवस्था पुँजीपति वर्गको शोषण, युवा र समाजले भोग्न परेका यन्त्रणाहरू सजीव रूपमा वर्णन गरिएको पाइन्छ। तमाम सामजिक व्यवस्थालाई सङ्घर्ष गरेर मात्र परिवर्तन ल्याउन सकिन्छ भन्ने दृढताको प्रतीक आमालाई देखिन्छ। एकथरिका आलोचकहरू भन्दछन्- रूसी युवा समाजमा सङ्घर्षका निम्ति जोस र उत्सडको संचार गराउने माध्यम 'आमा' नै देखिन्छन्। अर्का थरिका विद्वान्हरू भन्दछन्, आमा उपन्यास बाटै विश्व साहित्यमा समाजवादी तथा यथार्थवादी उपन्यास लेखन परम्पराको आरम्भ हुन्छ।

समकालीन चिन्तक तथा लेखक लेनिनले पनि गरेका छन्- 'A good, much needed and every timely book' प्रस्तुत उपन्यास आफ्नी प्रकाधानकालमा केही अवधिको लागि प्रतिबन्धित भएको थाहा पाइन्छ जसका लागि त्यसबेलामा

प्रकाशित एउटा सरकारी बुलेटिनले यस्तो तथ्य उल्लेख गरेको देखिन्छ, 'Book is a fully criminal character and insists to rebellions' सम्भवतः यही पुस्तकको कारणले गोर्कीले केहो कालसम्म कतै गएर निर्वासित जीवन बिताउन परेको पनि थाहा पाइन्छ।

तत्कालीन रुसका न्यायालयहरू केवल पुँजीपतिको निम्ति र उनीहरूकै नियन्त्रणमा रहेका कुरालाई 'न्यायधीश' नाटकले धैरै कलात्मक रूपमा प्रष्ट पारेको छ। 'न्यायधीश' नाटकले पनि रुसी समाजमा व्याप्त तत्कालीन न्यायप्रणालीको रेखाङ्न गरिको छ। त्यसबेलाको रुसी समाजमा हत्याराहरू फरार हुने तर निर्दोष व्यक्तिहरू हत्याराको आरोपमा जेल सजाए भोग्न बाध्य बनाइएको स्थितिको चित्रण नाटकमा छ। यस नाटकको केन्द्रीय चरित्र यस्तै जालझेलले कैदी बन्न पुगेको थियो। जेलबाट भागेर पनि असन्तुष्ट हुन गई आत्महत्या गर्न पुगेको मस्ताकोबको केन्द्रीय चरित्र चित्रणद्वारा रुसी न्यायप्रणालीलाई अत्यन्त कडा रूपमा व्यङ्ग्य गरिएको छ। न्यायप्रणालीको विकृतिले गर्दा रुसी युवा कसरी आत्महत्या गर्न विवश भएका छन् भन्ने यथार्थलाई नाटकले धैरै मार्मिक रूपमा चित्रण गरेको पाइन्छ। यसै समयमा लेखिएका उनका आत्मकथात्मक कृतिहरू मेरो बाल्यकाल (19131), 'मानिसहरूका बिचमा' (1915) आदिले गोर्कीको आफ्नो जीवनको अनुभव र तत्कालीन रुसको वास्तविकतालाई छर्लङ्ग पारेका छन्। साहित्य लेखनका साथ-साथै यस समयमा उनी क्रान्तिको विकास र क्रान्तिको सफलताका निम्ति सहयोग पुऱ्याउने विभिन्न क्रियाकलापमा संलग्न रहेको पाइन्छ। अक्टोबर कान्तिपछिको साहित्यका निम्ति पूर्वाधार तयार गरिरहेको समयका रूपमा लिन सकिन्छ।

सन् 1917 ई. को महान् अक्टोबर क्रान्ति सफलतामा टुङ्ग्याउन साहित्यकारको रूपमा पनि गोर्कीको ठुलो र महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। उनले यस चरणमा रुसी मजदुर वर्गको नयाँ जनवादी साहित्यको जग बसाल्नुको साथै साहित्यका माध्यमद्वारा समाजवादी विचारधाराको प्रचार प्रसारमा अग्रणी भूमिका खेले। सोभियत राज्यको स्थापना भएपछि गोर्कीका कृतिहरू नै समाजवादी साहित्यका उत्कृष्ट नमुना बन्न पुगे। फलतः सम्पूर्ण सोभियत साहित्य गोकीसँग सम्बन्धित हुन पुग्यो। यस चरणमा लेखिएका र देखिएका चर्चित कृतिहरू हुन्- ई. 1922 मा 'मेरो विश्वविद्यालय', 'आर्ता मानोभवहरूको कारोबार' (1925), 'ऐगोर गुलिचोभ' (1932), 'किम सामगिनको जीवन' (1936) आदि यस चरणका उल्लेखनीय कृति हुन्। यसबाहेक उनले प्रशस्तै संस्मरणात्मक लेखहरू लेखेका

Notes

थिए। उनका संस्मरणहरूमा श्रमिक जनताका महान् नेताको ज्युँदा तस्वीर उतारिएका हुन्थे। यस चरणमा देखिएको 'ऐगोर गुलिचोभ' नाटकात्मक कृति हो भने अरू उपन्यासात्मक रचनाहरू हुन्। ई. 1922 को 'मेरो विश्वविद्यालय' नामक आत्मकथात्मक उपन्यासमा उनले आफू कजानमा सहर रहँदाको घटनाहरूको वर्णन गरेका छन् भने आफूमा 'क्रान्तिकारी चेतना बढ्न थालेको समयको पनि उल्लेख गरेका छन्। साथै यसमा गोर्कीको बाल्यकाल र किशोरावस्थाका विविध घटनाहरूको चित्रण पाइन्छ। 'आर्ता मानोभावहरूको कारोबार'- ले कृतिमा रुसी पुँजीपतिका तीन पुस्त्यौनीको परम्परा र चरित्र उब्जाएका समस्याहरूको चित्रण छ। 'क्लिभ सामगिनको जीवन' ई. 1923 देखि लेख्न सुरु गरेर चार चार भागमा ठुला ठुला ठेली तयार हुँदा पनि अधुरै रहेको कृति हो। यो शृङ्खलित रूपले चार भागसम्म लेखिएको उपन्यासमा गोर्कीले 19 औँ शताब्दीको आठैँ दशकदेखि ई. 1917 सम्मको रुसी जीवनको वास्तविकतालाई उतारेका छन्। रुसी क्रान्तिका निम्ति तयारीमा जुटेको अवस्थादेखि क्रान्ति सफल होउन्जेलसम्मको समयावधिका देखिएका ऐतिहासिक घटनालाई साहित्यिक रूप प्रदान गर्दै विश्लेषणात्म प्रस्तुतिको यी कृति रुसी समाजका दर्पण हुन्। आफ्नो साहित्यिक यात्राको यो अन्तिम चरणमा आइपुग्दा गोर्की अक्टोवर क्रान्तिपछिको सोभियत रुसी साहित्यका महान् साहित्यकारका रूपमा प्रतिष्ठित भए। यिनी सर्वहारा साहित्यका विश्वप्रसिद्ध लेखक र विश्वकै सर्वहारावादी साहित्यका कुशल र कर्मठ पथ प्रदर्शकका रूपमा समेत चर्चित भए। म्याक्सिम गोर्की उनका सम्पूर्ण कृतिहरूलाई बिर्सेर 'आमा' उपन्यासलाई मात्रै सम्झे पनि मानसपटलमा एउटा प्रभाव पारिरहने अविस्मरणीय प्रतिभा हुन् सोभियत रुसी साहित्यका खुलस्त अभिव्यक्ति, वैचारिक परिपक्वता, सिद्धान्त निष्ठता, क्रान्तिकारी चेत, पूँजीवादको विरोध, आशावादी निश्चितता र सुनौलो भविष्यको सङ्केत नै उनका रचनाका विशेषता र गोकीको प्रवृत्ति बन्न पुगेको देखिन्छ।

निष्कर्षमा एक समाजवादी लेखकका रूपमा मेक्सिम गोर्की रुसी साहित्यका अतिरिक्त विश्व साहित्यमा नै चर्तित छन्। पाश्चात्य साहित्यका उपन्यासकारहरू जर्ज इलियट, चाल्स डिकन्स आदिलाई गोर्कीको यथार्थवादी विचारधाराको प्रत्यक्ष प्रभाव परेको मानिएको छ। आफ्नो प्रायः रचनाहरूमा श्रमिक वर्गका समस्याहरू तथा मानवीय सम्बन्धलाई प्रधानता दिन नै तिनको वैशिष्ट्य भएका छ। समकालीन समाजवादी लेखक तथा चिन्तकहरू लेनिन, ब्रोरलेनको लेनलेटर, एलबी आदि साहित्यिक प्रतिभाहरूसँग गोर्कीको पनि वैचारिक चिन्तन

मिल्दोजुल्दो रहेको उल्लेख भोटन्छ। विश्वका अनेकौँ भाषामा अनुदित 'आमा' (Mother) उपन्यासको नाटकीकरण र मञ्चन पनि भएका थाहा पाइन्छ। नेपालीमा यस उपन्यासको अनुदित रूप 'आमा' नाममा बद्रीनारायण प्रधानले गरेका देखिन्छन् साथै यसको नाटकीकरण आर. पी. लामाबाट भएको पनि थाहा पाइन्छ। 'आमा' उपन्यासलाई Progressive publications मस्कोले आजसम्म विश्वव्यापी प्रचार-प्रसार गरेको देख्न पाइन्छ। उपलब्ध कृतिहरूका आधारमा गोर्कीले आफ्नो साहित्यिक प्रतिष्ठालाई स्मरणीय बनाउन सकेका छन्। यद्यपि आमा उपन्यासको प्रकाशनले तिनको साहित्यिक उपाधि बेजोड बनाएको छ।

## 12.5. नर्वेली नाटककार हेनरिक इब्सेनको परिचय

नाटककार हेनरिक इब्सेन नर्वेको स्किन भन्ने सानो सहरमा एक मध्यमवर्गीय परिवारमा जन्मिएका थिए। उनका बाबु व्यापारी थिए तापनि इब्सेन आठ वर्षको पुग्दा-नपुग्दै बाबुको व्यापार असफल हुन पुग्दा र आर्थिक सङ्कट देखा पऱ्यो। सानै उमेरदेखि उनले गरिबीको सामना गर्दै कष्टमय जीवन बिताउन पऱ्यो। स्कुलमा अध्ययन गर्दा पनि उनका कोही साथी थिएनन्। लजालु स्वभाव र पीडित मानसिकता अनि असामाजिक प्रकृतिका कारण उनको जीवन नै साथीभाइ विहीन बितेको कुरा समीक्षकहरूले उल्लेख गरेका छन्। पन्ध्र वर्षको उमेरमा उनी रसायन शास्त्रको विद्यार्थीका रूपमा देखापरे। आफ्नो रूचि र क्षमता अनुसार पाँच वर्षसम्म रसायनका शिक्षार्थी बनेका इब्सेन नर्वेको राजधानी ओस्लोमा दुई-तीन वर्ष बसे। यसरी राजधानीमा बसेर पढ्दा आवश्यक पर्ने खर्च उनले साहित्य लेखनबाट पुरा गर्ने ध्येयले निकै प्रयत्न गरे। उनले आफ्नै सक्रियतामा "राष्ट्रिय थिएटर" बर्गानमा स्थापना पनि गरेर नाटकहरू मञ्चन गराए। "नेसनल" भन्ने थिएटर उनले नर्वेको राजधानीमै प्रदर्शन गराए। परम्परागत मूल्य र मान्यताप्रति उनले चर्को आक्रमण गरी विरोध जनाए। धर्मको विरुद्धमा पनि उनले आवाज उठाए। "लभ्स कमेडी" एउटा अन्त्यानुप्रायुक्त कवितात्मक हलुका नाटक प्रस्तुत गरेका छन्। यसमा उनले रोमान्टिक लभको चित्रण गर्दै नर्वेजियन परम्परा र प्रचलनको धज्जी उडाएका थिए। रोमान्टिक लभको विविध रूप देखाइएको यो नाटकले नर्वेली समाज र नवेली जनताको मन दुःखयो र उनी पनि ज्यादै अलोकप्रिय हुन पुगे। हेनरिक इब्सेनले देशै छोडेर इटलीमा गएर बसे। इटालीको

Notes

हावापानी र समाजले उनलाई अलि शान्ति दियो। उनले खुशी तथा आनन्दको अनुभव गरे भन्ने कुरा उल्लेख पाइन्छ।

इब्सेनको नाट्यकला र उनका कृति

नाटककार हेन्सिक इब्सेन विश्वमै चर्चित विशिष्ट प्रतिभा हुन्। नाटकको रङ्गमञ्चको व्यावस्थापक र निर्देशक समेत भएर काम गरेका इव्सनमा नाट्यशिल्प सम्बन्धी प्रत्यक्ष अनुभव थियो। त्यही अनुभव र आफ्नो विशिष्ट प्रतिभाको उपयोग गरी इब्सेन विश्वचर्चित नाटक लेख्न सफल भए। नर्वेली साहित्यमा मात्रै होइन विश्व साहित्यकै नाट्य रङ्गमञ्चलाई उनले पहिलोपटक समस्यामूलक नाटकको कोसेली दिए। यथार्थवादी नाटककार इब्सेन पाश्चात्य जगत्मा सेक्सपियरपछि सर्वाधिक प्रसिद्ध हुने साहित्यिक व्यक्तित्व हुन्। आफ्नो जीवनको झन्डै पचास वर्ष नाटक क्षेत्रमै समर्पित गर्ने नाटककार हेनरिक इब्सेनले लगभग दुई दर्जन नाटक लेखेको चर्चा पाइन्छ। उनका प्रारम्भिक नाटक, अन्तिम नाटक र अत्यन्त चर्चित नाटकहरूको मात्रै यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ।

## प्रारम्भिक नाटकहरू

१) क्याटिलिन (1850),

२) ब्रान्ड (1866),

३) पिअर जाइन्ट (18671)

## चर्चित नाचकहरू

१) द पिलर्स अफ सोसाइटी (1877),

२) डोल्स हाउस (1879)

३) घोस्ट्स (18611)

४) एन एनेभी अफ द पिपल (1882),

५) द वाइल्ड डक (1884),

६) हेड्डा ग्याब्लर (1882),

७) द मास्टर विल्डर (1892)

# अन्तिम नाटक

१) होयन द डेड्स आर एबोकेन (1899)

1850 -मा बाईस वर्षको उमेरमा ‘क्याटिलिन’ नाटक लेखेर आफ्नो नाट्य आरम्भ गरेका इब्सेन "ब्रान्ड" र "पिअर जाइन्ट" नाटक लेखेर युरोपभरि चर्चित बन्न पुगे। सुरुमा स्वच्छन्दतावादी नाटक लेखेका इब्सेनले पछाडि सामाजिक यथार्थवादी

नाटक लेखेर विश्वमै सनसनी मच्चाइदिए। यी सुरुका नाटकमा पनि नयाँपन नभएको होइन तर उनको शिल्पपद्धति अझै माझिन र खारिन बाँकी रहेको देखिन्छ। उनका नयाँ किसिमका शिल्प पद्धतिको सचेत र सशक्त प्रयोग भई नवीनताको टोका पूर्णरूपले उधार्ने काम भने "द पिलर्स अफ सोसाइटी" -बाट भएको मानिन्छ। यो नाटकको प्रकाशनपछि देखिएका उनका नाटकहरू विषवस्तु र शिल्प दुवै दृष्टिले अत्यन्त उत्कृष्ट बनेको देखिन्छ।

"द पिलर्स अफ सोसाइटी" नाटकले यथार्थवादी नाटकको प्रारम्भ गयो र नाटककारको नाट्य-यात्राको अर्को चरणलाई निम्त्यायो। "द पिलर्स अफ सोसाइटी" नाटकमा कार्स्तिन बार्निक नायक छ। यो पात्र पानीजहाज बनाउने काम गर्छ। उसको काम, क्षमता र सिपले गर्दा समाजमा उसको ठुलो इज्जत र आदर भएको देखिन्छ। उसको व्यापारिक खुबीमा पनि उच्च नैतिकताको पर्दा देखिन्छ। यसलाई समाजकै स्तम्भका रूपमा समाजले स्वीकार गरेको छ। यस नाटकमा बर्निकको चारित्रिक उद्घाटन गरेर उसको बाह्य आडम्बरलाई उदाङगो पार्ने काम भएको छ। मान्छे भित्र रहने यथार्थ चरित्र र स्वभाव तथा कुनियतको पूर्ण रूपमा पर्दाफास गरिएको पाइन्छ। लोनासँग प्रेम गरेर बेट्टीसँग विवाह भइसकेको बार्निक लोनासँग पनि प्रेमको नाटक गर्छ। लोना र जोहान बिच वास्तविक प्रेम थियो। जोहन बेट्टीको कान्छो भाइ हो। भिनाजुको नराम्रो नियत देखेर जोहन अमेरीका जान्छ र लोना पनि उसकै पछि लागेर अमेरिका पुग्छ। यसरी अमेरिका पुगेको जोहनलाई बार्निकले चोरको आरोप लगाउँछ। मेरो धेरै सम्पत्ति चोरेर जोहन अमेरिका पुग्यो, म बरवाद भएँ भनी बर्निकले सहरभरि हल्ला फैलाउँछ। आफूले उधारो तिर्नुपर्ने पनि पैसा तिर्दैन र अरूसँग यही निहुमा धेरै रकम मागेर सहयोग लिन्छ। त्यो रुपियाँले अर्को ठाउँमा गएर जङ्गल, जमिन किनेर सम्पत्ति जोड्छ त्यो कसैलाई थाहा हुँदैन। पन्ध्र वर्षपछि जोहन र लोना अमेरिकाबाट फर्केपछि लोनाका माध्यमद्वारा उसको सारा चरित्रको रहस्य उद्घाटन हुन्छ। यस नाटकका माध्यमद्वारा नाटककारले एउटा व्यापारीको वास्तविक चरित्रको उद्घाटन गरेर छर्लङ्ग पारेका छन्। मान्छेले कतिसम्म छलकपट र कुटिलता प्रदर्शन गर्न सक्दोरहेछ भन्ने कुरालाई यथार्थिक ढङ्गले प्रस्तुत गरिएको यो। नाटक युरोपभरि निकै चर्चित रह्यो।

ए डोल्स हाउस अर्को चर्चित नाटक हो। नारी अस्मिताको उद्घोषणा गर्ने प्रस्तुत नाटकले श्रीमतीलाई आफ्नो अधीनमा, नियन्त्रणमा राख्ने र केवल खेलौनाका रूपमा मात्र हेर्ने पुरुष चरित्रको पनि उद्घाटन गरेको छ। लोग्ने मान्छको मानसिक

मनस्थिति तथा सोचको तहलाई नङग्याएको यस नाटकले पति र पत्नीबिच कस्तो सम्बन्ध हनुपर्छ भन्ने कुरा पनि देखाएको छ। यस नाटकमा टोरभाल्ड हेल्मर र मिसेज हेल्मर नोराको चरित्र तथा विवेकको चित्रण गरिएको छ। यी दुवै आठ वर्ष पहिला विवाहबन्धनमा बाँधिएका र तीनवटा केटाकेटी भएका श्रीमान श्रीमती हुन्। नाटकको नायक श्रीमतीलाई प्रेम गरेको जस्तो बहाना गर्छ तर वास्तविक प्रेम गर्दैन। ऊ ज्यादै सङ्कीर्ण सोचाइको छ। आफ्नो लोग्नेबाट वास्तविक प्रेम पाउन श्रीमतीले सधैँ प्रयास गर्छे तर विफल हुन्छे। ऊ ब्याङ्कको म्यानेजेर रहेको छ। पटक पटक विदेश गइरहन्छ तर कहिल्यै पनि श्रीमतीलाई सँगै लैजादैन। नोरा सधैँ एक्लै घरमा बस्न बाध्य छे। उसले बाह्य संसार देख्ने अवसर पनि पाएकी छैन। जति वर्ष बित्दै जान्छन् त्यति हेल्मरले श्रीमतीको भावनाको कदर पनि गर्दैन र वास्ता पनि गर्दैन। पहिला अत्यन्त माया गर्ने लोग्ने एकाएक यसरी परिवर्तन भएको देखेपछि केवल खेलौनाको रूपमा मात्रै आफू रहेको अनुभव गरी एक दिन नोराले लोग्नेलाई छोडी घरबाट हिँड्छे। यस्तो कथावस्तुमा बेरिएको यो नाटकले नारीको गृहत्यागका माध्यमबाट विद्रोह गर्दै नारी अस्मिताको खोजी गरेको छ।

राष्ट्रिय स्वतन्त्रता मात्र होइन पारिवारिक स्वतन्त्रताको समेत कुरा उठाउने छ। बन्धन र नियन्त्रण हानिकारक छ भन्ने देखाउँदै वास्तविक प्रेम र नक्कली प्रेमको रहस्यलाई पनि फुकाएको छ। मूलरूपमा नारी सक्षम, सबल र स्वाभिमानी भएको छ। नारी अस्मिता र सम्मानको खोजी गर्ने काममा नारीले विद्रोह गरेको र गर्नुपर्ने कुरालाई समेत यथार्थवादी ढङ्गले उठाएको छ।

“एन इनेमी अफ द पिपल" नाटकले युरोपको धार्मिक, आध्यात्मिक र सांस्कृति स्रोत नै असल नरहेको कुरा औल्याएको छ। यसको नायक आदर्शवादी छ र नायकका माध्यमद्वारा दुषित अवस्थालाई सुधार्ने खाजका झलक पाइन्छ। नर्वेली नै दुषित भएकोले त्यसलाई स्वच्छ र स्वस्थ राख्न धर अनुसन्धान पछि तयार पारिएको प्रतिवेदनलाई सहरवासीहरूले अमान्य, बहिष्कार र अस्वीकार गरेको प्रसङ्गलाई नै विषयवस्तु बनाएको छ। यस नाटकको नायक डा. स्टाकम्यान मेडिकल अफिसर हुन्। नर्वेजियन सहरको स्वच्छता, सरसफाइ, उन्नति र व्यवस्थित स्वरूपलाई ध्यानमा राखेर सुधारका कार्यहरू गर्न खोज्दा ऊ “जनताका सत्रु" भनेर आरोपित हुन पुग्छ। राम्रो असल काम गर्दा पनि मान्छे कसरी मान्छेद्वारा सम्बोधित र मूल्याङ्कित हुन्छ भन्ने यथार्थलाई नाटकले प्रष्ट पारेको देखिन्छ। अन्य नाटकका तुलनामा नारी शिल्पका दृष्टिले यो नाटक अली कमजोर रहेको कुरा समालोचकहरूले औल्याएका छन्।

डोल्स हाउसको प्रभाव परेको नाटकको रूपमा "घोस्ट्स" नाटक पाइन्छ। यस नाटकमा पनि नारीको दुष्चरित्रको कारण पुरै वंशले दुःख पाएको कुरा छ। डोल्स हाउसमा नारी अस्मिताको खोजीका निम्ति विद्रोह थियो भने यस नाटकमा नारीले पुरुष अस्मितामाथि नियन्त्रण नगर्दा कसरी लोग्ने मान्छे मृत्युको मुखमा पर्छन् र वंशलाई नै त्यो रोगले सल्काउँछ भन्ने कुरा देखाइएको छ। श्रीमती अल्भिङको लोग्ने यौन रोगका कारण मर्छ भने छोरो ओसवाल्ड पनि यौन रोगी देखिन्छ। आफ्ना छोरा र बुहारीलाई हेरेर आनन्द बनेकी श्रीमती अल्भिङ छोरामा बाबुको भुत चढेको देख्छिन्। बाबुले आफ्ना बच्चाहरूलाई भेटेर पनि त्यही कुरा सिकाइरहेको भान नायिकामा परिरहेको छ। यसरी यस नाटकले पात्रहरूको मनोविश्लेषण गरेको पाइन्छ। नायिकाले सन्तानका अनुहारमा त्यही मरेको लोग्नेको भुत चढेको देख्नुबाट नाटककारले विभिन्न सन्देश दिन सफल भएका छन्। नाटकको अर्को चरित्रका माध्यमद्वारा मान्छेहरू पारम्परित भुतबाट सताइदै आएको कुरा उल्लेख छ। त्यसकारण परम्परालाई स्वीकार गरेर बस्दा समाजमा कस्तो दुष्परिणाम भोग्न बाध्य हुन्छ भन्ने कुरालाई पनि यस नाटकले देखाएको छ।

"हेड्डा ग्याब्लर" मा नारीको नराम्रो चरित्रको उद्‌घाटन गरिएको छ। नारीको स्वतन्त्रता र अस्तित्त्वको खोजी गर्ने इब्सेनले यस नाटकका नारी चरित्रको माध्यमद्वारा खराब आचरणका महिलाको पर्दाफास गरेका छन्। यस नाटकमा नक्कली चुलबुल र ईष्यालु स्वभावकी नारीले आफ्नो यौनेच्छा पुरा गर्न के कस्ता कार्यसँग संलग्न हुन्छिन् भन्ने देखाइएको छ। एउटी नारीको विकृत चरित्रले स्वयं लोग्ने मान्छेलाई आत्महत्या गर्न बाध्य तुल्याउने र आफू पनि आत्महत्या गरेर सकिन्छन् भन्ने कुरा नाटकमा देखाइएको छ।

इब्सेनले आफ्नो नाटकमा नारी र पुरुषका विविध चरित्रहरूको उद्‌घाटन गर्दै सबलता र दुर्बलतालाई औंल्याएका छन्। कुनै नाटकमा भ्रम र सत्यको द्वन्द्व देखाइएको पाइन्छ भने कुनैमा दमित कामेच्छाले ल्याउन सक्ने दुर्घटना प्रस्तुत गरिएको छ।

नाटककार हेनरिक इब्सेनका सबैजसो नाटकमा सामाजिक जीवनका ज्वलन्त समस्याको यथार्थिक प्रस्तुति पाइन्छ। नारी चरित्र र पुरुष चरित्रका सकारात्मक र नाकारात्मक दुवै खाले चरित्रको उद्‌घाटन गर्ने कार्य उनका नाटकमा भएको छ। पात्रहरूलाई अत्यन्त स्वभाविक र जीवन्त बनाइएको पाइन्छ। नाटकमा देखिने पात्र चरित्र, अत्यन्त स्वभाविक र यशार्थिक पाराका छन्। थौरै पात्रहरूको चयन र छोटो कथानकको प्रयोग इब्सेनको आफ्नै मौलिक प्रवृत्ति हो। नाटकलाई गद्यमा

रचना गर्ने नाटककार इब्सेनले भाषा पनि यथार्थवादी नै प्रयोग गरेका छन्। उनको गद्य भाषामा पनि कवितात्मकता पाइन्छ र सरलता पनि भेटिन्छ। नाटकलाई प्रायः तीन अङ्कमा संरचना गर्ने इब्सेनका नाटकमा यथार्थवाद, प्रकृतवाद, प्रतीकवाद जस्ता विभिन्न साहित्यिक मान्यताको पनि मिश्रण गरिएको पाइन्छ। पुरुष पात्रको मनोविश्लेषणभन्दा नारी चरित्रको मनोविश्लेषणमा ज्यादा रूचि देखाएका इब्सेनले मान्छेको स्वतन्त्रता र अस्मिताको खोजी गरेका छन्। उनले समस्यामूलक नाटकको थालनी गरेर विश्व रङ्गमञ्चमै नयाँपन ल्याएको पाइन्छ। उनका सबै नाटकका पात्रहरू अस्वभाविक र कृतिम जस्तो लाग्दैन बरु अहिले पनि नर्वेमा र हाम्रै देशका कुनाकाप्चामा घुमिरहेका छन् कि जस्तो लाग्छ। मान्छेपनभित्र लुकेर बसेका चरित्रलाई सार्वभौम रूपमा चित्राङ्कन गराउन सक्नु इब्सेनको महत्त्वपूर्ण उपलब्धि मानिन्छ।

उनका नाटकहरूमा तार्किक विश्लेषण र चिन्तन पाइन्छ तापनि त्यो व्याख्या र उपदेशात्मक रूपमा देखापर्दैन। पात्रहरूको भित्री तहको विश्लेषण र व्याख्या पात्रकै चरित्रका माध्यमद्वारा उद्घाटित भएको छ। लेखकले आफ्नो तर्फबाट पात्रलाई हस्तक्षेप गरेको अनि चिन्तनको तथा विचारको भारी बोकाएको पाइँदैन। उनका नाटकमा वैचारिक सशक्तता पाइन्छ। उनको विचारलाई नाटकले खुलस्त र सरल रूपमा प्रस्तुत गरेका छन्। समाजमा प्रतिष्ठित र सम्मानित भनाउँदाहरूका वाह्य आडम्बर र भित्री कमजोडीपनको भन्डाफोर गर्ने काम उनका नाटकमा भएको छ। अन्ध परम्परामा आश्रित र भ्रष्टहरूका भ्रममा पर्ने समाजको पनि यथार्थ तस्वीर खिच्न नाटककार सफल देखिन्छन्। विशेष गरी चरित्रको उद्घाटन गर्दै उनीहरूको अस्मिता र स्वतन्त्रताको खोजी गर्ने कार्यमा इब्सेनले विशिष्ट प्रतिभा देखाएका छन्।

उनका नाटकमा वाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्वको चरमोत्कर्ष रूप देखिन्छ। वैचारिक घात-प्रतिघातका कारण नै नाटकले सबलता पाउनु उनको आफ्ने विशेषता हो। यान्त्रिक जीवनका विरुद्ध उभिने उनका नारी पात्रहरू स्वतन्त्रता र वास्तविक प्रेमका निम्ति निकै ठुलो विद्रोह नै गर्दछन्। नारी पात्रका असल र खराब दुवै चरित्रको चित्रण गर्दै खराब चरित्रले मानव सभ्यता नै विनास गर्न सक्ने सन्देश दिएका छन्। कुनै नाटकमा लोग्ने मान्छेले प्राप्त गरेको स्वतन्त्रता र श्रीमतीको उदारताले वंश नै दुर्घटित हुने तथा यौनरोगी बन्ने कुरा देखाइएको छ। उनका नाटकमा अनावश्यक भावुकता र कल्पनाको प्रस्तुति पाइँदैन। संवाद पनि छोटा छोटा र पात्रानुकूल भाषाको प्रयोगले उनका नाटकहरू निकै प्रभावकारी

बनेका छन्। व्यक्ति र स्वतन्त्रतामा पूर्ण विश्वास गर्ने इब्सेनले आफ्ना नाटकका माध्यमद्वारा अन्तर्राष्ट्रिय नाटक-विधामा नै अति महत्त्वपूर्ण प्राविधिक क्रान्ति ल्याए जसलाई यथार्थवादी नाटकका प्रयोक्ता मान्न सकिन्छ। यिनी राष्ट्रिय समस्यामा मात्र सीमित नभई विश्वकै मानवीय समस्याका विश्लेषक र अन्वेषक हुन पुगे। त्यसकारण हेनरिक इब्सेन नर्वेली साहित्यका साहित्यकार मात्र नभइ अन्तर्राष्ट्रिय नाटककारका रूपमा प्रतिष्ठित भएका छन् र विश्वभरि नै चर्चिच भइरहेको पाइन्छ।

## 12.6.उपसंहार

रसियाली साहित्यले विश्वसाहित्य निर्माण गर्नमा ठुलो भूमिका निर्वाह गरेको पाइन्छ। यस साहित्यका विभिन्न साहित्यकारहरूका पुस्तक तथा विचारधाराहरू विश्वलाई हल्लाउने, जगाउने र प्रभावित गर्ने काम गरेको पाइन्छ। रसियाली साहित्यको सन्दर्भमा माथि आलोच्य रहेको साहित्यकारहरू र तिनका साहित्यिक अवदान ऐतिहासिक महत्वका छन्। टल्सटय चेखव दस्तोभस्की र गोर्की चारैजना साहित्यकारहरू उन्नाईसौँ अनि बीसौँ दुवै शताब्दीका उल्लेखनीय साहित्यकारहरू हुन्। रसियाली उपन्यासका क्षेत्रमा समाजवादी विचारधाराका उत्कृष्ट र सफल उपन्यासहरू लेखेर टल्सटय, दस्तोभएस्की र गोर्की बहुचर्चित छन्। तिनीहरूको प्रसिद्धि विश्व-उपन्यास साहित्यमा नै पर्याप्त परेको भेटिन्छ। चेखवका असङ्ख्यौँ कथाहरूका सृजनाले रूसी साहित्य मात्र नभएर विश्व कथासाहित्य नै समृद्ध बनेको पाइन्छ। सूक्ष्मातिसूक्ष्म तथा स्थूल विषयलाई आफ्नै परिपाटीबाट कथा लेख्ने भएर चेखवले यस क्षेत्रको विकासमा नौलो मोड ल्याएका छन्। नाटकमा क्षेत्रमा पनि चेखव त्यत्तिकै चर्चित रहेका छन्। यी साहित्यकारहरूले सामाजिक यथार्थलाई आफ्नो रचनाको आधारभूमि ठानेका छन् अनि तिनमा समाजवादी व्यवस्थाको अपेक्षा गरेका छन्। रूसी समाज र शासन व्यवस्थामा व्याप्त राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक कराहरूलाई यथातथ्य चित्रित गर्नका साथै तिनका सामुहिक स्वार्थको रक्षा गर्नु यी साहित्यकारहरूको साहित्यिक उपलब्धि र विशेषता नै हो भन्न सकिन्छ।

विश्व साहित्यमा दह्रिलो प्रकारले समाजवादी यथार्थवाद स्थापित गर्ने काम म्याक्सिम गोर्कीले गरेको देखिन्छ। उनले सामन्तवादीहरूका विरोधमा उभिएर विभिन्न पुस्तकहरू प्रकाशित गरेका छन्। विश्व साहित्यलाई आमा जस्तो

समाजवादी यथार्थवाद प्रवृत्तिले पृष्ठपोषित उपन्यास दिएर विश्वलाई नै नयाँ विचार र चेतना प्रदान गरेको देखिन्छ।

विश्व साहित्यमा दह्रिलो नाम बनेर रहेका टाल्स्टोय मानवतावादी आख्यानकार हुन्। उनका आख्यानमा नैतिकता र आध्यात्मिक मानवता पनि सल्बलाएको छ। यिनी बृहत् गद्यमहाकाव्यका निर्माता हुन्। यिनी जति यथार्थवादी छन् त्यत्तिकै मनोविश्लेषणवादी देखापर्दछन्। आफ्ना उपन्यासमा सिङ्गो रुसलाई समग्र रूपमा उतार्न उनी ज्यादै सफल छन्। पात्रानुसारको नैतिकता र आचरण, क्रान्ति र प्रतिक्रान्ति, अपराध र पश्चातापलाई सजीव रूपले साहित्यमा उतार्न सक्ने विलक्षण प्रतिभाका धनी टाल्स्टय रुसी साहित्य तथा विश्व साहित्यकै एक महान् आख्यानकार हुन्। भावुकता, विश्लेषणात्मकता विचारशीलता र ऐतिहासिकता जस्ता शैलीलाई प्रवृत्तिका रूपमा विकसित गर्ने यी लेखक गद्यमा पनि सरल, सुबोध, सन्दर सामाजिक भाषाको प्रयोग गर्दछन्। आख्यानमा वर्णमात्मकता कारण आलोच्य भए पनि उनको शैलीगत विशेषता उत्कृष्ट रहेको छ। एक हृदयवेत्ताको झैँ रुसी समाजको दकढुकीलाई उपन्यासमा चित्रित गर्न सक्ने टाल्स्टयले आफ्नो युगको बहुरङ्गी समयलाई साहित्यमा मूर्तरूप दिएका छन्। लेनिनले भने झैँ टाल्स्टय रुसी साहित्यमा रुसी क्रान्तिका दर्पण भएर रहेका छन्। साथै अन्यायको प्रतिरोधको सम्पूर्ण ऐतिहासिक युगलाई साहित्यमा सच्चा रूपले प्रतिबिम्बित गर्न सक्ने लेखकका रूपमा नै टाल्स्टय मूल्याङ्कित हुन पुग्छन्।

## 12.7. सार

यस प्रखण्डमा रुसी साहित्यको परिचय तथा साहित्यको सङ्क्षिप्त सर्वेक्षण, म्याक्सिम गोर्कीको साहित्यिक परिचय अध्ययन गरियो। प्राप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- रुसी साहित्यको अध्ययनबाट विश्वसाहित्यकै विविध अनुभव, चिन्तन र मान्यताहरूको जानकारी सम्भव हुन्छ। पाठ्य सामग्रीबाट सक्षिप्त रूपमा भए पनि रुसी साहित्यबारे प्रकाश प्राप्त गर्न सकिन्छ। गोर्की, दस्तोएभस्की, चेखव, टल्सटय सबै आफ्ना समयका युग निर्माता साहित्यकारहरू हुन्। उनीहरूका कृतिहरूले दिएका योगदान महत्वपूर्ण छन्। रुसी साहित्य मात्र होइन विश्वसाहित्यकै निर्माणमा यी साहित्यकारहरूका भूमिका उल्लेखयोग्य रहेका छन्।

- गोर्कीले साहित्यमा विद्रोही, क्रान्तिकारी भावका साथ कृति मार्फत समाजवादी यथार्थवाद विचार धारा भित्र्याएका छन्।
- गोर्कीको आमा उपन्यास सर्वाधिक सर्वप्रिय उपन्यास देखिन्छ।
- विश्व साहित्यमा दह्रिलो नाम बनेर रहेका टाल्स्टोय मानवतावादी आख्यानकार हुन्। उनका आख्यानमा नैतिकता र आध्यात्मिक मानवता पनि सल्बलाएको छ। यिनी बृहत् गद्यमहाकाव्यका निर्माता हुन्।
- उनको युद्ध अनि शान्ति सर्वाधिक सर्वप्रिय कृति हो।

## 12.8. अनुशीलन

1. हेनरिक इब्सेनको नाटक अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. 'आमा' उपन्यासको कथासार प्रस्तुत गरी गोर्कीको औपन्यासिक विशेषताहरूको निरूपण गर्नुहोस्।
3. म्याक्सिम गोर्कीको उपन्यासकारिता प्रस्तुत गर्नुहोस्।
4. आमा उपन्यासमा प्रस्तुत समाजवादी यथार्थवादमाथि चर्चा गर्नुहोस्।
5. गोर्कीको साहित्यिक उपलब्धि प्रस्तुत गर्दै यसको मूल्याङ्कन गर्नुहोस्।
6. टल्सटयको साहित्य लेखनमाथि टिप्पणी लेख्नुहोस्।

## 12.9. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ


| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| श्यामकृष्ण खुलीमुली | संसार हल्लाउने साहित्यकारहरू |


तथा, रसियाली साहित्यको सर्वेक्षणात्मक अध्ययन आवश्यक। रसियाली उपन्यास विधाको परम्परा र प्रवृत्तिहरूको अवलोकन आवश्यक। रसियाली कथा-विधाको परम्परा र प्रवृत्तिहरूको अवलोकन आवश्यक रसियाली नाटय परम्परा प्रवत्तिहरूको सविस्तार समीक्षा र मूल्याङ्कन अपेक्षित। विश्वसाहित्यको स्वरूप निर्धारणमा रसियाली साहित्यको भूमिका र महत्व।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 12.10. मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. आमा उपन्यासको 'आमा'।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 12.3.-12.4. खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. वर्गसङ्घर्ष भनेको के हो? गोर्कीको उपन्यास प्रवृत्तिको सन्दर्भमा लेख्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 12.4. 12.3. खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. विश्व साहित्यमा इब्सेनको योगदान लेख्नुहोस्।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 12.5. खण्ड अध्ययन गरी उत्तर खोज्न सक्नेछन्)

4. युद्ध र शान्ति उपन्यासमाथि टिप्पणी लेख्नुहोस्?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 12.3. 12.4 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. गोर्कीको 'आर्ता मानोभावहरूको कारोबार'-मा के कुरा प्रस्तुत गरिएको छ?

.............................................................................................

............................................................................................

...........................................................................................

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 12.4. 12.4. खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ-13 लु स्युन, बासो, यासुनारी कावावाता

**संरचना**

13.0. उद्देश्य

13.1. लु स्युनको साहित्यिक परिचय

13.2. लु स्युनको कृति र प्रसिद्धि

13.3. माउत्सो बासो

13.4. हाइकु

13.5. यासुनारी कावाबाता

13.6. कावाबाताको कृति र प्रसिद्धि

13.7. उपसंहार

13.8. सार

13.9. अनुशिक्षण

13.10. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

13.11. मूल्यवृद्धिका निम्ति उत्तर

## 13.0. उद्देश्य

- चिनिया साहित्यकार लु स्युनको साहित्यिक परिचय तथा उनका कृतिहरूको परिचयात्मक अध्ययन
- माउत्सो बासोको साहित्यिक परिचय तथा उनका साहित्यबारे अध्ययन
- हाइकुबारे परिचयात्मक अध्ययन
- यासुनारी कावाबाताको साहित्यिक परिचय तथा विश्वसाहित्य निर्माणमा उनको योगदान

## 13.1. चिनियाँ साहित्यकार लू स्युनको साहित्यिक परिचय

'नभत्काई निर्माण हुन्न, बाँध नबाँधी प्रहार आउँदैन अनि स्थिरता नभई गति पनि आउँदैन' यसो भन्थे लु स्युन। युवा लु स्युन चिकित्सा विज्ञान जापानको एक मेडिकल कलेजमा पढिरहेको समयमा रुस र जापानबिच लडाइँ चलिरहेको थियो। कलेजमा पनि युद्धकै फिल्महरू देखाइन्थ्यो। एक दिन एउटा फिल्म हेरिरहँदा एकजना चिनियाँलाई रुसीहरूको जासुसको आरोपमा हात बाँधेर मैदानमा उभ्याइयो। जापानी सैनिकहरूले त्यस चिनियाँलाई टाउको काटेर मार्न लागे। कुनै चिनियाँले जापानविरुद्ध जासुसी गर्न नसकोस् भनेर उनलाई मार्न लागिएको थियो। मैदानमा थुप्रै चिनियाँहरू घेरा हालेर उभिए। बलिया थिए, ती। तर सबै भावनाशून्य। त्यस दृश्यबाट युवक यति प्रभावित भए कि उनले चिकित्सा विज्ञान पढ्न थालेको दुई वर्ष पनि नपुगी बिचैमा छाडे। उनले मानिसहरूको भावना र चेतनालाई बदल्न साहित्यसिर्जनालाई रोजे। एउटा फिल्म हेरेकै भरमा जीवनको लक्ष्य परिवर्तन गर्ने युवक थिए, लु स्युन। उनको जन्म चीनको चच्याङ प्रान्तको साओसिङमा खानदानी परिवारमा भयो। उनको बाल्यकालको नाम चाउ सुजेन थियो। उनी सानै हुँदा आफ्नो देशलाई स्वदेशी र विदेशी सत्रुबाट बचाउने उपाय खोज्थे। सन् 1898 मा उनी नानकिङको एक विद्यालयमा भर्ना भए। उनका पिता लामो समयसम्म बिरामी भएकाले मान र लत्ताकपडा साहुमहाजनकहाँ बन्धकी राखी औषधी गर्थे। जतिसुकै उपचार गरे पनि उनले बाबुलाई बचाउन सकेनन्। बाबुबाजे राम्रो उपचारको अभावमा मरेकाले उनलाई डाक्टर हुने इच्छा पलायो। चिकित्सक बन्ने अठोट गरी उनले औषधिपचार नपाएकालाई सेवा गर्ने विचार गरे। उनकी आमाले सरकारी जागिर खान अध्ययनमै जोड दिई।

उनी सन् 1904 मा जापान गई सेनडाइ मेडिकल कलेजमा चिकित्साशास्त्र। पढ्न भर्ना भए। त्यहाँ जापानीहरूले चिनियाँहरूलाई अन्याय गरिराखेको चलचित्र हेरेपछि उनले साहित्यलाई हतियारका रूपमा प्रयोग गरी सङ्घर्ष गर्ने ठहर गरे। त्यही चिनियाँ विद्यार्थीहरू चीनको मन्चु सरकारको विरोधमा लागिरहे। लुसुन पनि त्यसमा सामेल भए। उनी अध्ययनमा डुल्न थाले। बाइरन, सेली, पुस्किन, पेटोफो, किमिविज, लेमेन्टफ आदि साहित्यकारबाट उनी खुबै प्रभावित भए। जापानमै बसेर उनले 'नयाँ जुनी' नामक पत्रिका निकाल्न खोजे तर आर्थिक अभावमा त्यो पूरा भएन। जनतालाई चेतनशील पार्न उनी साहित्यमा उत्रे। उनले प्रसिद्ध साहित्यकारका रचना अनुवाद गरे। यसका साथै उनले आफ्नै मौलिक रचना पनि लेखे। सन् 1909 मा उनी आफ्नै देश चीन फर्के। सन् 1911 मा सन्यात्सेनको

नेतृत्वमा चीनमा क्रान्ति भयो। मन्चु सरकार ढल्यो। तर पनि जनताले न्याय पाउन सकेनन्। उनले 'लु स्युन' भन्ने गुप्त नाम राखी लेख छपाए।

लु स्युनको नाम नसुन्ने यो संसारमा थोरै मात्र मानिस होलान्। लु स्युन पेशाले चिकित्सक भए पनि चीनका महान् प्रगतिवादी साहित्यकार हुन्। उनले चिनिया जनतालाई उपनिवेश र सामन्तवाद विरोधी अर्थात् सामन्तवाद र साम्राज्यवाद विरोधी मुक्ति आन्दोलनलाई साहित्यको माध्यमबाट सहयोग पुऱ्याएका थिए। यही योगदानले गर्दा चिनीया कम्युनिस्ट पार्टीका शिक्षाध्यक्ष एवं विश्व सर्वहारावर्गका महान् नेता तथा माओत्सेतुङले लु स्युनको उच्च मूल्याङ्कन गरेका छन्।

लु स्युन चिनिया साहित्यका आधुनिक कालका कवि, कथाकार, उपन्यासकार र निबन्धकारका रूपमा परिचित पाइन्छन्। आफ्नो पूर्व नाम चाउ स जेत रहेको लू स्युनले आफ्नो आमाको नाम लु रहेकोले आमाको नामलाई सधैँ चर्चित राख्न सु शब्दको अघि लू राख्न थालेको थाहा पाइन्छ। गरिब परिवारमा जन्मेका लु स्युनले सानैदेखि डाक्टरी पढ्ने इच्छा गरेका भए पनि साहित्य सृजना गर्नतर्फ एकोहोरो हुन पुगेका थिए। सन् 1909 देखि जापानका विभिन्न विद्यलयहरूमा रसायन र जीवविज्ञान सम्बन्धी अध्ययन गर्न पुगेका लु स्युनले 1912 देखि चिनियाँ सरकारको शिक्षा मन्त्रालयमा अस्थायी रूपमा शिक्षा अधिकारीका रूपमा नियुक्ति पाएका थिए। 1920 मा जापानका एउटा विद्यालय सान हिईमा प्रिन्सिपलको पदमा नियुक्ति पाएका थिए। 1921 देखि अहिलेको बेजिङ पहिलेको पेकिङ विश्वविद्यालयमा साहित्य विभागका प्राध्यापक हुने अवसर पाएका थिए। त्यसरी नै 1926 सियाभेन विश्वविद्यालयका प्राध्यापक हुनपुगेका थिए अनि 1927 तिर सनयाट सेन मौकाबाहेक जापानी र जर्मनी भाषामा पनि राम्रो अध्ययन  गर्ने मौका पाएका थिए। फलतः जापानी भाषामा लेखिएका आधुनिक जापानी ‘लघुकथा” साहित्य र समालोचना, गोगोलको मृतआत्मा, रुसी लोककथा इत्यादिलाई अनुवाद गरी प्रकाशमा ल्याएका थिए तर चिनिया गृहयुद्धदेखि प्रभावित भएर लु स्युनले ‘नवयुवा’ नामक पत्रिकाका माध्यम आफ्नो विभिन्न लेखहरूको सङ्कलन ‘एक बौलाहाको डायरी’ प्रकाशित गरेर चीनका शोशित वर्ग र बुद्धिजीवि वर्गलाई ध्यानाकर्षित गर्न सक्षम भएका थिए। 1917 को रसियाको अक्टुबर क्रान्तिको प्रभावले प्रभावित भएर प्रगतिशील बुद्धिजीवीवर्ग र साधारण मानिसहरूमा मार्क्सवादी चिन्तनद्वारा प्रचार गर्नका लागि लु स्युनले विभिन्न प्रकारका घोषणा पत्रहपू प्रकाशमा ल्याउन थालेका थिए। 1930 मा चिनिया

फ्रिडम लोगका संस्थापक सदस्य भएर नागरिक अधिकार रक्षाका लागि आफूलाई एक सक्रिय व्यक्तिका रूपमा अग्रसर गराएका थिए। यस्ता संस्थाहरू खोलेर लु स्युनले जनसाधारणलाई नवचेतना दिने प्रयास गरेका थिए। कतिपय घोषणा पत्रमा लु स्युनरे भनेका छन्- "हाम्रो साथीहरू गरिबहरूका मुक्तिका निम्ति सङ्घष गरिरहेछन्। म चाहिँ पलङमा आराम गरिरहनु पट्क्क सुहाउने कुरो होइन। यस्ता भावनाबाट उनी प्रभावित हुन्थे र दृढ सङ्घर्ष गर्न अग्रसर हुन्थे। 19 अक्टोबर 1936 का दिन लु स्युनको आकस्मिक निधन भएको थियो।

एउटा अत्यन्तै महत्वपूर्ण कुरा के हो भने लु स्युनले अत्यन्तै सरल भाषामा मनोवैज्ञानिक किसिमले साहित्य सिर्जना गरेका छन्। चिनमा मात्र होइन, लु स्युनका कृतिले धेरै ठाउँको वाम आन्दोलन र साहित्यमा ठुलो प्रभाव पारेको छ। विश्व विख्यात प्रगतिवादी साहित्यकार लु स्युनका साहित्यक सिर्जनाहरू पढेर हजारौं मानिसहरू वाम आन्दोलन र कम्युनिस्ट आन्दोलनमा सरिक हुन पुगेको पाइन्छन्।

विश्व विख्यात तथा महान प्रगतिवादी साहित्यकार लु स्युन आज भौतिक रूपमा यो पृथ्वीमा छैनन्। तर उनले रचेका र सिर्जना गरेका कृतिहरू प्रशस्तै छन्। र उनका कृतिहरू र सिर्जनाहरूको महत्व अझ बढेर जानु आजको आवश्यकता बन्न पुगेको बताइन्छ र भविष्यमा पनि यो जारी रहने छ नै।

## 13.2. लु स्युनको कृति एंव प्रसिद्धि

लु स्युन प्रारम्भमा एक साधारण साहित्य अनुरागी थिए। तर वर्गसङ्घर्षका लागि योद्धा हुन पुगेका थिए। अवहेलित र उपेक्षित जनमानसमा क्रान्तिकारी विचारधारालाई प्रचार-प्रसार गराउन तिनले पछिबाट साहित्यलाई आत्मसात गरेका थिए। कैयौँ कविता, कथा, उपन्यास, निबन्ध, तथा अनूदित कृतिहरू प्रकाशमा ल्याउने लु स्युनको उल्लेखनीय कतिहरू निम्न प्रकार पाइन्छ-

1. आक्युको साँचो कथा (उपन्यास),
2. एक बौलाहाका डायरी (कथात्मक निबन्ध)
3. रक्षक (सम्पादित पत्रिका)
4. आधुनिक जापानी लघु कथा (अनूदित कृति)
5. साहित्य र समालोचना (समीक्षा ग्रन्थ : जापानीबाट अनूदित)
6. गोगोलको मृतआत्मा (उपन्यास)

7 गोर्कीको रुसी लोककथा (जापानी र जर्मनी भाषाबाट अनूदित)

8. चिनियाँ कथाका संक्षिप्त इतिहास इत्यादि।

लु स्युनलाई साहित्य क्षेत्रमा कार्ल मार्क्स, लेनिन एङ्गेल्स आदिको प्रभाव एकातिर थियो भने अर्कोतिर माउत्सेतुङ, गोर्की, चेखव आदिको प्रभाव पनि त्यतिकै परेको थियो। आफ्नो पहिलो उपन्यास ‘आक्युको साँचो कथा’ 1911 मा प्रकाशित भएपछि त्यसबेलाका विद्वान्हरूले सो पुस्कलाई नयाँ ज्वारभाटाको संज्ञा दिएका थिए। आक्यु वास्तवमा एउटा चरित्रको प्रतीक हो। क्रान्तिकारी विचारधारबाट प्रभावित भएर लेखिएको प्रस्तुत उपन्यासमा लु स्युनले आधुनिक चिनियाँ "समाजक शोषण र षड्यन्त्रमा पिल्सिएका साथै दुर्भागीहरूका जीवनशैलीलाई प्रमुखता दिएर समान्तवाद विरूद्ध युद्धमा उत्रन तयार गरेको थाहा पाइन्छ। लु स्युनले यस उपन्यास सम्बन्धमा भनेका छन्, “मैले किन लेखे, मानिसहरूका आशा आकाङ्क्षाका निम्ति, मानवतामा निम्ति, उज्जवल समाज र भविष्यका निन्ति मैले लेखेँ।” प्रस्तुत उपन्यासलाई त्यसबेला प्रकाशित हुने मर्निङ पोस्ट भन्ने पत्रिकामा धारावाहिक रूपमा प्रकाशित गरिएको थियो। प्रस्तुत उपन्यासकै माध्यमबाट चीन प्रदेशमा भएको क्रान्तिकारी आवाज अझ सजीव बन्न थालेको तथ्यहरू पनि विद्वान्हरूले उल्लेख गरेका छन्।

“आक्युको साँचो कथा” यस उपन्यासमा लु स्युनले पहिले आफ्नो नामलाई ‘वारेन’ नाम दिएर छद्मम नाममा पनि छपाएको थाहा पाइन्छ। आक्यु जस्तो एकोहोरो चरित्र भएको एउटा व्यक्तिलाई लिएर लेखिएको रस उपन्यासमा लु स्युनले चीनका लाखौँ शोषित जानताको मुक्तिका सङ्घर्षका लागि विगुल फुकेको मानिन्छ। वास्तवमा हजारौँ वर्षसम्म सामन्ती व्यवस्थाको कारणले थिचिएका र साम्राज्यवादी शक्तिहरूले चिनियाँ मानिसहरूमा शोषण गरेको ऐतिहासिक घटनाक्रमलाई प्रतिवाद जनाउन प्रस्तुत उपन्यास सक्षम पाइन्छ। यो उपन्यास चिनियाँ उपन्यास साहित्यमा यथार्थवादी प्रवृत्तिको सुरुवात मात्र होइन, तर पराकाष्ठा पनि रहेको पाइन्छ भन्ने ठानिएको पाइन्छ।

लु स्युनको अर्को गद्य रचनाहरूको सङ्कलन ‘एक बौलाहाको डायरी’ प्रकाशित पाइन्छ। उक्त पुस्तकमा कतिपय रचनाहरू आख्यानमूलक छन् भने कतिपय रचनाहरू शोधपरक छन्। प्रस्तुत सङ्ग्रहमा रचनाहरूले त्यसबेलाको साम्रज्यवादी, सामन्तवादी, कट्टरपन्थी तथा प्रतिक्रियावादी शक्तिहरूको खिल्ली उडाएको देखिन्छ। प्रगतिशील बुद्धिजीवीवर्गले प्रस्तुत रचनालाई सामन्तवाद, विरुद्ध युद्ध घोषणाका पत्र मान्छन्। सन् 1917 बाट सुरु भएको अक्टुबर

क्रान्तिको प्रभाव पनि रहेको प्रस्तुतत सङ्ग्रहका रचनाहरूले चिनियाँ शोषितवर्ग र श्रमिक वर्गको इतिहासमा नयाँ उत्साहको सञ्चार गरेको पनि विद्वान्हरूले स्विकारेका छन्। एक थरिका विद्वान्हरूरू 'एक बौलाहाको डायरी' पुस्तकबाट चिनिया राजनीति विधिमा नयाँ युगको प्रारम्भ भएको पनि बताउँछन्। तत्कालीन चिनियाँ साहित्यमा सैद्धान्तिक सङ्घर्षको क्षेत्रलाई व्यापकता प्रदान गर्ने उद्देश्य राखेर लेखिएको प्रस्तुत पुस्तकले लु स्युनलाई  साहसी विचारक र क्रान्तिकारी योद्धाका रूपमा परिचित गराएको पाइन्छ। प्रस्तुत रचनामा लु स्युनले भनेका छन्- "सर्वहारा क्रान्ति गर्जिरहेको आँधीले हाम्रो देश परिष्कार गर्ने छ; टाक्सिएको, कुहिएको अथवा वासी कुराहरू उडाएर लैजाने छ। शोषित वर्गको पनि मान्छे जस्तो बाँच्ने अधिकार होस् हजारौँ मानिसहरू आफ्ना भाग्यका निर्माता आफै हुन्।" प्रस्तुत रचनामा भएको वैचारिक चेतनाको कारणले त्यसबेलाको आलोचक स्डेलीले भनेका छन्- "म उसलाई चीनको भोल्तेयर मान्छु। प्रस्तुत पुस्तकबाट लु स्युन तत्कालीन परिस्थिति तथा जनसङ्घर्षलाई नयाँ मार्ग निर्देशन गरेको पनि थाहा हुन्छ। पुस्तकमा उल्लेखित एउट अश "आँधी बतास चलिरहेको थियो, ब्याँसो  र बाघहरू हिंस्रक भइरहेका थिए'' जस्ता वाक्यहरूले त्यसबेलामा क्रान्तिकारी विचारधाराहरूलाई प्रकट गरेको आभास हुन्छ।

'उनका लेखरचनाले चिनियाँ जनतामा जनचेतना जगाउन ठूलो भूमिका खेल्यो। त्यसैले उनलाई चीनमा आधुनिक साहित्यका पिता मानिन्छ। उनी कलमका साथै सङ्घर्षको मैदानमा पनि जान्थे। उनी व्यवहारका पक्का थिए। विभिन्न सङ्घर्षमा उनी सक्रियतापूर्वक सहभागी भए। चिनियाँ जनताको मुक्तिका लागि उनले सारा जीवन अर्पे। सन् 1919 मा भएको 'चार मई को आन्दोलनमा पनि उनी सक्रिय रूपमा सहभागी भए। साम्राज्यवादी एवम् सामन्तवादी संस्कृतिका विरुद्धमा उनी चर्को सङ्घर्षमा उत्रे। उनी कहिल्यै नझुक्ने, दृढ चरित्रवान्, उत्साही र इमान्दार लेखक थिए। पुरानो समाज र संस्कृतिका विरुद्धमा उनी सशक्त रूपमा लडे। उनी भन्थे, "क्रान्तिकारीहरूले लेख्न सुरू गरेपछि नै क्रान्तिकारी साहित्यको जन्म हुन्छ।" सन् 1927 मा कोमिङताङ सरकारको श्वेतआतङ्क थियो। त्यस समयमा जनतामाथि क्रूर दमन हुँदा उनले 130 भन्दा बढी उपनाम राखी प्रतिक्रियावादी नीतिको झन्डाफोर गरे।

उनले 200 भन्दा बढी निबन्ध छपाए। सन् 1928 मा उनले सङ्घाईबाट भेल' (पेन लिउ) नामक पत्रिका निकाले। त्यही बेला उनी रिभोल्युसत्री म्याचुयल एन्ड सोसाइटीका सदस्य पनि बने। सन् 1930 मा उनले स्वतन्त्र चीनलिगको स्थापना

गरे। उनी मार्क्स र लेनिनवादको गहिरो अध्ययनमा लागे। कम्युनिस्ट बनेर उनले प्रतिक्रियावादीका विरुद्धमा सशक्त कलम चलाए। चिनियाँ क्रान्तिका निम्ति उनले ऊर्जा थप्ने काम गरे।

माओत्से तुङले लुसुनका बारेमा भने, ‘‘उनी चीनको सांस्कृतिक क्रान्तिका प्रमुख कमान्डर थिए। उनी महान् शिक्षक मात्र होइन, एकजना विचारक र क्रान्तिकारी पनि थिए।" जीवनको अन्तिम घडीमा उनी सङ्घाईमा थिए। बिरामी अवस्थामा पनि उनले लेख्ने कामलाई रोकेनन्। आराम लिन सल्लाह दिँदा उनले भने, 'म निष्क्रिय भएर धेरै वर्ष बाँच्नुभन्दा सक्रिय भएर थोरै वर्ष बाँच्न चाहन्छु।'

## 13.3. जापानी साहित्यकार माउत्सो बासोको परिचय

बासो एक जैन सन्त थिए। उनले हाइकुलाई कविता विधाको रूपमा विश्वमा प्रसिद्ध गरेका छन्। समुराय घरानामा उनको जन्म 12 अक्टुबर 1644 मा भएको थियो। माउत्सो बासोको हाइकु नाम दिएर विश्वका विभिन्न भाषामा विभिन्न कविहरूले उनका हाइकुको कविता अनुवाद गरेको पाइन्छ। उनको ‘ओकु-नो-होसोमिची’ जापानी साहित्यको निधि मानिन्छ।

खुकुरीभन्दा कर्द लाग्ने भन्ने हाम्रो भाषाको आहान जापानी कवितामा पूर्णतया लागू हुन्छ भनी शारदाप्रसाद घिमिरले बताएका छन्। संसारका अरू देशहरूका कवितालाई खुकुरी मान्ने हो भने जापानी कवितालाई सान लगाएको छोटो चिटिक्क परेको कर्द अथवा छुरा मान्नुपर्छ किनकि जापानी कविता त्यहाँको चित्रकला जस्तै सूक्ष्माकारको हुन्छ। जापानी भाषामा कहिल्यै पनि धेरै लामा कविताहरूको रचना गरिएन। यो जापानीहरूको जातीय प्रवृत्तिको कुरा हो। उनीहरू कवितालाई झन झन् छोटो पार्ने पक्षमा छन्। जापानमा आठौँ शताब्दीदेखि लामा कविताहरू लगभग बिलाएर गए। पहिलेदेखि नै प्रचलित पाँच पङ्क्तिवाला छोटा कविता "टङ्का" -लाई पनि जापानीहरूले निकै लामो भए भन्ने ठानी सत्रौँ शताब्दीमा "हाइकु' नाम भएको तीन पङ्क्तिवाला झन् छोटो कवितालाई प्रचलनमा ल्याए। विश्व-साहित्यमा 'हाइकु' कविता जापानको विशेष देन हो। हाइकु संसारको सबैभन्दा छोटो खालको कविता हो। यसमा एक कवितामा तीन पङ्क्ति हुन्छन् र ती तीन पङ्क्तिभित्रै कविले एउटा पुरा उद्गार अथवा भाव व्यक्त गरेको हुन्छ। ती तीन पङ्क्तिहरू पनि लामा हुँदैनन्, धेरै जसो

प्रत्येक हाइकु कवितामा जम्मा 17 उच्चारणहरू (Syllable) हुन्छन्। जापानी शब्दकै उच्चारण गर्ने हो भने एउटा हाइकु शैलीको कविता यस्तो हुन्छ-

ए - मा -गा- ए—रु
वा-शो ओ नी नो-रि-ते
सो-यो-गी के-री
(विश्व कविको जीवनीबाट)

अर्थ हो-

एउटा सानो भ्यागुतो
चढेको छ केराको पातमा
काँप्तै।

यस्ता अत्यल्प शब्दमा व्यक्त गरिएका कसैका मनका तरङ्गहरूको अर्थ बुझ्न पाठकले अवश्य नै आफ्नो कल्पना-शक्तिलाई खुब सान चढाउनु पर्छ। कविले सबै भावहरूलाई उदाङ्गो हुने गरेर लेखिदिने हो भने हाम्रो कल्पना-शक्तिको के काम रह्यो ! सानो तस्वीरलाई फोटोग्राफरले इनलार्ज (Enlarge) गरेर ठुलो पारेर देखाउँछ भने जापानी हाइकु कवितालाई पनि हामीले कल्पनाद्वारा कैयौँ गुण इनलार्ज गर्न सक्नु पर्छ। दुर्बिनले उल्टोपट्टिबाट हेर्दा संसारका दृश्यहरू अत्यन्त साना दूरस्थ देखिन्छन्। जापानी दृष्टिकोण पनि दुर्बिनले उल्टोपट्टिबाट हेरेझैँ संसारलाई हेर्ने हो। जापानी ढङ्गको बधचा जसले देखेको छ उसलाई थाहा हुन्छ कि जापानीहरूले अत्यन्त साँगुरो ठाउँमा विशाल बसुन्धराका सघन वन पर्वतहरूले सूक्ष्माकारमा प्रतिमूर्त गरेका हुन्छन्। जापानी कविता ठुलो भद्दा साइजको रद्दी होइन हातमा अटाउने सानो वस्तु हो। हामी तिललाई पहाड बनाउँछौँ, जापानहरू पहाडलाई तिल बनाउँछन्। मध्यकालीन जापानमा अर्थात् लगभग 1200 देखि सन् 1600 सम्ममा त्यस मुलुकका अलङ्कार सिद्धान्तहरू निर्धारित गरिएका थिए। जापानीहरूको अलङ्कार सिद्धान्तले अत्यल्प कथनमा विशेष जोड दिन्छ। प्रकृति तथा प्रकृतिभित्र भेटी निश्चल शान्तिसँग तादात्म्य स्थापनार्थ सरल रूप र अल्प कथन हुनुपर्छ भन्ने धारणा जापानीहरूमा जेन-बुद्ध-दर्शनको प्रभावबाट पलाएको हो। जेनहरू गतिभित्र अन्ततोगत्वा शान्तिको अनुभव गर्छन् र संसारको वैविध्यका पनि एकत्वको परिज्ञान राख्दछन्। यिनै जेनहरूको प्रभावमा आएर जापानी कविहरूले पनि प्रीतिका गीत गाउने पुरानो परम्परालाई बिलकुलै छोडेर प्रकृतिपट्टि आफ्न अनुराग बढाए। त्यहाँबाट पनि अझ गहिरिएर उनीहरूले प्रकृतिको बाह्य रूपमा प्रकृतिको "निश्चल हृदय" -लाई

स्पर्श गर्न खोजेको देखिन्छ। यस उक्तिलाई पुष्ट गर्न जापानी हाइकु कविताहरू उदाहरणका निम्ति राख्न सकिन्छ।

जापानी हाइकु शैलीको कविताका सर्वश्रेष्ठ रचयिता मुनेफुसा मात्सुओ बासो मानिन्छन्। हाइकु शैलीको कविताका अत्युत्तम शिल्पी बासो सामुराई घरानाका एक सम्भ्रान्त पुत्र थिए। सामुराई घराना जापानको उच्च सैनिक घराना मानिन्छ। यस घरानाका मानिसहरूलाई ठुलो रकम भताको रूपमा मिल्ने गर्दथ्यो। तर बासो भत्ता खाएर दिन बिताउने मनोवृत्तिका मानिस थिएनन्। बासोले बाइस वर्षका हुँदा आफूले पाई खाई आएको खान्गीलाई छाडी काव्य-सेवामा आफ्नो सम्पूर्ण जीवन अर्पित गर्ने निर्णय गरेका थिए। त्यसै वर्ष उनका गुरुको पनि निधन भएको थियो। बासो जन्मिदा हाइकु शैलीको कविता भर्खर भर्खर प्रचलनमा आउन थालेको थियो। नयाँ शैलीको कवितामा सानै उमेरदेखि नै बासोको चाख बढ्यो। केही वर्षपछि उनलाई आफ्नो गाउँ -घर प्रतिभाको उद्दीपन गर्नमा असमर्थ भए जस्तो लागेकोले बासो जापानको राजधानीतर्फ अग्रसर भए। त्यहाँ पुगेपछि बिस्तारै उनले एक कवि तथा समीक्षकको रूपमा नाम कमाए। खास गरेर बासोको यस कविताले सबैको ध्यान आकृष्ट गऱ्यो।

एक शुष्क तरुशाखामा
एउटा काग आएर बसेको छ
शरदको सन्ध्या याममा।

यो र यस्तै अनेकन् अरू कविताहरूले बासोलाई जापानमा सर्वत्र प्रसिद्ध बनाए। चालीस वर्षको उमेरमा उनी सम्पूर्ण जापानको भ्रमण गर्न राजधानीबाट प्रस्थान भए। बासोले लेखेका भ्रमण-वृतान्तका दुई पुस्तकहरू धेरै जनप्रिय भए। उनले स्वदेश-भ्रमणको अत्यन्त रोचक वर्णन गरेका छन्। दृश्यहरूको वर्णन गर्दा उनले गद्य र पद्य दुवैको प्रयोग यसरी मिलाएर गरेका छन् कि पद्यलाई गद्यले पृष्ठभूमि प्रदान गरेको हुन्छ, (शारदाप्रसाद घिमिरे)। उनका ती भ्रमण-वृत्तान्त जापानी साहित्यका अत्यन्त मनोहर कृति मानिन्छन्।

बासोका कविताहरूको सङ्ग्रहका पनि दुई पुस्तक पाइन्छन्। सरसरती हेर्दा उनका विशेषतारहित देखिने कविताहरूमा पनि बुद्धिविलासको तिखो धार पाइन्छ। किन कि उनका कवितामा अनेकार्थबोधी शब्दहरूको प्रयोग भएको हुन्छ। श्लेषलाई जापानीहरू निक्कै महत्व दिन्छन्। अनेकार्यबोधी शब्द प्रयोग पनि यस कलालाई जापानीहरू खुबै रूचाउँछन्। द्वैतार्थ-प्रतिपादक आधारभूत

शब्दहरू नै बासोको कविताका प्राण हुन्। जापानको हिम-शिखर फुजियामा तथा अन्य ऐतिहासिक स्थानविशेष र प्राकृतिक वस्तुहरूको प्रतीकात्मक अर्थ हुने हुनाले तिनीहरूले कवितामा रागात्मक तत्व प्रदान गरेका हुन्छन्। फुजियामा भन्नाले देवी अथवा भगवती, 'प्लम ब्लुजम्स' (अर्थात् आलुबखडाका मञ्जरी) भन्नाले 'प्रेम' र 'चेरी ब्लुजम्स' (अर्थात् पैयूँका पुष्पमञ्जरी) भन्नाले सौन्दर्य भन्ने पनि अर्थ लाग्छ। नत्र-शीतको थोपामा वरपरको दृश्यमान जगत् प्रतिबिम्बित भए झैँ तीन पङ्क्तिको बासोको हाइकुमा चमत्कार कसरी भरिन्थ्यो।

लघु कविताका 'महाकवि' बासोका कविताको भावानुवाद नेपाली भाषामा पनि प्रशस्त गरिएको पाइन्छ। ती पङ्क्तीहरू पढ्दा प्रत्येक तीन पङ्क्तिका ती कविताहरूको एक अर्कासँग कुनै सम्बन्ध छैन तर सबै आफैमा परिपूर्ण देखिन्छन्।

नव देश-भ्रमण गर्ने क्रममा बासोले भेटेसम्म सबैजसो स्थानीय कविहरूसँग भेट्ने गरेका थिए। बासोले उनीहरूसँग काव्यबारे धेरै किसिमका सिद्धान्तउपर छलफल गरेर 'रेगा' नाम गरेका केही (मुक्तक होइन) 'सम्बद्ध' कविता पनि रचेका थिए। जापानीहरू कसै कसैका रायमा बासोका यो 'सम्बद्ध' कविता नै उनका उत्कृष्ट रचना हुन्। तर उनलाई दुनियाँले हाइकु शैलीका आचर्यकै रूपमा मान्यता प्रदान गरेको छ।

बासोभन्दा अघिका रचनाकारले हाइकु शैलीलाई प्रतिष्ठा प्रदान गर्न कडा नियमहरूको बन्देज लगाएका र यसलाई आपात रमणीय देखाउन सामान्य गफमा प्रचलित कुराहरू पनि समावेश गर्ने गरेका थिए। बासोले ती दुवै परम्परालाई त्यागी हाइकु शाश्वत तथा बहुप्रयुक्त हुनुपर्छ भन्ने कुरामा जोड दिए। शब्दचातुरीलाई बासो महत्व दिँदैनथे। उनी "कविहरूले शब्द-चातुरीदेखि पर पुगेर आफ्नो कवितालाई 'सुवास', 'गुम्फन', 'सङ्गति' र त्यस्तै अरू ललित गुणयुक्त सिद्धान्तले सिँगार्नुपर्छ, शब्द-प्रयोगको पटुताले होइन" भन्ने गर्दथे। देश-भ्रमणले बासोको काव्यादर्श, धार्मिक भावना र उनको जीवनीमा पनि ठुलो असर पाऱ्यो। उनी जेन-बुद्ध-दर्शनद्वारा प्रभावित भएका मात्र होइनन् त्यसैको अनुयायी नै बने। भ्रमणपछि दार्शनिक मनोवृत्तिवाला महाकवि बासो समाजदेखि परपरै रहन मन पराउन थाले। उनी कठोर संयमपूर्ण जीवन-यापन गर्दथे। तपस्वी बासोले पछि पुर्णरूपमा सन्यास ग्रहण गरे।

एउटा गाउँ जहाँ घण्टा बजाइँदैन
ओहो ! ती गाउँलेहरू के गर्छन्

वसन्त ऋतुको सन्ध्याकालमा!

जापानीहरू बासोलाई ससम्मान 'हाइकुका सन्त' भन्दछन्। जापानमा अरू कुनै साहित्यिक पनि उनी जत्तिको जनप्रिय र पूज्य बनेका छैनन्। बासो एक दिन घुम्दै 'नारा' भन्ने स्थानमा पुगेछन्। ‘‘नारा" जापानको पुरानो राजधानी हो, जहाँ बुद्धका अनेकन् मूर्ति र चैत्यहरू पाइन्छन्। त्यहाँ तत्काल उनले कविता रचेछन् जसलाई समालोचकहरू बुद्धलाई चढाएको श्रेष्ठ पुष्प मान्छन्। जसको भावानुवाद शारदाप्रसाद घिमिरेले यसरी प्रस्तुत गरेका छन्-

सयपत्रीहरूको बास्ना
र नारामा
ती सबै प्राचीन बुद्धहरू।

## 13.4. हाइकु

जापानेली हाइकु विश्वप्रसिद्ध छ। परम्परागत जापानेली कविताको एउटा प्रकार हाइकु हो। आज आएर अङ्ग्रेजी, फ्रान्सेली आदि भाषालगायत नेपाली भाषामा पनि हाइकु लेखिएका अनि विशिष्ट स्थान पुग्न सफल भएको पाइन्छ। नेपालीमा गजल, रुवाई जस्तै हाइकुलाई पनि आगन्तुक छन्द वा अन्य देशीय भाषाबाट नेपाली साहित्यमा आएको कवितालेखनको एउटा विशेष परिपाटी मानिएको पाइन्छ। नेपाली भाषामा हाइकु सङ्ग्रहकै रूपमा पुस्तक प्रकाशमा आइसकेको छ।

डा. धनश्याम नेपालअनुसार हाइकु सिर्जनाका पछिल्तिर बौद्ध धर्मको एउटा प्रमुख पन्थ महायान र चिनियाँ ताओवादको दार्शनिक प्रभाव रहेको छ। हाइकु मानवीय संवेदना झल्कने, प्राकृतिक सौन्दर्य उत्रने, सूक्ष्म निरीक्षण एवं अनुशासित ध्यानको एउटा कलात्मक अभिव्यक्ति हो। हाइकुमा अत्यन्त सीमित शब्दमा कम विषयवस्तु दिएर प्रशस्त काव्यिक स्वाद र वैचारिक अनुभूति प्रदान गर्ने क्षमता रहेको हुन्छ। हाइकु पद्यको एउटा प्रकार हो। प्रत्येक शब्दमा त्यसको अर्थसित ध्वनि पनि निहित हुन्छ। हाइकुमा प्रयोग गरिएका शब्दहरूले अर्थ र ध्वनि दुवैको उपयोग गरेर सौन्दर्य अभिव्यक्त गर्नु पर्दछ। हाइकु जम्मा सत्र अक्षर (उच्चारण) बाट बनेको हुन्छ।

हाइकु लेखनका निम्ति पद्यमयता, सत्र अक्षर (उच्चार) को संरचना, ऋतुबोधक शब्द (किगो) को प्रयोग, प्रतीक, अडान (किरेजी) आदि अनिवार्य तत्त्व हुन्। ती

अक्षरहरू लयका सन्दर्भमा 5,7,5 गरी तीन भागमा विभाजित भएका हुन्छन्। त्यहाँ अक्षर विभाजनका साथै अर्थको विभाजन पनि आवश्यक हुन्छ। प्रत्येक हाइकुमा एउटा ऋतुवाचक शब्द (किगो) प्रयोग गर्नु अनिवार्य छ भनिएको पाइन्छ। हाइकुमा प्रकृति एवं मानव जीवनका विभिन्न आयामहरूको सूक्ष्म अध्ययन गरिएको हुन्छ अनि प्रतीकात्मक ढङ्गमा मूर्त वस्तुको वर्णनद्वारा अमूर्त कुरो सम्प्रेषण गरिन्छ। हाइकुमा अडान वा विराम (किरेजी) को प्रयोग अनिवार्य हुन्छ। हाइकुमा प्रयोग गरिने विशेष दुईवटा विराम शब्दहरू छन्: ती हुन्- 'या' र 'काना'।

हाइकुका तीन हरफहरूमध्ये कुनै पनि एक हरफमा किरेजीको प्रयोग गरिन्छ। किरेजी प्रयोग भएका ठाउँमा पाठकले अडान लिएर त्यहाँसम्मको भावको पुनः आस्वादन गर्न सक्छन्। हाइकुका विषयवस्तु मूलतः प्रकृति र जीवन-अनुभव नै हुन्छन्। जीवनका गूढ रहस्यलाई प्रकृतिका माध्यमबाट स्पर्श गर्नु जापानी हाइकुको विशेषता हो।

उदाहरण-

फुरुइकेया
कावाजतोबिकोम
मिजुनोओतो
(बासोको प्रसिद्ध जापानी हाइकु)

अर्थ :

जीर्ण पोखरी
भ्यागुताको छलाङ
पानीको स्वर
(क्षेत्रप्रताप अधिकारीद्वारा अनूदित)

## 13.5. जापानी साहित्यकार यासुनारी कावाबाताको परिचय

उन्नाईसौँ शताब्दीको अन्त्य र बासौँ शताब्दीको अधिकांश दशकहरूमा जापानी साहित्यकार यासुनारी कावाबाता विश्वमै एक प्रतिष्ठित साहित्यकारका रूपमा देख्न पाइन्छन्। कावाबाताका कृतिहरूलाई जापानी, अङ्ग्रेजी तथा अमेरिकी धेरै विद्वान्हरूले रूपान्तर र अनुवाद गरेर उनको साहित्यिक गरिमालाई सार्थकता

प्रदान गरेका देखिन्छन्। आफ्ना औपन्यासिक कृतिहरूको सफलतालाई प्रस्तुत गर्दै स्विडिस एकाडेमीले कावाबातालाई साहित्यका क्षेत्रमा गौरवमय नोबेल पुरस्कारद्वारा सम्मानित गरेको थाहा लाग्दछ। उनको सम्मान गर्दै एकाडेमीले लेखेको छ – "एकजना सफल लेखकका हैसियतमा कावाबाताले आधुनिक मानव समाजमा सामाजिक, सांस्कृतिक साथै नैतिक सान्दय बोधको भावनालाई आध्यात्मिक चिन्तनद्वारा प्रस्तुत गरेर आफ्ना सफल परिचय दिन समर्थ भएका छन्।

यासुनारी कावाबात जापानको एउटा ठुलो सहर ओसाका भन्ने ठाउँमा सन् 1899 सालको 19 जुलाईमा जन्मेका अनि जापानको राजधानी टोकियोमा 4 सेप्टेम्बर 1972 मा अवसान भएका प्रसिद्ध जापानी साहित्यकार साथै विश्वसाहित्यका धरोहर मानिन्छन्। दुई वर्शको उमेरमा नै टुहुरो भएका र सुशिक्षित माता-पिताका सन्तान भएकाले अनि आफ्ना बाजे- बोजु पनि त्यत्तिकै सु-सम्पन्न र शिक्षित भएकाले बाजे बोजूकै रेखदेखमा कावाबाताले टोक्यो पाठशालामा प्राथमिक स्तरदेखि अध्ययन गरी त्यहाँको Emperial University सम्मको उच्च शिक्षा हासिल गरेका थिए। युवा अवस्थामा छँदा साहित्यिक र सामाजिक संस्थाहरूसँग विशेष  संलग्न रहने कावाबाता त्यहाँका Bougai र Judai भन्ने समाजिक र साहित्यिक संस्थाहरूसँग संलग्न भएर आफूलाई सक्रिय राखेका थिए। ती दई संस्थाहरूबाट प्रकाशित सूचनापरक पत्र पत्रिका सम्पादक र प्रकाशक समेत बन्न पुगेका कावाबाताले आफ्नै देशका प्राकृतिक सौन्दर्यहरूलाई र वन-सम्पदाहरूलाई लिएर पहिले पहिले रचनाहरू प्रकाशित गर्न थालेका थिए। आफू विश्वविद्यालयका छात्र हुँदा Pen Club को स्थापना गरी आफू स्वयं पनि अध्यक्ष रहेर विभिन्न साहित्यिक वार्ता र सङ्गोष्ठीहरू आयोजना गर्न थालेका थिए। विश्वविद्यालयीय शाक्षा हासिल गर्न थालेपछि जापानिज एकाडेमीको सदस्यता लिएर सक्रिय रूपमा जापानी चित्रकला तथा नाट्यकला विभिन्न देशहरूमा पनि प्रदर्शन र प्रस्तुत गर्ने दायित्व लिएका थिए। कला र संस्कृतिसँग जडित भएर नै तिनले विभिन्न देशहरूको भ्रमण पनि गरेका थिए। आफूले गरेका विभिन्न साहित्यिक सिर्जनाको फलस्वरूप कावाबाताले जीवनकालमा प्रशस्त पुरस्कार र प्रशंसा-पत्र हासिल गरेका थिए। साहित्यका क्षेत्रमा विशेषत: उपन्यासका क्षेत्रमा विशिष्टता देखाउने हुँदा नोबेल पुरस्कार पनि प्राप्त गर्न सकेका थिए। एसियली कविहरूमध्ये भारतीय कवि रवीन्द्र पछि नोबेल पुरस्कार प्राप्त गर्ने दोस्रो व्यक्ति कावाबाता नै थिए। संम्भवतः साहित्यिक श्रेष्ठताकै कारण 1969 तिर कावाबाताले

जर्मनको फ्रेकफुट भन्ने ठाउँबाट गेटे पुरस्कार पनि प्राप्त गरेका थिए। व्यावहारिक जीवनका अतिरिक्त साहित्य र सांस्कृतिक गतिविधिहरूमा संलग्न भएर जीवन बाताउने कावाबाता जापानी उपन्यास साहित्याका एक पृष्ठपोषक नै थिए।

## 13.6. कावाबाताका कृति अनि प्रसिद्धि

**उपन्यास** :

1. Dunces of lzu Provinces-1924
2. Show courtry-1935
3. A Thousand Cranes – 1949
4. Kyoto- 1962

**कविता;**

Internal Soul अन्तर्जात (आत्मा 1962-64) आदि।

माथि उल्लिखित कृतिहरूका आधारमा कावाबाता उपन्यासकार वा कविका रूपमा प्रतिष्ठित देखिन्छन्। तथापि उपन्यासकै क्षेत्रमा तिनको साहित्यिक प्रतिभा गौरवपूर्ण पाइन्छ। अफ्नो साहित्यक यात्रा कविताका माध्यम सुरु गर्ने कावाबाताले आफ्नो पुरानो इष्टदेव तथा भुक्षुहरूद्वारा रचित Donga र Myoya आदिका आदर्शहरूला कविताका माध्यम प्रस्तुत गर्ने कोसिस गरे देखिन्छन्। यद्यपि विश्वविद्यालयका छात्र हुँदा जापानी र अङ्ग्रेजी भाषाका माध्यम उत्कृष्ठ उपन्यास लेखेको पाइन्छ। आफ्नो पहिलो उपन्यास Dances of Izu Provinces अन्तर्गत उनले Izu क्षेत्रका सुन्दरी नर्तकीहरूको सुन्दर नृत्यकला प्रदर्शनलाई आधार गरेर औपन्यासिक रूप दिएका छन। प्रस्तित उपन्यासना आफ्नै देशको परम्परागत संस्कृतिर त्यहाँको आकर्षक कला प्रदर्शनलाई कावाबाताले उपन्यासको वस्तु रोजेका छन्। प्रभावात्मक आकर्षक शैलीबाट इजु प्रान्तका सामाजिक र सांस्कृतिक जीवनशैली तथा उद्योग धन्दाका यथार्थ जीवनलाई प्रस्तुत गर्न कावाबाता सफल रहेको देखिन्छ। उपन्यासमा यथार्थ र मनोवैज्ञिन दृष्टि पनि व्याप्त देखिन्छ। लेखन कलामा चित्रकलाको प्राधान्य देखिन्छ। मानवका विविध सम्बन्धलाई प्रस्तुत गर्न उक्त उपन्यासमा कावाबाता सफल रहेका देखिन्छन्। प्रस्तुत उपन्यासको प्रकाशनले नै कावाबाताले सर्वप्रथम एल सफल उपन्यासकारका रूपमा परिचय प्राप्त गरेको देखिन्न।

अर्को उपन्यास Snow country अन्तर्गत जापानका पुराना कवि योन्कको जन्म स्थान रहेको एयिगो भन्ने ठाउँको सुन्दर वर्णन गरेको पाइन्छ। जापानदेखि केही टाढा पर्ने समुद्र किनारदेखि नजिक रहेको साइबेरिया भन्ने पहाडमा बसोबासो गर्ने जापानी जनजीवनको चित्रण गर्न यस उपन्यासमा लेखक सफल रहेको देखिन्छ। उपन्यासमा योन्क तेइसिन नाम गरेकी एउटी युवती भिक्षुनीको प्रेम सम्बन्लाई यथार्थ रूपमा वर्णन गरेको पाइन्छ। यसबाहेक प्राकृतिक सौन्दर्य तथा हिउँले भरिएको पहाड-पर्वतको वर्णन पनि प्रस्तुत उपन्यासको आकर्षणीय पक्ष रहेको छ। प्राकृतिक कुराहरूमा घाम, जुन, पहाडपर्वत, हावा-पानी अन्धकार, प्रकाश, ऋतु परिवर्तन आदिलाई देखाउन कावबाता सफल रहेका देखिन्छन्। वर्णनात्मक र प्रभावमय आकर्षक शैलीका कारणले प्रस्तुत उपन्यास अत्यन्त सफल रहेको देख्न पाइन्छ।

यसरी अर्को उपन्यास 'A thousand Cranes' जराको मूल नाम जापानी भाषामा 'सन्बजुरु' भनिन्छ। प्रस्तुत उपन्यासमा कावाबाताले चिया बनाउने विधिबारे अधुनिक समाजलाई प्रभावित तुल्याउने उपायहरू देखाएका छन्। यद्यपि प्रस्तुत उपन्यासका विषयवस्तुमा गाउँ-बस्तीका झोपडीहरू त्यहाँ बस्ने श्रमजीवी साथै तिनीहरूका सहज र प्राकक स्वभावहरू शान्त र एकान्त वातावरण, परस्परमा रहेका करुणा र दयाजस्ता भावनाहरूलाई कावाबाताले खुबै यथार्थ पूरमा व्यक्त गरेका देखिन्छन्। यद्यपि प्राकृतिक सौन्दर्यहरूको सँगसँगै सामाजिक सरल जीवनके चाहना गर्ने उद्देश्य राखेर जनसाधारणलाई प्रकृतिमुखी बनाउने प्रयास प्रस्तुत उपन्यासबाट भएको देखिन्छ। कावाबाताको अर्को श्रेष्ठ र प्रासिद्ध उपन्यास Kyoto लाई मानिन्छ। यस उपन्यासका माध्यम कावाबाताले क्योटो प्रान्त विशेषका साधारण जनजीवन, त्यहाँका प्राकृतिक परापराहरूलाई अन्यन्त सजीव रूपमा वर्णन गर्न सकेका देखिन्छन्। आधुनिक मानिसमा आउदै गएको चारित्रक अद्भूतता र हिंसात्मक भावनाहरूबाट समाजलाई सुरक्षित राख्न खोज्नु प्रस्तुत उपन्यासको विशेष उद्देश्य रहको पाइन्छ।

कावाबाताको आलोचकहरूले प्रस्तुत उपन्यासमा मानवीय अस्तित्वको पुनर्स्थापना गर्ने चेष्टा भएको छ भन्ने उल्लेख गरेको पाइन्छ। अर्कोतिर धर्मदर्शन तथा साहित्य जस्ता विषयहरूलाई पनि प्रस्तुत उपन्यासका माध्यम कावाबाताले जनसाधरणलाई सचेत गराउने चेष्टा गरेका देखिन्छन्। जापानकै एक विशेष प्रान्त क्योटोको प्राकृतिक सौन्दर्य, त्यहाँका मानिसहरूको सामाजिक जीवन शैली तथा सांस्कृतिक परम्पराहरूलाई चिनाजने उद्देश्य राखेर लेखिएको प्रस्तुत उपन्यासले

अर्कोतिर जापानको बौद्ध गुम्बाहरूमा हुने धार्मिक आस्थालाई पनि अझ प्रबल रूपमा परिचय गराउने चेष्टा गरेको देखिन्छ। केहीदी आलोचकहरू प्रस्तुत उपन्यासका माध्यम मानिसको मनोवैज्ञानिक इच्छालाई सजीव रूपमा प्रतिबिम्बित पार्न प्रस्तुत उपन्यास सफल रहेको ठान्छन्। जापानी भाषामा पहिला प्रकाशित र त्यसपछि अङ्ग्रेजी भाषामा प्रकाशित यसै उपन्यासको माध्यम कावाबाता विश्वचर्चित बनेको देखिन्छ। सम्भवतः प्रस्तुत उपन्यासकै सफलताबाट कावाबाताले 1968 मा साहित्यमा नोबल पुरस्कार प्राप्त गर्न सकेका हुन्।

कावाबातको अर्को साहित्यक उपलब्धि कविताको क्षेत्रमा पाइन्छ। उनको थुप्रै कविताको सङ्कलन अन्तर्जात आत्म मुख्य रूपमा पाइछ। प्रस्तुत कविताहरूमा सङ्गृहीत रहेका अन्तर्जात आत्म, मुरासाकी, हेइयाँ, सेजी आदि कविताहरू कावाबाताका भावपूर्ण र उत्कृष्ट शैलीका कविता मानिन्छन्। प्रस्तुत कविताहरूमा कावाबाताले जापानको मध्ययुगिन जेन पुराकथालाई आफ्नो आदर्श बनाएको देखिन्छ। जापानी परम्परामा मानिने 'जेन' तिनीहरूको आराध्य देव रहेको थाहा पाइन्छ र तिनकै प्रतीकहरूलाई भोग साधनाद्वारा बोध गर्नुपर्छ भन्ने धारणाहरू प्रस्तुत कविताबाट व्यक्त गरिएको पाइन्छ। "जेन"को आत्माबारे गहन र व्यापक प्रभाव रहेको कुरालाई पनि कावाबाताले प्रस्तुत गरेका छन्। आफ्ना यी धार्मिक प्रथालाई कतै इक्कु भनेका छन्। यद्यपि इजु जापानी प्राचीन भिक्षुको नाम रहेको थाहा पाइन्छ। जैन धर्मका कठोर नियमहरू, जापानी गृहयुद्ध, त्यहाँका एक समयका मानिसहरूको नैतिक पतन तथा मानवीय अस्तित्वको खतरालाई पनि कावाबाताले आफ्ना ती कविताहरूका माध्यम आभिव्यक्ति दिएको पाइन्छ। यस अतिरिक्त ग्रामीण जन-जवनको चित्रण, प्राकृतिक सौन्दर्य, स्त्री-पुरुष माझको प्रेम सम्बन्ध, शिक्षा-दीक्षा आदि विषयमा कावाबाताले अभिव्यक्ति दिएका देखिन्छन्। यद्यपि ती कविताहरूको आशय आधुनिक मानव समाजमा आत्महत्या गर्नु महा अपराध हो भन्ने पनि इङ्गित गरेका देखिन्छ। केही आलोचकहरूने कावाबाताका कविताहरूबाट आत्महत्या कुनै मोक्षको साधन होइन भन्ने खास लक्ष्य रहेको उल्लेख गरेका देखिन्छन्।

निष्कर्षमा, उपन्यास र कविताका क्षेत्रमा विशेष कलम चलाउने कावाबाता आधुनिक जापानी साहित्यका एक विशिष्ट साहित्यकार मानिन्छ। ईश्वी पूर्व 600 बाट सुरु भएको जापानी साबहित्यको आधुनिक युग 1800 शताब्दीमा आएपछि आधुनिक जापानी साहित्यले उपन्यास, काविता र नाटकको क्षेत्रमा चौतर्फी विकास विकास र उपलब्धि हासिल गर्छ।

## 13.7. उपसंहार

विश्व विख्यात तथा महान प्रगतिवादी साहित्यकार लु स्युन आज भौतिक रूपमा यो पृथ्वीमा छैनन्। तर उनले रचेका र सिर्जना गरेका कृतिहरू प्रशस्तै छन्। र उनका कृतिहरू र सिर्जनाहरूको महत्व अझ बढेर जानु आजको आवश्यकता बन्न पुगेको बताइन्छ। अवहेलित र उपेक्षित जनमानसमा क्रान्तिकारी विचारधारालाई प्रचार-प्रसार गराउन उनले साहित्यलाई आत्मसात गरेको पाइन्छ। लु स्युनलाई साहित्य क्षेत्रमा कार्ल मार्क्स, लेनिन एङ्गेल्स आदिको प्रभाव एकातिर थियो भने अर्कोतिर माउत्सेतुङ, गोर्की, चेखव आदिको प्रभाव पनि त्यतिकै परेको देखिन्छ। समाजक शोषण र षड्यन्त्रमा पिल्सिएका साथै दुर्भागीहरूका जीवनशैलीलाई प्रमुखता दिएर समान्तवाद विरूद्ध युद्धमा साहित्य लेख्नु उनले छानोके बाटो देखिनअछ। 'उनका लेखरचनाले चिनियाँ जनतामा जनचेतना जगाउन ठूलो भूमिका खेल्यो। त्यसैले उनलाई चीनमा आधुनिक साहित्यका पिता मानिन्छ।

यसरी नै जापानी साहित्यमा हाइकु लेखेर स्थापित बन्ने माउत्सो बासो विश्वमा हाइकुकारका रूपमा प्रसिद्ध भए। हाइकु विधालाई कविता विधाको रूपमा स्थापित गरी विश्व साहित्यलाई नयाँ परिपाटीको कविता दिएर उनी विश्व साहित्य निर्माताहरूमा एक बन्न पुगेका छन्। "कविहरूले शब्द-चातुरीदेखि पर पुगेर आफ्नो कवितालाई 'सुवास', 'गुम्फन', 'सङ्गति' र त्यस्तै अरू ललित गुणयुक्त सिद्धान्तले सिँगार्नुपर्छ, शब्द-प्रयोगको पटुताले होइन" भन्ने उनको कवितामाथिको धारणा पाइन्छ।

यसै प्रकारले उन्नाईसौँ शताब्दीको अन्त्य र बासौँ शताब्दीको अधिकांश दशकहरूमा अर्का जापानी साहित्यकार यासुनारी कावाबाता विश्वमै एक प्रतिष्ठित साहित्यकारका रूपमा देख्न पाइन्छन्। एकजना सफल लेखकका हैसियतमा कावाबाताले आधुनिक मानव समाजमा सामाजिक, सांस्कृतिक साथै नैतिक सौन्दय बोधको भावनालाई आध्यात्मिक चिन्तनद्वारा प्रस्तुत गरेर आफ्ना सफल परिचय दिन समर्थ भएका छन्। उनी एसिबाट नोबेल पुरस्कार प्राप्त गर्ने रवीन्द्रपछि दोस्रो साहित्यकार हुन्।

## 13.8. सार

यस प्रखण्डमा लु स्युन, माउत्सो बासो अनि यासुनारी कावाबाताको साहित्यिक व्यक्तित्व र कृतित्व अध्ययन गरियो। प्राप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- लु स्युन प्रगति विचार धाराका साहित्यकार थिए। उनी थोह्रै भए पनि जीवनलाई अन्यका निम्ति सक्रिय रहेर बाँच्न चाहन्थे। चीनमा तत्कालीन शासकहरूको शोषणादिको विरुद्ध अनि सर्वहारा वर्गको उत्थानका निम्ति साहित्य लेख्दथे।
- बासो दापानी साहित्यका सर्वप्रसिद्ध साहित्यकार हुन्छ।
- उनले जापानी साहित्य तथा विश्व साहित्यमा नै हाइकुलाई स्थापित गरेका छन्।
- यासुनारी कावाबाता नोबेल पुरस्कार विजेता जापानी साहित्यकार हुन्।
- कावाबाताले आधुनिक मानव समाजमा सामाजिक, सांस्कृतिक साथै नैतिक सौन्दय बोधको भावनालाई आध्यात्मिक चिन्तनद्वारा प्रस्तुत गरे।

## 13.9. अनुशीलन

1. लु स्युनको साहित्य अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. 'हाइकु' कस्तो कविता हो? विशेषताहरू खुट्याउनुहोस्।
3. कावाबाताको साहित्यिक परिचय लेख्नुहोस्।
4. बासो कस्ता साहित्यकार हुन्?
5. लि स्युनको लेखनको अभीष्ट खुलस्त गर्नुहोस्।

## 13.10. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ


| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| श्यामकृष्ण खुलीमुली | संसार हल्लाउने साहित्यकारहरू |

घनश्याम नेपाल उच्च माध्यमिक नेपाली व्याकरण र रचना

जापानी कविताएँ, अनुवाद- सत्यभूषण वर्मा, सीमान्त पब्लिकेसन्स इन्डिया,

तथा, चिनी, जापानी साहित्यको सर्वेक्षणात्मक अध्ययन आवश्यक। विश्वसाहित्यको स्वरूप निर्धारणमा चिनी तथा जापानी साहित्यको भूमिका र महत्व।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 13.11. मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. हाइकु भनेको के हो?

..........................................................................................................

..........................................................................................................

........................................................................................................

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 13. 4 खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. वर्गसङ्घर्ष भनेको के हो? लु स्युनको साहित्यिक कृतिहरूको सन्दर्भमा लेख्नुहोस्।

.....................................................................................................

....................................................................................................

....................................................................................................

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 13.1. 13.2. खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. विश्वसाहित्यमा बासोको योगदान लेख्नुहोस्।

....................................................................................................

...................................................................................................

.................................................................................................

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 13.3. खण्ड अध्ययन गरी उत्तर खोज्न सक्नेछन्)

4. कावाबाताको साहित्यिक परिचय लेख्नुहोस्?

................................................................................................

...............................................................................................

..............................................................................................

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 13.5. अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. मावोत्सेतुङले लु स्युनको लेखन विषय के भनेका छन्? भनाइको तात्पर्य खुलस्त पार्नुहोस्।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 13.1. र 13.2. खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ-14 स्यामुएल बेकेट, बर्तोल्त ब्रेख्त, लुइगी पिरान्डेलो

**संरचना**

14.0. उद्देश्य

14.1. सामुएल बेकेटको साहित्यिक परिचय

14.2. बेकेटका कृति अनि प्रसिद्धिः

14.3. बर्तोल्त ब्रेख्तको साहित्यिक परिचय

14.4. ब्रेख्तका कृतिहरू

14.5. ब्रेख्तका नाटकका शिल्पगत विशेषताहरू

14.6. इतालीय साहित्यकार पिरान्देलो

14.7. पिरान्डेलोको कृतिहरू

14. 8. उपसंहार

14.9. सार

14.10. अनुशीलन

14.11. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

14.12. मूल्यवृद्धिका निम्ति उत्तर

## 14.0. उद्देश्य

- साहित्यकार सामुएल बेकेटको साहित्यिक परिचय तथा उनका कृतिहरूको परिचयात्मक अध्ययन
- बर्तोल्ट ब्रेख्तको साहित्यिक परिचय तथा उनका साहित्यबारे अध्ययन
- लुइगी पिरान्डेलोको परिचयात्मक अध्ययन तथा उनका कृतिहरूको परिचयात्मक अध्ययन

## 14.1. सामुएल बेकेटको साहित्यिक परिचय

सामुएल बेकेटको जन्म सन् 1907 मा आयरल्यान्डको डबलिन भन्ने ठाउँमा एक सामान्य प्रोटेस्टेन्ट परिवारमा भएको थियो। प्रारम्भिक शिक्षा गाउँको रोयल

स्कुलमा सिद्धयाएपछि ट्रिनिटी कलेज र डब्लिन युनिभर्सिटीसम्म पुगेर उच्च शिक्षा हासिल गरेका थिए। अङ्ग्रेजी, ग्रीक, फ्रेन्च, जर्मनी आदि भाषाका उनी ज्ञाता रहेका थिए। सामुएल बेकेट बीसौँ शताब्दीका महान् साहित्यकारका रूपका परिचित छन्। विद्यार्थी अवस्थादेखि नै चिन्तनपूर्ण स-साना रचनाहरू प्रकाशित गर्दै आएका बेकेटले 1938 देखि पुस्तकाकार रूपमा आफ्ना सृजनाहरू गरेका देखिन्छन्। आफिनो व्यावहारिक जीवनमा अनुवाद कार्य गरेर सचिवालयहरूमा कार्यरत रहेर जीवन धान्ने बेकेटले 1945 देखि नाटकका क्षेत्रमा प्रवेश गरेदेखि एकाएक फ्रेन्च, जर्मनी, अङ्ग्रेजी, आदि भाषाका माध्यम विश्वसाहित्यलाई नै चकित तुल्याएका पाइन्छन्। आफ्ना विभिन्न उपन्यास, नाटकका माध्यम साहित्यिक शिल्प प्रयोग देखाउन खोज्ने बेकेट वास्तवमा नै आफ्नो युगका सृजनशील र सचेत साहित्यिक कलाकारका रूपमा प्रातष्ठित भए। अनवरत् साहित्य सेवा गर्दै बेकेटले आफ्नो जीवन समाप्त गरेका देखिन्छ।

उनी एङ्गलो आयरिस नागरिक हुन् र यी धैरै वर्षसम्म फ्रान्समा बसोबास गरी फ्रान्सेली भाषामा नै साहित्यिक रचना गरे। तर उनले अङ्ग्रेजी भाषामा पनि लेखेको कुरा उल्लेख पाइन्छ। आफूले लेखेका कृतिहरूलाई अङ्ग्रेजीमा अनुवाद गर्ने र अङ्ग्रेजीमा लेखेका कृतिलाई फ्रान्सेली भाषामा अनुवाद गर्थे भन्ने कुरा समीक्षकहरूले स्पष्ट उल्लेख गरेका छन्। उनको जेम्स ज्वायससँग निकै राम्रो सम्बन्ध थियो र उनका कृतिबाट पनि उनी अत्यन्त प्रभावित थिए। ज्वायसकी छोरीसँग प्रेम गरे तर बिहे गरेनन् भन्ने चर्चा पाइन्छ। उनको जीवन दुःखपूर्ण रूपमा बितेको कुरा पनि समीक्षकहरूले नै औल्याएको देखिन्छ। स्वयं सेमुअल बेर्केट आफूमा मानवीय भावना नभएको निराश र सुखा मानिस ठान्दथे। सन् 1942 मा हिटलरी शासनको विरोध गरेको कारण नै उनले कष्टपूर्ण जीवन बिताउनु परेको थियो। उनी आवेगमा नआउने सामान्य मानिस भएकोले प्रशस्त रक्सी पिएपछि मात्रै उनी आवेगमा आउने र रचना गर्ने गर्थे भन्ने सुनिन्छ। नशाको मातले लट्टिएपछि मात्र उनको साहित्यिक प्रतिभा प्रकट हुने भएकोले उनका सम्पूर्ण कृतिमा आफ्नै निरश जीवनको छनक पाइन्छ। पेयपदार्थको सेवनपछि तरङ्गित भावहरू उनको जीवनप्रतिको दृष्टिकोण नै हुन्थे र उनले निरर्थक, विगङ्गतिमूलक, मृत्यु र सन्त्रासमय जीवनको कथालाई चित्रण गरेका छन्। उनले आफ्ना प्रशस्त नाट्यकृतिमा मान्छेको त्यही निरर्थकता, विसङ्गति र खोकोपनलाई कलात्मकताका साथ उतार्ने काम गरे। उनका प्रमुख कृतिहरूमा “वेटिङ फर गोदोत" (1955), "एन्ड गेम" (1957), "अल द्याट फेल" (1957), "क्याप्स लस्ट

टेप", (1958) "ह्याप्पी डेज" (1961) यी नाटकहरू देखापर्छन्। यी नाटककृतिहरूमा पनि अघिल्ला दुई कृतिहरू विश्वप्रसिद्ध नाट्य रचनाका रूपमा देखा पर्छन्। सेमुअल बेकेटको "वेटिङ फर गोदोत" त विश्वकै पाठकहरूले रूचिपूर्ण रूपले पढ्ने गर्छन् र यसले निकै प्रभाव पारेको छ।

"वेटिङ फर गोदोत" -लाई कसै कसैले एक्लो बाटोको किनारमा पात्रविहीन बुढो रुख ठिङ उभिइरहेको जस्तो देखिन्छ पनि भनेका छन्। त्यही बुढो रुखका रूपमा मानव जीवन निरर्थक सुकेर पनि बाँचिरहेको र विवश भइरहेको कुरा नाटकले व्यक्त गरेको छ। प्रस्तुत नाटकमा कुनै कथावस्तुको योजना तथा प्रस्तुति गरिएको छैन र कुनै घटना पनि घट्दैनन् जहाँ गतिहीन स्थिति केवल चित्रण गर्दै नाटक अगाडि बढ्छ। यस नाटकमा केवल अनिश्चयपूर्ण निराशालाई पनि पर्खिरहनु पर्ने स्थितिको बाध्यता चित्रण गरिएको छ। यस नाटकमा एस्ट्रागत र ब्लादिमिर उमेर ढल्किसकेका घुमन्ते पात्र देखिन्छन्। यी पात्रहरू गोदोत आउँछ भन्ने आशामा पर्खिरहेका हुन्छन्। वास्तवमा गोदोत आउँछ भनेर कसैले भनेको हो कि होइन त्यो पनि उनीहरूलाई प्रष्ट थाहा छैन तर आउँछ कि भन्ने आशामा यी पात्रहरूलाई उभ्याइएको छ। यस पहिलो अङ्कको अन्त्यमा भने आकस्मिक रूपमा एउटा केटोले आज गोदोत आउँदैन र भोलि बिहान आउँछ भनी त्यो केटो नाटकबाट हराउँछ। त्यही केटोको भनाइको आशामा ती बुढा पात्रहरू गोदोतका पर्खाइमा बसिरहन्छन्। फेरि भोलिपल्ट पनि दोस्रो अङ्कमा पहिलेकै केटो देखा परेर आज "गोदोत" आउँदैन भनिदिन्छ। ती दुबै पात्रले त्यसो भए हामी जाऊँ भन्दछन् तर त्यही बसिरहन्छन्। यो पर्खाइ निरर्थक हो भन्ने जानेर पनि उनीहरू अन्यत्र जान सक्दैनन् र निरन्तर पर्खन बाध्य छन्। कुनै उपलब्धि नभइकन पनि पर्खिरहनु पर्ने उनीहरूको नियति नै बनेको छ सायद सिङ्गो मानव जीवन नै यस्तै नियति लिएर बाँचिरहेको कुरा यहाँ देखाइएको छ। "गोदोत" वास्तवमा जीवनको अनिश्चयको प्रतीकका रूपमा देखापर्छ। यस नाटकमा पोजो र लक्की अर्को एक जोडी पात्र देखा पर्छन्। लक्की पोजोको आज्ञाकारी नोकर हो र उसले पोजोको भारी बोक्ने काम गर्छ। पोजो अर्कालाई दुःख दिएर आफू आनन्द लिने स्वभावको चरित्र भएको पात्र हो जसलाई परपीडकका रूपमा लिन सकिन्छ। आफ्नो भारी बोकेको नोकर लक्कीलाई कोर्रा हिकाउँदै पोजो आनन्द लिन्छ तर लक्की आफ्नो नियति यस्तै सम्झेर चुपचाप हिँडिरहन्छ। अर्को अङ्कमा पुग्दा पोजो अन्धो भइसकेको हुन्छ र लक्कीको घाँटीमा डोरी बाँधेर पोजो त्यही डोरी समाएर हिँडडुल गर्ने गर्दछ। यति हुँदा पनि लक्की भाग्न सक्दैन र पोजोकै दासत्व स्वीकार

गरेर बसिरहन्छ। यतिखेर पोजो शरीर र लक्की (हृदय) मनका रूपमा देखापरेका छन्। यो नाटक कुनै कथामा आवद्ध नभए पनि यसले जीवनको निरर्थकता, विसङ्गति र वाध्यतालाई ज्यादै मार्मिक ढङ्गले छामेको छ। आफू आँखा देख्ने लक्की अन्धो पोजोलाई छोडेर भाग्न पनि नसक्ने बाध्यताका माध्यमद्वारा पोजोको दासत्व नै उसको नियति भएको देखाइएको छ। यो नाटक उत्कृष्ट विसङ्गतिवादी मानिन्छ र यसले विसङ्गतिपूर्ण निरर्थकतालाई स्पष्ट पारेको छ। नाटकमा विभिन्न पात्रहरू र संवादमा प्रतीकै प्रतीकको बाहुल्यता देखिन्छ। एकातिर प्रतीकले नाटक दुबोध्यतातिर धकेलिएको छ भने अर्कातरि नाटकीय गतिहीनताले पनि पाठकलाई तर्साउने गर्दछ। तर जीवनको निरर्थक र अनिश्चयको पर्खाइद्वारा सिङ्गो जीवनको वास्तविकता र विसङ्गतिलाई भने धेरै नै आकर्षक रूपमा चित्रण गरिएको यो नाटक विश्वप्रसिद्ध मानिन्छ, र उत्कृष्ट विसङ्गतिवादी कृतिका रूपमा स्वीकार गरिन्छ। गोदोत भनेको के हो भन्ने नाटकमा खुलस्त पारिएको छैन तापनि प्रतीकात्मक रूपमा गोदोत ईश्वर, भविष्य, मत्यृ, उपकार, उदार, अन्त्य, विसर्जन, परिवर्तन जे पनि हुनसक्छ र त्यसले यिनै पक्षलाई सङ्केत गरेको हुनुपर्छ भन्ने कुरा समीक्षकगरूले औल्याएको पाइन्छ।

उनको अर्को चर्चित नाटक "एन्ड गेम" हो जुन नाटकमा घरको सानो एउटा कोठालाई नाटकको परिवेश बनाइएको छ। परिवेश कोठा बनाइएको हुनाले नाटकीय कार्यव्यापार पनि कोठामा नै भएको पाइन्छ। यस नाटकमा पनि पहिलो नाटकमा जस्तै दुई जोडी पात्रलाई उभ्याइएको छ। पहिलो जोडीमा हेम र क्लब छन् भने दोस्रो जोडीमा नेग र नेल रहेका छन्। हेम मालिक र क्लब नोकरको वा सेवकको रूपमा देखापर्छ। हेम अन्धो र पक्षघातले ग्रस्त पात्र हो र उसको सहारा भनेको क्लब नै हो। क्लब पनि एक्लै बस्न नसक्ने खालको पात्र भएकोले दुवै एक अर्कामा आश्रित छन्। नेग र नेल हेमका बुढा बाबु आमा हुन् जो हेममाथि नै पूर्ण आश्रित रहेका छन्। फेरि हेम भने क्लबमाथि आश्रित छ। यसरी आश्रितमाथि आश्रितको एक शृङ्खला प्रस्तुत नाटकमा रचिएको पाइन्छ। हेम बाबु आमालाई घृणा गर्छ र फोहोर फाल्ने ठाउँमा लगेर राख्छ। पूर्णत हेरचाह नै नगर्न भने सक्दैन। त्यसै गरी क्लब पनि हे बाट छुट्टिन र उसलाई छोड्न सक्छ तर चाहँदैन र सक्दैन पनि। ती सबै पात्र मृत्युको पर्खाइमा नै रहेको पाइन्छ तर त्यस समयभित्र आइपर्ने सम्पूर्ण घटना बेहोर्न र स्वीकार गर्न उनीहरू बाध्य छन्। यसरी यस नाटकले जीवन भनेकै मृत्युको पर्खाइ हो भन्ने कुरा छर्लङ पारेको छ।

यस नाटकका चरित्रहरूको कुनै भूमिका छैन। ती केवल प्रतीकात्मक रूपमा उभिएको पाइन्छ। खास गरी द्वितीय युद्धपछि युद्धको विभीषिकाले मानवभित्र उब्जाएको विसङ्गति, निरर्थक र अनिश्चितालाई यहाँ व्यक्त गरिएको छ। मानव जीवनको मूल्यहीनता र मृत्युको सन्त्रासलाई पनि नाटकले देखाउने चेष्टा गरेको छ साथै मानिस कस्तो स्थितिमा कसरी मृत्यु पर्खेर बाँच्न विवश छ भन्ने कुरा पनि यहाँ छ। जीवनको निराशा र विसङ्गतिलाई अति राम्रोसँग आकर्षक ढङ्गले प्रस्तुत गरिएको हुनाले उनका नाटक र उनको ख्याति व्यापक रहेको मान्न सकिन्छ। जीवनको मूल्यहीनता र सन्त्रास समय स्थितिको अभिव्यक्ति भएकोले नाटककार सेमुअल बेकेट विश्व साहित्यमै आफ्नो छुट्टै पहिचान सहित स्थापित र चर्चित छन्।

## 14.2. बेकेटका कृति अनि प्रसिद्धि:

पाश्चात्य साहित्यका एक सृजनशील साहित्यकार र कलाचित्रका ज्ञाताका रूपमा प्रसिद्ध बेकेटका 1138-1969 सम्म प्रकाशित उपलब्ध साहित्यिक कृतिहरू यस प्रकार छन्।

**(क) उपन्यास** - (1) Murphy (2) Watt (3) Molloy (4) Mallonie-dies (5) The Unnamable (6) How it was?

**(ख) विविध लेख** - 1. Horoscope, 2. More pricks than kicks. 3. Imagination, dead imagination 4. Less ness, 5. No's knife, 6. From an Abundoned work

**(ग) कविता** 1. Poems in English, 2. An anthology of maxicon poetry

**(घ) आलोचना / समीक्षा** 1. Proust and three dialogues.

**(ड.) नाटक** 1. Waiting for Godot 2. Happy days. 3. Krap's last tape and embers. 4. End game, 5. Come and go, 6. Breath, 7. End of a party 8. Cascando, 9. Words and music 10. Play, 11. Joy.

**(च) लघुकथा -:** 1.The expetted, 2. The calamative. 3. The end.

**(छ) चलचित्र कला** (1) FILM

उपलब्ध साहित्यिक कृत्तिको आधारमा बेकेट बहुमुखी प्रतिभाका धनी देखिन्छन्। तथापि उपन्यास र चलचित्र कला क्षेत्रमा तिनको प्रभिाको वैशिष्ट्य उल्लेखनीय प्रतीत हुन्छ। उपन्यासकारका रूपमा आइरिस भाषामा उनले पहिले लेखेका प्राय

: रचनाहरूलाई अङ्ग्रेजी र फ्रेन्च भाषाका माध्यम प्रचार-प्रसारमा ल्याउने बकेटले ती भाषाका माध्यम आफ्ना उपन्यासहरूका रचना गरेका देखिन्छन्। 1946 मा प्रकाशित आफ्नो पहिला उपन्यास Morphy मा मर्फी नामक यवतीसँग कुनै एउटा यवाले गरेको घटनालाई बेकेटले रहस्यमय ढङ्गमा प्रस्तुत गरेका छन्। उपन्यासमा कुनै कथा नपाइनु तथा सूचना पनि नपाइनू नै प्रस्तुत उपन्यासको वैशिष्ट्य रहेको पाइन्छ। अर्को उपन्यास 'Molloy' मा Molloy भन्ने पात्रले कुनै एउटा सहरमा आफ्नो आमा मरेको खबर पाएर सारा देशमा खोजी गरेको तर कत एउटा जङ्गलमा पुगेर आफू स्वयं थकित भएको, Molloy को खोजीमा फेरि बाबु घरबाट निस्केको अनि कैयौँ महिना खोज्दा पनि छोरोलाई भेट्न नसकेको वर्णन उपन्यासमा छ। उपन्यासको यही विषय-वस्तुका कारण बेकेट उपन्यासका क्षेत्रका एकाएक चर्चित भएको पनि थाहा पाइन्छ।

Watt उपन्यासमा त्यस्तै एक असन्तुष्ट Watt भन्ने व्यक्तिको चरित्रचित्रण वर्णित छ; अन्य उपन्सहरूमा ‘मेलोनिडाइज' र ‘हाउ इट वज’, रहस्यमय उपन्यासका रूपमा चर्चित पाइन्छ। पात्रहरूका अनौठो मनस्थिति र तिनका आकस्मिक समस्याहरूलाई प्रस्तुत गर्न खोजिएका यी उपन्यासहरूमा स्त्री-पुरुष माझको प्रेम सम्बन्ध र रोमाञ्चीय घटनाहरू सजीव रूपमा वर्णित पाइन्छ। सरल, सहज र संवादमय भाषा प्रयोगका कारणले बेकेटका यी उपन्यासहरू पठनीय र रुचीपूर्ण भएका पाइन्छन्। आफ्ना ती उपन्यासहरू लेख्दा बेकेटले ती उपन्यासहरूको दार्शनिक सूत्र यसरी उल्लेख गरेका देखिन्छन् : “Nothting more real, than nothing” अधिकांश आलोचकहरूले बेकेटका उपन्यासहरूको विश्लेषण र समीक्षा गर्दै तिनी मूलतः अस्तित्ववादी र शून्यवादी साथै प्रयोगवादी धारणाका उपन्यासकार हुन् भनेका पाइन्छन्।

सन् 1963 मा Film प्रकाशन गरेर चलचित्र विषयक आफ्नो कलात्मक ज्ञानलाई जनसमक्षमा प्रस्तुत गर्ने हुँदा बेकेटले विश्वव्यापी प्रतिष्ठा आर्जन गरेको थाहा पाइन्छ। प्रस्तुत पुस्तक अमेरिका, फ्रान्स, जर्मन तथा विभिन्न युरोपीय देशहरूमा व्यापक रूपमा प्रचार र प्रसार भएको थाहा पाइन्छ। कुनै पनि चलचित्रका छायाङ्कनमा के-कस्तो ज्ञानको आवश्यककता हुन्छ? भन्ने कुराको विस्तृत जानकारी प्रस्तुत पुस्तकमा पाइन्छ। यस अतिरिक्त अभिनय, साजसजावट इत्यादिका क्षेत्रमा प्रस्तुत पुस्तकले अत्यन्त सहयोग पुऱ्याएको थाहा पाइन्छ। सन् 1965 मा प्रस्तुत पुस्तकका लागि अमेरिकी क्रिटिक प्राइज अनि 1966 मा जर्मनीबाट स्पेसियल ज्युरी प्राइज प्रदान गरेको थाहा पाइन्छ। चलचित्रका क्षेत्रमा

पनि आधुनिक कथाकारहरूलाई छायाङ्कनको नयाँ दिशा निर्देश गर्ने पक्षमा प्रस्तुत पुस्तकको महत्वपूर्ण भूमिका रहिआएको पाइन्छ।

निष्कर्षमा, बेकेट बीसौँ शताब्दीका एक महान् नाटककार, उपन्यासकार र कलाज्ञाता हुन्। आयरल्यान्डमा जन्मेर विश्वभरि नै आफ्ना कृतिहरूद्वारा कीर्तिमान तयार गर्ने बेकेटले नाटकका क्षेत्रमा सेक्सपियर, मलार्मे मोलियर, इब्सन, ब्रेख्त आफूपछि आधुनिक नाट्य रचनाका क्षेत्रमा नयाँ प्रारूप तयार पार्ने श्रेय पाएका छन्। आफ्नो व्यक्तित्वमा एक भद्रपुरुष र वैचारिक कुराका सचेतकका रूपमा पनि बेकेट अत्यधिक चचिर्त हुन गएको थाहा पाइन्छ। एक दृष्टिकोणले भन्ने हो भने बेकेट युग निर्माता साहित्यकार हुन्। आफ्ना रचनाहरूमा सार्वभौम विषयवस्तुको चयन, पात्रहरूको न्यूनतम प्रयोग साथै बोधगम्य भाषाशैली आदिका कारणले बेकेटका रचनाशिल्प अत्यधुनिक ढङ्गका मानिन्छन्। विद्वान् आलोचकहरूले भनेका छन्- बेकेटका रचनाकलामा शास्त्रीयतावाददेखि निस्सारतावाद, चित्रकला, सङ्गीतकला, दार्शनिक पक्ष तथा मानवीय मूल्यका कुराहरू अत्यन्त सहज र विश्वसनीय ढङ्गमा प्रकट हुन सकेका छन्, बेकेटका अधिकांश नाटकहरू विश्वका विभिन्न भाषामा अनूदित भए झैँ ओकिउयामा ग्वाइनद्वारा 'ईश्वरको अपेक्षा' नाममा तिनको 'वेटिङ फर गोडोट' नाटक नेपाली भाषामा पनि प्रकाशित गरेको पाइन्छ।

## 14.3. बर्तोल्त ब्रेख्तको साहित्यिक परिचय

जर्मनी साहित्यकार बर्तोल्त ब्रेख्त पूर्व जर्मनीको अगस्तवर्ग भन्ने स्थानमा 10 फरवरी 1889 मा जन्मेका थिए। ब्रेख्त जर्मनी साहित्यको मात्र नभएर विश्वसाहित्यकै महान् नाटककार र नाट्य चिन्तक हुन्। 1910 देखि स्थानीय पाठशालाहरूबाट अध्ययन गर्दै ब्रेख्तले म्यूनिक विश्वविद्यालय तथा बर्लिन विश्वविद्यालयसम्मको उच्च शिक्षा प्राप्त गरेका थिए। भाषा, साहित्य, कला, दर्शन तथा सामाजिक सेवा क्षेत्रको अध्ययन गरेका ब्रेख्तले विद्यार्थी अवस्थादेखि नै साहित्यमा पदापण गरेका थिए। सन् 1920 देखि नाटक लेखन प्रारम्भ गरेका थिए।

बर्तोल्त ब्रेख्तलाई जर्मनका महाकाव्यात्मक रङ्गमञ्चका (Epic theatre) प्रवर्तक भनिन्छ। उनको नाउँ विश्वप्रसिद्ध छ। उनले रङ्गमञ्च र नाटक लेखनमा निकै ठुलो परिवर्तन ल्याएका थिए। पूर्वी जर्मनीमा "वलिन इन्सेम्बल" भन्ने आफ्नै रङ्गमञ्च

तयार गरेर उनले आफ्ना अनेकौँ नाटकहरूको प्रर्दशनी समेत गराए। उनले 1954 मा स्तालिन पुरस्कार समेत प्राप्त गरेका थिए। उनी जर्मनीका शुद्ध मार्क्सवादी नाटककारका रूपमा परिचित छन्। सन् 1933 मा जर्मनीमा हिटलरको उदय भएपछि उनले निकै गोता खाएका थिए। बर्तोल्त ब्रेख्तलाई हिटलरवादीहरूले निकै खेदो गर्थे र फलत: 1933 मा हिटलरले सत्ता लिएपछि, उनी अस्ट्रिया, डेनमार्क, स्विडेन, रुस हुदै अमेरिकामा गएर लामो समयसम्म बसोवास गरे। सन् 1947 मा (दोस्रो विश्वयुद्धको को समय) -पछि हिटलरको पतन भएपछि मात्र उनी जर्मन फकेर बस्न थाले। यसै समयमा उनले नाटकको प्रदर्शन गरेका थिए भन्ने कुरा अगाडि नै उल्लेख भइसकेको छ। उनी जर्मनीका नाटककार मात्र होइनन् कवि र समालोचक पनि हुन्। वास्तवमा ब्रेख्तलाई जर्मनेली साहित्यको बीसौँ शताब्दीका प्रमुख र ठुला नाटकहरूमध्ये एक नाटककारको रूपमा लिइन्छ।

## 14.4. ब्रेख्तका कृतिहरू

1. The Beggar or the dead Dog (1919)
2. The Wedding (1919)
3. A Humble Wedding (1919)
4. Drums in the right (1922)
5. In the jungle (1921)
6. Baal (19232)
7. The Lady of the Camelias (1925)
8. Man is Man (1926)
9. The Three Penny Opera (1928)
10. The Rise & fall of the city of Mahagonny (1930)
11. Hamlet (1931)
12. The fligh over the ocean (1931)
13. The Mother (1932)
14. The Three Penny Novel (Novel-1934)
15. Round Heads and Pointed Heads (1996)
16. Senora Carrar's Rifles (1937)

17. The good person (woman) of Szechwan (1939)
18. What is the price of iron? (1939)
19. Mother courage & her children (1941)
20. Mr. Puntila and his man Matti (1941)
21. Hungman also die (1942-Film)
22. The Cancasian Chalk Circle (1944)
23. The Private life of Master Race (1945)
24. Life of Galileo (1947)
25. Theatre-Orbit (1952-Criticisin)
26. Trumpets and Drums (1955)

बीसौँ शताब्दीको रङ्गमञ्चीय इतिहासमा ब्रेख्तल एक प्रबुद्ध नाट्य शिल्पी हुन्। ब्रेख्तका सबै नाटकहरूलाई समन्वित रूपमा हेर्दा तिनको नाटय साधनाका निम्न स्रोतहरू उल्लेखनीय देखिन्छन् भनी समालोचकहरूले बताएका पाइन्छ-

1. जर्मनी देशको अवस्था: जस अन्तर्गत युवा शक्तिको भूमिका विशेष उल्लेखनीय छ।
2. तानाशाही विरोधी भावनाको विरोधाभास र विरोध प्रदर्शनी
3. जर्मनी नाटकहरूको पुनर्स्थापनामाथि दष्टिकोणः जस अन्तर्गत कविता, सङ्गीत तथा नाटकीय विचारलाई बुद्धिमत्तापूर्वक प्रदर्शन।

बर्तोल्त ब्रेख्तका (ब्रेम्त) नाट्य कृतिहरूमा "ला सियोटको सैनिक 1935', 'मालिक पुन्टिला र उसको नोकर मट्टी" (1940), "सेचुवाकी असल स्वास्नी मान्छे" (1942), "ककेससको चकको घेरा" (1944) आदि प्रमुख छन्। "ला सियोटको सैनिक" नाटकमा नाटककारले युद्धविरोधी मानवलाई व्यक्त गरेका छन्। शासकहरूले सैनिकलाई युद्धमा सामेल हुन वाध्य गराएको र अनिच्छापूर्वक सैनिकहरू युद्धमा होमिनु पर्ने स्थितिलाई मार्मिक रूपले चित्रण गरिएको छ। संसारमा मच्चिएका युद्ध भौतिक सम्पतिको आर्जनका निम्ति भएको र सैनिकहरू पनि आर्थिक कारणले युद्ध गर्न तम्सिएको उल्लेख गर्दै यस प्रकारका युद्धहरू व्यर्थ र निरर्थक भएको देखाइएको छ। युद्धको विभीषाकाले गर्दा मानवीय संवेदना पनि समाप्त हुँदै मानिस कठोर र निष्ठुर बनेको उल्लेख पाइन्छ। यसरी नाटककार बर्तोल्त ब्रेख्तले यस नाटकका माध्यमद्वारा आफ्नो युद्ध

विरोधी भावना र युद्ध विरोधी सन्देस प्रकट गरेका छन्। शान्तिको चाहना र कामना गर्नु नै यस नाटकको अभीष्ट रहेको छ।

"मालिक पुन्टिला र उसको नोकर मट्टी" -मा पुन्टिला जमिन्दारका रूपमा र मट्टी नोकरका रूपमा देखापर्ने चरित्र हुन्। यस नाटकमा मालिक र नोकरको जीवनशैली तथा मालिकले नोकरमाथि गर्ने व्यवहारको यथार्थाङ्कन भएको छ। पुन्टिला नशाले मात्तिएको बेला निकै ठुला आदर्शका कुरा गर्छ र नशासँगै आदर्श भुलेर नोकरमाथि अत्याचार गर्छ। यस नाटकले नशासेवनले मान्छेको अन्तरमनको वास्तविकतालाई एकातिर खोतल्न सक्छ भने अर्कोतिर मानवीय मूल्य र मान्यता तथा मानवतालाई भुलेर पशुवतको स्थितिमा पुयाउँछ भन्ने कुरालाई चित्रण गरिएको छ। जे जस्तो शैली र प्रवृत्ति प्रयोग गरेर भए पनि अन्तत्त्वगत्या मालिकले नोकरमाथि के कसरी के कस्तो शोषण गर्छन् भन्ने कुरालाई चित्रित गर्न नै नाटकको मूल ध्येय रहेको छ। शोषणका विविध स्वरूप र अवस्थाको चित्रण गर्दै शोषितहरूको जीवन चक्रलाई यहाँ नाटकीकृत गरिएको छ। उनी मार्क्सवादी साहित्यकार भएकाले समाजमा व्याप्त शोषण र अत्याचारका पक्षहरूलाई नै नाटकमा गम्भीरताका साथ उतारेका छन्।

"सैचुवाँकी असल स्वास्नी मान्छे" नाटकले पनि नाटककार नकारात्मकतामा सकारात्मक पक्ष र सकारात्मकतामा नकारात्मकताको बीज रोपिएको कुरालाई देखाउन सफल भएका छन्। यस नाटकमा स्वर्गबाट पृथ्वीमा देवताहरू असल मान्छेको खोजीमा आएको उल्लेख छ। स्वर्गबाट आएका देवताहरू पृथ्वीमा मान्छेको रूपधारण गरेर धुमाफर गर्छन् तर उनीहरूलाई वास बस्न कसैले पनि दिँदैनन्। यी देवताहरूलाई "सनेत" नामकी एक वेश्याले बास बस्न दिन्छे। तर ऊ गर्भवती हुन्छे र बच्चा हुर्काउन र जोगाउन अनेक भेष बदलेर ग्राहकलाई कुट्ने पिट्ने गर्छ। यो कुरा थाहा पाएर देवताहरू पनि "सनेत" -लाई द्वैध चरित्रकी नारी ठान्छन्। एकातिर देवताहरूले संसारमा असल मान्छे छैनन् भन्ने देखाएका छन् भने अर्कोतिर उनीहरू निराश बनेर स्वर्गमै रित्तै फर्किएका छन्। वेश्या भएर पनि वास बस्न दिनु असल चरित्र हो भने बच्चा हुर्काउन खोज्ने र भेष बदल्ने उसको स्वभाव कृत्रिम र नसुहाउँदो हो भन्दै असल मान्छेको यस संसारमा अभाव रहेको कुरालाई नाटकले निकै घत लाग्दो पाराले व्यक्त गरेको छ। समाजका हरेक क्षेत्र र तहमा शोषण र अत्याचार व्याप्त रहेको पूँजीवादी मान्यता भत्किनु पर्नेमा नाटककारहरूले जोड दिएका छन्। नाटकका पात्रसँग दर्शकहरू एकाकार नहोउन् तर दर्शकहरू नाटकका चरित्र तथा पात्रलाई देखेर वा भोगेर आफ्नै

Notes

पाराले बौद्धिक विवेचना गरेर समस्या समाधानको निष्कर्षमा पुगुन् भन्ने ध्येय नाटककारको रहेको पाइन्छ। पूँजीवादी सोचको विरोध गर्दै दर्शकलाई सोच्न वाध्य गराउने परिपाटी नाटकमा छ। वर्णनात्मकतालाई नाटकभित्रै घुसाइएको छ र आफू नितान्त तटस्थ रहेका छन्। नाटकले दर्शकलाई मनोरञ्जन र भावविभोर पार्नुभन्दा उसका विचारलाई जगाएर समस्याप्रति विचार गर्ने बन्न सकोस् भन्ने उद्देश्य राखेको पाइन्छ।

## 14.5. ब्रेख्तका नाटकका शिल्पगत विशेषताहरू

१. **आधुनिक रङ्गमञ्चीय उत्पादन :**

Modern Stage Production यसै अन्तर्गत ब्रेख्तका अधिकांश नाटकहरू लेखिएका पाइन्छन्। ती रङ्गमञ्चीय व्यवस्थापनमा अत्यन्त कलात्मक रहेको पाइन्छ।

२. **महाकाव्यीय स्वरूप (Epic theatre type):**

यस अन्तर्गत ब्रेख्तको नाट्यकारितामा नाटकाका विषयवस्तु र घटनाका बहुआयामिक रूपमा देख्न पाइन्छ। यस्ता नाटकको विषयवस्तु सार्वभौम हुने हुनाले ती नाटकहरूलाई महाकाव्यीय स्वरूपको गरिमा भएको नाटक मानिएको पाइन्छ। यस प्रकारका नाटकबाट ब्रेख्तले नाटकहरू जर्मनका अन्य नाट्य संस्थाहरूलाई मर्यादित संस्था (Moral Institution) -का रूपमा स्वाकार्नु आग्रह पनि गरेको थाहा पाइन्छ।

३. **पारिवारिक र सामाजिक स्वतन्त्रता**

पारिवारिक र सामाजिक दरिद्र जनजीवनको परिवर्तनको पक्षधर पनि रहनु पर्ने। आवश्यकता बोध ब्रेख्तको नाटकमा रहेको पाइन्छ। हिटलरीय र तानाशाही जर्मनी व्यवस्थाको विरुद्ध निर्वासित जन-जीवनको चित्राङ्कन गर्ने प्रयास पनि उनका नाटकहरूमा गरिएको देखिन्छन।

४. **मानवसुलभ व्यवहार**

मानवसुलभ व्यवहारका पक्षमा (Human Behaviour) पनि ब्रेख्तका नायकहरूले जनमानसलाई आकर्षित गर्ने चष्टा गरेका पाइन्छन्।

**5. नाटकमा प्रयुक्त समसामयिक धारणा**

नाटकमा प्रयुक्त समसामयिक धारणा अन्तर्गत महाकाव्यीय स्वरूप (Epic Theatre) नाटकलाई हेर्ने दर्शकले नैतिक दायित्व लिएर उपस्थित हुनुपर्ने आह्वान गरेको पनि थाहा हुन्छ।

**6. नाटक लेखनमा नया प्रयोग**

नाटक लेखनमा नयाँ प्रयोग, ऐतिहासिक घटना तथा वस्तुतथ्यको प्रस्तुति नयाँ प्रकारले गर्ने आफ्नै नाटकीय सिद्धान्तको चाहनाले ओतप्रोत भएको देखिन्छ।

**7. मार्क्सवाद चिन्तनबाट प्रभावित**

अधिकांश नाटकहरूबाट उनले मार्क्सवाद चिन्तनसँग आत्मसार गर्नु पर्ने सहमति पनि देखाएका छन्।

निष्कर्षमा, ब्रेख्तको नाटकहरूको नाटकीय वैशिष्ट्य आधुनिक विश्व -नाटकमा महत्त्वपूर्ण उपलब्धि मानिन्छ। बीसौं शताब्दीका एक प्रतिभाशाली नाटककार रहेकाले Theatre Orbit जस्ता नाट्यबारेका चिन्तनपूर्ण ग्रन्थ लेखेर ब्रेख्तले नाटक रचना शैलीलाई नवीनता दिने आग्रह गरेका देखिन्छन्। विश्व नाट्य साहित्यमा देखा परेका विविध प्रभाव र धारणाहरूलाई पनि ग्रहण गर्दै ब्रेख्तले महाकाव्यीय नाट्य स्वरूप Epic theatre को परिकल्पनालाई सार्थक रूप प्रदान गरेका छन्। वास्तवमा, यही नै ब्रेख्तको आधुनिक नाटकमा बेजोड उपलब्धि हो। त्यसरी नै रङ्गमञ्चीय प्रदर्शनलाई ब्रेख्तले नवीनता प्रदान गरेका छन् जो तिनकै नाटकहरबाट सफल रूपमा प्रस्तुत हुन सकेको थाहा पाइन्छ। नाटक रचना गर्दा-गर्दै त्यससित सम्बन्धित चलचित्रका सङ्गीतलाई ब्रेख्तले आफ्नो मौलिक धारणाबाट चिन्तन र प्रयोग गरेको देखिन्छ। Hangman also die र Three penny opera जस्ता चलचित्रहरूबाट ब्रोख्त नाट्य रचना र चलचित्रमा सफल बन्न सकेको थाहा पाइन्छ। आफ्ना समकालीन आलोचकहरूमध्ये Schiller, Earnest Black, Haizn Poitizer आदिले ब्रेख्तका नाट्यकारिता बारे विस्तृत अवलोकन र समीक्षा गरेको देख्न पाइन्छ। Mother courage, Ball, Man is Man, The Good women of Szcehwan ब्रेख्तका विश्व चर्चित नाट्यकृति मानिन्छन्। ब्रेख्तका नाट्यकारितामा हिट्लरपूर्वको जर्मनी, हिटलर विरोधी भावना, जमनी जनमानसको आकाङ्क्षा तथा आधुनिक मानिसको जीवनशैललाई यथाशक्य रूपमा प्रस्तुत गरिएको पाइन्छ। कुनै एक पाश्चात्य आलोचकले ब्रेख्तको नाट्यकारिताबाट प्रभावित हुँदै यसो कभनेका छन्- " ब्रेख्तका नाटकहरूबाट पाश्चात्य जीवनका बचाइँ यथातथ्य प्रदर्शन हुन्छ।" अर्का एक विद्वान्ले भनेका छन्- बासौँ शताब्दीको रङ्गमञ्चीय इतिहासमा ब्रेख्त एक प्रबुद्ध र विवादास्पद

शिल्ली हुन्।' निश्चय नै आधुनिक विश्व नाट्य क्षेत्रलाई ब्रेख्तले व्यापक र विस्तृत तुल्याएका छन्। साथै गरिमामय पारेका छन्। विश्वका अन्य भाषाहरूमा झैँ नेपाली भाषाका नाट्य साहित्यमा पनि ब्रेख्तको नाट्य प्रभाव परोक्ष प्रवेश पाइरहेको सम्भावना भेटिन्छ। ब्रेख्तको 'सैँज्याकी एउटी आइमाई' नाटकको समीक्षात्मक मूल्याङ्क नेपाली साहित्यका प्रबिद्ध साहित्यकार राजनारायण प्रधानले आफ्नो 'दश महान् नाटक अध्ययन' भन्ने कृतिमा गम्भीरतापूर्वक गरेका छन्।

## 14.6. इतालीय साहित्यकार पिरान्देलो

विश्व साहित्यका निर्माता पिरान्देलोले आफ्नो साहित्य यात्रा उपन्यासबाट थालनी गरेका थिए। पछि गएर उनी नाटककारका रूपमा विश्व प्रसिद्ध बने। नाटककारका रूपमा विश्वचर्चित भएका पिरान्देलोले कथा र उपन्यास पनि लेखेका छन्। नाटकका तुलनामा कथा र उपन्यास ओझेलमा परे पनि सन् 1922 मा 'नोभेले पर अन आन्नो' लघुकथाहरूको सङ्ग्रह प्रकाशित भएको देखिन्छ। उनका यी लघु कथाहरूमा सिसेली (गाउँ) का किसान र मध्यमवर्गीय मानिसहरूको चित्रण पाइन्छ। यी किसान र मध्यमवर्गीय मानिसहरूको सुखान्त र दुःखान्त दुवै अवस्थाको चित्रण कथामा पाइने हुँदा उनी सुख दुःखका कथाकार भएका छन्। उनका कथामा व्यक्तिगत र सामाजिक विसङ्गति र अन्यायको चित्रण भएको छ। सरल र सहज भाषाको प्रयोग गर्दै मान्छेका जीवनको यथार्थतालाई प्रस्तुत गर्नु पिरान्देलोको आख्यानात्मक विशेषता हो। नाटकबाट चर्चित र प्रसिद्ध भए पनि उनका आख्यानहरू त्यति कमजोर र दुर्वल छैनन्।

पिरान्देलो सन् 1934 को नोवल पुस्कार जितेर झन् चर्चित हुन पुगे। इटालीको फासिस्टकालका साहित्यकारहरू एन्तोनेल्ली, मर्सेल्ली, कियोरेल्ली, सान सेकेन्दो जस्ता नाटककारहरू मध्ये सर्वाधिक चर्चित र उल्लेखनीय नाटककारका रूपमा पिरान्देलो देखापर्छन्। यिनले तीन दर्जनभन्दा बढी नाटकहरू लेखेको उल्लेख पाइन्छ। कसैले त 38 वटा नाटक लेखेका थिए भन्ने किटान समेत गरेको पाइन्छ।

नाटक लेखनमा व्यापक विष्यवस्तुलाई पिरान्देलोलले समेटेका पाइन्छ। ती विषयवस्तुको आधारमा 5 भागमा विभाजन गरेको उनका नाट्यकृतिहरू हेर्न सकिन्छ-

1. सामाजिक नाटकहरू
2. कला र जीवन सम्बन्धी नाटकहरू

3. प्रकृतवादी नाटकहरू
4. महिला सम्बन्धी नाटकहरू
5. प्राणी सम्बन्धी र बोके नाटकहरू

पिरान्देलोका 38 वटा नाटकलाई विषयवस्तु प्रस्तुति र आशयका आधारमा यी भागमा विभाजन गरिएको कुरा समीक्षकहरूले औल्याएका छन्। पिरान्देलो उन्नाईसौँ शताब्दीको अन्त्यतिरका सिसिलेली यथार्थवादी स्कुलसँग पनि सम्बन्धित रहेको हुनाले उनी बुद्धिवादमा विश्वास गर्दैन थिए। यसको प्रतिबिम्बन उनका नाटकहरूमा देख्न सकिन्छ भन्ने समालोचकहरूको मत पाइन्छ। हाम्रा सिर्जनात्मक तथा विध्वंशात्मक कल्पना (अन्तःकरण) मै हाम्रो जीवनको उन्नति र अवन्नति आधारित छ भन्ने ठम्याइ पिरान्देलोको रहेको पाइन्छ। र यसै कुरालाई उनका कृतिहरूले अभिव्यक्ति दिएका छन्। उनका प्रमुख नाटकहरूमा 'कोशी ड से भी पारे' (1918) 'सेइग पर्सनागी इन सोर्सा द अतारे' (लेखकको खोजीमा छ पात्रहरू) (1921), 'एन्रिको तर्थ' (1922) (हेनरीथतुर्थ) 'ल औमो ला बेस्टिया मरच्चु' (1919) (मान्छे जनावर र सद्गुण) 'आज राति हामी प्रबन्ध गर्ने छौँ' (1932) 'सबैको भलोहोस्' (1937) आदि उल्लेख्य छन्। 'लेखकको खोजीमा छ पात्रहरू' र 'जस्तो तिमी चाहन्छौं' भन्ने नाटकहरू विश्वप्रसिद्ध भएका नाटक हुन्। यिनी मूलतः यथार्थवादी नाटककार हुन् र उनको यथार्थवादमा पनि दई प्रवृत्ति देखापरेको पाइन्छ। ती दुई प्रवृत्तिलाई हेरेर उनको यथार्थवादलाई यसरी प्रस्ट्याउन सकिन्छ। सामान्य यथार्थ र क्षणिक यथार्थलाई पहिलो प्रकारको यथार्थ अनि कलात्मक यथार्थ र शाश्वत् यथार्थलाई दोस्रो प्रकारको यथार्थका रूपमा लिन सकिन्छ। संक्षेपमा भन्नु पर्दा सामान्य यथार्थ र कलात्मक यथार्थको प्रस्तुति गर्ने प्रवृत्ति उनका नाटकहरूले देखाएका छन्। पिरान्देलोका नाटकका अभिनयकर्ताहरूले सामान्य र क्षणिक यथार्थको प्रतिनिधित्व गरेका छन् भने कलात्मक र शाश्वत यथार्थको प्रतिनिधित्व नाटकका चरित्रहरूले गरेका छन्। नाटकको विकासक्रममा यी दुई प्रवृत्तिका बिच आपसी द्वन्द्व र चुनौतिहरू भए पनि परिणतिमा भने कलात्मक र शाश्वत पक्षको विजय भएको सन्देश नाटकहरूले प्रस्तुत गरेका छन्। यिनका नाटकमा जीवनको आत्माभिव्यक्ति पाइनुको साथै यथार्थको भेल पाइन्छ। सामाजिक परम्पराप्रति अत्यन्त कठोर प्रहार गर्न रुचाउने पिरान्देलोका कतिपय पात्र-पात्राहरू निराशावादी देखिन्छन्। उनका पात्रहरू निराशावादी भए पनि अत्यन्त आकर्षक र प्रभावकारी छन्।

पारिवारिक समस्या र सामाजिक विषयवस्तु अँगालिएका उनका नाटकले परिवारमा हुने विघटन र विस्थापन, नारी समस्या र तिनका दःखदायी पीडा, मान्छे र उसको सूक्ष्म विश्लेषण गर्दै जीवनको निस्सारतालाई अभिव्यक्ति दिएका छन्। आफ्ना नाटकका माध्यमद्वारा नाटककार पिरान्देलोले मान्छेलाई पशुभन्दा पनि तल्लो तहको प्राणीका रूपमा चित्रण गरेका छन्। मान्छेले मानवीयता भुलेको र जानवरी क्रियाकलाप देखाउँदै गरेको क्षणप्रतिको तीब्र आक्रोशले उनलाई यस स्थितिमा पुऱ्याएको हो। मानिसभन्दा पशु नै उत्तम प्राणीका रूपमा चित्रण गर्ने नाटककारले प्रकृतवादलाई पनि नाटकमा प्रयोग गरेको देखिन्छ। यसरी उनका नाटकमा आदर्श र यथार्थ बिचको द्वन्द्वलाई निकै सफलपूर्वक देखाइएको छ। यिनको यथार्थ वास्तविक नभएर कृत्रिम यथार्थ हो भन्ने आरोप पनि केही समालोचकहरूले लगाएका छन्। ती समालोचकहरूले यिनका नाटकमा जीवन जस्तो छ त्यस्तै चित्रण गरिएको छैन साथै मानवीय चरित्र र आवेगको चित्रण नगरी बुद्धिद्वारा निर्देशित गरिएको छ भन्ने आरोप लगाएको पाइन्छ। यो आरोप नभएर समालोचकीय दृष्टि हो भन्ने मान्नु पर्छ। जीवनको दुःखान्तलाई प्रस्तुत गर्ने पिरान्देलोको नाटकमा हास्य र व्यङग्यको सम्मिश्रण पनि पाइन्छ। इटालेली समाज र इटालेली जीवनप्रति यिनका नाटकले प्रशस्त व्यङ्ग्य गरेका छन्। सामाजिक परम्परामाथि नै व्यङग्य प्रहार गर्नुमा उनले रुचि देखाएको पाइन्छ।

यसरी नै इतालेली साहित्यको विश्वसाहित्यमा योगदान महत्त्वपूर्ण मानिन्छ। इतालेली साहित्यकार पिरान्देलोको छाप विश्व साहित्यमा प्रभावकारी मानिन्छ। किसान र मध्यमवर्गीय मानिसहरूको सुखान्त र दुःखान्त दुवै अवस्थाको चित्रण गर्ने सुख दुःखका कथाकारका रूपमा साथै प्रख्यात नाटककारका रूपमा प्रशंसित छन्।

## 14.7. पिरान्डेलोको कृतिहरू

**कथासङ्ग्रह-**

लब्स विदाउट लव -1894

द आउटकास्ट -1894

**नाटक-**

सिक्स क्यारेक्टर्स इन सर्च अफ् एन अथर -1921

तीन नाटक, तीन अन्य नाटक

**उपन्यास-**

लिसलुसा -1894

द लेट मटिया पास्कल

सुट

पुराना अनि नयाँ

## 14.8.उपसंहार

अस्तित्ववादी र शून्यवादी साथै प्रयोगवादी धारणाका उपन्यासकार हुन्। बेकेट बीसौँ शताब्दीका एक महान् नाटककार, उपन्यासकार र कलाज्ञाता हुन्। आयरल्यान्डमा जन्मेर विश्वभरि नै आफ्ना कृतिहरूद्वारा कीर्तिमान तयार गर्ने बेकेटले नाटकका क्षेत्रमा सेक्सपियर, मलार्मे मोलियर, इब्सन, ब्रेख्त आफूपछि आधुनिक नाट्य रचनाका क्षेत्रमा नयाँ प्रारूप तयार पार्ने श्रेय पाएका छन्। आफ्नो व्यक्तित्वमा एक भद्रपुरुष र वैचारिक कुराका सचेतकका रूपमा पनि बेकेट अत्यधिक चचिर्त हुन गएको थाहा पाइन्छ। यस दृष्टिकोणले भन्ने हो भने बेकेट युग निर्माता साहित्यकार हुन्।

बर्तोल्त ब्रेख्तलाई जर्मनका महाकाव्यात्मक रङ्गमञ्चका (Epic theatre) प्रवर्तक भनिन्छ। उनले रङ्गमञ्च र नाटक लेखनमा निकै ठुलो परिवर्तन ल्याएका थिए। पूर्वी जर्मनीमा "वर्लिन इन्सेम्बल" भन्ने आफनै रङ्गमञ्च तयार गरेर यिनले आफ्ना अनेकौँ नाटकहरूको प्रर्दशनी समेत गराए। ब्रेख्तलाई जर्मनेली साहित्यको बीसौँ शताब्दीका प्रमुख र ठुला नाटकहरूमध्ये एक नाटककारको रूपमा लिइन्छ। युद्धको विभीषिकाले मानवीय संवेदना पनि समाप्त हुँदै मानिस कठोर र निष्ठुर बनेको कुरा नाटकमा प्रस्तुत गर्न उनी सक्षम छन्। नाटककार ब्रेख्तले नाटकका माध्यमद्वारा आफ्नो युद्ध विरोधी भावना र युद्धविरोधी सन्देश पनि प्रकट गरेको पाइन्छ।

पिरान्देलो सन् 1934 को नोवल पुस्कार जितेर चर्चित बन्न पुगेका हुन्। इटालीको फासिस्टकालका साहित्यकारहरू एन्तोनेल्ली, मर्सेल्ली, कियोरेल्ली, सान सेकेन्दो जस्ता नाटककारहरू मध्ये सर्वाधिक चर्चित र उल्लेखनीय नाटककारका रूपमा पिरान्देलो देखा पर्छन्। हाम्रा सिर्जनात्मक तथा विध्वंशात्मक कल्पना (अन्तःकरण) मै हाम्रो जीवनको उन्नति र अवन्नति आधारित छ भन्ने ठम्याइ पिरान्देलोको रहेको पाइन्छ। र यसै कुरालाई उनका कृतिहरूले अभिव्यक्ति

दिएका छन्। इटालेली समाज र इटालेली जीवनप्रति यिनका नाटकले प्रशस्त व्यङ्ग्य गरेका छन्। सामाजिक परम्परामाथि नै व्यङग्य प्रहार गर्नुमा उनले रुचि देखाएको पाइन्छ।

## 14.9. सार

यस प्रखण्डमा सामुएल बेकेट, बर्तोल्त ब्रेख्त अनि पिरान्डेलोको साहित्यिक व्यक्तित्व र कृतित्व अध्ययन गरियो। प्राप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- विश्व साहित्यमा नाटकको क्षेत्रमा सामुएल बेकेट, बर्तोल्त ब्रेख्त अनि पिरान्डेलोको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ।
- अस्तित्ववादी र शून्यवादी साथै प्रयोगवादी धारणाका उपन्यासकार हुन्। बेकेट बीसौँ शताब्दीका एक महान् नाटककार, उपन्यासकार र कलाज्ञाता हुन्।
- सेक्सपियर, मलार्मे मोलियर, इब्सन, ब्रेख्त आफूपछि आधुनिक नाट्य रचनाका क्षेत्रमा नयाँ प्रारूप तयार पार्ने श्रेय उनले पाएका छन्।
- बर्तोल्त ब्रेख्तलाई जर्मनका महाकाव्यात्मक रङ्गमञ्चका (Epic theatre) प्रवर्तक भनिन्छ। उनले रङ्गमञ्च र नाटक लेखनमा निकै ठुलो परिवर्तन ल्याएका थिए।
- नाटककार ब्रेख्तले नाटकका माध्यमद्वारा आफ्नो युद्ध विरोधी भावना र युद्धविरोधी सन्देश धेरै नै प्रकट गरेको पाइन्छ।
- इटालीको फासिस्टकालका साहित्यकारहरू एन्तोनेल्ली, मर्सेल्ली, कियोरेल्ली, सान सेकेन्दो जस्ता नाटककारहरू मध्ये सर्वाधिक चर्चित र उल्लेखनीय नाटककारका रूपमा पिरान्देलो देखा पर्छन्।

## 14.10. अनुशीलन

1. सामुएल बेकेटको साहित्य अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. ब्रेख्तले नाटममा भित्राएको प्रयोगबारे टिप्पणी लेख्नुहोस्।
3. पिरान्देलोको साहित्यिक परिचय लेख्नुहोस्।
4. नाटककारका रूपमा ब्रेख्तलाई चिनाउनुहोस्?

5. वेडिङ फर गोडोड कस्तो कृति हो? समीक्षा प्रस्तुत गर्नुहोस्।

## 14.11. अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ


| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| श्यामकृष्ण खुलीमुली | संसार हल्लाउने साहित्यकारहरू |


तथा, पाश्चात्य नाटक र रङ्गमञ्चको इतिहासको सर्वेक्षणात्मक अध्ययन आवश्यक। यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 14.12. मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. एपिक थिएटर भनेको के हो? टिप्पणी लेख्नुहोस्।

.......................................................................................................

.......................................................................................................

.....................................................................................................

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 14.3, 14.4. खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. 'वेडिङ फर गोडोट' -माथि समीक्षात्मक टिप्पणी लेख्नुहोस्।

...................................................................................................

..................................................................................................

..................................................................................................

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 14.1. 14.2. खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. विश्वसाहित्यमा पिरान्देलोको योगदान लेख्नुहोस्।

..................................................................................................

.................................................................................................

...............................................................................................

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 14.6., 14.7. खण्ड अध्ययन गरी उत्तर खोज्न सक्नेछन्)

4. सामुएल बेकेटको साहित्यिक परिचय लेख्नुहोस्?

.........................................................................................

.........................................................................................

.........................................................................................

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 14.1., 14.2. अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. बर्तुल्त ब्रेख्तको नाट्य शिल्पगत विशेषता प्रस्तुत गर्नुहोस्।

.........................................................................................

.........................................................................................

.........................................................................................

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 14.3. र 14.4. खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)